स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली

स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली
अभिलेख तथा प्रतिवेदनसम्बन्धी निर्देशिका



नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
व्यवस्थापन महाशाखा
स्वास्थ्य व्यवस्थापन सूचना शाखा
टेकु, काठमाडौं

प्रथम संस्करण :

चैत्र, २०७०

दोस्रो संस्करण (परिमार्जन सहित):

जेष्ठ, २०७५

© स्वास्थ्य व्यवस्थापन सूचना शाखा
व्यवस्थापन महाशाखा,

स्वास्थ्य सेवा विभाग, टेकु, काठमाडौं, नेपाल

मुद्रण :

.....

..... काठमाडौं

निर्देशिका विकासकर्ता :

स्वास्थ्य व्यवस्थापन सूचना शाखा
व्यवस्थापन महाशाखा,
स्वास्थ्य सेवा विभाग, टेकु, काठमाडौं, नेपाल

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
.....महाशाखा

☎ ४-२६१७१२
४-२६१४३६
फ्याक्स: ४-२६२२३८

पचली, टेकू
काठमाडौं, नेपाल ।

पत्र संख्या:–

चलानी नम्बर:–

मिति : .....

मन्तव्य

विषय :

दोस्रो दीर्घकालीन स्वास्थ्य योजना (सन् १९९७-२०१७) ले स्वास्थ्य सूचना प्रणालीलाई एकीकृत तथा विस्तृत रूपमा विकास गर्ने अवधारणा लिएको छ । यसै अवधारणालाई मध्यनजर गरी सरकारी, गैर-सरकारी, निजी तथा सहयोगी संस्थाहरूबाट प्रदान गरिने स्वास्थ्य सेवाहरूलाई पनि समेट्ने गरी सन् २००२ मा स्वास्थ्य क्षेत्र सुधार रणनीति (Health Sector Reform Strategy) लागू गरी स्वास्थ्य क्षेत्रलाई बढी परिणाममुखी बनाउने अवधारणाको विकास भयो । यसै रणनीतिलाई कार्यान्वयन गर्न नेपाल स्वास्थ्य क्षेत्र कार्यक्रम कार्यान्वयन योजना (Nepal Health Sector Program-Implementation Plan) (सन् २००४-२००९) को विकास गरी कार्यान्वयन गरिएको थियो । स्वास्थ्य क्षेत्र कार्यक्रम कार्यान्वयन योजनाको अन्तिम आठौं बुँदाको परिणाममा सम्पूर्ण स्वास्थ्य क्षेत्रको सूचना प्रणालीलाई विस्तृत तथा एकीकृत रूपमा मूर्त रूप दिने कार्यमाथि विशेष जोड दिइएको छ । अत: स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीलाई अद्यावधिक गर्ने प्रक्रियामा रहेको छ । यसै सिलसिलामा स्वास्थ्य क्षेत्रको सूचना प्रणालीलाई एकीकृत तथा विस्तृत बनाउने र पूर्णता दिने क्रममा सबै जिल्लामा तालिम दिन यो प्रशिक्षक निर्देशिका तयार गरिएको हो ।

स्वास्थ्य क्षेत्रमा एकीकृत सूचना प्रणाली कार्यान्वयन गर्ने सिलसिलामा सबै जिल्लाहरूमा कार्यरत कर्मचारीहरूलाई आवश्यक तालिम तथा अभिमुखीकरण प्रदान गर्नका लागि "स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली : अभिलेख तथा प्रतिवेदन निर्देशिका, २०७०" तयार गरिएको छ । स्वास्थ्य क्षेत्र एकीकृत व्यवस्थापन सूचना प्रणालीलाई बढी व्यवस्थित एवं परिणाममुखी बनाउनका साथै सम्बन्धित स्वास्थ्य कार्यकर्ताहरूलाई स्वास्थ्य सेवा सूचनाको अभिलेख राख्न, प्रतिवेदन तयार गर्न, ज्ञान तथा सीप अभिवृद्धि गर्न यस "स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली : अभिलेख तथा प्रतिवेदन निर्देशिका, २०७०" ले आवश्यक सघाउ पुऱ्याउने छ भन्ने आशा लिएको छु ।

यस पुस्तिकालाई आधार मानी स्वास्थ्य सेवा प्रदान गर्ने सम्पूर्ण अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, उपस्वास्थ्य चौकी लगायत सम्पूर्ण गैरसरकारी एवं निजी स्वास्थ्य संस्थाहरूले निर्धारित ढाँचामा सूचना अभिलेख गर्ने, सङ्कलन गर्ने तथा प्रतिवेदन तयार गरी वस्तुनिष्ठ तथा गुणस्तरीय सूचनाबाट स्वास्थ्य सेवाका विभिन्न योजना निर्माण, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन कार्यका लागि समेत फलदायी हुने विश्वास लिएको छु ।

अन्तमा, यस "स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीअन्तर्गत अभिलेख प्रतिवेदन भर्ने निर्देशिका, २०७०" तयार पार्ने क्रममा प्रमुख भूमिका निर्वाह गर्नुहुने व्यवस्थापन महाशाखाका निर्देशक डा. भीम आचार्य तथा व्यवस्थापन सूचना शाखा (HMIS) का प्रमुख मुक्तिनाथ खनाल लगायत सम्पूर्ण कर्मचारीहरू एवं विभिन्न सरकारी तथा गैर-सरकारी संस्थाका प्रतिनिधिहरूलाई धन्यवाद दिन चाहन्छु ।

.....
डा. लखनलाल साह
महानिर्देशक

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
.....व्यवस्थापन.....महाशाखा

☎ ४-२६१७१२
४-२६१४३६
फ्याक्स: ४-२६२२३८

पचली, टेकू
काठमाडौं, नेपाल ।

पत्र संख्या:–

चलानी नम्बर:–

मिति : .....

मन्तव्य

विषय :

स्वास्थ्य सेवा विभाग, व्यवस्थापन महाशाखा, स्वास्थ्य व्यवस्थापन सूचना शाखाद्वारा स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली कार्यान्वयन गर्ने सिलसिलामा ७५ वटै जिल्लाहरूका विभिन्न अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, उपस्वास्थ्य चौकी लगायतका सम्पूर्ण स्वास्थ्य संस्थाहरूबाट प्रदान गरिएको स्वास्थ्य सेवाको व्यवस्थित रूपमा अभिलेख तथा प्रतिवेदन गर्न तथा सो सम्बन्धी तालिम सञ्चालन गर्न "स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली अन्तर्गत अभिलेख प्रतिवेदन भर्ने निर्देशिका, २०७०" तयार गरिएको छ । साथै यस पुस्तिकाले स्वास्थ्य सेवाको व्यवस्थित रूपमा अभिलेख तथा प्रतिवेदन गर्न तथा अभिलेख तथा प्रतिवेदनसम्बन्धी तालिम सञ्चालन गर्न स्वास्थ्यकर्मीहरूलाई समेत "स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली : अभिलेख तथा प्रतिवेदन निर्देशिका २०७०" ले आवश्यक मार्गनिर्देशन गर्ने आशा लिइएको छ ।

गुणस्तरीय तथ्याङ्कको सुनिश्चितता गर्न तथ्याङ्कीय कार्यमा संलग्न कर्मचारीहरूको ज्ञान तथा सीप अभिवृद्धिका लागि तालिम सञ्चालन गर्न एवं दैनिक कार्य सञ्चालनमा समेत सहयोगी सिद्ध हुने विश्वास लिँदै यो पुस्तिका तयार पारिएको छ ।

अन्तमा, यसलाई अझै व्यवहारिक तथा उपयोगी बनाउन आवश्यक सल्लाह तथा सुझावको अपेक्षा गर्दछु । निर्धारित समयभित्र नै यस निर्देशिकालाई तयार गर्ने कार्यमा उल्लेखनीय भूमिका निर्वाह गर्नुहुने व्यवस्थापन सूचना शाखा प्रमुख श्री मुक्तिनाथ खनाल लगायत सो शाखाका सम्पूर्ण कर्मचारीहरू तथा अन्य सरकारी तथा गैरसरकारी संस्थाका प्रतिनिधिहरूलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

.....
डा. भीम आचार्य
निर्देशक

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
व्यवस्थापन महाशाखा

☎ ४-२६१७१२
४-२६१४३६
फ्याक्स: ४-२६२२३८

पचली, टेकू
काठमाडौं, नेपाल ।

पत्र संख्या:-

चलानी नम्बर:-

मिति : .....

दुई शब्द

विषय :

एकीकृत स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली मार्फत सरकारी, गैरसरकारी तथा निजी स्वास्थ्य संस्थाहरुबाट प्रदान भइरहेको स्वास्थ्य सेवाको सूचना एकीकृत रुपमा राष्ट्रिय स्तरसम्म संकलन हुँदै आइरहेको छ । स्वास्थ्य कार्यक्रमहरुको कुशल व्यवस्थापनका लागि गुणस्तरीय र भरपर्दो सूचना संकलन हुनु अपरिहार्य हुन्छ । यही उद्देश्य अनुरुप आ.ब. २०५१/०५२ देखि एकीकृत स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीको सुरुवात भएको हो । यस प्रणालीले कार्यक्रमको योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमन एवं मूल्याङ्कनका प्रत्येक चरणमा सूचनाको प्रयोगलाई जोड दिएको छ ।

स्वास्थ्य सेवालाई अझ बढी परिणामुखी बनाउन र स्वास्थ्य क्षेत्रमा देखिएका चुनौतीहरुलाई समाधान गर्न आवश्यक पर्ने सूचनाहरु संकलन गरी कार्यक्रम व्यवस्थापनमा सहयोग पुऱ्याउन एकीकृत स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली अन्तरगत प्रयोगमा रहेका अभिलेख तथा प्रतिवेदन फारामहरुमा समय सापेक्ष परिमार्जन गर्दै अद्यावधिक हुँदै आइरहेको छ । साथै सबै तहबाट लिखित प्रतिवेदन गर्ने सूचना प्रणालीको सुरुवातको अवस्थालाई सूचना प्रविधिको विकाससँगै परिस्कृत एवं छरितो बनाउँदै software विकास गरी कार्य क्षेत्र भित्रका संस्थाहरुले प्रदान गरेको सेवाको विवरण जिल्ला स्वास्थ्य/जनस्वास्थ्य कार्यालय एवं अस्पतालहरुले internet को माध्यमबाट केन्द्रीय प्रणालीमा सोझै प्रविष्ट गर्ने व्यवस्था समेत गरिएको छ ।

स्वास्थ्य क्षेत्र सुधार रणनीति (Health Sector Reform Strategy), २००२ को मर्म अनुसार स्वास्थ्य क्षेत्रको सूचना प्रणालीलाई एकीकृत तथा विस्तृत बनाउने र पूर्णता दिने क्रममा चालु आ.ब. २०७०/०७१ मा विद्यमान स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली अन्तगत प्रयोग भइरहेका अभिलेख तथा प्रतिवेदन फारामहरुमा व्यापक परिमार्जन गरिएको छ । परिमार्जित सूचना प्रणाली अनुरुप हाल व्यवस्था गरिएका अभिलेख तथा प्रतिवेदन फारामहरुको प्रयोगमा एकरुपता ल्याउनको लागि "स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली : अभिलेख तथा प्रतिवेदन निर्देशिका, २०७०" तयार गरिएको छ । यस निर्देशिकाले वर्तमान परिप्रेक्ष्यमा स्वास्थ्य सेवा प्रवाहमा संलग्न सम्पूर्ण स्वास्थ्य कार्यकर्ताहरूको स्वास्थ्य सेवा सूचनाको अभिलेख राख्न तथा प्रतिवेदन तयार गर्ने ज्ञान तथा सीप अभिवृद्धि गर्न सघाउ पुऱ्याउनेछ भन्ने विश्वास लिएको छु ।

यस निर्देशिकालाई अझै व्यावहारिक तथा उपयोगी बनाउन सम्बद्ध निकायबाट आवश्यक सल्लाह तथा सुझावको अपेक्षा गर्दछु । विद्यमान स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली परिमार्जनको क्रममा प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा योगदान पुऱ्याउनु हुने स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तरगतका सम्बन्धित कर्मचारीहरु एवं महानुभावहरुप्रति हार्दिक आभार प्रकट गर्न चाहन्छु ।

अन्तमा, यस निर्देशिका तयार गर्ने कार्यमा उल्लेखनीय योगदान दिनुहुने व्यवस्थापन सूचना शाखाका सम्पूर्ण कर्मचारीहरू लगायत सरकारी तथा अन्य गैरसरकारी संस्थाका प्रतिनिधिहरूलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

.....
मुक्तिनाथ खनाल
प्रमुख
स्वास्थ्य व्यवस्थापन सूचना शाखा (HMIS)

विषय सूची

स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली : एक परिचय १

रजिस्टर, कार्ड तथा प्रतिवेदन फारामहरू ३

HMIS 1.1: मूल दर्ता रजिस्टर (Master Register) ६

HMIS 1.2: स्वास्थ्य सेवा कार्ड (Health Service Card) ८

HMIS 1.3: बहिरङ्ग सेवा रजिस्टर (Out Patient Register) १०

HMIS 1.4: स्थानान्तरण र प्रेषण पुर्जा (Referral/Transfer Slip) १२

HMIS 1.5: डिफल्टर/अनियमितता खोज पुर्जा (Defaulter/Discontinuation Tracing Slip) १४

HMIS 1.6: समायोजन फाराम (Tally Sheet) १६

HMIS 2.1: बाल स्वास्थ्य कार्ड (Child Health Card) १८

HMIS 2.2: खोप रजिस्टर (Immunization Register) २२

HMIS 2.3: दुई-वर्षमुनिका बाल-बालिकाहरूको पोषण रजिस्टर (Child Nutrition Register) ३०

HMIS 2.4: समुदायमा आधारित एकीकृत बालरोग व्यवस्थापन रजिस्टर (CB-IMCI Register) ३४

HMIS 2.5: शीघ्र कुपोषणको एकीकृत व्यवस्थापन कार्यक्रम दर्ता कार्ड (IMAM Child Health Card) ४५

HMIS 2.6: शीघ्र कुपोषणको एकीकृत व्यवस्थापन रजिस्टर (IMAM Register) ४७

HMIS 2.7: मेडिकल जटिलताजन्य शीघ्र कुपोषणको एकीकृत व्यवस्थापन रजिस्टर अस्पताल (IMAM Register – Hospital) ५०

HMIS 3.1: परिवार नियोजन सेवा कार्ड (Face Sheet) ५६

HMIS 3.2: पिल्स, डिपो सेवा रजिस्टर (Pills, Depo Service Register) ५८

HMIS 3.3: आईयुसीडी/इम्प्लान्ट सेवा रजिस्टर (IUCD/Implant Service Register) ६२

HMIS 3.4: परिवार नियोजन स्थायी (बन्ध्याकरण) सेवा रजिस्टर (Sterilization Service Register) ६५

HMIS 3.5: मातृ तथा नवशिशु स्वास्थ्य कार्ड (Maternal and Newborn Health Card) ६७

HMIS 3.6: मातृ तथा नवशिशु स्वास्थ्य सेवा रजिस्टर (Maternal and Newborn Health Service Register) ७३

HMIS 3.7: सुरक्षित गर्भपतन सेवा रजिस्टर (Safe Abortion Service Register) ८२

HMIS 4.1: गाउँघर क्लिनिक रजिस्टर (ORC Register) ८६

HMIS 4.2: महिला स्वास्थ्य स्वयंसेविका रजिष्टर (FCHV Register) ९७

HMIS 4.3: राष्ट्रिय भिटामिन ए कार्यक्रम रजिस्टर (Vitamin A register) १०४

HMIS 5.1: औलोरोग, कुष्ठरोग र कालाजारको नमुना सङ्कलन फाराम (Malaria, Leprosy and Kala-Azar Specimen Collection Form) १०८

HMIS 5.2: औलो, कुष्ठ र कालाजार रोगको प्रयोगशाला रजिष्टर (Malaria, Leprosy and Kalaazar Laboratory Register) १११

HMIS 5.3: औलो तथा कालाजार रोगको उपचार रजिस्टर (Malaria and Kalaazar Treatment Register) ११३

HMIS 5.4: कुष्ठरोग परीक्षण तथा उपचार कार्ड (Leprosy Examination Treatment Card) ११६

HMIS 5.5: कुष्ठरोग उपचार रजिस्टर (Leprosy Treatment Register) १२१

HMIS 6.1: क्षयरोग खकार परीक्षण अनुरोध फाराम (Tuberculosis Specimen Collection Form) १२६

HMIS 6.2: क्षयरोग प्रयोगशाला रजिस्टर (Tuberculosis Laboratory Register) १३०

HMIS 6.3 & HMIS 6.4: क्षयरोग उपचार कार्ड : स्वास्थ्य संस्था र बिरामीका लागि (Tuberculosis Treatment card-Health Facility and Patient) १३२

HMIS 6.5: क्षयरोग उपचार रजिस्टर (Tuberculosis Treatment Register) १३६

HMIS 6.6: पाल: धूमपान परित्याग रजिस्टर (Pal: Smoking Cessation Register) १४१

HMIS 6.7: डी. आर. क्षयरोग प्रयोगशाला रजिष्टर (DR Tuberculosis Laboratory Register) १४२

HMIS 6.8: डि. आर. क्षयरोग उपचार रजिस्टर (DR Tuberculosis Treatment Register) १४३

HMIS 7.1: एच्.आई.भी. परीक्षण तथा परामर्श सेवा रजिस्टर (HIV Testing and Counselling Register) १४६

HMIS 7.2: यौनजन्य रोग सङ्क्रमण उपचार रजिस्टर (STI Treatment Register) १४९

HMIS 7.3: आमाबाट बच्चामा सर्ने एच्. आई. भी. रोकथाम सेवा रजिस्टर (Prevention of Mother To Child Transmission Register) १५२

HMIS 7.4: एच्. आई. भी. उपचार तथा सेवा रजिस्टर (HIV Treatment and Care Register) १५६

HMIS 7.5: एच्. आई. भी. बिरामी कार्ड (Patient HIV Care and ART Card) १६४

HMIS 7.6: ओ.एस.टी. रजिस्टर (Opioid Substitution Therapy (OST) Register) १७०

HMIS 8.1: बिरामी भर्ना रजिष्टर (Admission Register) १७४

HMIS 8.2: बिरामी डिस्चार्ज रजिष्टर (Discharge Register) १७७

HMIS 8.3: आकस्मिक सेवा रजिष्टर (Emergency Service Register) १८०

HMIS 9.1: महिला स्वास्थ्य स्वयंसेविका कार्यक्रमको मासिक प्रतिवेदन (FCHV Report Collection Form) १८५

HMIS 9.2: समुदाय स्तर स्वास्थ्य कार्यक्रमको मासिक प्रतिवेदन : खोप तथा गाउँ-घर क्लिनिक (Community Level Health Worker's Monthly Report: Immunization and ORC Clinic) १८८

HMIS 9.3: प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, सहरी स्वास्थ्य क्लिनिक/केन्द्र र सामुदायिक स्वास्थ्य एकाइको मासिक प्रगति प्रतिवेदन फाराम (PHCC, HP, Urban Health Clinic/Center and Community Health Unit Monthly Reporting Form) १९४

HMIS 9.4: अस्पताल मासिक प्रतिवेदन फाराम (Hospital Level Monthly Reporting Form) २२८

HMIS 9.5: गैरसरकारी स्वास्थ्य संस्थाको प्रतिवेदन फाराम (Non-public Health Facility Reporting Form २३३

प्रतिवेदन फारामहरुको नमूना

HMIS 9.2, HMIS 9.3, HMIS 9.4, HMIS 9.5 प्रतिवेदन फारामहरुको नमूना २३४

Achronymes २५८

निर्देशिका तर्जुमामा संलग्न महानुभावहरुको नामावली २६३

निर्देशिका अध्याबधिकमा संलग्न महानुभावहरुको नामावली २६४

परिमार्जित तथा पुराना फारामहरु (HMIS Forms –Revised and Old) २६५

HMIS Publications

स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली : एक परिचय

कुनै पनि संस्था जीवन्त रहन व्यवस्थापन सूचना प्रणाली आवश्यक पर्दछ । सूचना प्रणालीबाट प्राप्त सूचनाले संस्थाको कुशल व्यवस्थापन गर्न मद्दत गर्दछ । गुणस्तरीय सूचना प्राप्त गरी स्वास्थ्य संस्थाहरूको व्यवस्थापन प्रभावकारी बनाउन स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले आ.ब.२०५१/५२ देखि एकीकृत स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली (Health Management Information System- HMIS) लागू गरेको हो । यस अघि विभिन्न स्वास्थ्य कार्यक्रमहरूको छुट्टाछुट्टै तवरले झण्डै ११० अभिलेख तथा प्रतिवेदन फारामहरूको प्रयोग गरि सूचना संकलन गर्ने गरिन्थ्यो जुन खर्चिलो, अव्यवहारिक तथा झंझटिलो थियो । आ.ब. २०४३/४४ मा एकिकृत परियोजना शुरु भए पश्चात स्वास्थ्य कार्यक्रमहरू एकिकरण गरिए र स्वास्थ्य क्षेत्र एकीकृत स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीको आवश्यकता महसुस गरियो । सोही अनुरुप आ.ब. २०५१/५२ देखि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले विगतका अभिलेख प्रतिवेदन फारामहरूलाई परिमार्जन गरि ३८ बटा अभिलेख तथा प्रतिवेदन फारामहरू तय गरी एकिकृत स्वास्थ्य सूचना व्यवस्थापन प्रणाली लागू गरिएको हो । एकीकृत स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली अन्तरगत प्रयोग भएका अभिलेख प्रतिवेदन फारामहरू आवश्यकता अनुसार समय समयमा परिमार्जन गरी अद्यावधिक हुँदै आइरहेका छन् ।

नेपाल स्वास्थ्य क्षेत्र कार्यक्रम (NHSSP) ले निर्धारण गरेका नियमित स्वास्थ्य सेवा सम्बन्धित सबै सूचकहरूको अनुगमन गर्न आवश्यक पर्ने सूचनाहरू हाल कार्यान्वयनमा रहेको सूचना प्रणाली मार्फत उपलब्ध हुन नसकेकोले स्वास्थ्य सूचकहरूको विश्लेषण गर्न कठिनाई परिरहेको महसुस गरिएको थियो । साथै हालसम्म पनि एकीकृत स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीभित्र समाहित हुन नसकेका केही कार्यक्रमहरूको अभिलेख तथा प्रतिवेदनहरूलाई समेत एकीकृत गरी चालु आ.ब. २०७०/७१ मा व्यापक परिमार्जन गरी यस प्रणालीलाई अझ बढी Comprehensive बनाईएको छ । यसले नेपाल स्वास्थ्य क्षेत्र कार्यक्रमले निर्धारण गरेका स्वास्थ्य सूचकहरूको विश्लेषण गर्न समेत सहयोग पुग्ने भएको छ ।

हाल परिमार्जन गरिएका अभिलेख तथा प्रतिवेदन फारामहरूको प्रयोगलाई देशभरि विस्तार गर्नु पूर्व परिमार्जित फारामहरूको प्रयोगको प्रभावकारिता एवं प्रयोगकर्ताको सहजतालाई मध्यनजर गरी मोरङ, ललितपूर, दाङ र अछाम जिल्लाका बिभिन्न तहका स्वास्थ्य संस्थाहरुमा परीक्षण गरिएको थियो । यस फिल्ड परीक्षणबाट प्राप्त भएका सुझावहरूलाई समेत समावेश गरी बर्तमान स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली अन्तरगतका अभिलेख तथा प्रतिवेदन फारामहरूलाई देशभरि विस्तार गर्ने गरी अन्तिम रुप दिइएको हो । प्रत्येक कार्यक्रमसँग सम्बन्धित अभिलेख फारामहरू छुट्टाछुट्टै आठ वटा खण्डहरुमा र प्रतिवेदन फरामहरूलाई १ छुट्टै खण्डमा विभक्त गरी जम्मा ५० किसिमका रजिष्टर तथा फारामहरूको व्यवस्था गरिएको छ । विगतको लिखित प्रतिवेदन गर्ने प्रकृयामा सुधार गर्दै Web-based बनाउन software विकास तथा internet पहूच बृद्धि गरी संस्थाहरूले प्रदान गरेको सेवाको विवरण जिल्ला स्वास्थ्य/जनस्वास्थ्य कार्यालयले केन्द्रीय प्रणालीमा सोझै प्रबिष्ट गर्ने व्यवस्था समेत गरिएको छ ।

चित्र १: सूचना व्यवस्थापनको ढाँचाः सूचना चक्र



स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली स्वास्थ्य प्रणालीका बिभिन्न संस्थाहरु, महिला स्वास्थ्य स्वयम सेविका, गाउँघर क्लिनिक, खोप क्लिनिक, स्वास्थ्य चौकी, प्राथमिक स्वास्थ्य केन्द्र, विभिन्न तहका अस्पताल तथा

नीजी एवं गैह्रसरकारी संस्था बाट प्रदान गरिएको सेवाहरुको अभिलेख राख्ने, सूचना संकलन गर्ने, प्रशोधन गर्ने, बिश्लेषण गर्ने तथा सूचनाको आधारमा निर्णयमा पूग्ने प्रकृया हो । स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीले कार्यक्रमको योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमन एवं मूल्याङ्कनका प्रत्येक चरणमा सूचनाको प्रयोगलाई जोड दिएको छ । स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीबाट प्राप्त सूचनाले स्वास्थ्यकर्मीहरू, कार्यक्रम व्यवस्थापक, नीति निर्माताहरूलाई तथ्यपरक निर्णय लिई कार्यक्रम व्यवस्थापन गर्न मासिक रूपमा सूचना उपलब्ध गराउँछ । चित्र १ मा व्यवस्थापन सूचना प्रणाली (HMIS) बाट उपलब्ध हुने तथ्याङ्कलाई प्रयोगमा ल्याउन गर्नुपर्ने विभिन्न चरणहरू प्रस्तुत गरिएका छन् । सूचना प्रणाली एउटा व्यवस्थापकीय औजार पनि हो । यस सूचना प्रणालीमा सरकारी स्वास्थ्य संस्थाका अतिरिक्त नीजि तथा गैह्रसरकारी क्षेत्रवाट संचालनमा रहेका स्वास्थ्य संस्थाहरुलाई समेत समेटिएको छ ।

तथ्यपरक कार्यक्रम व्यवस्थापन तथा योजना तर्जुमा

तथ्य भन्नाले अनुसन्धान, अभ्यास, अनुभव र जानकारीहरू हुन् । कुनै पनि अनुसन्धान, अभ्यास वा अनुभवबाट प्राप्त भएका जानकारी र नतिजाहरूमा आधारित भई कार्यक्रम तथा नीतिका बारेमा निर्णय गर्ने प्रक्रियालाई तथ्यपरक निर्णय पद्धति भनिन्छ । यस्ता तथ्याङ्कहरूलाई अधार मानेर सही तथा अवश्यक निर्णय लिन सकिन्छ जुन यथार्थपरक एवं प्रभावकारी हुन्छन् । यस्ता निर्णयहरू जनस्वास्थ्य क्षेत्रका कार्यक्रमको योजना तर्जुमा, कार्यक्रम व्यवस्थापन, अनुगमन तथा मूल्याङ्कनका लागि आवश्यक पर्दछन् ।

जनस्वास्थ्यको क्षेत्रमा HMIS त्यस्तो सूचना प्रणाली हो जसको सञ्जाल स्थानीय वडा स्तरका महिला स्वास्थ्य स्वयंसेविका देखि केन्द्रस्तर सम्म विकास भएको छ । यसले स्वास्थ्यकर्मी, कार्यक्रम व्यवस्थापक, नीति निर्माताहरूलाई तथ्यपरक निर्णय लिई कार्यक्रम व्यवस्थापन गर्न मासिक रूपमा सूचना उपलब्ध गराउँछ यद्यपि स्वास्थ्य व्यवस्थापनका विभिन्न तहहरूमा HMIS बाट उपलब्ध सूचनाहरूको पूरा उपयोग हुन सकेको छैन । जिल्ला स्तरमा त झनै यसको प्रयोग मासिक प्रतिवेदन गर्नमा मात्र सीमित भएको पाइन्छ ।

HMIS को उपयोगिता

कार्यक्रम व्यवस्थापनमा HMIS बाट प्राप्त तथ्याङ्कको उपयोग निम्न किसिमले गर्न सकिन्छ :

- कार्यक्रमको वर्तमान अवस्थाबारे थाहा दिन ।
- लक्ष अनुसारको उपलब्धिको अवस्था थाहा पाउन ।
- सेवाको पहुँच थाहा पाउन ।
- सेवाबाट वञ्चित समूहहरूको पहिचान गर्न ।
- समस्याहरूको पहिचान गर्न ।
- लगानी अनुसारका उपलब्धिको अवस्था थाहा पाउन ।
- स्वास्थ्य योजना तर्जुमा गर्न ।
- कार्यक्रमको अनगुमन गर्न ।
- कार्यक्रमको मूल्यांकन गर्न ।
- कार्ययोजना बनाएर समस्या समाधान गर्न ।

यस निर्देशिकाको प्रयोगबाट व्यवस्थापन सूचना प्रणाली अनुरुप प्रयोग भएका विभिन्न सेवा रजिस्टरहरूमा सही किसिमले अभिलेख राख्न तथा प्रतिवेदन गर्न निर्देशन उपलब्ध हुन्छ । सही तरिकाबाट राखिएको अभिलेखका आधारमा मात्र तथ्याङ्कको सही विश्लेषण र विवेचना गरी निर्णय प्रक्रियामा प्रयोग गर्न सहयोग पुऱ्याउँदछ । सही तरिकाबाट राखिएको अभिलेखका आधारमा प्रतिवेदन बनाउन सहज हुन्छ । हरेक स्वास्थ्य संस्थामा यस निर्देशिकाको एक प्रति हुनु आवश्यक छ । स्वास्थ्यकर्मीहरूलाई सेवाको अभिलेख राख्न तथा प्रतिवेदन तयार गर्नमा कुनै बुँदामा द्विबिधा भएमा यस निर्देशिकाको सहयोग लिनुपर्दछ ।

रजिस्टर, कार्ड तथा प्रतिवेदन फारामहरू

English			नेपाली		
Forms			फारामहरू		
SN	No.	Name	नं.		नाम
	1	**Common Tools**	१		**साझा अभिलेख फारामहरू**
1	1.1	Master Register		१.१	मूलदर्ता रजिस्टर
2	1.2	Health Service Card		१.२	स्वास्थ्य सेवा कार्ड
3	1.3	Outpatient Register		१.३	बहिरङ्ग सेवा रजिस्टर
4	1.4	Referral/Transfer Slip		१.४	स्थानान्तरण र प्रेषण पुर्जा
5	1.5	Defaulter/Discontinuation Tracing Slip		१.५	डिफल्टर र अनियमितता खोज पुर्जा
6	1.6	Tally Sheet		१.६	समायोजन फाराम
	2	**Infant and Child Health**	२		**नवशिशु तथा बाल स्वास्थ्य**
7	2.1	Child Health Card		२.१	बाल स्वास्थ्य कार्ड
8	2.2	Immunization Register		२.२	खोप रजिस्टर
9	2.3	Children's Nutrition Register		२.३	दुई–वर्षमुनिका बाल-बालिकाहरूको पोषण रजिस्टर
10	2.4	CBIMCI Register		२.४	समुदायमा आधारित एकीकृत बालरोग व्यवस्थापन रजिस्टर
11	2.5	IMAM Child Health Card		२.५	शीघ्र कुपोषणको एकीकृत व्यवस्थापन कार्यक्रम दर्ता कार्ड
12	2.6	IMAM Register		२.६	शीघ्र कुपोषणको एकीकृत व्यवस्थापन रजिस्टर
13	2.7	IMAM Register – Hospital		२.७	शीघ्र कुपोषणको एकीकृत व्यवस्थापन रजिस्टर अस्पताल
	3	**Family Health**	३		**परिवार स्वास्थ्य**
14	3.1	Face Sheet		३.१	परिवार नियोजन सेवा कार्ड
15	3.2	Pills, Depo Service Register		३.२	पिल्स, डिपो सेवा रजिस्टर
16	3.3	IUCD/Implant Service Register		३.३	आई.यु.सी.डी./इम्प्लान्ट सेवा रजिस्टर
17	3.4	Sterilization Service Register		३.४	परिवार नियोजन स्थायी (बन्ध्याकरण) सेवा रजिस्टर
18	3.5	Maternal and Newborn Health Card		३.५	मातृ तथा नवशिशु स्वास्थ्य कार्ड
19	3.6	Maternal and Newborn Health Service Register		३.६	मातृ तथा नवशिशु स्वास्थ्य सेवा रजिस्टर
20	3.7	Safe Abortion Service Register		३.७	सुरक्षित गर्भपतन सेवा रजिस्टर
	4	**Community Services**	४		**सामुदायिक सेवा**
21	4.1	ORC Register		४.१	गाउँघर क्लिनिक रजिस्टर
22	4.2	FCHV Register		४.२	महिला स्वास्थ्य स्वयंसेविका सेवा रजिस्टर
23	4.3	Vitamin A Register		४.३	राष्ट्रिय भिटामिन ए कार्यक्रम रजिस्टर
	5	**Malaria, Leprosy and Kalazar**	५		**औलो, कुष्ठरोग र कालाजार**
24	5.1	Malaria, Leprosy And Kala-Azar Specimen Collection Form		५.१	औलो, कुष्ठरोग र कालाजार नमुना सङ्कलन फाराम
25	5.2	Malaria, Leprosy And Kala-Azar Laboratory Register		५.२	औलो, कुष्ठरोग र कालाजार रोगको प्रयोगशाला रजिस्टर
26	5.3	Malaria and Kalaazar Treatment Register		५.३	औलो तथा कालाजार रोगको उपचार रजिस्टर

27	5.4	Leprosy Examination Treatment Card		५.४	कुष्ठरोग परीक्षण तथा उपचार कार्ड
28	5.5	Leprosy Treatment Register		५.५	कुष्ठरोग उपचार रजिस्टर
	6	**Tuberculosis**	**६**		**क्षयरोग**
29	6.1	Tuberculosis Sample Collection Form		६.१	क्षयरोग खकार परीक्षण अनुरोध फाराम
30	6.2	Tuberculosis Laboratory Register		६.२	क्षयरोग प्रयोगशाला रजिस्टर
31	6.3	Tuberculosis Treatment Card (Health Facility)		६.३	क्षयरोग उपचार कार्ड (स्वास्थ्य संस्थाका लागि)
32	6.4	Tuberculosis Treatment Card (Patient)		६.४	क्षयरोग उपचार कार्ड (बिरामीका लागि)
33	6.5	Tuberculosis Treatment Register		६.५	क्षयरोग उपचार रजिस्टर
34	6.6	PAL: Smoking Cessation Register		६.६	पाल: धूमपान परित्याग रजिष्टर
35	6.7	DR Tuberculosis Laboratory Register		६.७	डी.आर. क्षयरोग प्रयोगशाला रजिस्टर
36	6.8	DR Tuberculosis Teatment Register		६.८	डी.आर. क्षयरोग उपचार रजिस्टर
	7	**HIV/AIDS and STI**	**७**		**एच्. आई. भी/एड्स तथा यौन रोग**
37	7.1	HIV Testing and Counseling Register		७.१	एच्.आई.भी. परीक्षण तथा परामर्श सेवा रजिस्टर
38	7.2	Sexual Transmited Infection Treatment Register		७.२	यौनजन्य रोग सङ्क्रमण उपचार रजिस्टर
39	7.3	PMTCT Service Register		७.३	आमाबाट बच्चामा सर्ने एच्.आई.भी. रोकथाम सेवा रजिस्टर
40	7.4	HIV Ttreatment and Care Register		७.४	एच्.आई.भी. उपचार तथा सेवा रजिस्टर
41	7.5	HIV Patient Treatment Card		७.५	एच्.आई.भी. बिरामी कार्ड
42	7.6	Opioid Substitution Therepy (OST) Register		७.६	ओ.एस.टी. रजिस्टर
	8	**Hospital**	**८**		**अस्पताल**
43	8.1	Admission Register		८.१	बिरामी भर्ना रजिस्टर
44	8.2	Discharge Register		८.२	बिरामी डिस्चार्ज रजिस्टर
45	8.3	Emergency Service Register		८.३	आकस्मिक सेवा रजिस्टर
	9	**Monthly Reporting Forms**	**९**		**मासिक प्रतिवेदन फारामहरू**
46	9.1	FCHV Report Collection Form		९.१	महिला स्वास्थ्य स्वयंसेविका मासिक प्रतिवेदन फाराम
47	9.2	Community Level Health Service Monthly Reporting Form- Immuniztion & PHCORC		९.२	समुदाय स्तर स्वास्थ्य कार्यक्रमको मासिक प्रतिवेदन – खोप तथा गाउँघर क्लिनिक
48	9.3	PHCC, HP, SHP, Urban Health Clinic/ Center and Community Health Unit Monthly Reporting Form		९.३	प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, उप स्वास्थ्य चौकी, सहरी स्वास्थ्य क्लिनिक/केन्द्र र सामुदायिक स्वास्थ्य एकाइको मासिक प्रगति प्रतिवेदन फाराम
49	9.4	Public Hospital Reporting Form		९.४	सरकारी अस्पताल प्रतिवेदन फाराम
50	9.5	Non-public Health Facility Reporting Form		९.५	गैरसरकारी स्वास्थ्य संस्था प्रतिवेदन फाराम

१. साझा अभिलेख फारामहरू

1. Common Forms

HMIS 1.1: मूल दर्ता रजिस्टर

HMIS 1.2: स्वास्थ्य सेवा कार्ड

HMIS 1.3: बहिरङ्ग सेवा रजिस्टर

HMIS 1.4: स्थानान्तरण/प्रेषण पुर्जा

HMIS 1.5: डिफल्टर अनियमितता अनुगमन पुर्जा

HMIS 1.6: समायोजन फाराम

HMIS 1.1: मूल दर्ता रजिस्टर (Master Register)

स्वास्थ्य संस्थामा जुनसुकै स्वास्थ्य सेवा लिन आएका व्यक्तिहरूको नाम र अन्य विवरण एउटै रजिस्टरमा दर्ता गर्नाले सेवा लिन आएका सबै व्यक्तिहरूको अभिलेखन रहने हुनाले संस्थामा कति जना सेवा लिन आए भन्ने जानकारी हुनुका साथै संस्थाको वास्तविक कार्यबोझको जानकारी प्राप्त हुन्छ । स्वास्थ्य संस्थामा सबै सेवाग्राहीहरूको विवरण सङ्कलन गरी अभिलेखन गर्न, सेवाको उपभोग, पहुँचसम्बन्धी विश्लेषण गर्न र प्रतिवेदन तयार गर्न यस रजिस्टरको आवश्यकता पर्दछ । सेवाग्राहीहरू जुनसुकै सेवा लिन स्वास्थ्य संस्थामा आएमा रजिस्टरमा उल्लेख भएबमोजिमका नाम, थर, उमेर लगायतका सबै विवरण नछुटाई निजसँग सोधेर स्पष्ट बुझ्ने अक्षरमा लेख्नुपर्दछ । स्वास्थ्य संस्थामा सञ्चालन हुने खोप सेवा लिन आएका सेवाग्राहीहरूलाई यस रजिस्टरमा दर्ता गर्नुपर्दैन ।

रजिस्टरको नमुना :



मूल दर्ता रजिष्टर

मिति: _____/_____/_____(गा/म/सा)

क.सं	दर्ता नम्बर		सेवाग्राहीको		जाती कोड	उमेर		ठेगाना			सम्पर्क नम्बर	सेवाको किसिम	निशुल्क/शुल्क क.	प्रेषण भई आएको संस्थाको नाम
	पहिलो पटक	थप पटक	नाम	थर		महिला	पुरुष	जिल्ला	नगर/गाउँपालिका	वडा न.				
१	२	३	४	५	६	७	८	९	१०	११	१२	१३	१४	१५

जम्मा सेवाग्राही (महल नं. १)						नयाँ सेवाग्राही (महल नं. २)						जातीगत आधारमा सेवाग्राही (महल नं. ६)						जम्मा
लिङ्ग	उमेर समूह				जम्मा	उमेर समूह				जम्मा		जात/जाती समूह						
	०-९	१०-१९	२०-५९	≥६०		०-९	१०-१९	२०-५९	≥६०			दलित	जनजाती	मधेशी	मुस्लिम	ब्राह्मण/क्षेत्री	अन्य	
महिला																		
पुरुष																		

सेवाको किसिम (महल १३)					
सामान्य उपचार	१	परिवार नियोजन	५	चौसरोग	९
आइएमसिआइ	२	क्षयरोग	६	अन्य (खुलाउने)	१०
पोषण	३	कुष्ठरोग	७		
सुरक्षित मातृत्व	४	किटजन्य रोग	८		

रजिस्टर भर्ने तरिका :

मिति : सेवा दिएको दिनको मिति (गते/महिना/साल) पानाको सुरुमा माथिपट्टिको देब्रे कुनामा लेख्नुपर्दछ । पानामा दिइएका लहर (Row) मध्ये केही बाँकी रहेमा अर्को दिन सोही पानामा एउटा लहरमा मिति लेखी अर्को लहरबाट विवरण भर्न सुरु गर्नुपर्दछ । महिनाको सुरुमा नयाँ पेजबाट सेवाग्राहीलाई दर्ता गर्नुपर्दछ ।

महल नं.	महल शीर्षक	निर्देशन
१	क्र. सं.	हरेक महिना नयाँ क्रमसङ्ख्या १ बाट सुरु गर्नुपर्दछ ।
२ र ३	दर्ता नम्बर	दर्ता नम्बर एक आ. व. का लागि १ बाट सुरु गरी क्रमशः लेख्दै जानुपर्दछ र अर्को आ. व. सुरु भएपछि पुनः १ बाट सुरु गर्नुपर्दछ । दर्ता नम्बरले स्वास्थ्य संस्था र सेवाग्राहीका लागि दीर्घकालीन महत्त्व राख्दछ । यसैको आधारमा सेवाग्राहीको अभिलेखन हुन्छ र भविष्यमा सेवाग्राहीलाई पहिचान गरी पहिल्याउन सकिन्छ ।
२	दर्ता नम्बर पहिलो पटक	कुनै व्यक्ति प्रथम पटक सेवा लिन आउँदा सो व्यक्तिलाई नयाँ दर्ता नम्बर प्रदान गर्नुपर्दछ । एक पटक दर्ता भएको सेवाग्राही एक आर्थिक वर्षभित्र जुनसुकै सेवा जति पटक लिन आए तापनि नयाँ दर्ता नं. दिनु हुँदैन ।
३	दर्ता नम्बर थप पटक	एक आर्थिक वर्षभित्र थप पटक (पुनः जुनसुकै स्वास्थ्य सेवा लिनुपर्ने भएमा) स्वास्थ्य सेवा लिन आएका सेवाग्राहीलाई पहिलो पटक दिइएको दर्ता नं. यस महलमा चढाउनुपर्दछ ।
४	नाम	सेवाग्राहीको नाम यस महलमा लेख्नुपर्दछ ।
५	थर	यस महलमा सेवाग्राहीको थर लेख्नुपर्दछ ।

महल नं.	महल शीर्षक	निर्देशन
६	जाति कोड	सेवाग्राहीको जात/जातिअनुसारको कोड यस महलमा लेख्नुपर्दछ । (जस्तै ०१, ०२,..... ०६) जाति कोड रजिस्टरको पछाडि उल्लेख गरिएको छ । सेवाग्राहीको कार्डमा उक्त जाति कोडसमेत प्रष्ट रूपमा उल्लेख गर्नुपर्दछ ।
७ र ८	उमेर (महिला/पुरुष)	सेवाग्राही महिला भए महल ७ मा र पुरुष भए महल ८ मा पूरा भएको उमेर (वर्षमा) जनाउनुपर्दछ । सेवाग्राही एक वर्षभन्दा कम उमेरको भएमा पनि वर्षमा जनाउनुपर्दछ (जस्तै : ०/१२, १/१२, २/१२ ..... ।) ०/१२ भन्नाले १ महिनाभन्दा कम उमेर भएको शिशुलाई बुझाउँदछ ।
९ देखि ११	ठेगानाः जिल्ला, नगर/गाउँपालिका, वडा नम्बर	सेवाग्राही हाल धेरैजसो बसोबास गरेको जिल्ला, महानगर/उपमहानगर/नगर/गाउँ पालिका र वडा नम्बर सम्बन्धित महलमा लेख्नुपर्दछ ।
१२	सम्पर्क नम्बर	सेवाग्राहीको सम्पर्क फोन नम्बर यस महलमा लेख्नुपर्दछ ।
१३	सेवाको किसिम	सेवाको किसिमः सेवाग्राही कुन सेवा लिन आएको हो, सो सेवा समूहको कोड लेख्नुपर्दछ । जस्तै : सामान्य उपचार=१, आई.एम.एन.सी.आई=२, पोषण=३, सुरक्षित मातृत्व=४, परिवार नियोजन=५, क्षयरोग=६, कुष्ठरोग=७, कीटजन्य रोग=८, यौनरोग=९, अन्य (खुलाउने)=१०
१४	निशुल्क/शुल्क रु.	सेवाग्राहीलाई दर्ता गर्दा दर्ता शुल्कबापत शुल्क लिइएको भएमा शुल्क रुपैयाँमा र निःशुल्क गरिएको भए निःशुल्क लेख्नुपर्दछ ।
१५	प्रेषण भई आएको स्वास्थ्य संस्थाको नाम	यदि सेवाग्राही अर्को स्वास्थ्य संस्थाबाट प्रेषण भई आएको भएमा यस महलमा कुन संस्थाबाट प्रेषण भई आएको हो, सो संस्थाको नाम लेख्नुपर्दछ ।
पेजको जम्मा		प्रत्येक पेजको अन्तमा रहेका सङ्क्षिप्त तालिकामा दिइए अनुसारको जम्मा सङ्ख्या उल्लेख गर्नुपर्दछ । यी तालिकाहरूले प्रतिवेदन तयार गर्न सहज बनाउँछन् ।

अभ्यास १.१

ईलाम जिल्ला, ईलाम नगरपालिका वडा नं. ५ की २१ बर्षिय हिरामाया तामाङ मिति २०७० पौष १३ गते पहिलो सेवाग्राहीको रुपमा जिल्ला अस्पताल ईलाममा परिवार नियोजनको डिपो सुई लिन पहिलो पटक आईन । अब, मूल दर्तामा उनको नाम दर्ता गर्नुहोस् । पौष १२ गतेको अन्तिम क्र.सं. २०९ र मूल दर्ता नं. १२७७ भएको छ ।

HMIS 1.2: स्वास्थ्य सेवा कार्ड (Health Service Card)

स्वास्थ्य संस्था वा गाउँघर क्लिनिकमा स्वास्थ्य सेवा दिएको विवरण यसमा उल्लेख गरी यो कार्ड सेवाग्राहीलाई प्रदान गरिन्छ । स्वास्थ्य सेवा लिन आउने सेवाग्राहीलाई बहिरङ्ग सेवा, कुष्ठरोग सेवा, परिवार नियोजन सेवा तथा अन्य स्वास्थ्य सेवा दिन र दोहोऱ्याएर आएमा पहिले दिएको सेवा र उपचार हेरी आगामी सेवा दिनका लागि यस कार्डको प्रयोग गर्नुपर्दछ । यस कार्डको महत्त्व सेवाग्राही र सेवा प्रदायक दुवैका लागि हुने भएकाले स्वास्थ्य सेवाको क्रममा र ठीक भइसकेपछि पनि नमासिने र नहराउने गरी सुरक्षित राख्न सल्लाह दिनुपर्दछ र साथै हरेक पटक स्वास्थ्य सेवा लिन आउँदा सेवाग्राहीले यो कार्ड अनिवार्य रूपमा लिई आउनुपर्दछ ।

कार्डको नमुना :



भर्ने तरिका :

महल शीर्षक	निर्देशन
जिल्ला	स्वास्थ्य संस्था रहेको जिल्लाको नाम लेख्नुपर्दछ ।
स्वास्थ्य संस्थाको नाम	सेवा प्रदान गर्ने स्वास्थ्य संस्थाको नाम लेख्नुपर्दछ ।
मूल दर्ता नं.	मूल दर्ता रजिस्टरको दर्ता नं. लेख्नुपर्दछ ।
ORC दर्ता नं.	गाउँघर क्लिनिकमा सेवा लिन आएको सेवाग्राहीको गाउँघर क्लिनिक रजिष्टरको दर्ता खण्ड (HMIS 4.11) बाट दर्ता नं. लेख्नुपर्दछ ।
नाम, थर, जातिकोड, लिङ्ग, उमेर	सेवा लिने सेवाग्राहीको नाम, थर, जाति कोड, लिङ्ग र उमेर सम्बन्धित कोठामा लेख्नुपर्दछ । उमेर लेख्दा पूरा गरेको उमेर (वर्षमा) लेख्नुपर्दछ । ५ वर्षभन्दा मुनिका बच्चाहरूलाई यो कार्ड दिइँदैन ।
ठेगाना	सेवा लिने व्यक्तिको ठेगाना जिल्ला, महानगर/उपमहानगर/नगर/गाउँ पालिका र वडा नम्बर र सम्पर्क फोन नं. सम्बन्धित कोठामा लेख्नुपर्दछ ।
मिति	सेवा लिएको दिनको मिति (गते, महिना, सालमा) लेख्नुपर्दछ । यो कार्ड वर्षभरि नै प्रयोग गरिने हुँदा अर्को पटक सेवा लिन आउँदा पुनः मिति लेख्नुपर्दछ ।
ओ. पी. डी. दर्ता नं.	यदि सेवाग्राही सामान्य उपचारको लागि आएको भए दैनिक बिरामी रजिस्टरको दर्ता नं. चढाउनुपर्दछ । अर्को पटक नयाँ रोग लागेर आएमा नयाँ दर्ता नं. लेख्नुपर्दछ ।
सिकायत र निदान	बिरामीको सिकायत र समस्या सुनी निजलाई के भएको हो, सो निदान गरी लेख्नुपर्दछ ।

महल शीर्षक	निर्देशन
उपचार र सल्लाह	बिरामीको रोगको निदान (diagnosis) गरिसकेपछि निजलाई दिइएको उपचार, सल्लाह वा प्रेषण आदिको विवरण यस महल अन्तर्गत लेख्नुपर्दछ ।
परिवार नियोजन .....दर्ता नं.	सेवा लिने व्यक्ति परिवार नियोजन सेवा लिन आएको भए परिवार नियोजन ..... पछिको खाली ठाउँमा सेवाको नाम लेखी दर्ता नं. लेख्नुपर्दछ । जस्तै : डिपो सेवा लिन आएको भए खाली ठाउँमा डिपो लेखी डिपो सेवाको दर्ता नं. लेख्नुपर्दछ । यदि गाउँघर क्लिनिकबाट परिवार नियोजनको सेवा दिएको भए ORC लेखी गाउँघर क्लिनिक रजिष्टरको परिवार नियोजन सेवाको दर्ता नं. लेख्नुपर्दछ ।
जाँच परीक्षण	परिवार नियोजन सेवा लिन आएको व्यक्तिको रक्तचाप आदि जाँच तथा परीक्षण गरिएको व्यहोरा यस महलमा लेख्नुपर्दछ ।
उपचार सल्लाह	परिवार नियोजन सेवा लिन आएको व्यक्तिलाई दिएको उपचार सल्लाह लेख्नुपर्दछ । जस्तै : पिल्स दिएको भए पिल्स साइकल, डिपोको डोज, आई.यु.सी.डी. लगाउँदा दुखाई कम हुने औषधि, आइरन आदि उपचार लगायत अन्य सल्लाह सुझाव दिएको पनि यस महलमा लेख्नुपर्दछ ।
फर्केर आउने मिति	परिवार नियोजन सेवा लिन आउने सेवाग्राही सेवा निरन्तरताको लागि पुनः आउनुपर्ने मिति लेख्नुपर्दछ ।
सेवाप्रदायकको सही	परिवार नियोजन सेवाप्रदायक स्वास्थ्यकर्मीले सेवा प्रदान गरेपश्चात् माथि उल्लिखित विवरण कार्डमा भरी सही गर्नुपर्दछ ।
कुष्ठरोग सेवा दर्ता नं.	यदि सेवाग्राही कुष्ठरोग सम्बन्धी स्वास्थ्य सेवा लिन आएको भए निजको कुष्ठरोग रजिस्टरमा दर्ता भएको दर्ता नं. लेख्नुपर्दछ । अन्य विवरण परिवार नियोजन सेवामा जस्तै भर्नुपर्दछ ।

अभ्यास १.२

मूलदर्तामा दर्ता भएकी हिरामाया तामाङको स्वास्थ्य सेवा कार्ड भर्नुहोस् ।

HMIS 1.3: बहिरङ्ग सेवा रजिस्टर (Out Patient Register)

विभिन्न स्तरका अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, नगर स्वास्थ्य केन्द्र तथा सामुदायिक स्वास्थ्य इकाईहरूमा प्रत्येक दिन जाँच तथा उपचारका लागि आएका ५ वर्षभन्दा माथिका बिरामीहरूको अभिलेख यस रजिस्टरमा राखिन्छ । यसै रजिस्टरबाट स्वास्थ्य संस्थामा आएका बिरामीहरूको जात-जाति र लिङ्ग अनुसार प्रतिवेदन तयार गरी विश्लेषण गरिन्छ । स्वास्थ्य संस्थामा उपचारका लागि आएका ५ वर्षभन्दा मुनिका बच्चाहरूलाई बहिरङ्ग सेवा प्रदान गर्दा आई.एम्.एन.सी.आई रजिस्टर (HMIS 2.4) मा दर्ता गरी सेवा प्रदान गर्नुपर्दछ ।

रजिस्टरको नमुना :

मितिः _____/_____/_____(गा/म/सा)

बहिरङ्ग सेवा रजिष्टर

क.सं	मूल दर्ता नम्बर	OPD दर्ता नम्बर		सेवाग्राहीको नाम		जाति कोड	उमेर		ठेगानाः जिल्ला		अनुसन्धान मूलक परीक्षण	सम्भावित निदान (Provisional Diagnosis)	ICD Code	उपचार र सल्लाह	Surgical Procedure (Day Care Surgery)	नेपालिक हिसाब	नि.शुल्क सेवा कोड	प्रेषण भई	
									नगर/गाउँपालिका	वडा नं.								आफ्नो संस्थाको नाम	
		नयाँ	पुरानो	नाम	थर		महिला	पुरुष	सम्पर्क नम्बर									सएको संस्थाको नाम	
१	२	३	४	५		६	७	८	९	१०	११	१२	१३	१४	१५	१६	१७	१८	
																१			
																१			

जातीगत आधारमा सेवाग्राही (नयाँ मात्र, महल नं. ६)								पुरानो सेवाग्राहीको जम्मा संख्या (महल नं ४)
लिङ्ग	जात/जाती समूह						जम्मा	
	दलित १	जनजाती २	मधेशी ३	मुस्लिम ४	ब्राह्मण/क्षेत्री ५	अन्य ६		
महिला								
पुरुष								

नि.शुल्क सेवाको लक्षित समूह कोड (महल नं. १७)							
लिङ्ग		असहाय = २	अपाङ्ग = ३	जेष्ठ नागरिक = ४	म.स्वा.स्व.ह = ५	अन्य = ६	जम्मा
महिला							
पुरुष							

भर्ने तरिका :

मिति : प्रत्येक दिन सुरुमा मिति (गते, महिना र सालमा) लेखी सेवा प्रदान गरेको विवरण भर्नुपर्दछ । सो पानामा विवरण लेख्ने ठाउँ बाँकी भएमा अर्को दिनको मिति लेखी क्रमशः बाँकी ठाउँ नछोडी प्रयोग गर्नुपर्दछ ।

महल नं	महल शीर्षक	भर्ने तरिका
१	क्र.सं.	प्रत्येक महिना सेवा लिन आएका बिरामीको क्रमसङ्ख्या १ बाट सुरु गर्नुपर्दछ ।
२	मूल दर्ता नं.	मूल दर्ता रजिस्टरमा दर्ता हुँदाको नम्बर बिरामी पुर्जाबाट यस महलमा चढाउनुपर्दछ ।
३-४	O. P. D दर्ता नं. (नयाँ/पुरानो)	बिरामी दर्ता गर्दा प्रत्येक आ.व. मा नयाँ दर्ता नम्बर दिई सुरु गर्नुपर्दछ । एउटा रोग लागेर उपचार गराउन आएको बिरामी सोही रोगको उपचारका लागि दोहोऱ्याई (फलोअप) आएमा पुरानो महलमा पहिलेको दर्ता नम्बर लेख्नुपर्दछ । यदि एक पटकको रोग निको भइसकेको बिरामी सोही रोग वा अन्य रोग लागेर फेरि उपचारका लागि आएमा नयाँ दर्ता गर्नुपर्दछ । रेफर भई आएका सेवाग्राहीहरूका हकमा सोही सेवा भएमा दर्ता नं. नयाँ दिई पुरानाको महलमा Refer in लेख्नुपर्दछ र पुरानो बिरामीको रूपमा लिनुपर्दछ ।
५	बिरामीको नाम, थर	यस महलको माथिल्लो भागमा बिरामीको नाम र तल्लो भागमा थर लेख्नुपर्दछ ।
६	जाति कोड	सेवा लिने व्यक्तिको जाति एकिन गरी जुन जाति समूहमा पर्दछ, त्यही समूहको कोड नम्बर लेख्नुपर्दछ । (जस्तै : ०१, ०२,..... ०६)
७-८	उमेर	बिरामी महिला भए महिलाको महलमा र पुरुष भए पुरुषको महलमा पूरा भएको उमेर (वर्षमा) लेख्नुपर्दछ ।

महल नं	महल शीर्षक	भर्ने तरिका
९-१०	ठेगाना : जिल्ला, नगर/गाउँपालिका, वडा नम्बर र सम्पर्क नं.	यस महलको माथिल्लो भागमा बिरामी प्राय: बसोबास गरेको जिल्ला, बीचको भागमा महानगर/उपमहानगर/नगर/गाउँ पालिका, वडा नम्बर र अन्तिमको भागमा सम्पर्क फोन नं. लेख्नुपर्दछ।
११	अनुसन्धानमूलक परीक्षण	बिरामीको रोग निदान गर्ने क्रममा एक्स रे, प्रयोगशाला वा अन्य जाँच गरेको ब्यहोरा यस महलमा लेख्नुपर्दछ।
१२	सम्भावित निदान	यस महलमा स्वास्थ्यकर्मीले निदान गरेअनुसार बिरामीलाई लागेको सम्भावित मुख्य रोगको नाम लेख्नुपर्दछ।
१३	ICD Code	यस महलमा रोगको Alpha Numeric (INTERNATIONAL CLASSIFICATION OF DISEASE CODE (ICD-10) कोड नम्बर लेख्नुपर्दछ।
१४	उपचार र सल्लाह	निदान भएको रोगको उपचारका लागि बिरामीलाई दिइएको औषधीको नाम (मात्रा खुल्ने गरी) र बिरामीलाई दिएको सल्लाह यस महलमा लेख्नुपर्दछ।
१५	Surgical Procedure (Day Care Surgery)	बहिरङ्ग सेवा अन्तरगत उपचारको क्रममा गरिएको सानोतिनो सर्जिकल प्रक्रिया यस महलमा लेख्नुपर्दछ।
१६	लैङ्गिक हिंसा	उपचारका लागि आएका सेवाग्राही लैङ्गिक हिंसाबाट पीडित भई आएको भएमा यस महलको कोड १ मा गोलो घेरा लगाउनुपर्दछ।
१७	नि:शुल्क सेवा कोड	अस्पतालहरूमा बिरामीले नि:शुल्क सेवा पाएको भएमा राष्ट्रिय नि:शुल्क स्वास्थ्य सेवा निर्देशिका बमोजिम कुन वर्गमा पर्दछन्, सो हेरी नि:शुल्क जनाई कोड उल्लेख गर्नुपर्दछ। जस्तै : १= अति गरिब र गरिब, २= असहाय, ३= अपाङ्ग, ४= ज्येष्ठ नागरिक (६० वर्षमाथिका), ५= महिला स्वास्थ्य स्वयंसेविका, ६= अन्य (खुलाउने)। प्रत्येक पानाको समूह कोडको जम्मा सङ्ख्या त्यस पानाको अन्तिममा रहेको सङ्क्षिप्त तालिकामा उल्लेख गर्नुपर्दछ।
१८	प्रेषण भई आएको संस्थाको नाम, गएको संस्थाको नाम	दर्ता गरिएको बिरामी यदि प्रेषण भई आएको भए यस महलको माथिल्लो भागमा प्रेषण गर्ने स्वास्थ्य संस्थाको नाम लेख्नुपर्दछ र बिरामीलाई प्रेषण गरिएको छ भने तल्लो भागमा प्रेषण गरिएको स्वास्थ्य संस्थाको नाम लेख्नुपर्दछ।

प्रत्येक पेजको पुछारमा रहेको जातिगत आधारमा सेवाग्राहीहरूको महिला/पुरुष समूह कोडअनुसारको जम्मा लेख्नुपर्दछ। त्यस्तै गरी नि:शुल्क सेवाको लक्षित समूह कोडअनुसारको पनि जम्मा गर्नुपर्दछ।

अभ्यास १.३

मिति २०७० पौष १३ गते दोस्रो सेवाग्राहीको रुपमा रामेछाप जिल्ला भीरपानी गाउँपालिका वडा नं. १ सित्खा बजारको श्याम गोपाल श्रेष्ठ, उमेर ३५, बिरामी भई भीरपानी स्वास्थ्य चौकीमा आए, स्वास्थ्यकर्मीले परिक्षण गर्दा निजलाई Acute tonsiltis भनी निदान गरे र निजलाई Amoxyciline औषधि सिफारिस गरी औषधि बितरण कक्षमा पठाए, निजको बिबरण बहिरंग सेवा रजिष्टरमा चढाउनुहोस।

HMIS 1.4: स्थानान्तरण/प्रेषण पुर्जा (Referral/Transfer Slip)

सेवा लिन आउने बिरामी वा सेवाग्राहीहरूलाई तोकिएको सेवा लिन अनुकूल पर्ने गरी अर्को स्वास्थ्य संस्थामा स्थानान्तरण/प्रेषण गर्नुपर्दा यस फारामको प्रयोग गर्नुपर्दछ । सेवा लिन आउने प्रेषण गरिएको संस्थाले आएको व्यक्तिलाई सेवा प्रदान गरी प्रेषण गरी पठाउने संस्थालाई अनिवार्य रूपले फिर्ती जानकारी दिनुपर्नेछ ।

पुर्जाको नमुना :

HMIS 1.4: Referral/Transfer Slip

नेपाल सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य सेवा विभाग
स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली
प्रेषण/स्थानान्तरण पूर्जा

मितिः __/__/२०७ _

१. संस्थाको नाम, ठेगानाः २. सम्पर्क नं.

३. सेवाग्राहीको नाम, थरः ४. लिङ्गः ५. उमेरः

६. ठेगानाः जिल्लाः पालिका वडा नं.

७. लिइरहेको सेवाः ८. सम्पर्क गर्नुपर्ने मितिः / / (ग.म.सा.)

९. अवस्थाः	BP	Pulse	Temp	Respiration	Weight (kg) Height (cm)	MUAC (mm)	Edema on both Feet
							(+/++/+++)

१०. उपचार विधि वा रेजिमेनः

११. प्रयोग भएको औषधीः

१२. अन्य परिक्षण गर्नपर्ने भए उल्लेख गर्नेः

१३. स्थानान्तरण/प्रेषण गरिनुको कारणः

१४. अन्य केही भए उल्लेख गर्नेः

क्षयरोगका बिरामीको लागि थप बिवरण	
क्षयरोगको प्रकारः	
दर्ता बर्गिकरणः	
खकार परिक्षण नतिजा	
मिति	ल्याब नं. परिणाम
अन्य परिक्षणको नतिजा	

श्री _____
_____

यस संस्थामा सेवा लिन आएका उपरोक्त विवरण भएका व्यक्तिलाई आवश्यक सेवाका लागि त्यहाँ पठाइएको छ। सम्पर्क गर्न आएपछि फिर्ति जानकारी पठाई दिन हुन अनुरोध छ।

प्रेषण /स्थानान्तरण गर्नेको नामः पदः सहीः

नोटः सेवा लिन आउने बिरामीहरुरसेवाग्राहीहरु तोकिएको सेवा लिन अनुकूल पर्ने गरी स्थानान्तरण प्रेषण गर्नु पर्दा यो फाराम प्रयोग गर्नु पर्दछ।

नेपाल सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य सेवा विभाग
स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली
प्रेषण/स्थानान्तरण पूर्जा

(सेवा दिएको विवरण तथा फिर्ती जानकारी)

मितिः __/__/२०७ _

फिर्ती जानकारी पठाइएको संस्था श्री _____
_____

सेवाग्राहीको नाम, थरः

लिङ्गः उमेरः ठेगानाः जिल्लाः

पालिका वडा नं.

सम्पर्क गर्न आएको मितिः __/__/२०७ _

दिइएको सेवाः

फिर्ती जानकारी दिनेको नामः

पदः सहीः

मितिः __/__/२०७ _

फिर्ती जानकारी दिने संस्थाको नामः

ठेगानाः	जिल्लाः	पालिका	वडा नं.

परिमार्जित २०७०/७१ Print FY: 2070/71

भर्ने तरिका :

महल नं.	भर्ने तरिका	भर्ने तरिका
	मिति :	स्थानान्तरण/प्रेषण गरेको मिति (गते, महिना, सालमा) लेख्नुपर्दछ ।
१	संस्थाको नाम, ठेगाना	हालसम्म सेवा लिइरहेको स्वास्थ्य संस्थाको नाम र ठेगाना स्पष्ट लेख्नुपर्दछ ।
२	सम्पर्क नं	स्थानान्तरण/प्रेषण गरेको स्वास्थ्य संस्थाको सम्पर्क नं. लेख्नुपर्दछ ।
३	सेवाग्राहीको नाम, थर	स्थानान्तरण/प्रेषण गरिने व्यक्तिको नाम, थर लेख्नुपर्दछ ।
४	लिङ्ग	स्थानान्तरण/प्रेषण गरिने व्यक्तिको लिङ्ग लेख्नुपर्दछ ।
५	उमेर	स्थानान्तरण/प्रेषण गरिने व्यक्तिको उमेर पूरा भएको वर्षमा लेख्नुपर्दछ ।
६	ठेगाना	स्थानान्तरण/प्रेषण गरिने व्यक्तिको जिल्ला, महानगर/उपमहानगर/नगर/गाउँ पालिका र वडा नम्बर, गाउँ र टोलसमेत लेख्नुपर्दछ ।
७	लिइरहेको सेवा	व्यक्तिलाई स्थानान्तरण/प्रेषण गरी पठाउनुभन्दा अगाडि देखिएका समस्याका सन्दर्भमा के-के सेवा प्रदान गरिएका थिए, सो लेख्नुपर्दछ ।
८	सम्पर्क गर्नुपर्ने मिति	स्थानान्तरण गरिने व्यक्तिलाई प्रदान गरिने सेवालाई नियमितता दिन

महल नं.	भर्ने तरिका	भर्ने तरिका
		प्रेषण/स्थानान्तरण गरिएको स्वास्थ्य संस्थामा सम्पर्क गर्नुपर्ने मिति (गते, महिना, सालमा) लेख्नुपर्दछ ।
९	बिरामीको अवस्था	स्थानान्तरण/प्रेषण गरी पठाइने बिरामीको BP, Pulse, Temperature, Respiration, Weight, Height, MUAC, Odema on both feet आदिको विवरण आवश्यकता अनुसार लेख्नुपर्दछ ।
१०	उपचार विधि	स्थानान्तरण/प्रेषण गरिएको व्यक्तिलाई प्रेषण गर्नुभन्दा अघि कुन विधिबाट उपचार दिइराखिएको थियो, सोबारे लेख्नुपर्दछ ।
११	प्रयोग भएका औषधिहरू	प्रयोग भएको औषधिहरूको नाम तथा परिमाण लेख्नुपर्दछ ।
१२	अन्य परीक्षण गर्नुपर्ने भए उल्लेख गर्ने	स्थानान्तरण/प्रेषण गरिने व्यक्तिलाई अन्य कुनै परीक्षण समेत गर्नुपर्ने भए परीक्षणको विधि वा प्रकार लेख्नुपर्दछ ।
१३	स्थानान्तरण/प्रेषण गरिनुको कारण	सेवाग्राहीलाई के कारणले वा कुन सेवाका लागि स्थानान्तरण/प्रेषण गरिएको हो, सो कारण विस्तृत रुपमा यस महलमा खुलाउनुपर्दछ ।
१४	अन्य केही भए उल्लेख गर्ने	स्थानान्तरण/प्रेषण गरिने व्यक्तिका बारेमा माथि उल्लेख गरिएका विवरणबाहेक अन्य केही उल्लेख गर्नुपर्ने भए यस महलमा उल्लेख गर्नुपर्दछ । श्री को पछाडि खाली रहेको भाग ..... मा स्थानान्तरण/प्रेषण गरिने स्वास्थ्य संस्थाको पूर्ण विवरण भरी तल स्थानान्तरण र प्रेषण गर्नेको नाम, पद र सहीसमेत उल्लेख गर्नुपर्दछ । *पुर्जाको अधकट्टी भाग (सेवा दिएको विवरण तथा फिर्ती जानकारी)*
फिर्ती जानकारी पठाइएको संस्था		स्थानान्तरण/प्रेषण गर्ने स्वास्थ्य संस्थाको नाम र ठेगाना (जिल्ला, महानगर/उपमहानगर/नगर/गाउँ पालिका र वडा नम्बरं) लेख्नुपर्दछ ।
सेवाग्राहीको नाम थर, लिङ्ग, उमेर, ठेगाना		सेवा लिने व्यक्तिको नाम, थर, उमेर, लिङ्ग र पूरा ठेगाना लेख्नुपर्दछ ।
सम्पर्क गर्न आएको मिति		स्थानान्तरण/प्रेषण भई स्वास्थ्य संस्थामा सम्पर्क गर्न आएको मिति लेख्नुपर्दछ ।
दिइएको सेवा		स्थानान्तरण/प्रेषण भई आएको स्वास्थ्य संस्थाले दिएको सेवाको विवरण लेख्नुपर्दछ ।
फिर्ती जानकारी दिनेको विवरण		फिर्ती जानकारी दिने व्यक्तिले नाम, पद र मिति खुलाई सहीसमेत गर्नुपर्दछ ।
फिर्ती जानकारी दिने संस्थाको नाम र ठेगाना		फिर्ती जानकारी दिने संस्थाको नाम, ठेगाना लेख्नुपर्दछ ।

अभ्यास १.४

मिति २०७० माघ १९ गतेका दिन गुन्सी भदौरे स्वास्थ्य चौकीमा क्षयरोगको उपचार गराई राखेका बेथान गाउँ पालिका वडा नं. २ बस्ने श्यामलाल थापा, उमेर ५५ लाई १ महिनाको उपचार पछि बेथान स्वास्थ्य चौकीमा सोही उपचार लिनको लागि स्थानान्तरण गरी पठाइएको ब्यहोरा स्थानान्तरण पुर्जामा भर्नुहोस । निजलाई माघ २२ गते सम्मको लागि औषधि दिईएको छ।

श्यामलाल थापाले मिति २०७० माघ २२ गते बेथान स्वास्थ्य चौकीमा सम्पर्क गर्न गएका थिए, बेथान स्वास्थ्य चौकीले गुन्सी भदौरे स्वास्थ्य चौकीलाई फिर्ति जानकारी दिनुहोस ।

HMIS 1.5: डिफल्टर/अनियमितता खोज पुर्जा
(Defaulter/Discontinuation Tracing Slip)

नियमित रूपमा स्वास्थ्य सेवा वा उपचार लिइरहेका बिरामीहरूले बीचमा नै सेवा वा उपचार छोडी सेवा लिन नआएमा (डिफल्टर/अनियमित भएमा) अनुगमन गर्न यस पुर्जाको प्रयोग गरिन्छ । लगातार सेवा लिनुपर्ने व्यक्ति आउनुपर्ने मितिमा नआएमा सोको कारण पत्ता लगाई नियमित सेवा लिन उत्प्रेरित गर्न स्वास्थ्य संस्थाहरूले सेवाको नियमितताको लागि आफूअन्तर्गतका स्वास्थ्यकर्मी वा महिला स्वास्थ्य स्वयंसेविकाहरूलाई यो पुर्जा भरी पठाउँनुपर्दछ ।

पूर्जाको नमुना :

HMIS 1.5: Defaulter/ Discontinuation Tracing Slip

नेपाल सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य सेवा विभाग
स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली

..... जिल्ला

डिफल्टर/अनियमितता खोज पुर्जा

श्री .....

निम्न व्यक्तिको अनुगमन गरी नियमित सेवा लिन उत्प्रेरित गर्नुभई प्रतिवेदन दिनुहोला।

१. नाम, थर		लिङ्ग		उमेर	

२. ठेगाना	जिल्ला	पालिका	वडा नं.	गाउँ/टोल

३. सम्पर्क नं.		४. घरमूलीको नाम	

५. लिइरहेको सेवा		६. सेवा लिन आउनुपर्ने मिति	

५. अनुगमन गर्ने नगाउने व्यक्तिको	नाम, थर	पद	सही र मिति

(डिफल्टर/अनियमितता खोज गर्ने व्यक्तिले भर्ने)

श्री .....

सम्पर्क गरेको मिति	डिफल्टर/अनियमित हुनुको कारण

अनुगमन गर्नेको	नाम, थर	पद	सही र मिति

नोटः सबै प्रकारको नियमित सेवा लिन आउनुपर्ने बिरामीहरु/सेवाग्राहीहरु तोकिएको समयमा सेवा लिन नआएमा अनुगमन गर्न यो फाराम प्रयोग गर्नु पर्दछ।

परिमार्जित २०७०/७१ Print FY: 2070/71

भर्ने तरिका :

महल शीर्षक	भर्ने तरिका
स्वास्थ्य संस्थाको नाम:	सम्बन्धित स्वास्थ्य संस्थाको नाम लेख्नुपर्दछ ।
जिल्ला	स्वास्थ्य संस्था रहेको जिल्लाको नाम लेख्नुपर्दछ । श्री को पछाडि खाली रहेको भाग ..... मा अनुगमन गर्ने व्यक्तिको नाम र ठेगाना लेख्नुपर्दछ ।
नाम, थर, लिङ्ग र उमेर	डिफल्टर/अनियमित भएको व्यक्तिको नाम, थर, उमेर र लिङ्ग सम्बन्धित कोठामा लेख्नुपर्दछ ।
ठेगाना	पूरा ठेगाना जिल्ला, महानगर/उपमहानगर/नगर/गाउँ पालिका र वडा नम्बर, गाउँ र टोलसमेत लेख्नुपर्दछ ।
सम्पर्क नं	अनुगमन गरिनुपर्ने व्यक्तिको सम्पर्क फोन नं. लेख्नुपर्दछ ।

घरमूलीको नाम, थर	डिफल्टर भएको व्यक्तिको घरमूली/अभिभावकको नाम लेख्नुपर्दछ ।
लिइरहेको सेवा	डिफल्टर भएको बिरामी/सेवाग्राहीले लिइरहेको सेवाको नाम लेख्नुपर्दछ ।
सेवा लिन आउनुपर्ने मिति	डिफल्टर भएको व्यक्ति नियमित सेवा लिनको लागि कहिले आउनुपर्ने थियो, सो मिति गते, महिना, सालमा लेख्नुपर्दछ ।
अनुगमन गर्न लगाउने व्यक्तिको नाम, पद र मिति	अनुगमन गर्न लगाउने व्यक्तिले आफ्नो नाम, पद र मिति लेखि सही गर्नुपर्दछ ।
अनुगमन गर्न गएको व्यक्तिले भर्ने	श्री को पछाडि खाली रहेको भाग .....मा अनुगमन गर्न लगाउने संस्था वा व्यक्तिको नाम र ठेगाना लेख्नुपर्दछ ।
सम्पर्क गरेको मिति	डिफल्टर अनुगमन गर्ने व्यक्तिले डिफल्टर भएको व्यक्तिसँग सम्पर्क गरेको मिति लेख्नुपर्दछ ।
डिफल्टर हुनुको कारण	सेवा लिन नआउनुको कारण पत्ता लगाई सोको ब्यहोरा लेख्नुपर्दछ ।
अनुगमन गर्नेको नाम थर, पद, मिति र सही	अनुगमन गर्ने व्यक्तिको नाम, थर, पद, मिति लेखी सही गर्नुपर्दछ । *नोटः यदि सेवा लिन आउनुपर्ने व्यक्ति पुनः सेवाको लागि नआउने यकिन भएमा सम्बन्धित अभिलेखमा नआउनुको कारण जनाउनुपर्दछ ।*

अभ्यास १.५

रामेछाप जिल्ला, गेलु गाउँपालिका वडा नं. ६ का शान्ति पहरी मिति २०७० माघ १ गते तेस्रो पटक डिपो सुई लिन आउनुपर्नेमा मिति २०७० माघ ८ गते सम्म पनि सेवा लिन नआएकोले अ.न.मी. प्रेममाया बोहराले अ.हे.ब. डिल्ली बहादुर खत्रीलाई नियमितताको लागि डिफल्टर/अनियमितता खोज पूर्जा भरी पठाएको बिबरण डिफल्टर/अनियमितता खोज पूर्जा भर्नुहोस ।

मिति २०७० माघ ९ गते अ.हे.ब. डिल्ली बहादुर खत्रीले अनुगमन गर्दा शान्तिमायाको श्रीमान बैदेशिक रोजगारीको लागि बिदेश गएको कारणले सेवा लिन नआएको पत्ता लगाए । सो को बिबरण गेलु प्रा.स्वा.के.लाई दिएको ब्यहोरा डिफल्टर/अनियमितता खोज पुर्जामा भर्नुहोस ।

HMIS 1.6: समायोजन फाराम (Tally Sheet)

स्वास्थ्य संस्थाबाट दिइएका सेवाहरूको विवरण समायोजन गर्न (एकमुष्ट निकाल्न) यस फारामको प्रयोग गरिन्छ । विभिन्न सेवा रजिस्टर, कार्ड, फारामहरूमा छरिएर रहेका अभिलेखहरूलाई सरल तथा व्यवस्थित तरिकाले समायोजन गरी प्रतिवेदन तयार पार्न यस फारामको आवश्यकता परेको हो ।

फारामको नमूना:

HMIS 1.6

समायोजन फाराम

सि.नं.	सूचक/ कार्यक्रम											

भर्ने तरिका:

समायोजन फारामको बायाँतिर स्वास्थ्य संस्था, क्लिनिकको नाम र दायाँतिर सञ्चालित कार्यक्रमहरू लेख्नुपर्दछ । समायोजन गर्दा जुन संस्थाका सेवाहरूको समायोजन गर्न लागिएको हो, तिनको क्रम सङ्ख्या र नाम लेखी दायाँतिर समायोजन गर्न लागिएका सेवाको नाम लेखी सो को मुनि दिइएको सेवा सङ्ख्या अङ्कमा वा (।) धर्सो तानी जनाउनुपर्दछ ।

♦♦♦♦♦

२. नवशिशु तथा बाल स्वास्थ्य

2. Infant and Child Health

HMIS 2.1: बाल स्वास्थ्य कार्ड

HMIS 2.2: खोप रजिस्टर

HMIS 2.3: दुई-वर्षमुनिका बाल-बालिकाहरूको पोषण रजिस्टर

HMIS 2.4: समुदायमा आधारित नवशिशु तथा बालरोगको एकीकृत व्यवस्थापन रजिस्टर

HMIS 2.5: शीघ्र कुपोषणको एकीकृत व्यवस्थापन कार्यक्रम दर्ता कार्ड

HMIS 2.6: शीघ्र कुपोषणको एकीकृत व्यवस्थापन रजिस्टर

HMIS 2.7: मेडिकल जटिलताजन्य शीघ्र कुपोषणको एकीकृत व्यवस्थापन रजिस्टर-अस्पताल

HMIS 2.1:बाल स्वास्थ्य कार्ड (Child Health Card)

पाँच वर्षमुनिका बच्चाहरूलाई प्रदान गरिने स्वास्थ्य सेवा, जस्तैः खोप, श्वास-प्रश्वास, झाडापखाला, पोषण स्थितिको नियमित अनुगमन, जुकाको औषधि, भिटामिन ए र बालभिटा वितरण आदिको नियमितता, समयबद्धता समय-समयमा हुनुपर्ने अनुगमन र बच्चाको स्वास्थ्य अवस्था अभिभावक र स्वास्थ्य कार्यकर्ताले थाहा पाउन यस कार्डको प्रयोग गरिन्छ । यो कार्ड सम्बन्धित बच्चाका अभिभावकलाई उपलब्ध गराउनुपर्दछ । यो कार्ड हरेक पटक स्वास्थ्य सेवा तथा उपचार लिन आउँदा साथै लिई आउन र पछिसम्म सुरक्षित राख्नका लागि अभिभावकलाई सल्लाह दिनुपर्दछ ।

कार्डको नमुना :



नेपाल सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य सेवा विभाग
स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली
बाल स्वास्थ्य कार्ड

HMIS-2.1

मूल दर्ता नं. ..... गाउँघर क्लिनिक दर्ता नं. .....
खोप सेवा दर्ता नं. ..... पोषण सेवा दर्ता नं. .....
नवजात शिशु तथा बाल रोगको एकीकृत व्यवस्थापन सेवा दर्ता नं. .....

बच्चाको नाम थरः ..... लिङ्गः □ महिला / □ पुरुष
जन्म मितिः ...../...../..... (गा/म/सा) जन्मिदाको तौलः ..... ग्राम
आमाको नामः ..... बुवाको नामः .....
ठेगानाः जिल्ला..... न.पा. / गा.पा.....वार्ड नं.....
गाउँ/टोलः..... स्वास्थ्य संस्थाको नामः.....
स्वास्थ्यकर्मीको नामः..... सम्पर्क नं. .....
कार्ड जारी गरेको मितिः ...../...../..... (गा/म/सा)

नवजात शिशु तथा बाल रोगको एकीकृत व्यवस्थापन

	स्वास्थ्य समस्या	मिति	व्यवस्थापन	कैफियत
जन्मे देखि २९ महिना सम्म				

यो कार्ड सुरक्षित राख्नु होला र होक पटक बच्चालाई स्वास्थ्य सेवाका लिएर लाउँदा अनिवार्य यो कार्ड पनि लिएर आउनु होला।



खोप लगाएको विवरण

खोपको नाम	जन्मले दिनैमा	६ हप्ता	१० हप्ता	१४ हप्ता	९ महिना	१२ महिना	१५ महिना
बि.सि.जी.	—	—	—				—
हेप.बि.बि.		—	—				—
ओ.पि.भी.		—	—				—
पि.सि.भी.		—	—	—	—		—
पोटा		—	—	—	—		—
एफ.आई.पि.भी.		—	—	—	—	—	—
दादुरा-रुबेला							—
जे.ई.						—	—
अन्य	—	—	—	—	—	—	—

अर्को पटक खोप लगाउन आउने मिति (गते/महिना/साल)

१ / / २ / / ३ / /
४ / / ५ / / ६ / /

खोपको पूरा माथा लगाएको प्रमाणित गर्ने
स्वास्थ्यकर्मीको नामः ..... दस्तखत र मिति .....



कार्ड भर्ने तरिका:

महल शीर्षक	भर्ने तरिका
मूल दर्ता नं	मूल दर्ता रजिस्टरमा दर्ता गर्दाको दर्ता नं. लेख्नुपर्दछ।
गाउँघर क्लिनिक सेवा दर्ता नं.	गाउँघर क्लिनिकमा सेवा प्रदान गर्दा दर्ता गरेको गाउँघर क्लिनिक दर्ता नं. लेख्नुपर्दछ।
खोप सेवा दर्ता नं.	खोप सेवा रजिस्टरमा दर्ता गर्दाको सम्बन्धित वडाको दर्ता नं. लेख्नुपर्दछ। यदि सेवाग्राही बच्चाले अन्य (सरकारी वा गैह्र सरकारी) संस्थाबाट जारी भएको बाल स्वास्थ्य कार्ड (HMIS2.1) लिइआएमा पहिले लेखिएको खोप सेवा दर्ता नं. पछाडी धर्को (/) लगाई नयाँ दर्ता नं. (हाल सेवा दिने संस्थाको रजिष्टरमा दर्ता गर्दाको नं.) लेख्नुपर्दछ। यदि निर्दिष्ट ढाँचाको कार्ड नभएमा सेवाग्राहीलाई नयाँ वाल स्वास्थ्य कार्ड (HMIS2.1) जारी गरी पहिलेको कार्डबाट यसभन्दा पहिले लगाएको खोपको विवरण नयाँ कार्डमा अध्यावधिक गर्नु पर्दछ।
पोषण सेवा दर्ता नं.	पोषण सेवा रजिस्टरको दर्ता नं. लेख्नुपर्दछ। यदि गाउँघर क्लिनिकमा पोषण सेवाका लागि दर्ता गरेको भए ORC लेखी गाउँघर क्लिनिकको पोषण सेवाको दर्ता नं. लेख्नुपर्दछ।
नवजात शिशु तथा बालरोगको एकिकृत ब्यबस्थापन सेवा दर्ता नं.	नवजात शिशु तथा बालरोगको एकिकृत ब्यबस्थापन (IMNCI) सेवा रजिष्टरको दर्ता नं. लेख्नुपर्दछ।
बच्चाको नाम, थर	सेवा लिन आएको बच्चाको नाम र थर लेख्नुपर्दछ।
लिङ्ग	बच्चा महिला भए महिलामा र पुरुष भए पुरुषमा ✓ चिन्ह लगाउनुपर्दछ।
जन्म मिति	बच्चा जन्मेको मिति (गते, महिना र साल) लेख्नुपर्दछ। बच्चा जन्मेको मिति भन्न नसके महत्त्वपूर्ण घटनासँग जोडी जन्म मिति पत्ता लगाई लेख्नुपर्दछ।
जन्मिदाको तौल (ग्राममा)	बच्चा जन्मिदाको तौल ग्राममा लेख्नुपर्दछ। यदि जन्मिदाको तौल थाहा नभएमा यस महलमा - चिन्ह लगाउनु पर्दछ।
आमाको नाम	बच्चाको आमाको नाम लेख्नुपर्दछ।
बाबुको नाम	बच्चाका बाबुको नाम लेख्नुपर्दछ।
ठेगाना	हाल धेरैजसो बसोबास गरिरहेको* जिल्ला, नगर वा गाउँपालिका को वडा नम्बर र गाउँ/टोल (यदि घर नं. भएमा सो समेत खुल्ने गरी) लेख्नुपर्दछ। **हाल धेरैजसो बसोबास गरिरहेको भन्नाले कम्तीमा ६ महिनादेखि बसिरहेको वा त्यहीँ बसोबास गर्ने मनसायले बसिरहेको भन्ने बुझ्नुपर्दछ।*
स्वास्थ्य संस्थाको नाम	कार्ड जारी गर्ने स्वास्थ्य संस्थाको नाम उल्लेख गर्नु पर्दछ।
स्वास्थ्य कर्मीको नाम	कार्ड जारी गर्ने स्वास्थ्यकर्मीको नाम लेख्नुपर्दछ।
सर्म्पक नं	कार्ड जारी गर्ने स्वास्थ्य संस्था वा स्वास्थ्यकर्मीको सम्पर्क नं लेख्नुपर्दछ।
कार्ड जारी गरेको मिति	कार्ड वितरण गरेको मिति (गते, महिना, सालमा) लेख्नुपर्दछ।
नवजात शिशु तथा बालरोगको एकिकृत ब्यवस्थापन	नवजात शिशु तथा बालरोगको एकिकृत ब्यवस्थापन सम्बन्धी सेवा दिईएको भएमा बच्चाको स्वास्थ्य समस्या, सेवा प्रदान गरेको मिति, उपचार व्यवस्थापन तथा उपचार सल्लाहको विवरण सम्बन्धित महलमा खुलाउनु पर्दछ।
खोप लगाएको विवरण	बच्चालाई प्रत्येक खोप दिएपछि सम्बन्धित खोपको महलमा खोप दिएको मिति (गते, महिना, साल) लेख्नुपर्दछ। बच्चाले यसभन्दा पहिलेका खोप अन्य स्वास्थ्य संस्थाबाट लिएको भए सो को विवरण यस कार्डबाट खोप रजिस्टरको सम्बन्धित खोपको महलमा खोप सेवा प्रदान गर्ने संस्थाको नाम जनाउनु पर्दछ।
अर्को पटक खोप लगाउन आउने मिति	यस पटकको खोप सेवा प्रदान गरी सकेपछि खोप सेवा लिन अर्को पटक सेवाग्राही कहिले आउनु पर्ने हो एकीन गरी सो मिति क्रमशः लेख्नुपर्दछ।
खोपको पूरा मात्रा लगाएको प्रमाणित गर्ने स्वास्थ्यकर्मीको नाम, दस्तखत र मिति	*पूर्णखोप भन्नाले १५ महिना सम्मका बच्चाले लगाउनुपर्ने सम्पूर्ण खोपहरू (बी.सी.जी. १ मात्रा, डी.पी.टी.-हेप.बी.-हिब, पोलियो र पी.सी.भी. ३।३ मात्रा, एफ.आई.पि.भि २ मात्रा (लागु भएपछि), जे. ई. १ मात्रा र दादुरा-रुवेला २ मात्रा) पूरा भएपछिलाई जनाउँछ।* *यदि कुनै बच्चाले जे.ई र दादुरा रुवेलाको दोश्रो मात्रा १५ महिना पछाडी २३ महिनाभित्र पूरा गरेमा अन्तिम खोप लगाएको मितिलाई नै खोप पूरा गरेको मिति मान्नु पर्दछ।* सोही अनुरुप पूर्णखोप लगाएको यकिन गरी प्रमाणित गर्ने स्वास्थ्यकर्मीको नाम र मिति लेखी दस्तखत समेत गर्नुपर्दछ।

महल शीर्षक	भर्ने तरिका
उमेर अनुसार वृद्धि अनुगमन	
	यस कार्डमा समावेश गरिएको रेखाचित्रमा माथिल्लो खण्डमा बालिका र तल्लो खण्डमा बालकको उमेर अनुसारको तौल वृद्धिको अभिलेख राखिन्छ । जन्मेको पहिलो महिना देखि २ वर्ष (२३ महिना) सम्म हरेक महिनामा बच्चाको तौल लिई उमेरअनुसारको तौलको सम्बन्धित कोठामा जनाउनुपर्दछ । बच्चा दोहोरिएर सेवा लिन आउँदा प्रत्येक पटकको उमेरअनुसारको तौल रेखाचित्रमा जनाई अघिल्लो पटकको तौलको बिन्दुसँग जोड्नुपर्दछ । बच्चाको पोषण स्थिति कार्डमा देखाएअनुसार सामान्य, जोखिम वा अति जोखिम – कुन अवस्थामा छ, तदनुसार आमालाई सल्लाह दिनुपर्दछ । पोषण रजिस्टरमा यस ब्यहोराको विवरण निम्नअनुसार अभिलेख गर्नुपर्दछ : **१, हरियो- सामान्य २, पहेँलो- जोखिम ३, रातो- अति जोखिम**
खोप पश्चात् भएका अवाञ्छित घटना (“AEFI”)	खोप लगाएपछि बच्चामा कुनै प्रकारको अवाञ्छित घटना हुन गएमा सोको विवरणको महलहरुमा लिएको खोपको नाम, मिति, देखिएका मुख्य लक्षण र गरिएको व्यवस्थापन लेख्नुपर्दछ । अवाञ्छित घटना देखिएका बाल-बालिकाहरूको विस्तृत विवरण छुट्टै फाराममा भरी सम्बन्धित स्थानमा पठाउनुपर्दछ ।
अभियानमा लगाएको खोपको विवरण	खोप अभियानमा लगाइएको खोपको विवरण मिति समेत खुल्ने गरी सम्बन्धित महलहरुमा लेख्नुपर्दछ ।
अभियानमा भिटामिन ए क्याप्सुल र जुकाको औषधी खुवाएको विवरण	
भिटामिन ए खुवाएको विवरण	६ महिना दखि ५९ महिना सम्मका वालवालिकालाई भिटामिन ए र १२ देखि ५९ महिना सम्मका वालवालिकाहरुलाई जुकाको औषधी हरेक ६/६ महिनाको फरकको अभियानमा खुवाएको प्रत्येक पटकको मिति (गते, महिना, साल) लेख्नुपर्दछ । *(अभियान सञ्चालन भएकै समयमा भिटामिन ए र जुकाको औषधी वितरण गरेको मिति म.स्वा.स्व.से. बाट यस कार्डमा अद्यावधिक गराउनुपर्दछ । स्वास्थयकर्मीले सेवा प्रदान गर्ने क्रममा समेत अभिभावकलाई सोधी यो विवरण अद्यावधिक गर्नुपर्दछ ।)*
स्तनपानवारे जानकारी	
जन्मेको १ घण्टा भित्र स्तनपान सुरु गरेको	शिशुलाई जन्मेको १ घण्टाभित्र स्तनपान गराए/नगराएको पहिलो भेटमा सोधी गराएको भए (✓) चिन्ह र नगराएको भए (X) चिन्ह लगाउनुपर्दछ ।
बच्चालाई आमाको दूध मात्र खुवाएको	शिशुलाई जन्मेको ६ महिनासम्म स्तनपान मात्र गराएको/नगराएको हरेक महिनाको भेटमा सोधी जुन महिनासम्म आमाको दूध मात्र खुवाएको हो, सोही महिनाका महलमा (✓) चिन्ह लगाउनुपर्दछ र बच्चालाई आमाको दूधका साथै अन्य खानेकुरा पनि खुवाएको भए जुन महिनादेखि अन्य खानेकुरा खुवाउन सुरु गरेको हो, सोही महिना देखिका महिनामा (X) चिन्ह लगाउनुपर्दछ ।
बच्चालाई आमाको दूधका साथै पोसिलो खाना खुवाउन सुरु गरेको	शिशुलाई आमाको दूधका साथै पूरक खाना खुवाउन सुरु गरेको छ/छैन सोधी यदि सुरु गरेको छ भने ६ महिनाभन्दा अघि, ६ महिनामा वा ६ महिनाभन्दा पछि कहिले सुरु गरेको हो, सम्बन्धित महलमा (✓)चिन्ह लगाउनुपर्दछ ।
बालभिटा वितरण गरेको मितिः	
पहिलो, दोश्रो, तेश्रो	६ महिना देखि २३ महिना सम्मको वालवालिकालाई ६-११ महिना उमेर समुहमा पहिलो पटक, १२-१७ महिना उमेर समुहमा दोस्रो पटक, १८-२३ महिना उमेर समुहमा तेस्रो पटक गरी जम्मा ३ पटक प्रत्येक पटकमा ६० दिनलाई पुग्ने गरी बालभिटा वितरण गरिन्छ । बालभिटा वितरण गरेको प्रत्येक पटकको मिति (गते, महिना, साल) पहिलो भए पहिलो कोठामा, दोस्रो भए दोस्रो कोठामा र तेस्रो भए तेस्रो कोठामा लेख्नुपर्दछ ।
शिशु तथा बाल्यकालीन पोषण सम्बन्धी विवरण	
बच्चाको उमेर महिनामा (६-८ महिना, ९-११ महिना, १२-२३ महिना)	पोषण सेवाका लागि आएका ६ देखि २३ महिनासम्मका वालवालिकाहरुलाई ६ देखि ८ महिना, ९ देखि ११ महिना र १२ देखि २३ महिना उमेर समूहमा प्रत्येक उमेर समूहको पहिलो भेटमा १ पटक सोधी पछिल्लो २४ घण्टामा खुवाइएको खानाको प्रकार र पटक यकिन गरी खानाको प्रकार र उमेर समूहको सम्बन्धित महलमा पटक (१, २, ३ ....) लेख्नुपर्दछ । उमेरअनुसार आवश्यक पर्ने खानाको पटक, प्रकार, मात्रा (परिमाण) खुवाइएको छ/छैन, सो समेत यकिन गरी परामर्श दिनुपर्दछ ।

अभ्यास २.१

१. रामेछाप जिल्ला बाम्ती गाउँपालिका वडा नं.४ की निलम कार्कीकी २ महिनाकी छोरी सानियालाई रत्नज्योती खोप केन्द्रमा मिति २०७० माघ ११ गते बि.सी.जी. खोप लगाउन ल्याईन् बच्चाको जन्म मिति २०७० मंसिर २ गते भएको थियो । बच्चाको बाल स्वास्थ्य कार्ड भर्नुहोस् ।

२. मिति २०७० पौष १३ गते बेताली स्वास्थ्य चौकीमा रामेछाप जिल्ला, बेताली गाउँपालिका वडा नं. ३ की रेखा थापाको ३ महिनाको छोरा अभिमन्यू थापालाई पहिलो पटक स्वास्थ्य चौकीमा तौल लिईयो । निजको तौल ३ केजी ५०० ग्राम थियो । अभिमन्यू थापाको बृद्धि अनुगमनको बिबरण बाल स्वास्थ्य कार्डमा भरी पोषण रजिष्टरमा भर्नुहोस् ।

HMIS 2.2: खोप रजिस्टर(Immunization Register)

खोप सेसन सञ्चालन हुने स्थान, भ्याक्सिन प्राप्त र खर्च, शत-प्रतिशत बच्चाहरूले पूर्ण खोप लगाएको यकिन गर्न तथा गर्भवती महिलाहरूलाई खोप लगाएको यकिन गर्न, अभियानमा खोप दिएको र खोप लगाएपश्चात् हुने अवाञ्छित घटनाको अभिलेख राख्न यस रजिस्टरको प्रयोग गरिन्छ । खोप सेवा प्रदान गर्दा पहिलो पटक बच्चा तथा गर्भवती महिलालाई दर्ता गरिसकेपछि सेवाग्राहीलाई दिइएका सबै खोपको विवरण यस रजिस्टरमा अद्यावधिक गर्नुपर्दछ । सो बच्चा वा गर्भवती महिलाको नाम अर्को आ.ब.को रजिस्टरमा सार्नु हुँदैन ।

यस रजिस्टरमा खोप सेसन सञ्चालन, भ्याक्सिन प्राप्त तथा खर्चको विवरण, बाल-बालिकाको खोप लगाएको विवरण, गर्भवती महिलालाई टी.डी. खोप दिएको विवरण, खोप अभियान प्रगति समायोजन र खोप पश्चात् हुने अवाञ्छित घटनाको अभिलेख गरी जम्मा ६ भाग रहेका छन् ।

खोप पाएका व्यक्तिको जम्मा सङ्ख्या निकाल्नका लागि बच्चा वा गर्भवती महिलाको कार्डमा विवरण अद्यावधिक गर्नेबित्तिकै प्रत्येक सेवाग्राहीको सङ्ख्या समायोजन फाराममा ट्याली (tally) गर्नुपर्दछ । यसैका आधारमा खोप सेवा HMIS 9.2 र HMIS 9.3/9.4/9.5 को प्रतिवेदन फारामको खोप सेवा पाएकाहरूको जम्मा सङ्ख्याको महलमा सो उतार गर्नुपर्दछ ।

नगर/गाउँपालिका भित्रको स्वास्थ्य संस्थाहरुले आफ्नो कार्यक्षेत्र भित्रको खोप सेवा प्रदान गर्दा वडाको जनसंख्याको आधारमा लक्ष निर्धारण गरि अभिलेख पनि वडा अनुसार छुट्टा छुट्टै पानामा राख्नु पर्दछ । एउटै वडामा २ भन्दा धेरै खोप केन्द्र संचालन हुने भए वडा नं. उल्लेख गरि खोप केन्द्र अनुसार छुट्टै अभिलेख राख्दा उपयुक्त हुन्छ । अस्पताल तथा संस्थागत क्लिनिकले आफ्नो पालिका भित्रको वडा अनुसार छुट्टै अभिलेख राख्नु पर्दछ ।

नोटः सेवा प्रदान गर्दा आफ्नो पालिका र वडा भन्दा वाहिरका सेवाग्राही आएमा खोप रजिष्टरको छुट्टै पानामा "अन्यत्र" भनि अभिलेख राख्नु पर्दछ ।

रजिस्टरको नमुना :

२.२१ खोप सेसन सञ्चालन

HMIS 2.21

खोप सेसन सञ्चालन विवरण

खोप केन्द्रको नाम	खोप सेसन सञ्चालन हुने			सेसन सञ्चालन भएको												
	गते/वार	समय		श्रावण	भाद्र	आश्वीन	कार्तिक	मंशिर	पौष	माघ	फाल्गुण	चैत्र	बैशाख	जेष्ठ	आषाढ	जम्मा
		देखि	सम्म													
१	२	३	४	५	६	७	८	९	१०	११	१२	१३	१४	१५	१६	१७

२.२२ भ्याक्सिन प्राप्त तथा खर्च विवरण (डोजमा)

भ्याक्सिन प्राप्त, खर्च तथा खेर गएको विवरण

महिना	बि.सि.जी. (BCG)				डि.पि.टी./हेप बि/हिब (DPT-HepB-Hib)				पोलियो (OPV)				पि.सि.भि. (PCV)				रोटा (Rota)			
	प्राप्त	खर्च	खेर गएको (डोज)		प्राप्त	खर्च	खेर गएको (डोज)		प्राप्त	खर्च	खेर गएको (डोज)		प्राप्त	खर्च	खेर गएको (डोज)		प्राप्त	खर्च	खेर गएको (डोज)	
			खोलेको	नखोलेको			खोलेको	नखोलेको			खोलेको	नखोलेको			खोलेको	नखोलेको			खोलेको	नखोलेको
१	२	३	४	५	६	७	८	९	१०	११	१२	१३	१४	१५	१६	१७	१८	१९	२०	२१
श्रावण																				

(डोजमा) HMIS 2.22

एफ.आई.पि.भी. (fIPV)				दादुरा-रुबेला (Measles-Rubella)				जे.ई. (JE)				टी.डी. (TD)				कैफियत
प्राप्त	खर्च	खेर गएको (डोज)		प्राप्त	खर्च	खेर गएको (डोज)		प्राप्त	खर्च	खेर गएको (डोज)		प्राप्त	खर्च	खेर गएको (डोज)		
		खोलेको	नखोलेको			खोलेको	नखोलेको			खोलेको	नखोलेको			खोलेको	नखोलेको	
२२	२३	२४	२५	२६	२७	२८	२९	३०	३१	३२	३३	३४	३५	३६	३७	३८

२.२३ खोप अभिलेख (बाल-बालिका)

सेवा दर्ता नं.	बच्चाको		जाति कोड	लिङ्ग	आमा/बुवाको नाम, थर	गाउँ/टोल	सम्पर्क फोन नं.	जन्म मिति	वि.सि.जी. (BCG)	डि.पि.टी./हेप वि/हिब (DPT-HepB-Hib)		
	नाम	थर								१	२	३
१	२	३	४	५	६	७	८	९	१०	११	१२	१३
				म				ग	ग	ग	ग	ग
								म	म	म	म	म
				पु				सा	सा	सा	सा	सा

वडा नं. ..

पोलियो (OPV)			पि.सि.भि. (PCV)			रोटा		एफ.आई.पि.भी. (fIPV)		दादुरा-रुबेला		जे.ई. (१२ महिना)	पूर्ण खोप लगाएको	१२ महिना पछि Penta 3 मात्रा पूरा गरेको
१	२	३	१	२	३	१	२	१	२	पहिलो (९ म)	दोस्रो (१५ म)			
१४	१५	१६	१७	१८	१९	२०	२१	२२	२३	२४	२५	२६	२७	२८
ग	ग	ग	ग	ग	ग	ग	ग	ग	ग	ग	ग	ग	ग	ग
म	म	म	म	म	म	म	म	म	म	म	म	म	म	म
सा	सा	सा	सा	सा	सा	सा	सा	सा	सा	सा	सा	सा	सा	सा

२.२४ टी.डी. खोप अभिलेख (गर्भवती महिला)

HMIS 2.24

टी.डी. खोप सेवा

वडा नं. ...

सेवा दर्ता नं.	गाउँ/टोल *	गर्भवति महिलाको		जाति कोड	उमेर	सम्पर्क फोन नं.	गर्भको पटक	पहिले लगाएको टी.डी.खोपको मात्रा	टी.डी.खोप विवरण			कैफियत
		नाम	थर						१	२	२+	
१	२	३	४	५	६	७	८	९	१०	११	१२	१३
									ग	ग	ग	
									म	म	म	
									सा	सा	सा	

२.२५ खोप अभियान (Mass Immunization Campaign) प्रगति समायोजन

खोप अभियान (Mass Immunization Campaign) प्रगति समायोजन

HMI

खोपको प्रकार

वरुप:

क्रम संख्या	ब.नं.	मिति			लक्षित जनसंख्या			खोप लगाएको संख्या			प्रतिशत %	खोप बैठकको मिति	परिचालित स्वा.स्व.से. तथा स्वास्थ्यकर्मी को संख्या	खोप (डोजमा)			कैफियत
		ग	म	सा	उमेर समूह (खलाउने)			उमेर समूह (खलाउने)						प्राप्त	खर्च भएको	फिर्ता गरेको	
							जम्मा			जम्मा							
१	२	३	४	५	६	७	८	९	१०	११	१२	१३	१४	१५	१६	१७	१८

२.२६ खोपपश्चात् हुने अवाञ्छित घटना (Adverse Events Following Immunization)

खोप पश्चात हुने अवाञ्छित घटना

क्र. सं.	बच्चाको नाम थर	उमेर		ठेगाना			खोप सेवा दर्ता नं.	AEFI दर्ता भएको मिति
		म	पु	ठेगाना	गाँउ/टोल	सम्पर्क फोन नं.		
१	२	३	४	५	६	७	८	९
				जिल्ला				ग
				पालिका				म
				वडा नं.				सा

(Adverse Event Following Immunization)

HMIS 2.26

खोपको नाम	खोपको ब्याच नं.	खोप लगाएको मिति, समय तथा स्थान			लक्षण शुरु भएको मिति तथा समय		देखिएका मुख्य लक्षणहरु	वर्गीकरण		कैफियत
		मिति	समय	स्थान	मिति	समय		सामान्य	कडा	
१०	११	१२	१३	१४	१५	१६	१७	१८	१९	२०
		ग			ग					
		म			म					
		सा			सा					

रजिस्टर भर्ने तरिका :

२.२१ खोप सेसन सञ्चालन

महल नं.	महल शीर्षक		निर्देशन
१	खोप केन्द्रको नाम		यस महलमा खोप सञ्चालन हुने केन्द्र (स्थान) को नाम लेख्नुपर्दछ ।
२-४	खोप सेसन सञ्चालन हुने गते/वार/समय		कुनै खोप केन्द्र निश्चित गते अनुसार र कुनै खोप केन्द्रहरु निश्चित वार अनुसार संचालन हुनेगरी तय गरिएको हुन्छ । सोही अनुरुप यस महलमा खोप सेसन सञ्चालन हुने गते/बार र समय लेख्नुपर्दछ ।
५-१६	सेसन सञ्चालन भएका	श्रावण ..... आषाढ	यस महल अन्तर्गतका महिनाहरूमा सम्बन्धित महिनामा खोप सेसन सञ्चालन भएको भए ठीक (✓)चिन्ह लगाउनुपर्दछ । यदि खोप सेसन सञ्चालन हुन नसकेको भए (—) चिन्ह लगाउनुपर्दछ ।
१७		जम्मा	यस महलमा श्रावण देखि आषाढ (महल ५-१६) सम्म को जोड लेख्नुपर्दछ ।

२.२२ भ्याक्सिन प्राप्त तथा खर्च विवरण (डोजमा)

उत्पदानकर्तादेखि व्यक्तिको शरीरभित्र प्रवेश गर्ने अवधिसम्म भ्याक्सिनको गुणस्तर र प्रभावकारिता जोगाइराख्न भ्याक्सिनलाई निश्चित तापक्रममा राख्नु पर्दछ । भ्याक्सिन निश्चित तापक्रमभित्र रहेको यकिन गर्न भी.भी.एम्. तथा फ्रिज ट्यागको व्यवस्था गरिएको छ । खोप सेसन सञ्चालन गर्ने क्रममा कति भ्याक्सिन प्रयोग भयो, कति खर्च भयो, सो को लेखाजोखा गर्न खोप रजिस्टरमा भ्याक्सिनको प्राप्त तथा खर्चको अभिलेख गर्ने व्यवस्था गरिएको हो ।

महिना	बी. सी.जी., डी. पी. टी./हेप बी/हिब, पोलियो, पी. सी. भी., रोटा, एफ्.आई.पि.भी., दादुरा/रुबेला, जे.ई.र टी.डी.	
श्रावण ..... आषाढ	प्राप्त	खोप सेसन सञ्चालनका लागि सम्बन्धित महिनाको प्राप्त महलमा बी.सी.जी., डी.पी.टी./हेप बी/हिब, पोलियो, पी.सी.भी., रोटा, एफ्.आई.पि.भि, दादुरा/रुबेला, जे.ई. र टी.डी.भ्याक्सिन प्राप्त गरेको मात्रा डोजमा लेख्नुपर्दछ ।
	खर्च	सम्बन्धित महिनाको खर्च महलमा प्राप्त गरेको बी.सी.जी., डी.पी.टी./हेप बी/हिब, पोलियो, पी.सी.भी., रोटा, एफ.आई.पि.भि, दादुरा/रुबेला, जे.ई. र टी.डी. भ्याक्सिनमध्ये खर्च हुन गएको (लगाइएको र खेर गएकोसमेत) जम्मा डोज लेख्नुपर्दछ । जस्तैः सेसन सञ्चालनका लागि बी.सी.जी. ६० डोज (३ भायल) प्राप्त गरी २ भायल खोलेर २१ जना बच्चालाई मात्र सो खोप लगाइयो भने भ्याक्सिन खर्च (लगाइएको २१ र खेर गएको १९ समेत) जम्मा ४० डोज हुन्छ । प्रयोग नभई नखोलिएको बाँकी २० डोज (१ भायल) कोल्डचेन कायम गरी जहाँबाट प्राप्त गरेको हो, सोही स्थानमा अनिवार्य रूपमा फिर्ता गर्नुपर्दछ । यदि नखोलिएको भ्याक्सिन भायल VVM खराब भई वा म्याद गुज्रेको भए त्यसको हिसाब छुट्टै गर्नुपर्दछ । यसलाई खोलिएको भ्याक्सिनको खेर जाने दरमा हिसाब गर्नुहुँदैन ।
	खेर गएको	सम्बन्धित महिनाको खेर गएको महलमा खर्च भएको बी.सी.जी., डी.पी.टी./हेप बी/हिब, पोलियो, पी.सी.भी., रोटा, एफ.आई.पि.भि, दादुरा/रुबेला, जे.ई. र टी.डी. भ्याक्सिनमध्ये लगाइएको डोज घटाई बाँकी रहन गएको डोज लेख्नुपर्दछ । जस्तैः सेसन सञ्चालनका लागि खर्च प्रयोग गर्न खोलिएको बी.सी.जी. ४० डोजमध्ये २१ जनालाई खोप लगाइयो भने बाँकी रहेको १९ डोज खेर गएको बुझ्नुपर्दछ । जम्मा खेर गएको भ्याक्सिनको डोजलाई खोलेको भायल र नखोलेको भायलमध्येबाट कति खेर गएको हो सो को समेत विवरण लेख्नुपर्दछ ।

२.२३ खोप अभिलेख (बाल-बालिका)

वडा नम्बरः खोप रजिस्टरको शिर्ष स्थानमा यी पानाहरू कुन वडाको अभिलेख राख्न छुट्ट्याइएका हुन्, सोही वडाको नम्बर लेख्नुपर्दछ । सम्बन्धित नगर/गाउँपालिका बाहिरकालागि मात्र अर्को छुट्टै पानामा "अन्य" लेख्नुपर्दछ । सम्बन्धित पालिका भित्रको कुनै एक स्वास्थ्य संस्थाले अर्को वडाको सेवाग्राहीलाई सेवा दिएको भए सो वडाको लागि छुट्याइएको पानामा अभिलेख गरिन्छ ।

महल नं.	महल शीर्षक		निर्देशन
१	सेवा दर्ता नं.		एक आर्थिक वर्षसम्मका लागि नगर/गाउँपालिकाका हकमा वडाअनुसार छुट्टाछुट्टै दर्ता नम्बर १ बाट सुरु गर्नुपर्दछ। तर अस्पतालका हकमा वडाअनुसार अलग-अलग नगरी क्रमशः दर्ता नम्बर राख्नुपर्दछ। आर्थिक वर्ष परिवर्तन भएपछि दर्ता नम्बर पुनः १ बाट सुरु गर्नुपर्दछ।
२	बच्चाको	नाम	खोप सेवा लिन आएको बच्चाको नाम, थर छुट्टाछुट्टै महलमा उल्लेख गर्नुपर्दछ।
३		थर	
४	जात/जातिकोड		सेवा लिने व्यक्तिको थरका आधारमा रजिस्टरमा राखिएको जातिकोड वर्गीकरण तालिका अनुसार जुन जाति समूहमा पर्दछ, त्यही समूहको कोड नम्बर लेख्नुपर्दछ। (जस्तै ०१, ०२, ... ०६)। खोप सेवामा सामाजिक समावेशीकरणको अवस्था देखाउन यो अभिलेख अत्यन्त महत्त्वपूर्ण छ।
५	लिङ्ग	म	बच्चाको लिङ्ग महिला भए १ मा गोलो (०) चिन्ह लगाउनुपर्दछ।
		पु	बच्चाको लिङ्ग पुरुष भए २ मा गोलो (०) चिन्ह लगाउनुपर्दछ।
६	आमा/बुबाको नाम थर		बच्चाको आमा/बुबाको नाम, थर यस महलमा लेख्नुपर्दछ।
७	गाउँ/टोल		खोप सेवा लिने बच्चा सम्बन्धित वडाको कुन गाउँबाट आएको हो, सोही गाउँ/टोलको नाम लेख्नुपर्दछ। संस्थाको कार्यक्षेत्रभन्दा बाहिरबाट आएका सेवाग्राहीहरुका हकमा सो महलमा जिल्ला, पालिका, वडा र टोल लेख्नुपर्दछ।
८	सम्पर्क फोन नं.		बच्चाको आमा वा बुबाको सम्पर्क फोन नं. यस महलमा लेख्नुपर्दछ।
९	जन्ममिति		बच्चा जन्मेको मिति (गते, महिना र साल) लेख्नुपर्दछ। बच्चा जन्मेको मिति भन्न नसके महत्त्वपूर्ण घटनासँग जोडी जन्ममिति पत्ता लगाई लेख्नुपर्दछ। उदाहरणका लागि, २०७४ साल पौष ७ गते जन्मेको बच्चाको जन्म मिति लेख्दा यसरी (०७/०९/२०७४) लेख्नुपर्दछ।
१०	बी.सी.जी.		बच्चालाई बी.सी.जी.खोप दिएको मिति (गते, महिना, साल) सम्बन्धित महलमा लेख्नुपर्दछ।
११–१३	डी.पी.टी./हेप बी/हिब (पहिलो, दोस्रो, तेस्रो)		बच्चालाई डी.पी.टी./हेप बी/हिब खोपको पहिलो, दोस्रो वा तेस्रो मात्रा दिएको मिति (गते, महिना, साल) सम्बन्धित महलमा लेख्नुपर्दछ।
१४–१६	पोलियो (OPV) (पहिलो, दोस्रो, तेस्रो)		बच्चालाई पोलियो खोपको पहिलो, दोस्रो वा तेस्रो मात्रा दिएको मिति (गते, महिना, साल) सम्बन्धित महलमा लेख्नुपर्दछ।
१७–१९	पी.सी.भी. (PCV) (पहिलो, दोस्रो, तेस्रो)		बच्चालाई पी.सी.भी.खोपको पहिलो, दोस्रो वा तेस्रो मात्रा दिएको मिति (गते, महिना, साल) सम्बन्धित महलमा लेख्नुपर्दछ।
२०–२१	रोटा (पहिलो, दोस्रो)		बच्चालाई रोटा खोपको पहिलो वा दोस्रो मात्रा दिएको मिति (गते, महिना, साल) सम्बन्धित महलमा लेख्नुपर्दछ।
२२–२३	एफ.आई.पि.भि.		बच्चालाई एफ.आई.पि.भि खोपको पहिलो र दोस्रो मात्रा दिएको मिति (गते, महिना, साल) सम्बन्धित महलमा लेख्नुपर्दछ।
२४	दादुरा/रुबेला (९ महिना)		दादुरा/रुबेला खोप ९-११ महिनामा दिएको भए खोप लगाएको मिति (गते, महिना, साल) सम्बन्धित महलमा लेख्नुपर्दछ।
२५	दादुरा/रुबेला दास्रो (१५ महिना)		१५ महिनाका बच्चालाई दादुरा/रुबेला दोस्रो मात्रा लगाएको मिति (गते, महिना, साल) सम्बन्धित महलमा लेख्नुपर्दछ।
२६	जे.ई. (१२ महिना)		१२ महिनाका बच्चाहरूलाई जापानीज इन्सेफिलाइटिसको खोप लगाएको मिति (गते, महिना, साल) सम्बन्धित महलमा लेख्नुपर्दछ।
२७	पूर्ण खोप लगाएको मिति		*पूर्णखोप भन्नाले १५ महिना सम्मका बच्चाले लगाउनुपर्ने सम्पूर्ण खोपहरू (बी. सी. जी. १ मात्रा, डी.पी.टी.-हेप.बी.-हिब, पोलियो र पी.सी.भी. ३ मात्रा, एफ.आई.पि.भि २ मात्रा (लागुभएपछि), जे.इ. १ मात्रा र दादुरा-रुबेला २ मात्रा) पूरा भएपछिलाई जनाउँछ। यस महलमा पुरा गरेको अन्तिम खोपको मिति (गते, महिना, साल) लेख्नुपर्दछ।* *यदि कुनै बालबालिकाले जे.ई र दादुरा रुबेलाको दोश्रो मात्रा १५ महिना पछाडी २३ महिनाभित्र पूरा गरेमा अन्तिम खोप लगाएको मिति यस महलमा लेख्नुपर्दछ।*
२८	१२ महिनापछि डी.पी.टी./हेप बी/हिब, पोलियो ३ मात्रा पूरा गरेको		बच्चा १२ महिना पूरा भइसकेपछि डी.पी.टी./हेप बी/हिब खोपको तेस्रो मात्रा दिएको भए खोप दिएको मिति (गते, महिना, साल) सम्बन्धित महलमा लेख्नुपर्दछ।
नोटः अन्यत्रबाट खोप लिएको हकमा सम्बन्धित खोप लगाएको मितिका महलहरूमा बच्चाले कहाँबाट खोप पाएको हो, सो संस्थाको नाम लेख्नुपर्दछ। बच्चाले लिएको हरेक खोपको विवरण सो रजिस्टरमा उल्लेख भएमा मात्र खोपको अनुगमन गर्न सकिने भएकोले सबै खोपको विवरण लेखिएको हुनुपर्दछ।			

२.२४ टी.डी. खोप अभिलेख (गर्भवती महिला)

नगर/गाउँपलिकाको वडाका अनुमानित गर्भवती महिलाको जनसङ्ख्या अनुसार सेवा प्रदायक स्वास्थ्य संस्थाले आफूले सेवा प्रदान गर्ने प्रत्येक वडाकालागि आवश्यक पानाहरू छुट्याउनुपर्दछ । सम्बन्धित पालिकाभन्दा वाहिरवाट सेवा लिन आउने गर्भवती महिलाहरूको विवरण राख्न **अन्य** भनी छुट्टै पानामा राख्नुपर्दछ ।

महल नं.	महल शीर्षक		निर्देशन
१.	दर्ता नं.		एक आर्थिक वर्षसम्मका लागि वडा अनुसार छुट्टाछुट्टै दर्ता नम्बर १ बाट सुरु गर्नुपर्दछ तर अस्पतालका हकमा वडाअनुसार अलग-अलग नगरी क्रमशः दर्ता नम्बर राख्नुपर्दछ । आर्थिक वर्ष परिवर्तन भएपछि दर्ता नम्बर पुनः १ बाट सुरु गर्नुपर्दछ ।
२.	गाउँ/टोल		खोप सेवा लिने गर्भवती महिला बस्ने गाउँ/टोलको नाम लेख्नुपर्दछ ।
३.	गर्भवती महिलाको	नाम	टी.डी. खोप लिन आएकी महिलाको नाम र थर सम्बन्धित महलमा लेख्नुपर्दछ ।
४.		थर	
५.	जाति कोड		टी.डी. खोप लिन आएकी महिलाको थर जुन जाति समूहमा पर्दछ, त्यही समूहको कोड नम्बर लेख्नुपर्दछ । (जस्तैः ०१, ०२,..... ०६)
६.	उमेर		गर्भवती महिलाको टी.डी. खोप लिँदाको उमेर पूरा गरेको वर्षमा जनाउनुपर्दछ
७.	सम्पर्क फोन नं.		टी.डी. खोप लिन आएकी महिलाको सम्पर्क फोनं नम्बर यस महलमा लेख्नुपर्दछ ।
८.	गर्भको पटक		टी.डी. खोप लिन आएकी महिला यस पटकसमेत जम्मा कति पटक गर्भवती भएकीछिन्, सो निश्चित गरी यो गर्भ कति औं पटकको हो, सो सङ्ख्या लेख्नुपर्दछ ।
९.	पहिले लगाएको टी.डी. खोपको मात्रा		गर्भवती महिलाले यस पटकको गर्भावस्थामा भन्दा पहिले कति पटक टी.डी. खोप लगाएकी छन्, पहिलेको कार्ड हेरी पहिले लगाएको टी.डी. खोप मात्राको उल्लेख अनिवार्य रूपमा गर्नुपर्दछ । पहिले टी.डी. खोप नलिएकी भए यस महलमा शून्य (०) लेख्नुपर्दछ ।
१०–१२	टी.डी. खोप विवरण टी.डी १, २, २+		गर्भवती महिलाले हालको गर्भावस्थामा पाएको टी.डी. खोपको विवरण टी. डी १, २ वा २+ मध्ये जुन समूहमा पर्दछ, सोही अनुसार सम्बन्धित महलमा खोप सेवा पाएको मिति क्रमशः गते, महिना र सालमा उल्लेख गर्नुपर्दछ । (यस गर्भभन्दा पहिले जति पटक लगाएको भए पनि टी.डी. खोपको विवरणमा यस गर्भमा लगाएको विवरण मात्र लेख्नुपर्दछ) । उदाहरणका लागि, पहिलो गर्भमा वा अन्य समयमा जम्मा २ पटक टी.डी. खोप लगाएकी कुनै महिला यस पटकको गर्भमा टी.डी. खोप लिन आएकी भए यस पटक एक मात्रा टी.डी. खोप दिई सोको अभिलेख टी.डी. २+ को महलमा राख्नुपर्दछ । यदि यसभन्दा पहिले गर्भावस्थामा अथवा अभियानमा खोप लगाएको प्रमाण नभएमा वा जम्मा एक मात्रा मात्र लगाएको भए वा यस गर्भभन्दा पहिले टि.टि मात्र लगाएको भए टी.डी. खोप तालिका अनुसार खोप लगाई क्रमशः टी.डी. १ र २ मा अभिलेख गर्नुपर्दछ ।
१३.	कैफियत		माथि उल्लेख गरिएबाहेक अन्य केही भएमा यस महलमा खुलाउनुपर्दछ ।

२.२५ खोप अभियान (Mass Immunization Campaign) को प्रगति समायोजन

खोप अभियानमा प्रदान गरिएको खोप सेवाको प्रगतिको लेखाजोखा गर्न खोप रजिस्टरमा खोप अभियानको प्रतिवेदन राख्ने व्यवस्था गरिएको हो । अभियान सञ्चालनगर्दा प्रयोग गरिएका सम्बन्धित अभिलेख फारामहरूबाट वडाअनुसारको प्रगति उतार गरी यस रजिस्टरमा चढाउनुपर्दछ ।

खोपको प्रकारः कुन खोपको लागि अभियान सञ्चालन गरिएको हो, सो खोपको प्रकार लेख्नुपर्दछ ।

चरण : पहिलो, दोस्रो वा कुन चरण (National Immunization Campaign Round) सञ्चालन भएको हो, सो उल्लेख गर्नुपर्दछ । जस्तैः I, II, III

महल नं.	महल शीर्षक			निर्देशन
१	क्रम सङ्ख्या			क्रम सङ्ख्या यस महलमा लेख्नुपर्दछ ।
२	वडा नं.			वडा नं. १ देखि क्रमशः लेख्नुपर्दछ ।
३-५	मिति			National Immunization Campaign सञ्चालन गरेको मिति गते, महिना, सालमा सम्बन्धित महलमा लेख्नुपर्दछ ।
६	लक्षित जनसङ्ख्या	उमेर समूह (खुलाउने)	.....	कार्यक्रम अनुसारको लक्षित समूह जनाई सम्बन्धित वडाको लक्षित जनसङ्ख्या यस महलमा लेख्नुपर्दछ ।
७			.....	
८			जम्मा	
९	खोप लगाएको सङ्ख्या	उमेर समूह (खुलाउने)		कार्यक्रमको लक्षित समूह अनुसारको उमेर समूह जनाई अभियानबाट सेवा पाएकाहरूको सङ्ख्या सम्बन्धित उमेर समूहको महलमा वडाको प्रगति लेख्नुपर्दछ ।
१०				
११			जम्मा	
१२	प्रगति (%)			लक्षित जनसङ्ख्या र जम्मा खोप लगाएको संख्याको आधारमा प्रगति प्रतिशत (%) निकाली यस महलमा लेख्नुपर्दछ ।
१३	खोप केन्द्रको सङ्ख्या			कार्यक्रममा कति खोप केन्द्र सञ्चालन गरियो, सोको सङ्ख्या यस महलमा लेख्नुपर्दछ ।
१४	परिचालित स्वा.स्व.से. तथा स्वास्थ्यकर्मीको सङ्ख्या			खोप केन्द्रमा परिचालित स्वा.स्व.से. तथा स्वास्थ्यकर्मीको सङ्ख्या यस महलमा लेख्नुपर्दछ ।
१५	खोप (डोजमा)	प्राप्त		प्राप्त भएको खोप डोजमा उल्लेख गर्नुपर्दछ ।
१६		खर्च भएको		खर्च गरिएको खोप डोजमा उल्लेख गर्नुपर्दछ ।
१७		फिर्ता गरेको		फिर्ता गरिएको खोप डोजमा उल्लेख गर्नुपर्दछ ।
१८	कैफियत			National Immunization Campaign सम्बन्धी थप केही विवरण भएमा यस महलमा लेख्नुपर्दछ ।

२.२.६. खोपपश्चात् हुने अवाञ्छित घटना (Adverse Event Following Immunization)

महल नं.	महल शीर्षक		निर्देशन
१	क्र. सं.		प्रत्येक महिनाको क्र.सं. १ बाट सुरु गरी अर्को महिनामा पुनः १ बाट सुरु गर्नुपर्दछ ।
२	नाम थर		AEFI भएको बच्चा वा महिलाको नाम थर यस महलमा लेख्नुपर्दछ ।
३	उमेर	म	बच्चा महिला भए महिलाको र पुरुष भए पुरुषको महलमा पूरा गरेको उमेर लेख्नुपर्दछ । गर्भवती महिलाको हकमा उमेर वर्षमा उल्लेख गर्नुपर्दछ ।
४		पु	
५–७	ठेगाना (जिल्ला, पालिका, वडा नं., गाउँ/टोल, सम्पर्कनं.)		AEFI भएको बच्चाको अभिभावकको ठेगाना जिल्ला, पालिका, वडा नं., गाउँ, टोल तथा सम्पर्क फोन नं. समेत खुल्ने गरी यस महलमा लेख्नुपर्दछ ।
८	खोप सेवा दर्ता नं.		खोप सेवाको दर्ता नम्बर यस महलमा लेख्नुपर्दछ ।
९	AEFI दर्ता भएको मिति		AEFI भएर सो को व्यवस्थापनका लागि दर्ता भएको मिति (गते, महिना, साल) सम्बन्धित महलमा लेख्नुपर्दछ ।
१०	खोपको नाम		AEFI कुन खोपबाट भएको हो, सो सुनिश्चित गरी यस महलमा लेख्नुपर्दछ ।
११	खोपको ब्याच		खोपको ब्याच र लट नम्बर यस महलमा लेख्नुपर्दछ ।
१२–१४	खोप लगाएको मिति, समय तथा स्थान		खोप लगाएको मिति (गते, महिना, साल), समय (बजे, मिनेटमा) र स्थान यस महलमा लेख्नुपर्दछ ।
१५–१६	लक्षण सुरु भएको मिति तथा समय		बच्चाको अभिभावकसँग सोधपुछ गरी लक्षण सुरु भएको मिति (गते/महिना/ साल), समय सुनिश्चित गरी सम्बन्धित महलमा लेख्नुपर्दछ ।
१७	देखिएका मुख्य लक्षणहरू		AEFI भई आएका लक्षणहरूका बारेमा सोधपुछ गरी यस महलमा लेख्नुपर्दछ ।
१८	वर्गीकरण	सामान्य	AEFI भई आएका लक्षणहरूका आधारमा सामान्य वा कडा के छ, सो को वर्गीकरण लेख्नुपर्दछ ।
१९		कडा	
२०	कैफियत		AEFI सम्बन्धी थप केही विवरण भएमा यस महलमा लेख्नुपर्दछ ।

खोप तालिका

खोपको नाम	कुन रोगबाट सुरक्षा गर्छ	खोप दिने उमेर	कति पटक दिने	प्रयोग गर्ने तरीका	सुई लगाउने स्थान
बि.सि.जी.	क्षयरोग	जन्मिने बित्तिकै	१ पटक	छालाभित्र (Intra-dermal)	दायाँ पाखुराको माथिल्लो भाग
डि.पि.टी.-हेप बी-हिब	भ्यागुते रोग, लहरे खोकी, धनुष्टंकार, हेपाटाइटिस बी., हेमाफिलस बी बाट हुने मेनिन्जाइटिस र निमोनिया	जन्मिएको ६, १० र १४ हप्ताको उमेरमा	३ पटक	मासुमा (Intramascular)	बायाँ तिघ्राको मध्य बाहिरी भाग
पोलियो (ओ.पि.भि)	पोलियो माईलाइटिस	जन्मिएको ६, १० र १४ हप्ताको उमेरमा	३ पटक	मुखबाट (Oral)	मुखबाट खुवाइने
पि.सी.भी.	निमोनिया	जन्मिएको पहिलो ६, दोस्रो १० हप्ता र तेस्रो ९ महिनामा	३ पटक	मासुमा (Intra-muscular)	दायाँ तिघ्राको बिच बाहिरी भाग
रोटा	रोटा भाइरस	जन्मिएको ६ र १० हप्ताको उमेरमा	२ पटक	मुखबाट (Oral)	मुखबाट खुवाइने
एफ.आई.पी.भी.	पोलियोमाईलाइटिस	जन्मिएको ६ र १४ हप्ताको उमेरमा	२ पटक	छालाभित्र (Intra-dermal)	बायाँ पाखुराको माथिल्लो बाहिरी भाग
दादुरा–रुबेला	दादुरा, रुबेला	जन्मिएको ९ महिनामा पहिलो र १५ महिनामा दोस्रो	२ पटक	छाला र मासु बीच (Sub-cutaneous)	बायाँ पाखुराको माथिल्लो भाग
जे.ई.	जापानिज इन्सेफलाइटिस्	१२ महिनामा	१ पटक	छाला र मासु बीच (Sub-cutaneous)	दायाँ तिघ्राको माथिल्लो भाग
टी.डी.	धनुष्टंकार र भ्यागुते रोग	गर्भवती महिलाहरु	प्रथम पटक गर्भवती भएको थाहा हुने वित्तिकै पहिलो मात्रा, त्यसको १ महिनाको फरकमा दोस्रो मात्रा र त्यसपछिका हरेक गर्भमा १ मात्रा	मासुमा (Intra-muscular)	बायाँ पाखुराको माथिल्लो बाहिरी भाग

अभ्यास २.२

२.२ बाम्ती गाउँपालिकामा हरेक महिनाको १० गते स्वास्थ्य चौकी भवनमा, ११ गते रत्नज्योती बजारमा र १२ गते रोशीमा खोप केन्द्र संचालन हुने तय गरेको छ । माघ महिनामा वि.सि.जी. खोप ८० डोज, पेण्टा १०० डोज, पोलियो १००, डोज, एम.आर. ५० डोज, टि.डी. ६० डोज माग गरिएकोमा उक्त महिनामा वि.सि.जी. २१ जनालाई, डी.पी.टी./हेप वी/हिव पहिलो मात्रा १८ जना, डी.पी.टी./हेप वी/हिव दोस्रो मात्रा २२ जना, डी.पी.टी./हेप वी/हिव तेस्रो मात्रा १९ जना, पोलियो१ १८ जना, पोलियो२- २२ जना, पोलियो३- १९ जना, दादुरा/रुवेला पहिलो मात्रा १७ जना, टि.डी. पहिलो मात्रा १३ जना, टि.डी देस्रो मात्रा १२ जना र टि.डी.दोश्रो+ ५ जनालाई लगाईएको थियो । जसमध्ये नखोलिएको भ्याक्सीनहरु वि.सि.जी., डी.पी.टी./हेप वी/हिव, पोलियो, दादुरा/रुवेला र टि.डी. क्रमशः २०, २०, २०, १० र ५ डोज कोल्डचेन सेन्टरमा फर्काइएको थियो भने यी सबै बिबरण खोप रजिस्टरमा भर्नुहोस । साथै सानियालाई दिईएको खोपको बिबरण खोप रजिस्टरमा भर्नुहोस । सनिया भन्दा अगाडि १५ जना बच्चा दर्ता भइसकेको छ । त्यस्तै गरी उक्त दिन सोही वडाकी २५ बर्षिया सोनाफुटी शेर्पाले पहिलो मात्रा टि.डी खोप लगाएको बिबरण पनि भर्नुहोस् ।

HMIS 2.3: दुई-वर्षमुनिका बालबालिकाहरुको पोषण रजिस्टर
(Child Nutrition Register)

दुई-वर्षमुनिका बालबालिकाको षोषण स्थितिको नियमित रूपमा मासिक अनुगमन गरी उपयुक्त पोषण स्तर कायम रहेको यकिन गर्न, पोषण सेवा दिन आवश्यक विवरण र अभिलेख यस रजिस्टरमा राखिन्छ । पोषण सेवा प्रदान गर्ने हरेक स्वास्थ्य संस्थाले यस रजिस्टरको प्रयोग गर्नुपर्दछ । पोषण सेवा प्रदान गर्दा पहिलो पटक बच्चालाई दर्ता गरिसकेपछि बच्चाको उमेर २ वर्ष नभएसम्म प्रत्येक महिना बच्चाको तौल अनुगमन गर्ने व्यवस्था गरिएको छ । यसै रजिस्टरमा पोषणसँग सम्बन्धित उक्त बच्चालाई दिइएका सबै सेवाको विवरण अद्यावधिक गर्नुपर्दछ । **सो बच्चाको नाम अर्को आ. ब.को रजिस्टरमा सार्नु हुँदैन ।**

यस रजिस्टरमा ३ भाग रहेका छन् । पहिलो भागमा २ वर्षमुनिका बालबालिकाहरूको पोषण रजिस्टर, दोस्रो भागमा भिटामिन ए, जुकाको औषधी वितरण र विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रम र तेस्रो भागमा वृद्धि अनुगमनमा आएका २ वर्षमुनिका कम तौल भएका बालबालिकाको जात/जातिगत मासिक विवरण रहेको छ । पहिलो भागको पोषण रजिष्टरमा पालिकाको वडा अनुसार अभिलेख राख्नुपर्दछ ।

गाउघर क्लिनिकबाट पोषण सेवा लिएका बालबालिकाहरुको विवरण गाउघर क्लिनिक सञ्चालन गरिसकेपछि पोषण सेवा रजिष्टरमा (HMIS 2.3) अद्यावधिक गर्नुपर्दछ ।

नगर/गाउँपालिकाको वडाको सेवा दिनुपर्ने सेवाग्राहीको सङ्ख्या अनुसार प्रत्येक वडाका लागि आवश्यक पानाहरू छुट्याउनुपर्दछ । गा.पा./न.पा. बाहिरका लागि "अन्य" लेखी पाना छुट्याउनुपर्दछ । नगरपालिकाले प्रत्येक वडाका लागि छुट्टाछुट्टै रजिस्टरको प्रयोग गर्नुपर्दछ । अस्पताल तथा अन्य क्लिनिकले छुट्टाछुट्टै रजिस्टरको प्रयोग गर्नुपर्दछ ।

रजिस्टरको नमुना :

२.३१ दुई-वर्षमुनिका बाल-बालिकाहरूको पोषण रजिस्टर

HMIS 2.31

२ वर्ष मूनीका बालबालिकाको

क्रम संख्या	मूल दर्ता नं. / प्रेषा दर्ता नं.	बालबालिकाको नाम, थर / बालबालिकाको अभिभावकको नाम / सम्पर्क फोन नं.	लिङ्ग म / पु	ठेगाना: जिल्ला / नगर/गाउँपालिका वडा नं. / गाउँटोल	जन्म मिति	जन्म तौल (ग्राम मा)	बच्चाको पोषण अवस्था	उमेर अनुसारको वृद्धि तथा पोषण अनुगमन (तौल किलोग्राममा उल्लेख गर्ने): २८ दिन भित्र	१ महिना	२ महिना	३ महिना	४ महिना	५ महिना	६ महिना	शिशुलाई जन्मेको ६ महिनासम्म स्तनपान मात्र गराएको	६ महिनापछि स्तनपान साथै ठोस, अर्धठोस र नरम	७ महिना
			जाती कोड	गाउँटोल				तौल / मिति	तौल / मिति	तौल / मिति	तौल / मिति	तौल / मिति	तौल / मिति	तौल / मिति	गराएको / नगराएको / मिति	गराएको / नगराएको / मिति	तौल / मिति
१	२	३	४	६	७	८	९	१०	११	१२	१३	१४	१५	१६	२४	२५	२६	२७	२८	२९	३०	३१
			१ २				सामान्य															
							जोखिम								१	२		१	२			
							अति जोखिम															
			१ २				सामान्य															
							जोखिम								१	२		१	२			
							अति जोखिम															

HMIS 2.31

पोषण रजिष्टर

वडा नं.

उमेर अनुसारको वृद्धि तथा पोषण अनुगमन (तौल किलोग्राममा उल्लेख गर्ने): ८ महिना	९ महिना	१० महिना	११ महिना	१२ महिना	१३ महिना	१४ महिना	१५ महिना	१६ महिना	१७ महिना	१८ महिना	१९ महिना	२० महिना	२१ महिना	२२ महिना	२३ महिना	बाल भिटा वितरण (महिनामा): ६ महिना		१२ देखि १८		१८ देखि २३		अतिरिक्त पोषिलो आहार दिएको उमेर (महिनामा)
तौल / मिति	तौल / मिति	तौल / मिति	तौल / मिति	तौल / मिति	तौल / मिति	तौल / मिति	तौल / मिति	तौल / मिति	तौल / मिति	तौल / मिति	तौल / मिति	तौल / मिति	तौल / मिति	तौल / मिति	तौल / मिति							
३२	३३	३४	३५	३६	३७	३८	३९	४०	४१	४२	४३	४४	४५	४६	४७	४८	४९	५०	५१	५२	५३	५४	५५	५६
																						६	७	८	९	१०	११
																१		१		१		१२	१३	१४	१५	१६	१७
																						१८	१९	२०	२१	२२	२३
																						६	७	८	९	१०	११
																१		१		१		१२	१३	१४	१५	१६	१७
																						१८	१९	२०	२१	२२	२३

२.३२ भिटामिन ए, जुकाको औषधी वितरण र विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रम

भिटामिन ए, जुकाको औषधि र विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रम (अभियान)

HMIS २.२

आर्थिक वर्ष: २०७ ... / २०७ ...

कार्यक्रमको नाम		चरण १						चरण २						कैफियत
		मिति			लक्ष्य	प्रगति संख्या	प्रगति प्रतिशत	मिति			लक्ष्य	प्रगति संख्या	प्रगति प्रतिशत	
		गते	महिना	साल				गते	महिना	साल				
१		२	३	४	५	६	७	८	९	१०	११	१२	१३	१४
भिटामिन ए	६-११ महिनाका बालबालिका													
	१२-५९ महिनाका बालबालिका													
जुकाको औषधि	१२-५९ महिनाका बालबालिका													
विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रम	जुकाको औषधि दिइएका छात्रा (कक्षा १-१०) संख्या													
	जुकाको औषधि दिइएका छात्र (कक्षा १-१०) संख्या													

२.३३ वृद्धि अनुगमनमा आएका २ वर्षमुनिका कम तौल भएका बाल-बालिकाको जात/जातिगत मासिक विवरण

वृध्दि अनुगमनमा आएका २ वर्ष मुनिका कम तौल भएका बालबालिकाको जात/जातीगत मासिक विवरण

महिना	जम्मा	जाती कोड-											
		१		२		३		४		५		६	
		महिला	पुरुष	महिला	पुरुष	महिला	पुरुष	महिला	पुरुष	महिला	पुरुष	महिला	पुरुष
श्रावण													
भाद्र													
आश्विन													
कार्तिक													
मार्गशीर													
पौष													
माघ													
फाल्गुण													
चैत्र													
बैशाख													
जेष्ठ													
आषाढ													
जम्मा													

रजिस्टर भर्ने तरिका :

२.३१ २ वर्षमुनिका बाल-बालिकाहरूको पोषण रजिस्टर

वडा नम्बर: पोषण रजिस्टरका पानाहरूको माथिल्लो भागमा कुन वडाको अभिलेख राख्न छुट्याइएका हुन्, सोही वडाको नम्बर लेख्नुपर्दछ । स्वास्थ्य संस्था रहेको पालिका भन्दा बाहिरका लागि अर्को छुट्टै पानामा अन्य लेखी उक्त क्षेत्रबाट सेवा लिन आउने सेवाग्राहीलाई क्रमश सोही खण्डमा दर्ता गर्नुपर्दछ ।

महल नं.	महल शीर्षक	निर्देशन
१	क्र सं.	प्रत्येक महिना सेवा लिन आएका बिरामीको क्रमसङ्ख्या १ बाट सुरु गर्दै जानुपर्दछ । अर्को महिनामा पुन: क्र. सं. १ बाट सुरु गर्नुपर्दछ ।
२	मूल दर्ता नम्बर	मूल दर्ता रजिस्टरमा दर्ता गर्दाको नम्बर बाल स्वास्थ्य कार्डबाट यस महलमा लेख्नुपर्दछ ।
	सेवा दर्ता नम्बर	प्रत्येक आ. व. का लागि सेवा दर्ता नम्बर १ बाट सुरु गर्नुपर्दछ । प्रथम पटक पोषण सेवा लिन आउँदा मात्र नयाँ दर्ता नम्बर दिई दर्ता गर्नु पर्दछ र सो सेवा दर्ता नम्बर बाल स्वास्थ्य कार्डमा जनाउनुपर्दछ । पोषण सेवाका लागि दोहोऱ्याई आएका बच्चालाई पोषण सेवा प्रदान गर्दा पहिले दर्ता गरेकै महलमा अभिलेख गर्नुपर्दछ, यस रजिस्टरमा पुन: दर्ता गर्नुपर्दैन । यदि गाउँ-घर क्लिनिकबाट पोषण सेवा लिइरहेको सेवाग्राही स्वास्थ्य संस्थामा सोही सेवाको लागि आएको भए मूल दर्ता नम्बरको महलमा ORC लेखी सेवा दर्ता नम्बरको महलमा गाउँ-घर क्लिनिकबाट प्रदान गरिएको सेवा दर्ता नम्बर लेख्नुपर्दछ ।
३	बाल-बालिकाको नाम थर	महल नं. ३ को माथिल्लो भागमा पोषण सेवा लिन आएको बच्चाको नाम र थर छुट्टाछुट्टै महलमा लेख्नुपर्दछ ।

महल नं.	महल शीर्षक	निर्देशन
	अभिभावकको नाम	महल नं. ३ को बीचको भागमा बच्चाको अभिभावकको नाम लेख्नुपर्दछ ।
	सम्पर्क फोन नं.	महल नं. ३ को तल्लो भागमा बच्चाको अभिभावकको सम्पर्क नं. लेख्नुपर्दछ ।
४—५	बाल-बालिकाको लिङ्ग	
	महिला, पुरुष	सेवा लिन आउने बच्चा महिला भए कोड १ मा र पुरुष भए कोड २ मा गोलो घेरा लगाउनुपर्दछ ।
	जात/जाति कोड	महल नं. ४ र ५ को तल्लो खाली भागमा सेवा लिने बच्चाको जात/जाति यकिन गरी रजिस्टरमा उल्लेख भएको जुन जाति समूहमा पर्दछ, त्यही समूहको कोड नम्बर लेख्नुपर्दछ । (जस्तै : ०१, ०२,..... ०६) । प्रत्येक पानाको जात/जाति कोडको जम्मा सङ्ख्या पानाको अन्तमा वनाइएको सङ्क्षिप्त तालिकामा उल्लेख गर्नुपर्दछ ।
६	ठेगाना जिल्ला, नगर/गाउँपालिका, वडा नं., गाउँ/टोल	सेवा लिन आएका सेवाग्राहीको ठेगाना जिल्ला, नगर/गाउँपालिका, वडा नं. र गाउँ/टोल समेत खुल्ने गरी लेख्नुपर्दछ । सम्बन्धित पालिकाको कार्य क्षेत्र भन्दा बाहिरबाट सेवा लिन आएका सेवाग्राहीका हकमा अनिवार्य रूपमा पूरा ठेगाना लेख्नुपर्दछ भने कार्य क्षेत्र भित्रका सेवाग्राहीका हकमा सम्बन्धित वडाको गाउँ/टोल लेख्नुपर्दछ ।
७	जन्ममिति	यस महलमा शिशु जन्मेको मिति गते, महिना, सालमा लेख्नुपर्दछ ।
८	जन्म तौल (ग्राममा)	यस महलमा बाल स्वास्थ्य कार्ड वा मातृ तथा नवजात शिशु स्वास्थ्य कार्डबाट बच्चाको जन्मतौल (ग्राममा) लेख्नुपर्दछ । यदि घरमा प्रसूति भई बच्चाको तौल लिन नसकेको भए यस महलमा (–) चिन्ह लगाउनुपर्दछ ।
९	बच्चाको पोषण अवस्था	बाल स्वास्थ्य कार्डमा संलग्न बच्चाको वृद्धि अनुगमन रेखाचित्रअनुसार बच्चाको तौलका आधारमा पोषण स्थितिको यकिन गर्नुपर्दछ । बच्चाको उमेरअनुसार तौल स्थिति सामान्य वा जोखिम वा अति जोखिम (**हरियो रंगमा भए सामान्य, पहेँलो रंगमा भए जोखिम र रातो रंगमा भए अतिजोखिम**) केमा पर्दछ, त्यसपछिका महलहरुमा सोही अनुसारको तौल के.जी. मा लेख्नुपर्दछ । यस महलमा कुनै बिबरण भर्नुपर्दैन ।
१०—११	२८ दिनभित्र	२८ दिनभित्रका नवजात शिशुको वृद्धि अनुगमनका लागि लिइएको तौलका आधारमा बच्चाको पोषण अबस्था (महल ९) अनुसार सामान्य वा जोखिम वा अति जोखिमको ठाडो लहर अनुसार महल १० मा बच्चाको तौल लेखी महल ११ को ठाडो कोठामा तौल लिइएको दिनको गते, महिना र साल लेख्नुपर्दछ ।
१२—२३	यसै गरी बच्चाको पूरा भएको उमेर (महिना) अनुसार जुन उमेर समूहको बच्चाको तौल लिएको हो, सोही उमेर समूहको महलमा माथि उल्लेख गरेबमोजिम अभिलेख राख्नुपर्दछ । जस्तैः १ महिनाभित्रका बच्चा भएमा ० महिना, १ महिना पूरा भई २ महिना नपुगेको भएमा १ महिना, एवम् प्रकारले ११ महिना पूरा भई १२ महिना (एक वर्ष) नपुगेकालाई ११ महिनाको हिसाब गर्नुपर्दछ ।	
२४-२६	शिशुलाई जन्मेको ६ महिनासम्म स्तनपान मात्रै गराएको	बृद्धि अनुगमनका लागि आएका ६ महिना पूरा भएका शिशुलाई जन्मेको ६ महिनासम्म स्तनपान मात्र गराएको/नगराएको यकिन गरी ६ महिना पुरा भएपछिको ११ महिना भित्रको पहिलो भेटमा सोध्ने र गराएको भए महल २४ को १ मा गोलो घेरा लगाउनुपर्दछ । बच्चालाई ६ महिना नपुग्दै आमाको दूधका साथै अन्य खानेकुरा पनि खुवाउने गरेको भए महल २५ को २ मा गोलो घेरा लगाउनुपर्दछ र सोसम्बन्धी सेवा दिएको दिनको मिति महल नं. २६ को गते, महिना, सालमा लेख्नुपर्दछ । यसको बिबरण बाल स्वास्थ्य कार्डबाट अध्याबधिक गर्नुपर्दछ ।
२७-२९	६ महिनापछि स्तनपानका साथै ठोस, अर्ध-ठोस तथा नरम खाना सुरु	शिशुलाई ६ महिना पूरा भएपछि आमाको दूधको साथै ठोस, अर्ध-ठोस तथा नरम खाना खुवाउन सुरु गरेको छ/छैन, यकिन गरी त्यस अनुसारको खाना दिइएको भए महल २७ को १ मा र नदिएको भए महल २८ को २ मा गोलो घेरा लगाउनुपर्दछ । सो कुरा सुनिश्चित गरेको दिनको मिति (स्वास्थ्य संस्थामा आएको दिन) महल २९ मा गते, महिना, सालमा लेख्नुपर्दछ । यसको बिबरण बाल स्वास्थ्य कार्डबाट अध्याबधिक गर्नुपर्दछ ।
३०—६३	उमेर अनुसारको वृद्धि तथा पोषण अनुगमन	बृद्धि अनुगमनका लागि आएका ७ देखि २३ महिनासम्मका बच्चाहरूको अभिलेख महल १० देखि २३ सम्म राखिए जस्तै उमेर र तौलका आधारमा बच्चाहरूको पोषण अबस्था सम्वन्धित महलमा सामान्य वा जोखिम वा अति जोखिम जुन हो, सो कोठामा तौल लेखी ठाडो कोठामा तौल लिइएको दिनको गते, महिना र साल लेख्नुपर्दछ ।

महल नं.	महल शीर्षक	निर्देशन
६४–६९	बाल भिटा वितरण (महिनामा)	६ देखि ११ महिनासम्मका बाल-बालिकालाई बालभिटा पहिलो पटक स्वास्थ्य संस्थाबाट वितरण गरिएको भए महल ६४ को ठाडो महलमा बालभिटा वितरण गरिएको दिनको मिति (गते, महिना, सालमा) लेख्नुपर्दछ । यदि म.स्वा.स्व.से.बाट वितरण गरिएको भए सुनिश्चित गरी महल ६५ को १ मा गोलो घेरा लगाउनुपर्दछ । अन्य उमेर समूहको पनि यसैगरी अभिलेख राख्नुपर्दछ । **नोट : बालभिटा कार्यक्रम लागू भएका जिल्लाका स्वास्थ्य संस्थाहरूले मात्र यो अभिलेख राख्नुपर्दछ।**
७०	अतिरिक्त पोसिलो आहार लिएको उमेर (महिना)	६ देखि २३ महिनाका बाल-बालिकाले अतिरिक्त पोसिलो खाना प्राप्त गरेको वा नगरेको सुनिश्चित गर्नुपर्दछ । यदि बच्चाले अतिरिक्त खाना प्राप्त गरेको भएमा कुन उमेरमा लिएको हो, सो यकिन गरी सम्बन्धित उमेर (महिना) मा गोलो लगाउनुपर्दछ । **नोट : कार्यक्रम लागू भएका जिल्लाका स्वास्थ्य संस्थाहरूले मात्र यो अभिलेख राख्नुपर्दछ ।**

२.३२ भिटामिन ए, जुकाको औषधी वितरण र विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रम (अभियान)

प्रत्येक वर्षको कार्तिक र वैशाख महिनामा (२ चरण) ६ देखि ५९ महिनाका बालबालीकाहरुलाई भिटामिन ए क्याप्सुल र १२ देखि ५९ महिनाका बालबालिकाहरुलाई जुकाको औषधि अभियानका रुपमा वितरण गरिन्छ । यसरी भिटामिन ए र जुकाको औषधी वितरण गरेको अभिलेख अभियान सञ्चालनका समयमा महिला स्वास्थ्य स्वयं सेविकाले बितरणको समयमा प्रयोग गरेका **भिटामिन ए कार्यक्रम रजिष्टर (HMIS - 4.3)** बाट उतार गरि राख्न र विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रम अन्तर्गत विद्यालयका छात्र-छात्राहरूलाई मंसिर र जेष्ठ महिनामा जुकाको औषधी वितरण गरेको प्रतिवेदन राख्नको लागि पनि यस रजिष्टरमा यो खण्डको व्यबस्था गरिएको हो ।

रजिष्टर भर्ने तरिका

महल नं.	महल शीर्षक	निर्देशन
भिटामिन ए वितरण गरिएको बच्चाको उमेर समूह (६ देखि ११ महिना, १२ देखि ५९ महिना), जुकाको औषधी वितरण गरिएको उमेर समूह (१२ देखि ५९ महिना) को अभिलेख महिला स्वास्थ्य स्वयं सेविकाले बितरणको समयमा प्रयोग गरेका **भिटामिन ए कार्यक्रम रजिष्टर (HMIS - 4.3)** बाट उतार गरी चरण अनुसार सम्बन्धित महलमा चढाउनु पर्दछ । त्यस्तै गरी विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रम अन्तर्गत कक्षा १ देखि १० सम्मका छात्र-छात्राहरूले जुकाको औषधी पाएकाको सङ्ख्या सम्बन्धित विद्यालयहरूबाट प्राप्त प्रतिवेदनलाई समायोजन गरी छात्रा/छात्र अनुसार सम्बन्धित महलमा चढाउनु पर्दछ ।		
२ देखि ४ र ८ देखि १०	मिति	पहिलो चरणमा सञ्चालन भएको मिति (गते, महिना, साल) २ देखि ४ महलमा र दोस्रो चरणमा संचालन भएको मिति (गते, महिना, साल) ८ देखि १० महलमा लेख्नुपर्दछ ।
५ र ११	लक्ष्य	कार्यक्रमको लक्षित जनसङ्ख्याका आधारमा अभियानको लक्ष्य यस महलमा लेख्नुपर्दछ ।
६ र १२	प्रगति सङ्ख्या	अभियान सम्पन्न भइसकेपछि सो अभियानमा भएको प्रगति पहिलो चरणको महल ६ र दोस्रो चरणको महल १२ मा लेख्नुपर्दछ ।
७ र १३	प्रगति प्रतिशत	कार्यक्रमको लक्ष्य र प्रगतिका आधारमा हुन आउने प्रगति प्रतिशत पहिलो चरणको महल ७ र दोस्रो चरणको महल १३ मा लेख्नुपर्दछ ।

२.३३ दुई वर्षमुनिका कम तौल भएका बाल-बालिकाको जात/जातिगत मासिक विवरण

रजिस्टरको अन्तिम पानामा वृद्धि अनुगमनमा आएका २ वर्षमुनिका कम तौल भएका बाल-बालिकाको जात/जातिगत मासिक विवरण फाराम राखिएको छ । प्रत्येक महिनामा खुला समायोजन फाराम प्रयोग गरी वृद्धि अनुगमन गरिएका २ वर्षमुनिका बाल-बालिकाहरूमध्ये कम तौल (पोषण स्थिति जोखिम र अति जोखिम) भएका बाल-बालिकाको सङ्ख्या जात/जाति कोड अनुसार महिला र पुरूषको सङ्ख्या छुट्टाछुट्टै तयार गरी मासिक रूपमा सम्बन्धित महलमा अनिवार्य रूपमा भर्नुपर्दछ ।

HMIS 2.4: समुदायमा आधारित नवजातशिशु तथा बालरोगको एकीकृत व्यवस्थापन रजिष्टर (५ वर्ष मुनिका बालबालिकाहरू)

(CB-IMNCI Register)

पाँच वर्षमुनिका बच्चाहरूलाई लाग्ने विभिन्न रोगहरूको एकिकृत पहिचान गरी बच्चाहरूको स्वास्थ्यका लागि उचित सल्लाह तथा सेवाहरू दिइएका छन् कि छैनन् भनी यकिन गर्न यस रजिस्टरको आवश्यकता परेको हो । बच्चाहरूमा सामान्यतया देखिने विभिन्न समस्याहरूको एकीकृत रूपले अनुगमन गरी आवश्यक सेवा दिइएको अभिलेख यस रजिस्टरमा राखिन्छ । ५ वर्षमुनिका बाल-बालिकाहरूको मृत्युका मुख्य कारक रोगहरूको अभिलेख गरी प्रतिवेदन तयार गर्ने कार्यमा प्रयोग गरिने भएकाले बाल स्वास्थ्यको प्रयोजनका लागि यो निकै महत्त्वपूर्ण रजिस्टर हो ।

नोट : यस रजिस्टरमा २ वटा उमेर समूह(२ महिनामुनि र २ देखि ५९ महिना सम्मका) लागि छुट्टाछुट्टै दुई भाग छुट्याइएका छन् । अघिल्लो भाग २ महिनादेखि ५ वर्ष उमेर समूहका लागि हो भने पछाडिको भाग बेग्लै रङमा २ महिनामुनिका बच्चाहरूकालागि हो । यो रजिस्टर भर्दा निम्न कुराहरूमाथि विचार पुऱ्याउनुपर्दछ । रजिस्टर भर्दा मूल्याङ्कन (Assessment) गर्दाका चरणअनुसार नै प्रत्येक कोठाहरू क्रमैसँग भर्दै जानुपर्दछ । मूल्याङ्कन गर्नुपर्ने कुनै पनि भागलाई

रजिस्टरको नमुना :

CB-IMNCI Register for Children Aged 2 Months to 59 Months

IMNCI REGISTER FOR CHILDREN

SN., MRN, SRN	Date, Name, Caste and Ethnicity code, Address	Sex, Age, Weight, Temperature, and Referral		Patients sings and symptoms (Circle all the codes that							
				1. General danger signs (GDS)		2. Acute respiratory infection (ARI)		3. Diarrhoea		4. Fever	
1	2	3	4	5	6	7	8	9	10	11	12
	Date DD MM YY	Female	1	Yes	1	Yes	1	Yes	1	Yes	1
				No	2	No	2	No	2	No	2
	Name	Male	2	Unable to drink	3	Days:		Days		Days	
		Age in months						Blood	3	Malaria risk: Yes	3
						Respiratory rate		Lethergic/ Unconcious	4	Malaria risk: No	4
	Caste	Weight (kg)		Vomiting all	4			Irritable	5	Stiff neck	5
		Temp (.C)						Sunken eyes	6	Nasal discharge	6
	Ethnicity code	Referred by		Convulsion	5	Chest indrawing	1	Unable to drink	7	Microscopic +ve	7
	Address	FCHV	1			Stridor	2	Drinks eagerly	8	Microscopic -ve	8
	District	PHC/ORC	2	Lethargic/ Unconscious	6			Skin pinch very slowly	9	RDT +ve	9
	Rural/Municipality, Ward no.	HF	3			Wheezing	3	Skin pinch slowly	10	RDT -ve	10
										Falciparum	11
										Non Falciparum	12
										General rash	13
										Hazy Cornea/Oral Ulcer (deep & spread)	14
										Pus from eye/ Oral ulcer	15

AGED 2 - 59 MONTHS

apply)				Classification & Code			Treatment and counseling			Referred to	Follow up			Remarks
5. Ear infection		6. Nutrition status		Major classifications	Number	ICD Code	Medicine	Counselling to mother			Date (DD/MM/YY)	Result		
13	14	15	16	17	18	19	20	21	22	23	24	25	26	27
Yes	1	Severe wasting	1					Food	1			Improved	1	
No	2													
Ear pain	3	Oedema feet	2					Fluid	2		Day:			
Ear discharge	4	Very low weight	3											
		Low weight	4					Immediate visit	3			Same	2	
Days:		Normal weight	5		Number of classification:	ICD code for one major diagnosis:					Month:			
		MUAC												
		Red	6											
Tender swelling behind the ear	5	Yellow	7					Regular follow up	4			Worse	3	
		Green	8											
		Severe pallor	9	Others										
		Some pallor	10								Year:			

CB IMNCI Register for Children Aged below 2 Months (0- 59 days)

IMNCI REGISTER FOR CHILDREN AG

HMIS 2.42

SN, MRN, SRN	Date, Name, Caste and Ethnicity code		Sex, Age, Weight, Temperature, and Referral		Patients sings and symptoms (Circle all the codes that							
					1. PSBI/LBI/NBI		2. Diarrhoea		3. Breast feeding problem/Low weight	
1	2		3	4	5	6	7	8	9	10
	Date DD MM YY		Female	1	Convulsion	1	Yes	1	Breastfed	1
					Respiratory rate (RR):				Difficult feeding	2
	Name of Mother		Male	2	Severe chest indrawing	2	No	2	How many times in 24	
					Nasal flaring	3				
	Name of Child		Age in weeks		Grunting	4	How many days?		Receive other food/ drinks	3
					Unable to feed	5				
			Weight (kg)		Buldging fontanelle	6	Blood	3	How often? Times:	
					Umbilicus infection to skin	7				
	Caste		Temp (.C)		Umbilicus red or with Pus	8	Lethargic/ Unconscious	4	Feed by bottle	4
					Temp >37.5 C	9			Feed by spoon	5
	Ethnicity Code		Referred by		Temp <35.5 C	10	Restless/ Irritable	5		
					Skin pustules: Severe or >10	11			Very low weight	6
	Address:		FCHV	1	Skin pustules: < 10	12	Sunken eyes	6		
	District				Lethargic/ Unconscious	13			Low weight	7
			PHC/ORC	2	Less than normal movement	14	Skin pinch very slowly	7		
	Rural/ Municipality, Ward no				Jaundice upto hands feet	15			Normal weight	8
			HF	3	Jaundice	16	Skin pinch slowly	8		
					Pus from Eye	17			Oral Ulcer/Thrush	9

ED BELOW 2 MONTHS

HMIS 2.42

apply)			Classification & Code			Treatment and Counselling				Referred to	Follow up			Remarks
4. Assess breast feeding			Major classifications	Number	ICD Code	Medicine		Counselling to mother			Date (DD/MM/YY)	Result		
11		12	13	14	15	16		17	18	19	20	22	23	24
Includes all 4 points of attachment	Yes	1						Breast feeding	1			Improved	1	
	No	2									Day:			
								Keep warm	2					
Includes all 4 points of Position	Yes	3										Same	2	
	No	4						Immediate visit	3		Month:			
Suckling: Effectively	Yes	5				If Gentamycin						Worse	3	
			Others	Number of classification:	ICD code for one major diagnosis:	1	5	Regular follow up	4					
	No	6				2	6							
						3	7				Year:			
						4								

रजिस्टर भर्ने तरिका :

दुई महिनादेखि ५ वर्षसम्मका बाल-बालिकाहरूका लागि

महल नं.	महल शीर्षक		निर्देशन
1	SN, MRN, SRN	SN	सि.नं. प्रत्येक महिना १ बाट सुरु गरी क्रमशः लेख्दै जानुपर्दछ ।
		MRN	स्वास्थ्य संस्थामा सेवा लिन आउँदा मूल दर्ता रजिस्टरमा दर्ता गर्दाको मूल दर्ता नं. (Master registration number) बाल स्वास्थ्य कार्डबाट यस महलमा लेख्नुपर्दछ ।
		SRN	यस रजिस्टरमा दर्ता गर्दाको सेवा दर्ता नम्बर यस महलमा लेख्नुपर्दछ र सो सेवा दर्ता नं. बाल स्वास्थ्य कार्डमा समेत सम्बन्धित स्थानमा उल्लेख गर्नुपर्दछ । प्रत्येक आ.ब. मा सेवा दर्ता नं. (Service registration number) १ बाट सुरु गरी एक आर्थिक वर्षसम्मका लागि क्रमशः लेख्दै जानुपर्दछ । यदि एक पटकको रोग निको भइसकेको बिरामी सोही रोग वा अन्य रोग लागेर फेरि उपचारका लागि आएमा नयाँ दर्ता गर्नुपर्दछ ।
2	Date, Name, Caste and Ethnicity Code, Address	Date	सेवाग्राही दर्ता भएको मिति (गते, महिना, साल) लेख्नुपर्दछ ।
		Name	यस कोठामा बिरामी बच्चाको नाम लेख्नुपर्दछ ।
		Caste	यस कोठामा बिरामी बच्चाको थर लेख्नुपर्दछ ।
		Ethinicity Code	यस कोठामा बिरामी बच्चाको थरअनुसारको जाति कोड लेख्नुपर्दछ ।
		Address	यस कोठामा बिरामी बच्चाको ठेगाना लेख्नुपर्दछ । District: जिल्लाको नाम; Rural/Municipality, Ward Number: गाउँ/नगरपालिका र वडा नं लेख्नुपर्दछ ।
3-4	Sex, Age, Weight, Temperature and Referral		महल ३ र ४ मा बिरामी बच्चाको Sex, Age, Weight, Temp, Refer को विवरण लेख्नुपर्दछ । Age,Weight, Temp को बिवरण लेख्दा अंक मात्र लेखे पुग्छ ।
	Female/ Male		बिरामी बच्चा महिला भए कोड १ मा र पुरुष भए कोड २ मा गोलो घेरा लगाउनुपर्दछ ।
	Age in Month		महल ४ को यस कोठामा बिरामी बच्चाको पूरा भएको उमेर महिनामा लेख्नुपर्दछ । यदि बिरामी बच्चा ५ महिनाको छ भने ५ मात्र लेख्ने (महिना लेख्नु पर्दैन)
	Weight (kg.)		महल ४ को यस कोठामा बिरामी बच्चाको तौल के. जी. मा लेख्नुपर्दछ । यदि बिरामी बच्चा ५ KG छ भने ५ मात्र लेख्ने (KG लेख्नु पर्दैन)
	Temp (^{0}C)		महल ४ को यस कोठामा बिरामी बच्चाको तापक्रम सेल्सियसमा लेख्नुपर्दछ ।
	Referred by FCHV, PHC/ORC, HF		बच्चा महिला स्वास्थ्य स्वयंसेविकाले रेफर गरेको भए १, गाउँघर क्लिनिक बाट रेफर गरी पठाएको भए २ र स्वास्थ्य संस्थाले रेफर गरेको भए ३ मा गोलो घेरा लगाउनुपर्दछ ।
	General danger signs (GDS)		बिरामी बच्चामा तल उल्लेखित General Danger Signs (GDS) भएमा महल ६ को १ मा र नभएमा २ मा गोलो घेरा लगाउनुपर्दछ ।
5–6	Unable to drink		बिरामी बच्चाले पिउन नसकेमा महल ६ को ३ मा गोलो घेरा लगाउनुपर्दछ ।
	Vomiting all		बिरामी बच्चाले खाएको जति सबै बान्ता गर्ने गरेको भए महल ६ को ४ मा गोलो घेरा लगाउनुपर्दछ ।
	Convulsion		बिरामी बच्चालाई कम्पन भएको भए वा अहिले आईरहेको भए महल ६ को ५ मा गोलो घेरा लगाउनुपर्दछ ।
	Lethargic/ Unconscious		बिरामी बच्चा सुस्त (Lethargic) वा बेहोस (Unconscious) भए महल ६ को ६ मा गोलो घेरा लगाउनुपर्दछ ।
	Acute resp–iratory infection (ARI)		बिरामी बच्चामा Acute respiratory infection (ARI) सम्बन्धी लक्षण भएमा महल ८ को १ मा र नभएमा २ मा गोलो घेरा लगाउनुपर्दछ ।

महल नं.	महल शीर्षक		निर्देशन
7-8	Days		बिरामी बच्चालाई खोकी लागेको वा सास फेर्न कठिनाइ भएको भए कति दिनदेखि यस्तो भएको हो? सोधेर महल ७, ८ को खाली ठाउँमा दिन अंकमा (१, २ ....) लेख्नुपर्दछ ।
	Respiratory rate		बिरामी बच्चाको सासदर महल ७, ८ को खाली ठाउँमा लेख्नुपर्दछ । सास दरको अंक मात्र लेख्ने (यदि सास दर ४० प्रति मिनेट छ भने ४० मात्र लेख्ने, ४०/m लेख्नु पर्दैन ।
	Chest indrawing		बिरामी बच्चाको कोखा हानेको (Chest indrawing) भए महल ८ को यस कोठाको १ मा गोलो लगाउनुपर्दछ ।
	Stridor		बिरामी बच्चाले सास भित्र लिँदा घ्यार्घ्यार् आवाज आएको भए महल ८ को यस कोठाको कोड २ मा गोलो लगाउनुपर्दछ ।
	Wheezing		बिरामी बच्चामा Wheezing छ भने महल ८ को यस कोठाको कोड ३ मा गोलो लगाउनुपर्दछ ।
	Diarrhoea		बिरामी बच्चामा झडापखालाको चिन्ह तथा लक्षण भएमा महल १० को १ मा र नभएमा २ मा गोलो घेरा लगाउनुपर्दछ । पखालाको लक्षण भएमा मात्र सोसँग सम्बन्धित महल ९ का लक्षणहरू सोधी परीक्षण गर्नुपर्दछ ।
9-10	Days		बिरामी बच्चालाई कति दिन देखि पखाला लागेको हो सोधेर महल १० को खाली ठाउँमा दिन अंकमा (१, २ ....) लेख्नुपर्दछ ।
	Blood		बिरामी बच्चालाई पखाला र दिसामा रगत देखिएको भए महल १० को ३ मा गोलो घेरा लगाउनुपर्दछ ।
	Lethargic/ Unconscious		बिरामी बच्चा सुस्त वा बेहोस भए महल १० को ४ मा गोलो घेरा लगाउनुपर्दछ।
	Irritable		बिरामी बच्चा छटपटिने वा झिझिने भए महल १० को ५ मा गोलो घेरा लगाउनुपर्दछ ।
	Sunken eyes		बिरामी बच्चाको आँखा गढेको भए महल १० को ६ मा गोलो घेरा लगाउनुपर्दछ।
	Unable to drink		बिरामी बच्चाले पिउन नसक्ने भए महल १० को ७ मा गोलो घेरा लगाउनुपर्दछ।
	Drinks eagerly		बिरामी बच्चालाई झोल पदार्थ दिँदा निकै तिर्खाएझैं गरी पिउँछ भने महल १० को ८ मा गोलो घेरा लगाउनुपर्दछ ।
	Skin pinch very slowly		बिरामी बच्चाको पेटको छाला तानेर छोड्दा धेरै बिस्तारै फर्किन्छ भने महल १० को ९ मा गोलो घेरा लगाउनुपर्दछ ।
	Skin pinch slowly		बिरामी बच्चाको पेटको छाला तानेर छोड्दा बिस्तारै फर्किन्छ भने महल १० को १० मा गोलो घेरा लगाउनुपर्दछ ।
11-12	Fever		बिरामी बच्चालाई ज्वरो आएका लक्षणहरू भए १२ को १ मा र नभएमा २ मा गोलो घेरा लगाउनुपर्दछ । ज्वरोसम्बन्धी सिकायत भएमा मात्र सोसँग सम्बन्धित महल ११ का लक्षणहरू सोधी परीक्षण गर्नुपर्दछ ।
	Days		बिरामी बच्चालाई कति दिनदेखि ज्वरो आएको हो, सोधेर महल ११ को Days को खाली ठाउँमा दिन संख्यामा लेख्नुपर्दछ ।
	Malaria Risk	Yes	बिरामी बच्चा बस्ने स्थान औलोको उच्च/मध्यम/कम जोखिममा भए महल १२ को ३ मा गोलो घेरा लगाउनुपर्दछ ।
		No	बिरामी बच्चा बस्ने स्थान औलोको जोखिममा नभएमा (No Risk) महल १२ को ४ मा गोलो घेरा लगाउनुपर्दछ ।
	Stiff neck		बिरामी बच्चाको गर्धन अररो भएको भए महल १२ को ५ मा गोलो घेरा लगाउनुपर्दछ ।
	Nasal Discharge		बिरामी बच्चाको नाकबाट सिंगान बगेको छ भने महल १२ को ६ मा गोलो घेरा लगाउनु पर्दछ ।
	Microscopic +Ve		बिरामी बच्चामा Malaria Microscopic +Ve भए १२ को ७ मा गोलो घेरा लगाउनुपर्दछ ।

महल नं.	महल शीर्षक	निर्देशन
	Microscopic -Ve	बिरामी बच्चाको रक्त नमुना परीक्षणको नतिजा Microscopic -Ve भए महल १२ को ८ मा गोलो घेरा लगाउनुपर्दछ ।
	RDT +Ve	बिरामी बच्चामा Malaria RDT +Ve भए महल १२ को ९ मा गोलो घेरा लगाउनुपर्दछ । RDT बाट रक्त नमुना परिक्षण गरिएका सबै विरामीहरुको विवरण औलो, कुष्ठ, कालाजार रोगको प्रयोगशाला रजिष्टर (HMIS 5.2) मा रेकर्ड अद्यावधिक गर्नुपर्दछ ।
	RDT -Ve	बिरामी बच्चामा Malaria RDT –Ve भए महल १२ को १० मा गोलो घेरा लगाउनुपर्दछ ।
	Falciparum	बिरामी बच्चामा रगत जाँचबाट Falciparum Malaria (PF) तथा PMix पोजिटिभ भएमा महल १२ को ११ मा गोलो घेरा लगाउनुपर्दछ ।
	Non-Falciparum	बिरामी बच्चामा Falciparum बाहेक मलेरियाका अन्य प्रकार (PV) भएमा महल १२ को १२ मा गोलो घेरा लगाउनुपर्दछ ।
	General rash	बिरामी बच्चामा General rash भए महल १२ को १३ मा गोलो घेरा लगाउनुपर्दछ ।
	Hazy Cornea/Oral Ulcer (Deep and Spread)	बिरामी बच्चाको कर्निया धमिलो भए वा मुख भित्रका घाउ गहिरा र बढि फैलिएका छन् भने महल १२ को १४ मा गोलो घेरा लगाउनुपर्दछ ।
	Pus from Eye/Oral Ulcer	बिरामी बच्चाको आँखाबाट पिप बगेको भए वा वा मुखभित्र घाउ छ भने महल १२ को १५ मा गोलो घेरा लगाउनुपर्दछ ।
13-14	Ear infection	बिरामी बच्चाको कानको सङ्क्रमण भएमा महल १४ को १ मा र नभएमा २ मा गोलो घेरा लगाउनुपर्दछ ।
	Ear pain	बिरामी बच्चामा कान दुखेको (Ear pain) भए महल १४ को ३ मा गोलो घेरा लगाउनुपर्दछ ।
	Ear discharge	बिरामी बच्चाको कानबाट पिप बगेको भए महल १४ को ४ मा गोलो घेरा लगाउनुपर्दछ ।
	Days	बिरामी बच्चाको कानबाट पीप बगेको छ भने कति दिन देखि पिप वगेको छ, महल १४ को खाली स्थानमा दिन अंकमा (१,२ .....) लेख्नुपर्दछ ।
	Tender swelling behind the ear	बिरामी बच्चाको कानको पछाडिपट्टि दुख्ने गरी सुनिएको भए महल १४ को ५ मा गोलो घेरा लगाउनुपर्दछ ।
15-16	Nutrition status	महल १५ र १६ मा बिरामी बच्चाको पोषण स्थितिका बारेमा उल्लेख गर्नुपर्दछ । यस रजिस्टरमा दर्ता भएका सम्पुर्ण बच्चाको Nutrition status assessment गर्नुपर्दछ ।
	Severe wasting	बिरामी बच्चामा देखिने गरी शरीरको मासु कडा किसिमले सुकेको भए महल १६ को १ मा गोलो घेरा लगाउनुपर्दछ ।
	Oedema feet	बिरामी बच्चाका दुवै खुट्टामा सुन्निएको (औलाले हल्का थिच्दा खाल्डो पर्ने गरी)भएमा महल १६ को २ मा गोलो घेरा लगाउनुपर्दछ ।
	Very Low Weight	बिरामी बच्चाको उमेर अनुसार धेरै कम तौल भए महल १६ को ३ मा गोलो घेरा लगाउनुपर्दछ ।
	Low weight	बिरामी बच्चाको उमेर अनुसार कम तौल भए महल १६ को ४ मा गोलो घेरा लगाउनुपर्दछ ।
	Normal weight	बिरामी बच्चाको तौल सामान्य (Normal weight) भए महल १६ को ५ मा गोलो घेरा लगाउनुपर्दछ ।
	MUAC Red	बच्चाको Middle Upper Arm Circumferance (MUAC) को नाप लिई सो को आधारमा बच्चाको पोषण स्थितिको लेखाजोखा गरिन्छ । बिरामी बच्चाको पाखुराको नाप फित्ताको रातो भागमा भए, महल १६ को ६ मा गोलो घेरा लगाउनुपर्दछ ।

महल नं.	महल शीर्षक			निर्देशन
			Yellow	बिरामी बच्चाको पाखुराको नाप फित्ताको पहेँलो भागमा भए, महल १६ को ७ मा गोलो घेरा लगाउनुपर्दछ ।
			Green	बिरामी बच्चाको पाखुराको नाप फित्ताको हरियो भागमा भए, महल १६ को ८ मा गोलो घेरा लगाउनुपर्दछ ।
	Severe pallor			बिरामी बच्चाको हत्केला र हस्तरेखामा सेतोपन (Severe pallor) भए महल १६ को ९ मा गोलो घेरा लगाउनुपर्दछ ।
	Some pallor			बिरामी बच्चाको हत्केलामा केही सेतोपन (Some pallor) तर हस्तरेखा सेतो नभएको भए महल १६ को १० मा गोलो घेरा लगाउनुपर्दछ ।
17	Major classifications			माथि उल्लेख भएका Sign and Symptom तथा रक्त परीक्षणको नतिजाका आधारमा प्रोटोकलअनुसार बिरामीको रोगको वर्गीकरण (Major Classifications) प्राथमिकताका आधारमा मुख्यलाई पहिलो, त्यसपछि दोस्रो गरी क्रमशः महल १७ मा लेख्नुपर्दछ र दर्ता गरिएको बच्चामा उल्लखित शिकायत कुनै नपाईएता पनि पोषण स्थितिको कम्तिमा दुई वर्गीकरणको उल्लेख गर्नु पर्दछ ।
	Others			CB-IMNCI Treatment Chart Booklet मा उल्लेख भएका बर्गिकरण बाहेक अन्य कुनै समस्या भएमा यस कोठामा उल्लेख गर्ने ।
18	Number of classification			बिरामी बच्चामा पाइएका लक्षण तथा चिन्हका आधारमा महल १७ (अन्य समेत) मा गरिएका Classification हरूको जम्मा संख्या महल नं १८ मा लेख्नुपर्दछ ।
19	ICD code			बिरामी बच्चाको रोगको वर्गीकरणअनुसार मुख्य वर्गीकरण Major Classification कुन हो, सो रोगको ICD code महल १९ मा लेख्नुपर्दछ । सोही ICD code कोड अनुसार मासिक प्रतिवेदन फाराम (९.३) को Morbidity को सम्बन्धित महलमा समायोजन गरी प्रतिवेदन गर्नु पर्दछ ।
20	Medicine			बिरामीको उपचारको लागि प्रयोग गरिएका औषधीहरू परिमाण समेत खुल्ने गरी स्पष्टसँग यस महलमा लेख्नुपर्दछ ।
21-22	Counseling to mother		Food	आमालाई खानासम्बन्धी सल्लाह दिइएको भए महल २२ को १ मा गोलो घेरा लगाउनुपर्दछ ।
			Fluid	आमालाई झोलिलो खानेकुरा सम्बन्धी सल्लाह दिइएको भए महल २२ को २ मा गोलो घेरा लगाउनुपर्दछ ।
			Immediate visit	आमालाई यथाशीघ्र थप उपचारका लागि स्वास्थ्य संस्थामा जाने सल्लाह दिइएको भए महल २२ को ३ मा गोलो घेरा लगाउनुपर्दछ ।
			Regular follow up	आमालाई नियमित फलोअप गर्ने सल्लाह दिइएको भए महल २२ को ४ मा गोलो घेरा लगाउनुपर्दछ ।
23	Referred to			बच्चालाई प्रेषण गर्नुपर्ने भएमा प्रेषण गरिएको स्वास्थ्य संस्थाको नाम महल २३ मा लेख्नुपर्दछ ।
24-26	Follow up	Date		बच्चालाई अनुगमनकालागि ल्याएको मिति (गते, महिना, साल) महल २४ मा लेख्नुपर्दछ ।
		Result	Improved	बच्चालाई अनुगमनका लागि ल्याइएको मितिमा बच्चाको स्थिति सुधार भएको भएमा महल २६ को १ मा गोलो घेरा लगाउनुपर्दछ ।
			Same	बच्चालाई अनुगमनका लागि ल्याउँदा बच्चाको स्थिति उस्तै रहेको भएमा महल २६ को २ मा गोलो घेरा लगाउनुपर्दछ ।
			Worse	बच्चालाई अनुगमनका लागि ल्याइएको मितिमा बच्चाको स्थिति पहिले भन्दा अझ खराब भएको रहेछ भने महल २६ को ३ मा गोलो घेरा लगाउनुपर्दछ । यस्ता बच्चालाई सोही संस्थाबाट थप उपचार व्यवस्थापन गर्नुपर्ने अवस्थामा पहिलेको Classification परिवर्तन हुने भएकोले पुनः दर्ता गरी बर्गिकरण तथा उपचार गर्नुपर्दछ ।
27	Remarks			माथि उल्लेख गरिए बाहेक अन्य केही लेख्नुपर्ने भए यस महलमा लेख्नुपर्दछ ।

दुई महिनाभन्दा मुनिका (० देखि ५९ दिन सम्मका) शिशुहरुका लागि

महल नं.	महल शीर्षक		निर्देशन
1	SN (Serial number)		सि.नं. प्रत्येक महिना १ बाट सुरु गरी क्रमशः लेख्दै जानुपर्दछ ।
	MRN		स्वास्थ्य संस्थामा सेवा लिन आउँदा मूल दर्ता रजिस्टरमा दर्ता गर्दाको मूल दर्ता नं. (Master registration number) बाल स्वास्थ्य कार्डबाट यस महलमा लेख्नुपर्दछ ।
	SRN		यस रजिस्टरमा दर्ता गर्दाको सेवा दर्ता नम्बर यस महलमा लेख्नुपर्दछ र सो सेवा दर्ता नं. बाल स्वास्थ्य कार्डमा समेत सम्बन्धित स्थानमा उल्लेख गर्नुपर्दछ । प्रत्येक आ. व. मा सेवा दर्ता नं. (Service registration number) १ बाट सुरु गरी एक आर्थिक वर्षसम्मका लागि क्रमशः लेख्दै जानुपर्दछ । यदि एक पटकको रोग निको भइसकेको बिरामी सोही रोग वा अन्य रोग लागेर फेरि उपचारका लागि आएमा नयाँ दर्ता गर्नुपर्दछ ।
2	Date, Name of Mother, Name of Child, Caste and Ethinicity Code, Address	Date	सेवाग्राही दर्ता भएको मिति (गते, महिना, साल) लेख्नुपर्दछ ।
		Name of Mother	यस महलमा बिरामी शिशुको आमाको नाम लेख्नुपर्दछ ।
		Name of Child	यस कोठामा बिरामी शिशुको नाम लेख्नुपर्दछ ।
		Caste	यस कोठामा बिरामी शिशुको थर लेख्नुपर्दछ ।
		Ethinicity Code	यस कोठामा बिरामी शिशुको थरअनुसारको जाति कोड लेख्नुपर्दछ ।
		Address	यस कोठामा बिरामी बच्चाको ठेगाना लेख्नुपर्दछ । District: जिल्लाको नाम; Rural/Municipality, Ward Number: गाउँ/नगरपालिका र वडा नं लेख्नुपर्दछ ।
3-4	Sex, Age, Weight, Temp & Reffer		महल ३ र ४ मा बिरामी शिशुको Sex, Age, Weight, Temp, Refer को विवरण लेख्नुपर्दछ ।
	Female/Male		बिरामी शिशु महिला भए कोड १ मा र पुरुष भए कोड २ मा गोलो घेरा लगाउनुपर्दछ ।
	Age in Weeks		महल ४ को यस कोठामा बिरामी शिशुको पूरा भएको उमेर हप्तामा लेख्नुपर्दछ । यदि शिशु १ हप्ता पुगेको छैन भने पुरा भएको दिन को मुनि ७ लेख्नु पर्दछ जस्तै १ दिन पुरा नभएको शिशु लाई ०/७, १ दिन पुरा भएको शिशु लाई १/७ लेख्नुपर्दछ ।
	Weight (kg.)		महल ४ को यस कोठामा बिरामी शिशुको तौल के. जी. मा लेख्नुपर्दछ । यदि बिरामी बच्चा ४ KG छ भने ४ मात्र लेख्ने (KG लेख्नु पर्दैन)
	Temp (^{0}C)		महल ४ को यस कोठामा बिरामी शिशुको तापक्रम सेल्सियसमा लेख्नुपर्दछ ।
	Referred by FCHV, PHC/ORC, HF		बच्चा म. स्वा.स्वयं से. ले रेफर गरेको भए १, गाउँ घर क्लिनिक बाट रेफर गरी पठाएको भए २ र स्वास्थ्य संस्थाले रेफर गरेको भए ३ मा गोलो घेरा लगाउनुपर्दछ ।
5-6	PSBI/LBI/NBI	Convulsion	बिरामी शिशुलाई कम्पन भए महल ६ को १ मा गोलो घेरा लगाउनुपर्दछ ।
		Respiratory rate (R/R):	बिरामी शिशुको सासदर गनेर महल ६ को खाली ठाउँमा लेख्नुपर्दछ ।
		Severe chest indrawing	बिरामी शिशुको कडासँग कोखा हानेको (Severe chest indrawing) भए महल ६ को २ मा गोलो घेरा लगाउनुपर्दछ ।
		Nasal flaring	बिरामी शिशुको नाकको पोरा फुल्ने भएको भए महल ६ को ३ मा गोलो घेरा लगाउनुपर्दछ ।
		Grunting	बिरामी शिशुले कनेको छ भने महल ६ को ४ मा गोलो घेरा लगाउनुपर्दछ ।
		Unable to feed	बिरामी शिशुले दुध चुस्न तथा निल्न नसकेमा महल ६ को ५ मा गोलो घेरा लगाउनुपर्दछ ।
		Bulging fontanelle	बिरामी शिशुको तालु उक्सेको भए महल ६ को ६ मा गोलो घेरा लगाउनुपर्दछ

महल नं.	महल शीर्षक		निर्देशन
		Umbilicus infection to skin	बिरामी शिशुको नाइटोको रातोपना छालासम्म फैलिएको भए महल ६ को ७ मा गोलो घेरा लगाउनुपर्दछ ।
		Umbilicus red or Pus	बिरामी शिशुको नाइटो रातो भएको भए वा पिप भएमा महल ६ को ८ मा गोलो घेरा लगाउनुपर्दछ ।
		Temp >37.5	बिरामी शिशुको तापक्रम ३७.५ डिग्री सेल्सियसभन्दा बढी भए महल ६ को ९ मा गोलो घेरा लगाउनुपर्दछ ।
		Temp <35.5 C	बिरामी शिशुको तापक्रम ३५.५ डिग्री सेल्सियसभन्दा कम भए महल ६ को १० मा गोलो घेरा लगाउनुपर्दछ ।
		Skin pustules: Severe or >10	बिरामी शिशुको छालामा फोकाहरु धेरै (१० वा सो भन्दा बढि) वा एउटा मात्र पनि ठुलो पिलो भए महल ६ को ११ मा गोलो घेरा लगाउनुपर्दछ ।
		Skin pustules <10	बिरामी शिशुको छालामा साना, साना फोकाहरू (१० भन्दा कम) भए महल ६ को १२ मा गोलो घेरा लगाउनुपर्दछ ।
		Lethargic /Unconscious	बिरामी शिशु सुस्त वा बेहोस भए महल ६ को १३ मा गोलो घेरा लगाउनुपर्दछ ।
		Less than normal movement	बिरामी शिशुको चलाइ (Movement) सामान्य भन्दा कम भए महल ६ को १४ मा गोलो घेरा लगाउनु पर्दछ ।
		Jaundice up to hands and feet	बिरामी शिशुको हात र पैतालासम्म कमलपित्त फैलिएको भए महल ६ को १५ मा गोलो घेरा लगाउनु पर्दछ ।
		Jaundice	बिरामी शिशुलाई कमलपित्त भएको(शिशुको हात र पैतालासम्म नफैलिएको) भए महल ६ को १६ मा गोलो घेरा लगाउनु पर्दछ ।
		Pus from Eye	बिरामी शिशुको आँखाबाट पिप बगेको भए महल ६ को १७ मा गोलो घेरा लगाउनु पर्दछ ।
7-8	Diarrhoea	Yes	बिरामी शिशुमा झाडापखालाको चिन्ह तथा लक्षण भएमा महल ८ को १ मा र नभएमा २ मा गोलो घेरा लगाउनुपर्दछ । पखालाको लक्षण भएमा मात्र सोसँग सम्बन्धित महल ७ का लक्षणहरू सोधी परीक्षण गर्नुपर्दछ ।
		No	बिरामी बच्चालाई झाडापखाला नलागेको भए महल ८ को २ मा गोलो घेरा लगाउनुपर्दछ । नोट : झाडापखालाको जाँच गरिसकेपछि प्रत्येक बच्चाको महल ९ मा उल्लेख गरिएका Breast feeding problem/Low weight का बारेमा अनिवार्यरुपमा परीक्षण गर्नुपर्दछ ।
		How many days:	बिरामी शिशुलाई कति दिनदेखि पखाला लागेको हो ? सो सोधी महल ८ को खाली ठाउँमा दिन अंकमा (१,२, ...) लेख्नुपर्दछ ।
		Blood	बिरामी शिशुको दिसामा रगत देखिएको भए महल ८ को ३ मा गोलो घेरा लगाउनुपर्दछ ।
		Lethargic/ Unconscious	बिरामी शिशु सुस्त (Lethargic) वा बेहोस (Unconscious) भए महल ८ को ४ मा गोलो घेरा लगाउनुपर्दछ ।
		Restless/ Irritable	बिरामी शिशु छटपटिने वा झिझिने भए महल ८ को ५ मा गोलो घेरा लगाउनुपर्दछ ।
		Sunken eyes	बिरामी शिशुको आँखा गढेको भए महल ८ को ६ मा गोलो घेरा लगाउनुपर्दछ।
		Skin pinch very slowly	बिरामी शिशुको कोखा/पेटको छाला तानेर छोड्दा धेरै बिस्तारै (२ सेकेन्डभन्दा बढी समय) फर्किन्छ भन महल ८ को ७ मा गोलो घेरा लगाउनुपर्दछ ।
		Skin pinch slowly	बिरामी शिशुको कोखा/पेटको छाला तानेर छोड्दा बिस्तारै (२ सेकेन्ड सम्म) फर्किन्छ भने महल ८ को ८ मा गोलो घेरा लगाउनुपर्दछ ।
9-10	weight/Feed	Breastfed	बिरामी शिशुले स्तनपान गर्ने गरेको भए महल १० को १ मा गोलो घेरा लगाउनुपर्दछ ।
		Difficult feeding	बिरामी शिशुलाई स्तनपान/खानासम्बन्धी समस्या भए महल १० को २ मा गोलो घेरा लगाउनुपर्दछ ।

महल नं.	महल शीर्षक			निर्देशन
		How many times in 24 hours: _____		बिरामी शिशुलाई अन्तिम २४ घण्टामा कति पटक स्तनपान गराइएको थियो भनी सोधेर महल १० को खाली ठाउँमा स्तनपान गराएको *पटक* अंकमा (१, २, ...) लेख्नुपर्दछ ।
		Receive other food/ drinks		बिरामी शिशुलाई अन्य खानेकुरा वा झोल पदार्थ खुवाएको भए महल १० को ३ मा गोलो घेरा लगाउनुपर्दछ ।
		How often: _____ times		यदि महल १० को ३ मा गोलो घेरा लगाइएको भए बिरामी शिशुलाई कति पटक अन्य खानेकुरा वा झोल पदार्थ खुवाएको थियो भनी सोधेर महल १० को खाली ठाउँमा *पटक* अंकमा (१,२, ...) लेख्नुपर्दछ ।
		Feed by bottle		बिरामी शिशुलाई बोतलबाट खुवाएको भए महल १० को ४ मा गोलो घेरा लगाउनुपर्दछ ।
		Feed by spoon		बिरामी शिशुलाई चम्चाबाट खुवाएको भए महल १० को ५ मा गोलो घेरा लगाउनुपर्दछ ।
		Very low weight		बिरामी शिशुको उमेरअनुसार धेरै कम तौल भए महल १० को ६ मा गोलो घेरा लगाउनुपर्दछ । (बृद्धि अनुगमन चार्टको रातो खण्डमा परेमा)
		Low weight		बिरामी शिशुको उमेरअनुसार कम तौल भए महल १० को ७ मा गोलो घेरा लगाउनुपर्दछ । (बृद्धि अनुगमन चार्टको पहेंलो खण्डमा परेमा)
		Normal weight		बिरामी शिशुको उमेरअनुसार तौल सामान्य (Normal weight) भए महल १० को ८ मा गोलो घेरा लगाउनुपर्दछ । (बृद्धि अनुगमन चार्टको हरियो खण्डमा परेमा)
		Oral Ulcer/Thrush		बिरामी शिशुको मुखभित्र घाउ वा सेतो दाग भए महल १० को ९ मा गोलो घेरा लगाउनुपर्दछ ।
यदि विरामी शिशुलाई तुरुन्त उपचार केन्द्रमा प्रेषण गर्नुपर्ने कारण छैन भने र स्तनपान गराउन गाह्रो भएको छ वा स्तनपान २४ घण्टामा ८ पटक भन्दा कम गराइन्छ वा अरु दुध/झोल कुरा खुवाइन्छ वा उमेर अनुसार तौल कम छ भने मात्र Breast Feeding Assess गर्नुपर्दछ ।				
11-12	Assess breast feeding	Includes all 4 points of attachment	Yes	शिशुलाई स्तनपान गराउँदा स्तन सम्पर्कका ४ चिन्हहरू : चिउँडोले स्तन छोएको (१), मुख पूरा खोलेको (२), शिशुको तल्लो ओठ बाहिर फर्केको (३) र स्तनको कालो भाग शिशुको मुखको तलभन्दा माथितिर धेरै देखिएको (४) गरी ४ वटै अवस्था छ भने Yes मानी महल १२ को १ मा गोलो घेरा लगाउनुपर्दछ ।
			No	सही स्तन सम्पर्क (Good Attachment) को माथि उल्लिखित सम्पूर्ण (४ वटै) चिन्ह मध्ये कुनै १ वा सबै नभएमा No मानी महल १२ को २ मा गोलो घेरा लगाउनुपर्दछ ।
		Includes all 4 points of Position	Yes	शिशुलाई स्तनपान गराउँदाका ४ सही आसनका चिन्हहरु : शिशुको टाउको र जीउ सीधा पारेर समातेको (१), शिशुको मुख स्तनतिर फर्काएर शिशुको नाक स्तनको मुन्टोको ठीक अगाडि पारेको (२), शिशुको शरीर आफ्नो जीउसँग टाँसेर राखेको (३), र शिशुको गर्धन र काँध मात्र नभई सम्पूर्ण शरीरलाई नै हातले आड दिइराखेको (४) मध्ये यी चारवटै सही आसन अपनाएको भए Yes मानी महल १२ को ३ मा गोलो घेरा लगाउनुपर्दछ ।
			No	सही आसन (Good Position) को माथि उल्लिखित सम्पूर्ण (४ वटै) चिन्ह मध्ये कुनै १ वा सबै चिन्ह नभएमा No मानी महल १२ को ४ मा गोलो घेरा लगाउनुपर्दछ ।
		Suckling: Effectively	Yes	शिशुले दूध चुस्दा बिस्तारै, गहिरोसित, कहिले-काहीँ अडिई, अडिई दूध चुस्छ, शिशुले दूध निलेको घाँटीमा देखिन्छ र दूध निलेको आवाज पनि सुन्न सकिन्छ जस्ता सबै चिन्हहरू देखिएको भए Yes मानी महल १२ को ५ मा गोलो घेरा लगाउनुपर्दछ ।
			No	प्रभावकारी चुसाई (Suckling Effectively) को माथि उल्लिखित चिन्ह मध्ये कुनै १ वा सबै नभएमा No मानी महल १२ को ६ मा गोलो घेरा लगाउनुपर्दछ

महल नं.	महल शीर्षक			निर्देशन
13	Major Classifications			माथि उल्लेख भएका Sign and Symptom को आधारमा प्रोटोकलअनुसार बिरामीको रोगको वर्गीकरण (Major Classifications) प्राथमिकताको आधारमा मुख्यलाई पहिलो, त्यसपछि दोस्रो गरी क्रमशः महल १३ मा लेख्नुपर्दछ । उल्लखित शिकायत कुनै नपाईएता पनि कम्तीमा दुई वर्गीकरण (PSBI/LBI/NBI मध्ये कुनै १ र Feeding Problem/No Feeding problem मध्ये कुनै १ अनिवार्य रुपमा खुलाउनुपर्दछ ।
	Others			CB-IMNCI Treatment Chart Booklet मा उल्लेख भएका बर्गिकरण बाहेक अन्य कुनै समस्या भएमा यस कोठामा उल्लेख गर्ने ।
14	Number of classification			बिरामी बच्चामा पाइएका लक्षण तथा चिन्हका आधारमा महल १४ मा गरिएका Classification हरूको जम्मा सङ्ख्या (अन्य समेत) लेख्नुपर्दछ ।
15	ICD code			बिरामी बच्चाको रोगको वर्गीकरणअनुसार मुख्य वर्गीकरण (Major Classification) प्राथमिकताको आधारमा मुख्य एक रोगको ICD code महल १५ मा लेख्नुपर्दछ । सोही ICD कोड अनुसार मासिक प्रतिवेदन फाराम (HMIS 9.3) को Morbidity को सम्बन्धित महलमा समायोजन गरी प्रतिवेदन गर्नुपर्दछ ।
16-17	Medicine			बिरामीको उपचारका लागि प्रयोग गरिएका औषधीहरू परिमाण समेत खुल्ने गरी स्पष्टसँग यस महलमा लेख्नुपर्दछ ।
	Gentamicin			यदि Gentamicin औषधि (सुई) प्रयोग गरी उपचार गरिएको भए दिइएको डोजअनुसार महल १६ को सम्बन्धित अङ्कमा गोलो लगाउनुपर्दछ ।
18-19	Counselling to mother	Breast feeding		स्तनपानसम्बन्धी सल्लाह आमालाई दिइएको भए महल १९ को १ मा गोलो घेरा लगाउनुपर्दछ ।
		Keep warm		शिशुलाई न्यानो राख्ने सम्बन्धी सल्लाह आमालाई दिइएको भए महल १९ को २ मा गोलो घेरा लगाउनुपर्दछ ।
		Immediate visit		शिशुको स्वास्थ्य अवस्थामा सुधार हुन नसेकेमा वा खतराको लक्षण देखिएमा यथाशीघ्र थप उपचारकालागि स्वास्थ्य संस्थामा आउने सल्लाह दिइएको भए महल १९ को ३ मा गोलो घेरा लगाउनुपर्दछ ।
		Regular follow up		आमालाई नियमित फलोअप (अनुगमन) गर्ने सल्लाह दिइएको भए महल १९ को ४ मा गोलो घेरा लगाउनुपर्दछ ।
20	Referred to			शिशुलाई प्रेषण गर्नुपर्ने भएमा प्रेषण गरेको स्वास्थ्य संस्थाको नाम महल २० मा लेख्नुपर्दछ ।
21-23	Follow up	Date		शिशुलाई फलोअप (अनुगमनका) लागि ल्याएको भए सोको मिति (गते, महिना, साल) लेख्नुपर्दछ ।
		Result	Improved	फलोअप समयमा शिशुको स्थिति पहिलेभन्दा सुधेको भएमा महल २१ को १ मा गोलो घेरा लगाउनुपर्दछ ।
			Same	फलोअपका समयमा शिशुको स्थिति पहिलेकै जस्तो भएमा महल २१ को २ मा गोलो घेरा लगाउनुपर्दछ ।
			Worse	फलोअपका लागि ल्याइएको मितिमा बच्चाको स्थिति पहिले भन्दा अझ खराब भएको रहेछ भने महल २६ को ३ मा गोलो घेरा लगाउनुपर्दछ । यस्ता बच्चालाई सोही संस्थाबाट थप उपचार व्यवस्थापन गर्नुपर्ने अवस्थामा पहिलेको Classification परिवर्तन हुने भएकोले पुनः दर्ता गरी बर्गिकरण तथा उपचार गर्नुपर्दछ ।
24	Remarks			माथि उल्लेख भए बाहेक अन्य केही खुलाउनु पर्ने भए महल २४ मा उल्लेख गर्नुहोस् ।

जातजाती अनुसार नवजात शिशु तथा बालरोगको एकीकृत व्यवस्थापन (IMNCI) सेवा पाएका सेवाग्राहीको समायोजन फारम

हरेक महिना मासिक प्रतिवेदन तयार गर्दा यस रजिष्टरको अन्तमा राखिएको जात जातिगत विवरण समेत अद्यावधिक गर्नुपर्दछ । जात जातिगत विवरण तयार गर्दा २ महिना मुनिका विरामी शिशुको व्यवस्थापन खण्ड र २ महिना देखि ५९ महिना उमेर सम्मका विरामी बच्चाको व्यवस्थापन खण्डमा दर्ता भएका सबै विरामी बच्चाको संख्या लिंग समेत खुल्ने गरी समायोजन गर्नुपर्दछ ।

अभ्यास २.४

रामेछाप जिल्ला भुजी गाउँपालिका वडा नं. १ को ललिता सुनुवारले आफ्नो ४ महिनाकी छोरी सवितालाई ३ दिन देखि खोकी लागेर मिति २०७० पौष १९ गते भुजी स्वास्थ्य चौकीमा ल्याईन । सविताको तापक्रम ९८ डिग्री से., स्वास दर ४० थियो, कानबाट पिप वगि रहेको थियो । निजको तौल ५ के.जी. थियो । IMNCI रजिष्टर भर्नुहोस ।

HMIS 2.5: शीघ्र कुपोषणको एकीकृत व्यवस्थापन कार्यक्रम दर्ता कार्ड (IMAM Child Health Card)

शीघ्र कुपोषणको एकीकृत व्यवस्थापन कार्यक्रम अन्तर्गत ६ देखि ५९ महिनाका बालबालिकालाई बहिरङ्ग उपचार सेवा (Outpatient Therapeutic Programme - OTC) मा भर्ना गरी उपचार गर्दा प्रत्येक बच्चालाई यो दर्ता कार्ड दिइन्छ। यो दर्ता कार्ड बच्चाको परिचय पत्रको रूपमा पनि प्रयोग गर्न सकिन्छ। यो कार्ड स्वास्थ्यकर्मीले भरी आमा वा बच्चा हेरविचार गर्ने व्यक्तिलाई दिएर पठाउनुपर्दछ।

यस दर्ता कार्डमा बहिरङ्ग सेवाको उपचारको तथ्याङ्क भरिएको हुन्छ र बच्चालाई हरेक पटक बहिरङ्ग सेवामा ल्याउँदा आमा वा बच्चाको हेरविचार गर्ने व्यक्तिले यो कार्ड साथै लिएर आउनुपर्दछ। यस दर्ता कार्डबाट बच्चाको उपचारात्मक प्रगति र सुधारको पहिचान गरिन्छ र साथै बिरामीका लागि घर लैजाने तयारी उपचारात्मक खाना (Ready to Use Therapeutic Food-RUTF) को मात्राको पनि यसमा उल्लेख गरिएको हुन्छ। यस कार्डबाट उपचारमा रहेका प्रत्येक बिरामी बच्चाको उपचारको परिणाम/उपलब्धी सम्बन्धी जानकारी प्राप्त हुन्छ।

कार्डको नमुना :



नेपाल सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य सेवा विभाग
स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली

..... जिल्ला

शीघ कुपोषणको एकिकृत व्यवस्थापन कार्यक्रम दर्ता कार्ड

मूल दर्ता नं.		सेवा दर्ता नं.	
बच्चाको नाम, थर		ठेगानाः जिल्ला	
उमेर (महिना)		नगर/गाउँपालिका, वडा नं.	
लिङ्ग	पुरुषः १ महिला २	गाउ/ टोल	
भर्नाको आधार	एम.यु.ए.सी. १ उ.अ.तौ. (z-score) २ दुवै खुट्टा सुन्निएको ३	लक्षित तौल (के.जी.)	

भेट मिति	दुवै खुट्टा सुन्निएको	एम.यु.ए.सी. (मि.मि.)	उचाइ/लम्बाइ (सें.मी.)	तौल (के.जी.)	उ.अ.तौ. (z-score)	आज दिएको RUTF पाकेट
उमेर अनुसारको खोपको लागि पंक्तिः			गरेको	नगरेको	खोप दिएको	

मिति (ग.भ.सं.)	दुवै खुट्टा सुन्निएको	एम.यु.ए.सी. (मि.मि.)	उचाइ/लम्बाइ (सें.मी.)	तौल (के.जी.)	उ.अ.तौ. (z-score)	आज दिएको RUTF पाकेट

डिस्चार्जे परिणाम	निको भएको	निको नभएको	डिफल्टर	पंक्षण (अस्पताल)	अन्य (गति भर्ना)	मृत्यु भएको
	१	२	३	४	५	६
डिस्चार्जे मिति						

भर्ने तरिका :

महल शीर्षक	निर्देशन
....., ... जिल्ला	बहिरङ्ग उपचार सेवा प्रदान गर्ने स्वास्थ्य संस्थाको नाम र सो संस्था रहेको जिल्लाको नाम लेख्नुपर्दछ।
मूल दर्ता नं.	मूल दर्ता रजिस्टरमा दर्ता गर्दाको दर्ता नं. लेख्नुपर्दछ।
सेवा दर्ता नं.	शीघ्र कुपोषणको एकीकृत व्यवस्थापन रजिस्टर (HMIS 2.6) मा दर्ता गर्दाको नम्बर लेख्नुपर्दछ। यो नम्बर प्रत्येक आ.ब. मा १ बाट सुरु गरी क्रमशः लेख्दै जानुपर्दछ।
बच्चाको नामथर, ठेगाना, उमेर, लिङ्ग	बिरामी बच्चाको नाम, थर, लिङ्ग, उमेर (महिनामा) र ठेगाना (जिल्ला, नगर/गाउँपालिका, वडा नं., र गाउँ टोल) सम्बन्धित कोठामा लेख्नुपर्दछ।
भर्नाको आधार	बच्चाको पोषण अवस्था जाँच गरिसकेपछि बच्चा भर्ना गर्नुको आधार Mid Upper Arm Circumferance (MUAC), उचाइ अनुसारको तौल (z-score), वा पोषणजन्य कारणले सुन्निएका कुन-कुन हुन्, सम्बन्धित आधारको कोडमा गोलो चिन्ह लगाउनुपर्दछ।
लक्षित तौल (के.जि.)	बच्चालाई भर्ना गर्दाको समयको तौलको १५% तौल वृद्धिका आधारमा लक्षित तौल निकाली भर्ना गर्ने बित्तिकै लक्षित तौल (के.जी.) मा दिइएको महलमा लेख्नुपर्दछ।
भेट मिति	बिरामी बच्चा प्रत्येक भेटमा आउँदा दिइएका महलहरूमा बचचा फलोअपमा आएको मिति (

महल शीर्षक	निर्देशन
	गते, महिना, सालमा) लेख्नुपर्दछ । बिरामी बच्चा हरेक भेटमा आउँदा उसको पाखुराको नाप (एम्.यु.ए.सी.), उचाइ/लम्बाइ, तौल, उचाइअनुसारको तौल (z-score) र RUTF दिएको प्याकेट सङ्ख्या सोही अनुसार सम्बन्धित महलहरूमा लेख्नुपर्दछ ।
उमेर अनुसारको खोपको लागि प्रेषण	सेवाग्राही बच्चाले निर्दिष्ट खोपहरु लगाएको सुनिश्चित गर्नुपर्दछ । बहिरङ्ग सेवा प्रदान गर्दाको समायमा बच्चाको उमेर अनुसारको दिनुपर्ने खोप उपलब्ध नभएमा स्वास्थ्यकर्मीले खोप क्लिनिकमा जान सुझाव दिई कार्डमा सोही अनुसारको महलमा गोलो चिन्ह लगाउनुपर्दछ । खोप लगाएपछि कार्डमा खोप लगाएको मिति (गते, महिना, साल) सम्बन्धित महलमा लेख्नुपर्दछ ।
डिस्चार्ज परिणाम	अन्तमा बच्चाको डिस्चार्ज परिणाम (निको भएको, त्रुटि वा डिफल्टर, निको नभएको, अस्पताल पठाएको, अन्य (गल्ती भर्ना) मृत्यु अनुसार सम्बन्धित परिणाममा गोलो चिन्ह लगाउनुपर्दछ । डिस्चार्जको परिणम नेपाल शिघ्र कुपोषणको एकिकृत व्यबस्थापन कार्यक्रम निर्देशिका २०७३ अनुसार लेख्नुपर्दछ ।
डिस्चार्ज मिति	बच्चाको डिस्चार्ज परिणामसँगै डिस्चार्ज मिति (ग/म/सा) दिइएको महलमा लेख्नुपर्दछ ।

HMIS 2.6: शीघ्र कुपोषणको एकीकृत व्यवस्थापन रजिस्टर
(IMAM Register)

शीघ्र कुपोषणको एकीकृत व्यवस्थापन कार्यक्रम अन्तर्गत ६ देखि ५९ महिनाका बाल-बालिकालाई बहिरङ्ग उपचार केन्द्र (Outpatient Therapeutic Center - OTC) मा भर्ना गरी उपचार सेवा प्रदान गर्न र अभिलेख राख्न यस रजिस्टरको प्रयोग गरिन्छ । शीघ्र कुपोषणको एकीकृत व्यवस्थापन कार्यक्रम लागु भएका बहिरङ्ग उपचार सेवा प्रदान गर्ने हरेक स्वास्थ्य संस्थाले यस रजिस्टरमा अभिलेख राखी उपचार सेवा दिनुपर्दछ ।

रजिस्टरको नमुना :


HMIS 2.6

शिघ्र कुपोषणको एकिकृत

क्र.सं./ दर्ता	बिरामीको नाम, थर, विवरण र भर्नाको किसिम	भर्ना, पोषणको अवस्था तथा प्रेषण सम्बन्धी विवरण (गोलो चिन्ह लगाउने)	भेडिकल इतिहास, शारीरिक परीक्षण र अन्य स्वास्थ्य सम्बन्धि जानकारी (गोलो चिन्ह लगाउने र लेख्ने)	औ औष
१	२ ३	४ ५ ६ ७	८ ९ १० ११ १२ १३ १४	१
क.स.	नाम र थर / जाती कोड	भर्ना मिति (म.म.सा.) / भर्नाको आधार	झाडापखाला छ छैन; वान्ता छ छैन; खोकि छ छैन; स्तनपान गरेको छ छैन; खानाको रुची छ छैन; पिसाब भएको छ छैन; दिशा पटक; आँखाको कोल सामान्य फिक्का; कान सामान्य डिस्चार्ज; कोखा हानेको छ छैन; श्वासप्रश्वास दर प्रति मि.; तापक्रम भण्टेडोड; हात/ खुट्टा सामान्य पिसा	मुख सामान्य; आँखा भित्र गडेको डिस्चार्ज; जलवियोजन नभएको; छाला सामान्य; खुट्टा; गन्ध सुन्निएको छैन; पाटी; दाढुराको छाप लिएको नलिएको; पूर्ण छाप लिएको नलिएको; भिन्न किसिमको सलम भएको नभएको; RUTF जाँच पास फेल; भर्ना गर्दा दिएको RUTF प्याकेट; लक्षित तौल (के.जी.); अतिरिक्त जानकारी:	पाठ केन्द्रिय; भिटामिन ए; एन्टाकसीसीलिन; औलोको उपचार; आर्थनेजाल
	जिल्ला / न.पा./गा.पा. / वडा न.	उचाइ/लम्बाई (से.मी.); तौल (के.जी.); एम.यू.ए.सि. (मि.मि.); उ.अ. तौल (Z-Score); दुवै खुट्टा सुन्निएको		
मूल दर्ता न.	गाउँ/टोल			
	भर्ना किसिम (गोलो चिन्ह लगाउने)	प्रेषण किसिम: आफै/ स्वयं प्रेषण; विशेष उपचार कक्ष; गाउँघर क्लिनिक; म.स्वा.स्वं.से.; पोषण पुनःस्थापना केन्द्र; अन्य स्वास्थ्य संस्था		
सेवा दर्ता न.	नयाँ भर्ना १; पुनः दर्ता भएको (२ महिना भित्र) २; बहिस्वाट आएको (बहिरङ्ग/विशेष उपचारकक्ष/ पोषण पुनःस्थापना गृहबाट) ३; डिफल्टर पछि भर्ना ४			

व्यवस्थापन रजिष्टर

औषधीबाट व्यवस्थापन/ उपचार: औषधी	मात्रा	मिति	फलो अप/भेट	मिति (ग म सा)	डिस्चार्ज मिति र परिणाम
१९	२०	२१ २२	२३	२४ २५ २६ २७ २८ २९ ३० ३१	३२
(आइ.यू.)			एम.यू.ए.सि. (मि.मि.)		डिस्चार्ज मिति
न			उचाइ/लम्बाई (से.मी.)		ग म सा
ार			तौल (के.जी.)		डिस्चार्ज परिणाम
(एम.जी.)			उचाइ अ.तौल (Z-Score)		निको भएको १
अन्य औषधी			दुवै खुट्टा सुन्निएको	+ ++ +++	निको नभएको २
			वान्ता (पटक/ दिन)		डिफल्टर/त्रुटि ३
			झाडापखाला (पटक/ दिन)		पेषण (मेडिकल) ४
			ज्वरो (पटक/ दिन)		मृत्यु ५
			खोकी (पटक/ दिन)		लक्षित तौल (के.जी.)
			जलवियोजन	छ छैन	
			तापक्रम (से.ग्रे.)		कैफियतः
			श्वासप्रश्वास दर (प्रति मि.)		
			छाला संक्रमण	छ छैन	
			आज दिने RUTF (पाकेट)		

रजिस्टर भर्ने तरिका :

महल नं.	शीर्षक	निर्देशन
१	क्र.सं. मूल दर्ता नं. सेवा दर्ता नं.	प्रत्येक महिना क्र.सं. १ बाट सुरु गरी लेख्नुपर्दछ । मूल दर्ता रजिस्टरमा दर्ता गर्दाको नम्बर शीघ्र कुपोषणको एकीकृत व्यवस्थापन कार्डबाट मूल दर्ता नंम्बरको महलमा र यस रजिस्टरमा दर्ता गर्दाको नम्बर सेवा दर्ता नम्बरको महलमा लेख्नुपर्दछ । सेवा दर्ता नं. प्रत्येक आ. व. मा १ बाट सुरु गर्नुपर्दछ ।
	बिरामीको नामथर, विवरण र भर्नाको किसिम	
	नाम, थर	सेवा लिन आएको बच्चाको पूरा नाम, थर यस महलमा उल्लेख गर्नुपर्दछ ।

महल नं.	शीर्षक	निर्देशन
२-३	जात/जाति कोड	सेवा लिने बच्चाको थर रजिस्टरमा उल्लेख भएअनुसार जुन जाति समूहमा पर्दछ, त्यही समूहको कोड नम्बर लेख्नुपर्दछ, जस्तै : ०१, ०२,.....,०६ ।
	लिङ्ग	सेवा लिने बच्चा "महिला" भए महिलामा र "पुरुष" भए पुरुषमा गोलो घेरा लगाउनुपर्दछ ।
	उमेर (महिनामा)	सेवा लिने बच्चाको उमेर पूरा भएको महिनामा लेख्नुपर्दछ ।
	अभिभावकको नाम	बच्चाको अभिभावक (जस्तैः आमा, बुवा, हजुरआमा, हजुरबुवा आदि) को नाम यस महलमा लेख्नुपर्दछ ।
	नाता	बच्चाको अभिभावकसँगको नाता (जस्तैः आमा, बुवा, हजुरआमा, हजुरबुवा आदि) यस महलमा लेख्नुपर्दछ ।
	जिल्ला, न.पा/ गा.पा., वडा नं., गाउँ/टोल	हाल धेरैजसो बसोबास गरिरहेको जिल्ला, नगर/गाउँपालिका, वडा नम्बर र गाउँ/टोल समेत यस महलहरूमा लेख्नुपर्दछ ।
	भर्नाको किसिम	सेवा लिने बच्चा भर्ना भएको किसिममा नयाँ भर्ना भएको भए कोड नं. १ मा, २ महिना भित्र पुनः दर्ता भएको भए कोड नं. २ मा, बाहिरबाट प्रेषण भइ आएको (बहिरङ्ग/विशेष/उपचार कक्ष/पोषण पुनःस्थापना गृह) भए कोड नं. ३ र त्रुटि वा डिफल्टर पछि भर्ना भएको भए कोड नं. ४ मा गोलो घेरा लगाउनुपर्दछ ।
४-७	**भर्ना, पोषणको अवस्था तथा प्रेषण सम्बन्धी विवरण**	
	भर्ना मिति	बच्चाको भर्ना मिति (गते, महिना, साल) यस महलमा लेख्नुपर्दछ ।
	पोषण अवस्था (उचाइ/लम्बाइ)	२ वर्षमुनिका बच्चाको हकमा लम्बाइ र २ वर्षमाथिका (८७ से.मि. वा सोभन्दा माथि) बच्चाको हकमा उचाइ नापी यसैसँगको महल ६ मा से.मि. मा लेख्नुपर्दछ ।
	तौल	बच्चाको तौल लिई महल ६ मा के.जी. मा लेख्नुपर्दछ ।
	एम्.यु.ए.सी	बच्चाको पाखुराको नाप एम्.यु.ए.सी टेपले नापी यसैसँगको महल ६ मा मि.मि. मा लेख्नुपर्दछ ।
	उचाई अनुसारको तौल	उचाइ अनुसारको तौल (z-score) टेबलको सहायताले बच्चाको उचाइअनुसारको तौल यसैसँगको महल ६ मा लेख्नुपर्दछ ।
	दुवै खुट्टा सुन्निएका	पोषणजन्य कारणले बच्चाका दुवै खुट्टा तथा शरिरका अन्य भागहरु सुन्निएका छन्/छैनन् भनी जाँच गरी सुन्निएको भए प्रोटोकल अनुसार + , ++ वा +++ मा लेख्नुपर्दछ ।
	भर्नाको आधार	बच्चाको पोषण अवस्था जाँच गरिसकेपछि भर्नाको आधारअनुसार (एम्.यु.ए.सी., उचाई अनुसार तौल (z-score), वा दुवै खुट्टा सुन्निएका) कुन हो महल नं.७ को सम्बन्धित कोड नं. मा गोलो चिन्ह लगाउनुपर्दछ ।
	प्रेषणको किसिम	सेवा लिने बच्चा जहाँबाट प्रेषण भएको हो (आफैँ/स्वयं प्रेषण, विशेष उपचार कक्ष तथा अन्य बहिरङ्ग कक्ष, गाउँ-घर क्लिनिक, म.स्वा.स्वयं से., पोषण पुनःस्थापना केन्द्र, वा अन्य स्वास्थ्य संस्था) महल ७ को सम्बन्धित कोडमा गोलो घेरा लगाउनुपर्दछ । .
८-१४	मेडिकल इतिहास, शारीरिक परीक्षण र अन्य स्वास्थ्य सम्बन्धी जानकारी	बच्चाको स्वास्थ्य परीक्षण गरी महल नं. ८ मा उल्लेख गरिएका विभिन्न लक्षण, चिन्ह तथा अवस्थाका बारेमा संगै रहेको महल ९ वा १० को अबस्थामा गोलो घेरा लगाउनु पर्दछ । महल ८ को दिशा, स्वास प्रश्वास दर र तापक्रमको हकमा भने महल ९ को खाली कोठामा क्रमशः विवरणहरू भर्नुपर्दछ । त्यस्तै गरी महल ११ मा उल्लेख गरिएका शारीरिक अवस्था, दादुरा खोप र पूर्ण खोपको अबस्था, RUFT जाँच, बितरण प्याकेटको संख्या लक्षित तौलको बिबरण महल १२, १३ वा १४ मा गोलो घेरा लगाउनु पर्दछ वा बिबरण भर्नु पर्दछ । शीघ्र कुपोषणको एकीकृत व्यवस्थापनका लागि दर्ता भएका बच्चाहरूको आवश्यक अतिरिक्त जानकारी भएमा सोही अनुसारको विवरण पनि यस महलमा लेख्नुपर्दछ ।
१५—१९	औषधीबाट व्यवस्थापन/उपचार	बच्चालाई उपचारको क्रममा महल १५ मा उल्लेख भएको औषधीहरू (भिटामिन ए, एमोक्सिसिलिन, औलौका औषधी, अल्बेन्डाजोल वा अन्य औषधीहरू) दिएको भए औषधीको मात्रा महल १६ मा र मिति (गते, महिना, साल) महल १७, १८ र १९ मा लेख्नुपर्दछ ।
		बिरामी बच्चा प्रत्येक फलोअप भेटमा आउँदा महल नं. २० मा उल्लिखित अवस्थाको

महल नं.	शीर्षक	निर्देशन
२०-२८	फलोअप भेट मिति	जानकारी लिई सम्बन्धित महलमा लेख्नुपर्दछ । उक्त फलोअप भेट गरेको मिति (गते, महिना, साल) सम्बन्धित पटकको भेटको महलमा लेख्नुपर्दछ । बच्चाको प्रत्येक फलोअप भेटमा बच्चाको पाखुराको नाप (एम्.यु.ए.सी. मि.मि, उचाइ/लम्बाइ (से.मि.), तौल(के.जी.), पोषणजन्य कारणले सुन्निएको, उचाइअनुसारको तौल, बान्ता, झाडापखाला, ज्वरो, खोकी, जलवियोजन, तापक्रम, श्वास-प्रश्वास दर, छाला सङ्क्रमण जाँच गरी प्रत्येक भेटमा दिने RUTF को प्याकेट सङ्ख्या सोहीअनुसारका महलहरूमा लेख्नुपर्दछ ।
२९	डिस्चार्ज मिति र परिणाम	बच्चाको डिस्चार्ज भएको मिति (गते, महिना, साल) दिइएको कोठामा लेख्नुपर्दछ । अन्तमा बच्चाको डिस्चार्ज परिणाम अनुसार निको भएको कोड १, निको नभएको कोड २, डिफल्टर भएको कोड ३, प्रेषण (अस्पताल) कोड ४, मृत्यु भएको कोड ५ र स्थानान्तरण भई अन्यत्र गएको कोड ६ मा गोलो घेरा लगाउनुपर्दछ । माथि लेखिएको बाहेक सो सम्बन्धी अन्य विवरण उल्लेख गर्नुपर्ने भएमा कैफियतको महलमा लेख्नुपर्दछ ।

HMIS 2.7: मेडिकल जटिलताजन्य शीघ्र कुपोषणको एकीकृत व्यवस्थापन रजिस्टर – अस्पताल (IMAM Register – Hospital)

शीघ्र कुपोषणको एकीकृत व्यवस्थापन कार्यक्रमअन्तर्गत मेडिकल जटिलता सहितको कडा शीघ्र कुपोषण (Severe Acute Malnutrition-SAM) भएका ६ देखि ५९ महिनाका बाल-बालिका र विशेष अवस्था भएका (IMAM प्रोटोकल अनुसार) ६ महिनामुनिका बाल-बालिकालाई विशेष उपचार कक्षमा भर्ना गरी उपचार सेवा प्रदान गर्न र अभिलेख राख्न यस रजिस्टरको प्रयोग गरिन्छ । विशेष उपचार कक्ष भएका हरेक स्वास्थ्य संस्थाले यस रजिस्टरमा अभिलेख राखी उपचार सेवा दिनु पर्दछ ।

रजिष्टरको नमूना



नाम र थर	जाती कोड	उमेर (महिनामा) महिला	उमेर (महिनामा) पुरुष	ठेगाना जिल्ला	ठेगाना नगर/ गाउँपालिका	ठेगाना वडा नं	ठेगाना गाउँ/टोल	सम्पर्क नं.	अभिभावक/हेरचाह गर्नेको नाम र थर	जम्मा परिवार संख्या

सेवा दर्ता नं.	भर्ना मिति (ग.म.सा.)	भर्नाको किसिम (गोली लगाउने)	आफै	प्रेषण म.स्वा.स्व.सं	प्रेषण गाउँघर क्लिनिक	प्रेषण स्वास्थ्य संस्था	प्रेषण बहिरङ्ग

	बुवा	आमा	जुम्ल्याहा	पुनःरोगी भर्ना
भएको	१	२	३	४
नभएको	१	२	३	४

नाप तौलको पार्ट	१	२	३	४	५	६	७	८	९	१०	११	१२	१३	१४	१५	१६	१७	१८	१९	२०	२१	२२	२३	२४	२५	२६	२७	२८
मिति																												
उचाई/लम्बाइ (सें.मी.)																												
तौल (के.जी.)																												
उचाईको आधारमा तौल (z-score																												
एम.यु.ए.सी. (मि.मि.)																												
दुवै खुट्टा सुन्निएका (० देखि +++																												

प्रत्येक छाउने २० यान तौल घटको वा बढको ठेउठेउ बच्चा सुन्निएको केसमा प्रारम्भिक बेलामा तौल घट्न स्वाभाविक हो। त्यस कारण याद राख्नु पर्दछ अन्तिमबाट हुन् बाट।

तौल पार्ट

Revised: 2070/71 Print FY: 2070/71

मिति	१	२	३	४	५	६	७	८	९	१०	११	१२	१३	१४	१५	१६	१७	१८	१९	२०	२१	२२	२३	२४	२५	२६	२७	२८
खाना (F75/F100/RUTF)																												
माथ प्रति दिन (मिलि वा पाकेट)																												
खानाको पटक प्रति दिन																												
प्रति खानामा माथ (दूध माथ)																												
थप आहारमा																												

उपचारात्मक खाना				
A= अनुपस्थित				समय
V=वान्ता				खाना
R= नमजोको				समय
NG= ट्युब खवाएको				खाना
IV= IV पल्पुक				समय
				खाना
माथ विड्राको				समय
				खाना
१०० %	×	×		समय
	×	×		खाना
३/४	×	×		समय
	×			खाना
१/२	×			समय
	×			खाना
१/४	×			समय
				खाना
				समय
				खाना
				समय
				खाना
=मिसि=अतिरिक्त				समय
				खाना
				समय
				खाना

महत्वपूर्ण पार्ट	१	२	३	४	५	६	७	८	९	१०	११	१२	१३	१४	१५	१६	१७	१८	१९	२०	२१	२२	२३	२४	२५	२६	२७	२८
मिति																												
दिसा/ पटक																												
वान्ता/पटक																												
जलवियोजन																												
खोकी																												
Septic Shock																												
श्वासप्रश्वास दर																												
Pulse rate																												
रक्तअल्पता																												
तापक्रम विहान																												
तापक्रम साँझ																												
छाला सम्बन्धि रोग																												

Revised: 2070/71 Print FY: 2070/71





रजिस्टर भर्ने तरिका :

शीर्षक	निर्देशन
नाम र थर	सेवा लिन आएको बच्चाको पूरा नाम, थर यस महलमा उल्लेख गर्नुपर्दछ ।
जाति कोड	सेवा लिने बच्चाको थर रजिस्टरमा उल्लेख भए अनुसार जुन जाति समूहमा पर्दछ, त्यही समूहको कोड नम्बर लेख्नुपर्दछ, जस्तै : ०१, ०२,....,०६ ।
उमेर (महिनामा)	सेवा लिने बच्चा "महिला" भए महिलामा र "पुरुष" भए पुरुष को महलमा बच्चाले पूरा गरेको उमेर महिनामा उल्लेख गर्नुपर्दछ ।
ठेगाना	जिल्ला, नगर/गाउँ पालिका: हाल धेरैजसो बसोबास गरिरहेको जिल्ला, नगर/गाउँपालिका, वडा नं. र गाउँ, टोल समेत यी महलहरूमा लेख्नुपर्दछ । हाल धेरैजसो बसोबास गरिरहेको भन्नाले

		कम्तीमा ६ महिनादेखि बसिरहेको वा त्यहीँ बसोबास गर्ने मनसायले बसिरहेको भन्ने बुझ्नुपर्दछ
सम्पर्क नं.		बच्चाको अभिभावकको सम्पर्क नं. यस महलमा लेख्नुपर्दछ ।
अभिभावक/हेरचाह गर्नेको नाम र थर		बच्चाको अभिभावक (जस्तै : आमा, बुबा, हजुरआमा, हजुरबुवा आदि) को नाम र थर यस महलमा लेख्नुपर्दछ ।
जम्मा परिवार सङ्ख्या		बच्चाको घरमा रहेको जम्मा परिवार सङ्ख्या यस महलमा लेख्नुपर्दछ ।
सेवा दर्ता नं.		बच्चाको सेवा दर्ता नम्बर यस महलमा लेख्नुपर्दछ ।
भर्ना मिति		बच्चाको भर्ना मिति (ग म सा) यस महलमा लेख्नुपर्दछ ।
भर्ना किसिम		बच्चाका अभिभावकलाई सोध्दै भर्नाको किसिम (आफैँ, प्रेषण) अनुसार गोलो चिन्ह लगाउनुपर्दछ ।
बुबा, आमा, जुम्ल्याहा		बच्चाका बुबा, आमा, जुम्ल्याहा भाइ/बहिनी भए/नभएको यकिन गरी सोहीअनुसार गोलो चिन्ह लगाउनुपर्दछ ।
पुनः रोगी भर्ना		बच्चा पुनः रोगी भई (२ महिनाभित्र) भर्ना भएमा सोहीअनुसार गोलो चिन्ह लगाउनुपर्दछ ।
नाप तौलको चार्ट	मिति	प्रत्येक मितिमा (ग म सा), बच्चाको उचाइ/लम्बाइ (से. मि.) र तौल (के.जी.) नापी सोही अनुसारका महलहरूमा लेख्नुपर्दछ । साथै उचाइ अनुसारको तौल (z- score) z-score टेबलको सहायताले यस महलमा लेख्नुपर्दछ ।
	उचाइ/लम्बाइ (से. मि.)	
	तौल (के.जी.)	
	उचाइअनुसारको तौल (z-score)	
	एम्.यु.ए.सी. (मि.मि.)	बच्चाको पाखुराको नाप सकिर टेप (एम्. यु. ए. सी. टेप) ले नापी यस महलमा मि.मि. मा लेख्नुपर्दछ ।
	दुवै खुट्टा सुन्निएका (० देखि +++)	सेवाग्राही बच्चा पोषणजन्य कारणले सुन्निएको छ/छैन भनी परीक्षणका लागि बच्चाका दुवै खुट्टा, हात, अनुहार जाँच गरी सुन्निएको नभएमा, ० वा सुन्निएको भए सोहीअनुसार + , ++ वा +++ , यस महलमा लेख्नुपर्दछ ।
तौल चार्ट		तौल चार्टको प्रत्येक खण्डले २० ग्राम तौल घटेको वा बढेको देखाउँछ । बच्चा सुन्निएको केसमा प्रारम्भिक बेलामा तौल घट्नु स्वभाविक हो । त्यसकारण ग्राफ सुरु गर्दा अन्तिमबाट सुरु गर्नु हुँदैन । बच्चाको माथि लिइएको दैनिक तौलअनुसार ग्राफको X–axis मा तौल उल्लेख गर्दै ग्राफ भर्नुपर्दछ ।
मिति		बच्चालाई उपचारात्मक दुध वा खाना सुरु गरेपछिको प्रत्येक दिनको मिति यस महलमा लेख्नुपर्दछ ।
खाना (F75/F100/RUTF)		बच्चालाई उपचारात्मक दुध वा खाना सुरु गरेको प्रकार अनुसार (F75/F100/RUTF) यस महलमा लेख्नुपर्दछ ।
मात्रा प्रतिदिन (मिलि वा प्याकेट)		बच्चालाई उपचारात्मक दुध वा खाना दिएको प्रकार अनुसार (F75/F100/RUTF), F75/F100 भए मिलि मा र RUTF भए प्याकेटमा यस महलमा लेख्नुपर्दछ ।
खानाको पटक प्रतिदिन		प्रत्येक दिन खुवाउने खाना (F75/F100/RUTF) को पटक यस महलमा लेख्नुपर्दछ ।
प्रतिखानाको मात्रा (दूध मात्र)		बच्चालाई F75/F100 दूध मात्र खान दिएको भएमा प्रति खानाको मात्रा मिलि मा यस महलमा लेख्नुपर्दछ ।
थप आइरन		बच्चालाई थप आइरन दिएको भएमा सोको मात्रा यस महलमा लेख्नुपर्दछ ।
उपचारात्मक खाना		प्रत्येक मितिको महल (Column) मा समय र खानाको महललाई ३ वटा खाली महलहरू (Row) दिइएका छन् । त्यस्ता समय र खानाको महल (Row) प्रत्येक मितिमा जम्मा १० वटा छन् । प्रत्येक पल्ट खाना दिंदा मितिअनुसार खाना दिएको समय (२४ घण्टा अनुसार) र प्रकार (F75/F100/RUTF) उल्लेख गर्दै मात्रा लिएर खाएअनुसार महलहरू (Row) भर्नुपर्दछ । जस्तै : पूरै मात्रा लिएर खाएमा ४ वटा X चिन्ह, ३/४ मात्रा लिएर खाएमा ३ वटा कोठामा X चिन्ह, १/२ मात्रा लिएर खाएमा २ वटा कोठामा X चिन्ह र १/४ मात्रा लिएर खाएमा १ वटा कोठामा X चिन्ह लगाउनुपर्दछ । बच्चालाई खुवाउँदा बच्चा अनुपस्थित/Absent भएमा A, बान्ता/Vomit गरेमा V, खान नमाने/ Refuse-R मा, ट्युब लगाएको भएमा NG र IV दिएमा IV लेख्दै महलहरू (Row) मा भर्नुपर्दछ । अन्य केही भएमा कैफियतमा लेख्नुपर्दछ ।

सर्वेक्षण तालिका	प्रत्येक मितिमा मिति (गते, महिना, साल) उल्लेख गर्दै बच्चाको दैनिक दिसाको पटक, बान्ताको पटक, जलवियोजन, खोकी, सेप्टिक सक, श्वास-प्रश्वास दर, Pulse rate, रक्त अल्पता, तापक्रम (बिहान,साँझ), र छाला सम्वन्धि रोग भएमा प्रोटोकल अनुसार सम्बन्धित महलहरूमा लेख्नुपर्दछ ।
नियमित औषधि	बच्चालाई भर्ना भएको पहिलो दिन भिटामिन ए र फोलिक एसिड दिइँदैन । बच्चालाई भिटामिन ए (मात्रा) र फोलिक एसिड दिएपछि मितिअनुसार सम्बन्धित महलहरूमा (ठीक) चिन्ह लेख्नुपर्दछ । साथै दिइएका एन्टिबायोटिकहरूको नाम उल्लेख गर्दै दिएको समय सम्बन्धित महलहरूमा लेख्नुपर्दछ । त्यस्तै गरी जुका नियन्त्रण (पुन:स्थापना काल) का औषधिहरू दिएमा सोको विवरण सम्बन्धित महलहरूमा लेख्नुपर्दछ ।
विशेष औषधि	विशेष औषधि विशेष केही एन्टिबायोटिक दिएमा सोको नाम उल्लेख गर्दै दिएको समय सम्बन्धित महलहरूमा लेख्नुपर्दछ । रिसोमोल दिएमा सोको मात्रा मि लि मा सोहीअनुसारका महलहरूमा लेख्नुपर्दछ । IV र रगत, NG लगाएमा सोको विवरण सम्बन्धित महलहरूमा लेख्नुपर्दछ ।
परीक्षणको नतिजा	Hb र PCV, मलेरिया, ग्लुकोज र क्षयरोग परीक्षणको नतिजा सोहीअनुसारका महलहरूमा लेख्नुपर्दछ ।
अवलोकन	अन्य केही अवलोकन भएमा यस महलमा लेख्नुपर्दछ ।
	बच्चाको कार्ड भए, नभएको हेरी सोहीअनुसारका महलहरूमा चिन्ह लगाउनुपर्दछ । बच्चालाई खोप लगाएअनुसारको मिति (गते, महिना, साल) सोहीअनुसारका महलहरूमा लेख्नुपर्दछ । अन्य खोप दिएमा सोको विवरण सम्बन्धित महलहरूमा लेख्नुपर्दछ । डिस्चार्जपश्चात् डिस्चार्ज मिति (गते, महिना, साल) र हस्ताक्षर सोहीअनुसारको महलहरूमा लेख्नुपर्दछ । साथै स्वास्थ्य शिक्षा दिएको मिति (गते, महिना, साल) र हस्ताक्षर, भिटामिन ए दिए, नदिएको, खोपको मात्रा पुगे, नपुगेको र डिस्चार्जको बेलामा स्तनपान गरिरहेको छ, छैन यकिन गरी सोहीअनुसारका महलहरूमा लेख्नुपर्दछ ।

३. परिवार स्वास्थ्य

3. Family Health

HMIS 3.1: परिवार नियोजन सेवा कार्ड

HMIS 3.2: पिल्स, डिपो सेवा रजिस्टर

HMIS 3.3: आई.यु.सी.डी. र इम्प्लान्ट सेवा रजिस्टर

HMIS 3.4: परिवार नियोजन स्थायी (बन्ध्याकरण) सेवा रजिस्टर

HMIS 3.5: मातृ तथा नवशिशु स्वास्थ्य कार्ड

HMIS 3.6: मातृ तथा नवशिशु स्वास्थ्य सेवा रजिस्टर

HMIS 3.7: सुरक्षित गर्भपतन सेवा रजिस्टर

HMIS 3.1: परिवार नियोजन सेवा कार्ड (Face Sheet)

परिवार नियोजन सेवा अपनाउने सेवाग्राहीहरूको व्यक्तिगत विवरणको अभिलेख राख्न यस कार्डको प्रयोग गरिन्छ । परिवार नियोजन सेवा प्रदान गर्दा भरिएको परिवार नियोजन सेवा कार्ड (फेस सिट) को पहिलो प्रति (पहेंलो रङको) मासिक प्रतिवेदनसँगै जिल्ला जन/स्वास्थ्य कार्यालयमा पठाउनुपर्दछ । कार्डको दोस्रो प्रति सेवा दिने संस्थामा नै राख्नुपर्दछ । यसै कार्डबाट जिल्ला जन/स्वास्थ्य कार्यालयले परिवार नियोजन साधन प्रयोगकर्ताको व्यक्तिगत विवरणका साथै अन्य विविध पक्षको विश्लेषण गर्न सक्दछ ।

नोट : सेवाग्राहीले परिवार नियोजनका कुनै पनि साधन पहिलो पटक सुरु गर्दा र लिइरहेको प.नि. साधन बीचमा १ वर्षभन्दा बढी समयसम्म छोडी पुनः सोही सेवा लिन आउँदा समेत यो कार्ड अनिवार्य रूपमा भर्नुपर्दछ । सेवाग्राहीहरूको विस्तृत विवरणको विश्लेषणका लागि जिल्ला जन/स्वास्थ्य कार्यालयलाई यस कार्डको आवश्यकता पर्ने भएकोले प.नि. सेवा प्रदानका क्रममा भरिएका फेस सिटहरूको पहिलो प्रति अनिवार्य रूपमा मासिक प्रतिवेदनसँगै जिल्ला/जन/स्वास्थ्य कार्यालयमा पठाउनु पर्दछ ।

सेवाग्राहीलाई सेवा दिनुभन्दा पहिले निजको चिकित्सा सम्बन्धी विवरण जाँच-परीक्षण गरी अद्यावधिक गरेपछि मात्र सम्बन्धित साधन उपलब्ध गराउन मिल्ने वा नमिल्ने निर्क्योल गरी सेवाग्राहीको व्यक्तिगत विवरणहरू भर्नुपर्दछ ।

कार्डको नमुना :


नेपाल सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य सेवा विभाग
स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली
परिवार नियोजन सेवा कार्ड

दर्ता नम्बर: | दर्ता मिति: गते महिना साल
स्वास्थ्य संस्थाको नाम | जिल्ला
सेवा लिने व्यक्तिको ठेगाना: जिल्ला | नगर/गाउँपालिका | वडा नं.

विवरण	नाम र थर	जाती कोड	उमेर	शिक्षा	पेशा
सेवाग्राहीको					
पति/पत्नीको					

हाल सम्मको जन्म सम्बन्धी विवरण

जीवित जन्म संख्या	हाल जीवित बच्चाहरूको उमेर (कम देखि बढी उमेरसम्म क्रमशः उल्लेख गर्ने)					कैफियत
छोरीहरू						
छोराहरू						

आखिरी रजस्वला भएको मिति: गते महिना साल

विगतमा परिवार नियोजन साधनको प्रयोग (✓)
पिल्स | डिपोप्रोभेरा | आई.यू.सी.डी | इम्प्लान्ट | अन्य | नगरेको

पहिले प्रयोग गरेको साधन छोड्नुको कारण (✓)
बच्चा जन्माउन | शारीरिक समस्या भएर | आवश्यक नभएर | अन्य (खुलाउने)

चिकित्सा सम्बन्धी विवरण (हर्मोनल साधन लिने सेवाग्राहीका लागि) गोलो घेरा लगाउनुहोस् ।

१. छाती सुन्निने र टिटो टिटो सास चल्ने रोग	छ	छैन	६. कमलपित्त रोग लागेको	छ	छैन
२. गर्भावस्थामा छाती सुन्निने र दुख्ने रोग लागेको	थियो	थिएन	७. चिनीको रोग भएको	छ	छैन
३. रजस्वला मासिक रुपमा	हुन्छ	हुँदैन	८. बेल्करी टाउको दुख्ने	छ	छैन
४. दुई रजस्वला बीच रक्तस्राव	हुन्छ	हुँदैन	९. स्तनमा गाँठा गुठी	छ	छैन
५. रजस्वला अवधिमा रक्तस्रावको परिमाण	धेरै	थोरै	सामान्य		

चिकित्सा सम्बन्धी विवरण (आई.यू.सी.डी.का लागि) गोलो घेरा लगाउनुहोस् ।

१. तलको पेट दुख्ने समस्या	छ	छैन
२. गाह्रोसँगे पानी बग्ने समस्या	छ	छैन
३. तीन महिना यता पाठेघर सम्बन्धी संक्रमणको उपचार गरेको	छ	छैन

आकस्मिक गर्भ निरोधको लागि प्रयोग गर्न लागेको भए निम्न विवरण भर्नुहोस्:
१. असुरक्षित यौन सम्पर्क भएको मिति (गते/महिना/साल) | ग | म | सा
२. अब प्रयोग गर्न चाहेको साधन:

हाल प्रयोग गर्न लागेको साधन

साधनको नाम	सुरु गरेको मिति			सेवा प्रदान गर्नेको नाम र थर	दस्तखत	कैफियत
	ग	म	सा			

अनुगमन, परीक्षण, उपचार र सल्लाह

सेवा लिएको मिति			शिकायत/निदान	उपचार/सल्लाह/सुझाव	फर्केर आउने मिति		
ग	म	सा			ग	म	सा

अनुगमन, परीक्षण, उपचार र सल्लाह

सेवा लिएको मिति			शिकायत/निदान	उपचार/सल्लाह/सुझाव	फर्केर आउने मिति		
ग	म	सा			ग	म	सा

Prior FY 2074/75

कार्ड भर्ने तरिका :

शीर्षक	निर्देशन
दर्ता नम्बर	परिवार नियोजनको साधन प्रयोग गर्दा सेवा रजिस्टरमा दर्ता गरेको सेवा दर्ता नम्बर लेख्नुपर्दछ ।
दर्ता मिति	दर्ता गरेको दिनको मिति (ग/म/सा) लेख्नुपर्दछ ।
स्वास्थ्य संस्थाको नाम	सेवा प्रदान गर्ने स्वास्थ्य संस्थाको नाम लेख्नुपर्दछ ।
जिल्ला	स्वास्थ्य संस्था अवस्थित रहेको जिल्लाको नाम लेख्नुपर्दछ ।
सेवा लिने व्यक्तिको ठेगाना	सेवा लिने व्यक्तिको पूरा ठेगाना (जिल्ला, नगर/गाउँपालिका र वडा नं.) लेख्नुपर्दछ ।

शीर्षक	निर्देशन
सेवाग्राहीको विवरण	सेवा लिने व्यक्तिको नाम, थर, उमेर, शैक्षिक योग्यता र पेसाको विवरण सम्बन्धित महलमा लेख्नुपर्दछ ।
पति पत्नीको बिबरण	सेवा लिने व्यक्तिको पति/पत्नीको नाम, थर, उमेर, शैक्षिक योग्यता र पेसाको विवरण सम्बन्धित महलमा लेख्नुपर्दछ । महिलाले पतिको नाम भन्न नचाहेमा– चिन्ह दिनुपर्दछ ।
हालसम्मको जन्मसम्बन्धी विवरण	परिवार नियोजन सेवा लिन आएका सेवाग्राहीको हालसम्म जीवित जन्मेका छोरी र छोराहरूको सङ्ख्या लेखी हाल जीवित रहेका बच्चाहरूको उमेर (कम उमेरदेखि बढी उमेरसम्म क्रमशः) पूरा गरेको वर्षमा लेख्नुपर्दछ । अन्य केही भए कैफियत महलमा लेख्नुपर्दछ ।
विगतमा परिवार नियोजन साधनको प्रयोग	विगतमा प.नि. साधन (पिल्स/डिपो/आईयुसीडी/नरप्लान्ट/इम्प्लान्ट कुनै साधन) प्रयोग गरेको भए सम्बन्धित कोठामा (√) चिन्ह लगाउने र सोबाहेक अन्य साधन प्रयोग गरेको भए अन्यको महलमा प्रयोग गरेको साधनको नाम लेख्नुपर्दछ । विगतमा कुनै पनि साधन प्रयोग नगरेको भए "नगरेको" कोठामा (√) चिन्ह लगाउनुपर्दछ ।
पहिले प्रयोग गरेको साधन छोड्नुको कारण	अहिले प्रयोग गर्न लागेको साधनभन्दा पहिले यदि सेवाग्राहीले परिवार नियोजनका अन्य साधन प्रयोग गरेको भए के कारणले पहिले लिएको साधन प्रयोग गर्न छाडेको हो, सम्बन्धित कोठामा (√) चिन्ह लगाउने र साथै उल्लिखितभन्दा फरक कारणहरू भए अन्यको महलमा साधन छोड्नुको कारण लेख्नुपर्दछ ।
चिकित्सासम्बन्धी विवरण (हर्मोनल साधन लिने सेवाग्राहीका लागि)	चिकित्सासम्बन्धी विवरणको प्रत्येक नम्बरको समस्या (रोग) बारे सोधेर, हेरेर वा परीक्षण गरेर सेवाग्राहीलाई उक्त समस्या भए/नभएको निश्चित गरी सोहीअनुसार सम्बन्धित महलमा घेरा लगाउनुपर्दछ ।
चिकित्सासम्बन्धी विवरण (आईयुसीडी) साधन लिने सेवाग्राहीका लागि)	चिकित्सासम्बन्धी प्रत्येक नम्बरको समस्या (रोग) बारे सोधेर वा परीक्षण गरेर भएको वा नभएको सोहीमा घेरा लगाउनुपर्दछ ।
आकस्मिक गर्भनिरोध चक्की प्रयोग गर्न आएका सेवाग्राहीहरूलाई सोध्ने :	
असुरक्षित यौन सम्पर्क भएको मिति	असुरक्षित यौन सम्पर्क भएको गते, महिना, साल लेख्नुपर्दछ ।
हाल प्रयोग गर्न लागेको साधन	सेवाग्राहीले अहिले परिवार नियोजनको कुन साधन लिन लागेको हो (पिल्स/डिपो /आईयुसीडी/इम्प्लान्ट/मिनिल्याप/भ्यासेक्टोमी/आकस्मिक गर्भनिरोध चक्की भए) सो साधनको नाम सम्बन्धित महलमा लेखी सो साधन सुरु गरेको मिति (ग/म/सा) उल्लेख गर्नुपर्दछ । साथै सेवा प्रदान गर्ने सेवाप्रदायकको नाम, थर सम्बन्धित महलमा लेखी अनिवार्य रूपमा सेवा प्रदायकको दस्तखत गर्नुपर्दछ । अन्य केही खुलाउनुपर्ने भएमा कैफियत महलमा उल्लेख गर्नुपर्दछ ।
अनुगमन, परीक्षण, उपचार र सल्लाह	परिवार नियोजनको सेवा लिइरहेका सेवाग्राहीहरू एउटै साधनका लागि पटक-पटक सेवा लिन आउने हुँदा स्वास्थ्य संस्थामा रहने परिवार नियोजन सेवा कार्डको पछाडीको भागमा अनुगमनको विवरण अद्यावधिक गर्नुपर्दछ ।
मिति	प्रत्येक पटक दोहोऱ्याएर सोही साधन लिन आएका सेवाग्राहीहरू सम्पर्क गर्न आएको मिति लेख्नुपर्दछ ।
सिकायत/निदान	प.नि. सेवा लिएको व्यक्तिको कुनै समस्या वा सिकायत भए सोको विवरण यस महलमा लेख्नुपर्दछ । परिवार नियोजनका लागि फेस सिट कार्ड प्रयोग गरिएको अवस्थामा निदान विवरणमा रक्तचाप र तौल अनिबार्य राख्नुपर्दछ ।
उपचार/सल्लाह/सुझाव	सेवा प्रदान गर्दा सेवाग्राहीहरूलाई दिइएको उपचार, परिमाण (पिल्स साइकल, डिपो मात्रा आदि) र दिईएको परामर्श खुल्ने गरी लेख्नुपर्दछ ।
फर्केर आउने मिति	सेवा लिने व्यक्ति पुनः सेवाका लागि कहिले आउनुपर्ने हो, सो मिति स्पष्ट उल्लेख गर्नुपर्दछ र स्वास्थ्य सेवा कार्डमा समेत उल्लेख गर्नुपर्दछ ।

अभ्यास ३.१: अभ्यास ४.१ ग की जमुना सार्कीको परिवार नियोजन सेवा कार्ड भर्नुहोस् । निजको ९ महिनाकी १ छोरी छन् ।

HMIS 3.2: पिल्स, डिपो सेवा रजिस्टर (Pills, Depo Service Register)

परिवार नियोजनका अस्थायी साधनको प्रयोगकर्ताले अपनाएको साधन, अपनाएको अबधि, साधन प्रयोग गर्न छोडेको अभिलेख राखी कुनै पनि समयमा नयाँ तथा लगातार प्रयोगकर्ताको सङ्ख्या र अन्य विवरणको अभिलेख राख्ने प्रयोजनका लागि यस रजिस्टरको प्रयोग गरिन्छ । सेवाग्राहीलाई एक पटक यस रजिष्टरमा दर्ता गरेपछि ३ वर्ष सम्मका लागि उक्त सेवाग्राहीको प.नि सेवा सम्बन्धी विवरण यस रजिस्टरमा अभिलेख गर्न सकिन्छ ।

नोट : परिवार नियोजनको "पिल्स वा डिपो" अस्थायी साधन अपनाउने भए यस रजिस्टरमा अभिलेख राखी सेवा प्रदान गर्नुपर्दछ । प्रत्येक वडाका लागि छुट्टाछुट्टै पाना प्रयोग गर्नुपर्दछ । वडाअनुसार छुट्याइएका पानामध्ये सेवाग्राहीको सङ्ख्याअनुसार साधनका लागि पाना छुट्याउनुपर्दछ । जुन प्रयोजनका लागि ती छुटयाइएका पानाहरु प्रयोग भएका हुन्, त्यो पिल्स हो कि डिपो, पानाको शिरमा दिइएका विकल्पहरुमा चिन्ह लगाउनुपर्दछ । अन्य नगर/गाउँपालिकाका सेवाग्राहीहरूका लागि छुट्टै पाना प्रयोग गरी वडामा अन्य लेख्नुपर्दछ । सम्बन्धित संस्थाको कायम रहेको कार्यक्षेत्रभन्दा बाहिरका सेवाग्राहीहरूको सङ्ख्या अधिक हुने स्वास्थ्य संस्थाले अन्य स्थानबाट आउने सेवाग्राहीहरूको लागि मात्र छुट्टै रजिस्टर प्रयोग गर्न सकिनेछ । यो रजिष्टर स्वास्थ्य संस्थामा राखिन्छ । गाउँघर क्लिनिकमा दिइएको परिवार नियोजन (डिपो/पिल्स) को सेवाको विवरण गाउँघर क्लिनिक सकिएपछि संस्थामा रहेको यस रजिस्टरको सम्बन्धित वडामा अद्यावधिक गर्नुपर्दछ । महिला स्वास्थ्य स्वयंसेविकाले वितरण गरेको पिल्सको विवरण प्रत्येक महिनाको म.स्वा.स्व.से.को प्रतिवेदन सङ्कलन गर्ने समयमा कस-कसलाई वितरण गरेको हो, सोको नामावली सहितको विवरण सङ्कलन गरी यस रजिस्टरको सम्बन्धित महलमा अनिवार्य रूपमा अद्यावधिक गरी सेवाको निरन्तरता जनाउनुपर्दछ ।

रजिस्टरको नमुना :

HMS 32

परिवार नियोजनको अस्थायी साधन

वार्ड नं.		वडा जनसंख्याः		पिल्स		डिपो		प्रजनन उमेरका महिला संख्याः

मूल दर्ता नं.	सेवा दर्ता नम्बर	मिति			प्रयोगकर्ता किसिम		सेवाग्राहीको		जाति कोड*	गाउँ टोल	सम्पर्क नं.	उमेर (वर्ष)		पतिको नाम थर (ऐच्छिक)
		ग	म	सा	नयाँ	पुरानो	नाम	थर				<२०	≥२०	
१	२	३	४	५	६	७	८	९	१०	११	१२	१३	१४	१५
जम्मा														नयाँ प्रयोगकर्ता
														हाल अपनाईरहेका
														Discontinued
														साधन खर्च (साइकल/डोज)

HMIS

(पिल्स तथा डिपो) सेवा रजिष्टर

२०७... /७...		२०७... /७...		२०७... /७...	

आ. ब. २०७... /७...												आ. ब. २०७... /७...												आ. ब. २०७... /७...											
श्रावण	भाद्र	आश्विन	कार्तिक	मंसिर	पुस	माघ	फागुन	चैत	बैशाख	जेष्ठ	आषाढ	श्रावण	भाद्र	आश्विन	कार्तिक	मंसिर	पुस	माघ	फागुन	चैत	बैशाख	जेष्ठ	आषाढ	श्रावण	भाद्र	आश्विन	कार्तिक	मंसिर	पुस	माघ	फागुन	चैत	बैशाख	जेष्ठ	आषाढ
१६	१७	१८	१९	२०	२१	२२	२३	२४	२५	२६	२७	२८	२९	३०	३१	३२	३३	३४	३५	३६	३७	३८	३९	४०	४१	४२	४३	४४	४५	४६	४७	४८	४९	५०	५१

रजिस्टर भर्ने तरिका :

वडा नं.: पिल्स, डिपो सेवा रजिस्टरको शिरमा कुन वडाको अभिलेख राख्न छुट्याइएको हो, सोही वडाको नम्बर लेख्नुपर्दछ ।

वडाको जनसङ्ख्या : यस महलमा सम्बन्धित वडाको जम्मा जनसङ्ख्या लेख्नुपर्दछ ।

प्रजनन् उमेरका महिला सङ्ख्या : यस महलमा सम्बन्धित वडाको प्रजनन् उमेर (१५-४९बर्ष) का महिला सङ्ख्या लेख्नुपर्दछ ।

महल नं.	महल शीर्षक		निर्देशन
१	मूल दर्ता नं.		मूल दर्ता रजिस्टरमा दर्ता गरि प्रदान गरिएको मूल दर्ता नम्बर यस महलमा लेख्नुपर्दछ । यदि पहिलो पटक गाउँघर क्लिनिकबाट सेवा लिएको भए यस रजिस्टरमा अद्यावधिक गर्दा यस महलमा ORC लेख्नुपर्दछ ।
२	सेवा दर्ता नम्बर		सेवाग्राहीलाई पिल्स/डिपो सेवा रजिस्टरमा दर्ता गरिएको सेवा दर्ता नम्बर यस महलमा लेख्नुपर्दछ । यस संस्थामा पहिलो पटक सेवा लिन आउने सेवाग्राहीलाई क्रमश दर्ता गरी नयाँ दर्ता नम्बर दिइन्छ । पहिले यसै संस्थाबाट सेवा लिई लामो समयसम्म सेवाबाट अनियमित भई पुनः सोही सेवा लिन आएमा उक्त सेवाग्राही प्रयोगमा रहेको सेवा रजिस्टरमा दर्ता भएको भए सोही स्थानमा सेवाको विवरण चढाउनुपर्दछ र प्रयोगमा रहेको रजिस्टरमा दर्ता नदेखिएमा क्रमशः दर्ता गरी सेवा दर्ता नम्बर प्रदान गर्नुपर्दछ । एक आ.ब सम्मकालागि गा.पा/न.पा/उ.म.न.पा/म.न.पा का हकका वडाअनुसार छुटाछुटै सेवा दर्ता नम्बर १ बाट सुरु गर्नु पर्दछ । तर अस्पतालको हकमा वडा अनुसार अलग अलग नगरी कमस दर्ता नम्बर राख्नु पर्दछ ।
३-५	मिति		यस महलमा सेवाग्राहीलाई दर्ता गर्दाको दिनको मिति गते, महिना, सालमा लेख्नुपर्दछ ।
६-७	प्रयोगकर्ता किसिम	नयाँ	नयाँ प्रयोगकर्ताहरूको क्रम सङ्ख्या हरेक महिनामा १ वाट सुरु गरी क्रमशः लेख्दै जानुपर्दछ ।
		पुरानो	यदि सेवाग्राहीले पहिले लिएको सेवा वीचमा छोडी सोही सेवाको लागि आएमा वा पहिले लिएको सेवा निरन्तरताका लागि आएमा वा संस्था परिवर्तन गरी सोही सेवाको लागि आएको भए त्यस्ता सेवाग्राहीलाई पुराना सेवाग्राही मानी यस महलमा (√) चिन्ह लगाउनुपर्दछ ।

महल नं.	महल शीर्षक	निर्देशन
८, ९	सेवाग्राहीको नाम थर	सेवाग्राहीको नाम र थर छुट्टाछुट्टै महलमा लेख्नुपर्दछ ।
१०	जाति कोड	यस महलमा सेवा लिने व्यक्तिको जातजाति यकिन गरी रजिस्टरमा उल्लेख भएको जुन जाति समूहमा पर्दछ, त्यही समूहको कोड नम्बर लेख्नुपर्दछ । जस्तै ०१, ०२, ...०६ ।
११	ठेगाना (गाउँ/टोल)	सेवाग्राहीको गाउँ टोलको नाम उल्लेख गर्ने । अन्य गा.पा./न.पा./उ.म.न.पा./म.न.पा. को सेवाग्राहीको हकमा जिल्ला, गा.पा./न.पा./उ.म.न.पा./म.न.पा.समेत उल्लेख गर्नुपर्दछ ।
१२	सम्पर्क नम्बर	यस महलमा सेवाग्राही वा निजको नजिकको व्यक्ति को सम्पर्क फोन नम्बर लेख्नुपर्दछ ।
१३, १४	उमेर (<२० वर्ष, ≥२० बर्ष)	सेवाग्राहीको उमेर २० वर्षमुनि, २० वर्ष वा सोभन्दा माथि जुन उमेर समूहमा पर्दछ, सोही महलमा पूरा गरेको उमेर वर्षमा लेख्नुपर्दछ । जस्तै : कुनै सेवाग्राही १९ वर्ष १० महिनाको भएमा उनको उमेर २० वर्षमुनिको महलमा १९ मात्र उल्लेख गर्ने ।
१५	पतिको नाम थर (ऐच्छिक)	यस महलमा सेवाग्राही महिलाको पतिको नाम लेख्नुपर्दछ । यदि महिलाले पतिको नाम भन्न नचाहेमा – चिन्ह दिनुपर्दछ । महिला अविवाहित भए यो सोध्नु हुदैन ।
आ. व. २०७.../७..... पिल्स		सेवाग्राही पिल्स प्रयोगकर्ता भएमा सेवा लिन आएको महिनाको महलमा सेवाग्राहीलाई दिएको पिल्स साइकल र सेवा लिन आएको गते लेख्नुपर्दछ । यसको अभिलेख गर्दा पिल्सको साइकल सङ्ख्या लेखी त्यसपछि slash (/) गरी सेवा दिएको गते लेख्नुपर्दछ । दिइएको पिल्स साइकल जुन महिनासम्मका लागि पुग्दछ, सो महिनामा डट (.) चिन्ह लगाउनुपर्दछ । जस्तै : कुनै सेवाग्राहीलाई श्रावण महिनाको १५ गते ३ साइकल पिल्स दिएको भए श्रावण महिनाको सम्बन्धित महलमा ३/१५ लेख्नुपर्दछ । दिइएको ३ साइकल पिल्स कार्तिक महिनासम्म पुग्दछ । त्यसैले भाद्र र आश्विन महिनाको महलमा √ चिन्ह लगाउनुपर्दछ र कार्तिक महिनाको महलमा डट (.) चिन्ह लगाउनु पर्दछ ।
आ. व. २०७...../७..... डिपो		सेवाग्राही डिपो प्रयोगकर्ता भएमा सेवा लिन आएको महिनाको महलमा सेवा लिन आएको गते लेख्नुपर्दछ । दिइएको डिपो जुन महिनासम्मका लागि प्रभावकारी रहन्छ, सो महिनासम्म √ चिन्ह लगाउनुपर्दछ र सेवा निरन्तरताको लागि पुनः आउनुपर्ने महिनामा डट चिन्ह लगाउनुपर्दछ । जस्तै : असारको १५ गते दिइएको डिपो असोज महिनासम्म पुग्दछ । त्यसैले असार महिनामा १५ लेखी श्रावण र भाद्र महिनाको महलमा √ चिन्ह लगाउनु पर्दछ र असोज महिनाको सम्बन्धित कोठामा डट (.) लगाउनु पर्दछ ।
नोट : यदि सेवाग्राही सेवाको निरन्तरताको लागि आउनुपर्ने तोकिएको महिनामा सेवा लिन नआएमा डट (.) चिन्ह लगाएको कोठामा "D" (Discontinued) लेखी सेवाको निरन्तरता नभएको जनाउनुपर्दछ ।		
जम्मा		पिल्स वा डिपोका नयाँ प्रयोगकर्ता, हाल प्रयोगकर्ता, (पुरानो सेवाग्राही पुनः सोही सेवा लिन आएका वा अन्य संस्थाबाट स्थानान्तरण भई यस संस्थामा पहिलो पटक आएका समेत) र सेवामा नियमित नभएका सङ्ख्या तालिकाको मुनि दिएको जम्मा भन्ने हरफमा लेख्नुपर्दछ ।
नयाँ प्रयोगकर्ता		यस महिनामा पहिलो पटक यो साधन सुरु गरेका सेवाग्राहीहरूको सङ्ख्या प्रयोगकर्ताको किसिम नयाँ भन्ने महलको क्र.सं. अनुसार गणना गरी यस महलमा लेख्नुपर्दछ ।
हाल अपनाइरहेका		यस महिनामा दर्ता भएका नयाँ प्रयोगकर्ता, यस महिनामा साधन लिन आएका पुराना प्रयोगकर्ताहरू र यस महिनामा √ चिन्ह लागेका सबैलाई हाल प्रयोगकर्ता मानी प्रत्येक पेजको यस महलमा जम्मा सङ्ख्या लेख्नुपर्दछ ।
Discontinued		सम्बन्धित महिनाको अन्तिम दिनसम्म सेवामा निरन्तरता नभएका वा **D** उल्लेख भएका जम्मा संख्या यस महलमा लेख्नुपर्दछ ।
साधन खर्च (साइकल/डोज)		सेवाग्राहीहरूलाई यस महिनामा वितरण गरेको पिल्स सङ्ख्या (साइकल) र लगाएको डिपो (डोज) गणना गरी जम्मा सङ्ख्या लेख्नुपर्दछ ।
साधन परिवर्तन अभिलेख		कुनै प्रयोगकर्ताले एउटा साधन प्रयोग गर्न छाडी अर्को साधन प्रयोग गर्न लागेमा प्रयोग गर्न छाडेको साधनका बाँकी कोठाहरूमा कुन साधन प्रयोग गर्न लागेको हो, सो साधनको नाम र निजले प्रयोग गर्न लागेको नयाँ साधनको दर्ता नम्बर जनाउनुका साथै सेवाग्राहीले हाल लिन लागेको साधनको सम्बन्धित पानामा नयाँ साधनको विवरण लेखी सम्बन्धित महिनाभन्दा पहिलेका महलमा प्रयोग गर्न छाडेको साधन र दर्ता नम्बर जनाउनुपर्दछ । प्रयोगकर्ताले हाल प्रयोग गर्न लागेको साधन पहिलो पटक प्रयोग गर्न लागेको भए नयाँ प्रयोगकर्ताको रूपमा अभिलेख राख्नुपर्दछ ।

महल नं.	महल शीर्षक	निर्देशन
	स्थानान्तरण	यदि कुनै प्रयोगकर्ताले अर्को कुनै स्वास्थ्य संस्थाबाट सोही साधन लिन चाहेमा प्रेषण/स्थानान्तरण पुर्जा (HMIS-1.4) सहित स्थानान्तरण गरी पठाउनुपर्दछ र रजिस्टरका बाँकी कोठाहरूमा स्थानान्तरण भई गएको संस्थाको नाम लेख्नुपर्दछ । अन्य स्वास्थ्य संस्थाहरुबाट प्रेषित भई आएका सेवाग्राहीलाई ***पुरानो प्रयोगकर्ता*** मानी सम्बन्धित सेवाको लागि छुट्टाइएको पानामा दर्ता गरी सेवा उपलब्ध गराउनुपर्दछ र साथै सम्बन्धित महिनाभन्दा पहिलेका महलमा कुन संस्थाबाट स्थानान्तरण भई आएको हो, सो संस्थाको नाम लेख्नुपर्दछ ।

HMIS 3.3: आईयुसीडी/इम्प्लान्ट सेवा रजिस्टर
(IUCD/Implant Service Register)

स्वास्थ्य संस्थामा र घुम्ती शिविरमा IUCD/Implant राखेको र झिकेको विवरणको अभिलेख राख्न यस रजिस्टरको प्रयोग गरिन्छ । स्वास्थ्य संस्था र घुम्ती शिविरबाट परिवार नियोजनका साधन (आईयुसीडी/इम्प्लान्ट) अपनाएको, उक्त साधन झिकेको र छाडेको अभिलेख राखी कुनै पनि समयमा लगातार प्रयोगकर्ताको सङ्ख्या र अन्य विवरणको अभिलेख राख्ने प्रयोजनका लागि यस रजिस्टरको आवश्यकता परेको हो । यसका साथै परिवार नियोजनका अस्थायी प्रयोगकर्तासम्वन्धी प्रतिवेदन तयार गर्न समेत यसको आवश्यकता पर्दछ । यस रजिस्टरमा दर्ता गरिएका सेवाग्राहीहरूलाई साधन नझिकेसम्म हाल प्रयोगकर्ताको रूपमा प्रतिवेदन गर्नुपर्ने हुनाले यस रजिस्टरलाई सुरक्षित गरी राख्नुपर्दछ ।

नोट : परिवार नियोजनको IUCD र Implant सेवा लिने सेवाग्राहीको अभिलेख यस रजिस्टरमा राख्नुपर्दछ । प्रत्येक वडाका लागि छुट्टाछुट्टै पाना प्रयोग गर्नुपर्दछ । वडाका लागि छुट्चाइएका पानाहरूमध्ये आईयुसीडी र इम्प्लान्ट साधनको प्रयोगकर्ता सङ्ख्या अनुसार IUCD र Implant सेवाका लागि यस रजिस्टरमा पानाहरू छुट्याउनुपर्नेछ । जुन प्रयोजनका लागि ती छुट्चाइएका पानाहरू प्रयोग भएका हुन्छन्, त्यो IUCD हो कि Implant हो ? पानाको शिरमा दिइएका विकल्पहरूमा √ चिन्ह लगाउनुपर्दछ । अन्य नगर/गाउँपालिकाका सेवाग्राहीहरूलाई सेवा दिएको अभिलेख राख्नका लागि यसै रजिस्टरको अन्ततिरबाट आवश्यक पानाहरू छुट्चाई ती पानाका महलहरूमा जिल्ला, नगर/गाउँपालिकाको विवरण राख्नुपर्दछ । सम्बन्धित संस्थाको कार्यक्षेत्रभन्दा बाहिरका सेवाग्राहीहरूको सङ्ख्या अधिक हुने स्वास्थ्य संस्थाले मात्र अन्य नगर/गाउँपालिकाका लागि छुट्टै रजिस्टरसमेत प्रयोग गर्न सक्नेछन् ।

रजिस्टरको नमुना :

HMIS 3.3

परिवार नियोजनको अस्थायी साधन

वार्ड नं. | वडा जनसंख्याः | आ.यू.सी.डी | इम्प्लान्ट

मुल दर्ता नं.	सेवा दर्ता नम्बर	मिति			क्र.सं. (नयाँ प्रयोगकर्ता)	सेवाग्राहीको		जाति कोड*	ठेगाना	सम्पर्क नं.	उमेर (बर्ष)		पतिको नाम र थर (ऐच्छिक)
		ग	म	सा		नाम	थर		गाउँ/टोल		< २०	≥ २०	
१	२	३	४	५	६	७	८	९	१०	११	१२	१३	१४

HMIS 3.3

आ.यू.सी.डी. तथा इम्प्लान्ट सेवा रजिष्टर

प्रजनन उमेरका महिला संख्याः | २०७... कि... | २०७... कि... | २०७... कि...

साधन राख्दाको अवस्था		प्रभावकारी रहने अनिश्चित मिति			साधन राख्ने स्वास्थ्यकर्मीको		साधन झिकिएको विवरण (साधन झिक्ने भएमा)												कैफियत
							राखिएको मिति			राख्नेको संस्थाको नाम		झिकेको मिति			झिक्नुको कारण	साधन झिक्ने स्वास्थ्यकर्मीको			
सुत्केरी भएको ४८ घण्टा भित्र	अन्य	ग	म	सा	नाम	पद	ग	म	सा	यहि	अन्य (नाम)	ग	म	सा		नाम, पद	सहि		
१५	१६	१७	१८	१९	२०	२१	२२	२३	२४	२५	२६	२७	२८	२९	३०	३१	३२	३३	
१	२																		
१	२																		

रजिस्टर भर्ने तरिका :

वडा नं. : रजिस्टरको शिरमा यी पानाहरू स्वास्थ्य संस्था रहेको गा.पा./न.पा./उ.म.न.पा./म.न.पा.को कुन वडाको अभिलेख राख्न छुट्टयाइएको हो, सोही वडाको नम्बर लेख्नुपर्दछ ।

वडाको जनसङ्ख्या : यस महलमा सम्बन्धित वडाको जम्मा जनसङ्ख्या लेख्नुपर्दछ ।

प्रजनन उमेरका महिला सङ्ख्या : यस महलमा सम्बन्धित वडाको प्रजनन उमेरका १५ देखि ४९ वर्षका सबै महिलाहरूको सङ्ख्या लेख्नुपर्दछ ।

महल नं.	महल शीर्षक		निर्देशन
१	मूल दर्ता नं.		मूल दर्ता नम्बरमा दर्ता गरिएको नम्बर यस महलमा लेख्नुपर्दछ ।
२	सेवा दर्ता नं.		यस IUCD/Implant सेवा रजिस्टरमा दर्ता गरिएको सेवा दर्ता नम्बर यस महलमा लेख्नुपर्दछ । गा. पा/न.पा/उ.म.न.पा/म.न.पा का हकमा वडा अनुसार छुटाछुटै दर्ता. १ बाट सुरु गर्नु पर्दछ । तर अस्पतालको हकमा वडाअनुसार अलग अलग नगरी क्रमश दर्ता नम्बर राख्नु पर्दछ ।
३-५	मिति		सेवा प्रदान गरेको दिनको मिति गते, महिना,सालमा लेख्नुपर्दछ ।
६	नयाँ प्रयोगकर्ताको क्र. सं.		हरेक महिना नयाँ प्रयोगकर्ताको क्रम सङ्ख्या १ बाट सुरु गरी क्रमशः राख्दै जानुपर्दछ । यदि सेवाग्राही सोही परिवार नियोजनको साधन (आईयुसीडी वा इम्प्लान्ट) पुनः लिन आएको भए यस महलमा (-) चिन्ह लगाउनुपर्दछ ।
७, ८	सेवाग्राहीको नाम, थर		सेवाग्राहीको नाम र थर यस कोठाका सम्वन्धित महलमा लेख्नुपर्दछ ।
९	जाति कोड		सेवा लिने व्यक्तिको जाति यकिन गरी रजिस्टरमा उल्लेख भएको जुन जाति समूहमा पर्दछ, त्यही समूहको कोड नम्बर लेख्नुपर्दछ । (जस्तैः ०१, ०२, ...०६) ।
१०	ठेगाना गाउँ/टोल		सेवा लिन आउने सेवाग्राहीको हालको ठेगाना गाउँ/टोलको नाम यस महलमा लेख्नुपर्दछ । कार्यक्षेत्रभन्दा बाहिर अन्य क्षेत्रबाट सेवा लिन आएका सेवाग्राहीहरूका हकमा यस महलमा जिल्ला, गा.पा./न.पा./उ.म.न.पा./म.न.पा.को विवरण लेख्नुपर्दछ ।
११	सम्पर्क नं.		सेवाग्राही वा निजको नजिकको व्यक्तिको सम्पर्क फोन नम्बर लेख्नुपर्दछ ।
१२, १३	उमेर (वर्षमा)	२० वर्षमुनि २० वा सोभन्दा माथि	सेवाग्राहीको उमेर २० वर्षमुनि, २० वा सोभन्दा माथि जुन उमेर समूहमा पर्दछ, सोही महलमा पूरा गरेको उमेर वर्षमा लेख्नुपर्दछ । जस्तै : कुनै सेवाग्राही १९ वर्ष १० महिनाको भएमा उनको उमेर २० वर्षमुनिको महलमा १९ मात्र उल्लेख गर्ने ।
१४	पतिको नाम थर (ऐच्छिक)		सेवाग्राहीको पतिको नाम लेख्नुपर्दछ । यदि सेवाग्राहीले पतिको नाम भन्न नचाहेमा यस महलमा (-) चिन्ह दिनुपर्दछ । महिला अविवाहित भए यो सोध्नु हुदैन ।
१५	साधन राख्दाको अवस्था	सुत्केरी भएको ४८ घण्टाभित्र	साधन राख्दाको अवस्था सुत्केरी भएको ४८ घण्टाभित्र भए १ मा र अन्य भए २ मा गोलो घेरा लगाउनुपर्दछ ।
१६		अन्य	
१७-१९	साधन प्रभावकारी रहने अन्तिम मिति (ग/म/सा)		यस महलमा साधन प्रभावकारी रहने अन्तिम मिति गते, महिना, सालमा लेख्नुपर्दछ ।
२०	साधन राख्ने स्वास्थ्यकर्मीको	नाम	इम्प्लान्ट वा आईयुसीडी राख्ने स्वास्थ्यकर्मीको नाम लेख्नु पर्दछ ।
२१		पद	इम्प्लान्ट वा आईयुसीडी राख्ने स्वास्थ्यकर्मीको पद लेख्नु पर्दछ ।
साधन झिकिएको विवरण (साधन झिक्ने भएमा) (२२-३२)			
२२-२४	साधन राखिएको मिति		सेवाग्राहीले अहिले झिक्न लागेको साधन कहिले राखेको थियो, Implant वा IUCD राखेको मिति (गते, महिना, साल) सम्बन्धित महलमा लेख्नु पर्दछ ।
२५	साधन राखिएको स्वास्थ्य	यही	अहिले झिक्न लागेको साधन यही संस्थामा राखिएको थियो भने यस महलमा (√) चिन्ह लगाउनुपर्दछ ।
२६		अन्य	अहिले झिक्न लागेको साधन अन्य संस्थामा राखिएको थियो भने सो संस्थाको नाम

महल नं.	महल शीर्षक		निर्देशन
	संस्थाको नाम	(नाम)	र ठेगाना यस महलमा लेख्नुपर्दछ ।
२७-२९	भिकेको मिति		सेवाग्राहीले भिक्न लागेको साधन कुन मितिमा भिक्न लागिएको हो, सो मिति (गते, महिना, साल) सम्वन्धित महलमा लेख्नुपर्दछ ।
३०	भिक्नुको कारण		अहिले के कारणले गर्दा साधन भिक्नु परेको हो, सो कारण लेख्नुपर्दछ ।
३१, ३२	साधन भिक्ने स्वास्थ्यकर्मीको नाम, पद र सहि		इम्प्लान्ट वा आईयुसीडी भिक्ने स्वास्थ्यकर्मीले नाम र पद लेखी सही गर्नुपर्दछ ।
३३	कैफियत		माथि उल्लेख गरिए बाहेक अन्य कुरा खुलाउनुपर्ने भएमा यस महलमा लेख्नुपर्दछ ।

इम्प्लान्टः

यो साधनको प्रयोग गर्न शुरु गरेदेखि बीचमा नभिकेमा ५ वर्षसम्म गर्भ निरोध गर्ने हुँदा साधन राखेको महिनादेखि लगातार उक्त सेवाग्राहीलाई हाल प्रयोगकर्ताको रुपमा गणना गरी प्रतिवेदन गर्नुपर्दछ ।

एक पटक इम्प्लान्ट प्रयोग गरी भिकेर पुनः इम्प्लान्ट प्रयोग गर्ने सेवाग्राहीलाई महल ६ को नयाँ प्रयोगकर्ताको क्र.सं. मा (-) चिन्ह लगाउनुपर्दछ । यस्ता प्रयोगकर्ताहरू लगातार प्रयोगकर्ताको रूपमा मात्र गणना गर्नुपर्दछ ।

आई.यु.सी.डी :

यो साधनको प्रयोग गर्न शुरु गरेदेखि बीचमा नभिकेमा १२ वर्षसम्म गर्भ निरोध गर्ने हुँदा साधन राखेको महिनादेखि लगातार उक्त सेवाग्राहीलाई हाल प्रयोगकर्ताको रुपमा गणना गरी प्रतिवेदन गर्नुपर्दछ ।

एक पटक आईयुसीडी प्रयोग गरी भिकेर पुनः आईयुसीडी प्रयोग गर्ने सेवाग्राहीलाई महल ६ को नयाँ प्रयोगकर्ताको क्र.सं. मा (-) चिन्ह लगाउनुपर्दछ । यस्ता प्रयोगकर्ताहरूलाई लगातार प्रयोगकर्ताको रूपमा मात्र गणना गर्नुपर्दछ ।

नोट : यदि कुनै एक संस्थामा सेवा लिई अन्य संस्थाबाट साधन भिकेमा साधन भिक्ने संस्थाले साधन राख्ने संस्थालाई साधन भिकेको मिति सहित तुरुन्त जानकारी दिनुपर्दछ । यसरी जानकारी पाउनासाथ सो संस्थाले हाल अपनाइरहेका प्रयोगकर्ताबाट घटाउनुपर्दछ ।

कुनै गैरसरकारी निकायहरूले घुम्ती शिविरका रूपमा Implant *र* IUCD *सेवा सञ्चालन गर्दा त्यस* गा.पा./न.पा./उ.म.न.पा./म.न.पा *मा रहेको सरकारी स्वास्थ्य संस्थाको समन्वयमा मात्र सञ्चालन गरी सेवाग्राहीहरूलाई सम्बन्धित स्वास्थ्य संस्थामा रहेको सेवा रजिस्टरमा दर्ता गर्नुपर्दछ र सोही सरकारी स्वास्थ्य संस्थाले नै प्रतिवेदन गर्नुपर्दछ । सेवा सञ्चालन गर्ने गैरसरकारी संस्थाले गरेको प्रतिवेदनमा ..... स्वास्थ्य संस्थामा दर्ता गरिसकेको भनी जनाउनु पर्दछ । सो प्रतिवेदनमा दोहोरो गणना गर्ने गर्नु हुँदैन ।*

नोट : प्रयोगकर्ताले कुनै परिवार नियोजनको साधन प्रयोग गरी बीचमा छोडी पुन सोही साधन प्रयोग गर्न शुरु गरेमा निजलाई लगातार प्रयोगकर्ताको रुपमा लिनुपर्दछ । तर उसले पहिलेको साधन छोडी अर्को नयां साधन प्रयोग गर्न शुरु गरेमा निजलाई नयां प्रयोगकर्ताको रुपमा लिनु पर्दछ ।

HMIS 3.4: परिवार नियोजन स्थायी (बन्ध्याकरण) सेवा रजिस्टर
(Sterilization Service Register)

परिवार नियोजनको स्थायी बन्ध्याकरण सेवा प्रदान गर्ने स्वास्थ्य संस्थामा र बन्ध्याकरण घुम्ती शिविरमा बन्ध्याकरण सेवा प्रदान गरेको अभिलेख राख्न यस रजिस्टरको प्रयोग गरिन्छ । बन्ध्याकरण सेवा लिने सेवाग्राहीहरूको विवरण लामो समयसम्म आवश्यक पर्ने हुँदा यो रजिस्टर सुरक्षित गरी राख्नुपर्दछ ।

रजिस्टरको नमुना :

HMIS 3.4

परिवार नियोजन स्थायी

जिल्लाः

क्र.सं.	दर्ता नं.	मिति			सेवा प्रदायक संस्थाको नाम (सरकारी/गैर सरकारी)	सेवा संचालन			सेवाग्राहीको		जाति कोड	उमेर (वर्षमा)	
		ग	म	सा		संस्था	शिविर	शिविर संचालन स्थान	नाम	थर		महिला	पुरुष
१	२	३	४	५	६	७	८	९	१०	११	१२	१३	१४
						१	२						
						१	२						
						१	२						
						१	२						

HMIS 3.4

(बन्ध्याकरण) सेवा रजिष्टर

जिवित बच्चा संख्या		ठेगाना				रेफर गर्ने को नाम	बन्ध्याकरण गर्ने चिकित्सकको		कैफियत
छोरी	छोरा	जिल्ला	नगर/गाउँपालिका	वडा नं.	गाँउ/टोल		नाम, थर	सहि	
१५	१६	१७	१८	१९	२०	२१	२२	२३	२४

रजिस्टर भर्ने तरिका :

महल नं.	महल शीर्षक		निर्देशन
१	क्र.सं.		हरेक महिनामा १ वाट सुरु गरी क्रमशः लेख्दै जानुपर्दछ ।
२	दर्ता नं.		बन्ध्याकरण सेवा लिने सेवाग्राहीको दर्ता नम्बर प्रत्येक आ.ब. मा १ वाट सुरू गरी त्यस आ.ब. को अन्त्यसम्म क्रमशः लेख्दै जानुपर्दछ । आ.व. परिवर्तन भएपछि पुनः १ बाट सुरू गर्नुपर्दछ ।
३-५	मिति		सेवा प्रदान गरेको दिनको मिति (गते, महिना, साल) मा सम्वन्धित महलमा लेख्नुपर्दछ ।
६	सेवा प्रदायक संस्थाको नाम (सरकारी/गैरसरकारी)		बन्ध्याकरण सेवाप्रदायक संस्थाको नाम, सरकारी वा गैरसरकारी के हो ? सोको महलमा नाम लेखी कोष्ठभित्र सरकारी वा गैरसरकारी उल्लेख गर्नु पर्दछ ।
७-९	सेवा सञ्चालन स्थान	संस्था	बन्ध्याकरण सेवा संस्थागत रूपमा संचालन भएको भए महल ७ को कोड १ मा र शिविर मा सञ्चालन भएको भए महल ८ को कोड २ मा गोलो घेरा लगाउनुपर्दछ ।
		शिविर	
		शिविर सञ्चालन स्थान	यदि घुम्ति/विशेष शिविर (Mobile Camp) को आयोजना गरी सेवा सञ्चालन भएको भए शिविर संचालन भएको स्थान यस महलमा लेख्नुपर्दछ ।

महल नं.	महल शीर्षक		निर्देशन
१०-११	सेवाग्राहीको नाम, थर		बन्ध्याकरण सेवा लिन आएको व्यक्तिको नाम र थर छुट्टाछुट्टै महलमा लेख्नुपर्दछ ।
१२	जाति कोड		सेवा लिने व्यक्तिको जाति यकिन गरी रजिस्टरमा उल्लेख भएको जुन जाति समूहमा पर्दछ, त्यही समूहको कोड नम्बर लेख्नुपर्दछ ।
१३	उमेर (वर्षमा)	महिला	बन्ध्याकरण सेवा लिने व्यक्तिको उमेर पूरा गरेको वर्षमा महिला भए महिला र पुरूष भए पुरूषको महलमा लेख्नुपर्दछ ।
१४		पुरुष	
१५	जीवित बच्चा सङ्ख्या	छोरी	बन्ध्याकरण सेवा लिन आउने व्यक्तिको हाल जीवित छोरी सङ्ख्या यस महलमा लेख्नुपर्दछ ।
१६		छोरा	बन्ध्याकरण सेवा लिन आउने व्यक्तिको हाल जीवित छोरा सङ्ख्या यस महलमा लेख्नुपर्दछ ।
१७-२०	ठेगाना (जिल्ला, गा.पा/न.पा/ उ.म.न.पा/म.न.पा. वडा नं., गाउँ, टोल		सेवा लिने व्यक्तिको ठेगानाको विस्तृत विवरण जिल्ला, नगर/गाउँपालिका र गाउँ, टोल समेत खुल्ने गरी सम्बन्धित महलमा लेख्नुपर्दछ ।
२१	रेफर गर्नेको नाम		सेवाग्राही सेवा लिनको लागि कसरी आएको हो ? म.स्वा.स्व.से., स्वास्थ्यकर्मी वा स्वास्थ्य संस्थाले जसले रेफर गरी पठाएको हो सो को नाम लेख्नुपर्दछ र ग्राहक स्वयं आफैँ आएको भए "आफैँ" भनी लेख्नुपर्दछ ।
२२-२३	बन्ध्याकरण गर्ने चिकित्सकको नाम, थर र दस्तखत		बन्ध्याकरण सेवा प्रदान गर्ने चिकित्सकको नाम, थर लेखी सम्बन्धित महलमा दस्तखत समेत गर्नुपर्दछ ।
२४	कैफियत		सुत्केरी पश्चात् (४८ घण्टा भित्र) बन्ध्याकरण गरिएको भए यस महलमा उल्लेख गर्नुपर्दछ । बन्ध्याकरण सेवा प्रदान गर्ने क्रममा कुनै जटिलता देखिएमा वा अन्यत्र रेफर गर्नु पर्ने भएमा वा अन्य कुनै विवरण जनाउनुपर्ने भएमा यस महलमा उल्लेख गर्नुपर्दछ ।

अभ्यास ३.४

रामेछाप जिल्ला अस्पतालमा संचालन भएको परिवार नियोजन पुरुष बन्ध्याकरण शिविरमा भलुवाजोर पालिका वडा नं. ४ बस्ने बर्ष ३५ को सुरेश प्रधानले भ्यासेक्टोमी अपरेशन गरेको अभिलेख HMIS 3.4 मा राख्नुहोस् । शुरेशको ६ बर्षको १ छोरी र २ बर्षको १ छोरा छन् ।

HMIS 3.5: मातृ तथा नवशिशु स्वास्थ्य कार्ड (Maternal and Newborn Health Card)

गर्भवती महिलालाई गर्भावस्था, प्रसूति र सुत्केरी अवस्थामा प्रदान गरिएका स्वास्थ्य सेवाको अभिलेख राख्नका लागि यस कार्डको प्रयोग गरिन्छ । साथै नवशिशुलाई प्रदान गरिने स्वास्थ्य सेवाका लागि पनि यस कार्डको प्रयोग गरिन्छ ।

गर्भवती महिलालाई गर्भावस्थादेखि सुत्केरी भएपछि ४५ दिनसम्म समयबध्द रूपले सेवा प्रदान गरी आमा र बच्चाको स्वास्थ्यसम्बन्धी विभिन्न समस्याहरूको निराकरण गर्नुपर्ने भएकाले सबै सेवाहरूलाई अभिलेखन गरी सेवाग्राही महिलालाई यो कार्ड नहराई सुरक्षित गरी राख्न र अर्को पटक सेवा लिन आउँदा कार्ड अनिवार्य रूपमा साथमा ल्याउन सल्लाह दिनुपर्छ । यसै कार्डका आधारमा गर्भवती जाँच प्रोत्साहन रकम उपलब्ध गराइन्छ । हरेक पटकको गर्भवती र सुत्केरी जाँचअनुसार यस कार्डसँगै मातृ तथा नवशिशु स्वास्थ्य सेवा रजिस्टर (HMIS 3.6) पनि अद्यावधिक गर्नुपर्दछ ।

कार्डको नमुना

अगाडिको भाग



HMIS 3.5: Maternal and New Born Health Card

सुत्केरी सेवा

आमालाई भिटामिन ए दिएको मिति: गत / महिना / साल

आमालाई आईरन पक्कि दिएको संख्या

सुत्केरी जाँचको (PNC) विवरण

जाँच	मिति: गत	महिना	साल	आमाको अवस्था	बच्चाको अवस्था	उपचार/सल्लाह	परिवार नियोजन सेवा	सेवा प्रदायकको: नाम र थर	सही
PNC I (जन्मेको २४ घण्टाभित्र)									
PNC II (जन्मेको तेस्रो दिन)									
PNC III (जन्मेको सातौं दिनमा)									
थप जाँच (.....औं दिन)									
थप जाँच (.....औं दिन)									

प्रयोगशाला परिक्षण

Date (DD/MM/YY)	Hb	Albumin	Urine: Protein	Urine: Sugar	Blood Sugar	HBsAg	VDRL	Retro-virus	Other

स्वास्थ्य संकन्धी मुख्य मुख्य समस्या छोटकरीमा लेख्नुहोस् ।

परिमार्जित: २०७०/७१

नेपाल सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य सेवा विभाग
स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली

मातृ तथा नवशिशु स्वास्थ्य कार्ड

स्वास्थ्य संस्थाको नाम	जिल्ला	नगर/गाउँपालिका	वडा नं.

मुल दर्ता नं.	संवा दर्ता नं.	ORC दर्ता नं.	सेवा दर्ता मिति: गत	महिना	साल

गर्भवती महिलाको व्यक्तिगत विवरण

नाम, थर		उमेर		उचाई	
जिल्ला		नगर/गाउँपालिका		वडा नं.	
गाउँ टोल		सम्पर्क नं.		रक्त समुह	
गर्भको पटक (हालको समेत)		पतिको नाम, थर			

अघिल्ला गर्भहरूको विवरण

गर्भहरूको संख्या	गर्भको विवरण: जिवित	मृत जन्म	अवधि नपुगेको (३७ हप्ता)	ऊमरथाहा	गर्भपतन	जिवित बच्चाको: लिङ्ग	हालको उमेर	गर्भको जटिलता	प्रसुतीको किसिम

टि.डी. खोप दर्ता नं.		टि.डी. १ (म/म/सा)	..../..../.....	टि.डी. २ (म/म/सा)	..../..../.....	टि.डी. २+ (म/म/सा)	..../..../.....

कार्ड तयार गर्ने स्वास्थ्यकर्मीको

नाम र थर	पद	दस्तखत	मिति: गत	महिना	साल

स्वास्थ्य संस्थाको सम्पर्क नं.	एम्बुलेन्स सेवा सम्पर्क (फोन नं.)

Print FY: 2074/75

पछाडिको भाग

HMIS 3.5: Maternal and New Born Health Card

आखिरी रजस्वला भएको मिति (गते महिना साल) (LMP) | गते | महिना | साल

प्रसवको अनुमानित मिति (गते महिना साल)(EDD) | गते | महिना | साल

गर्भवती परीक्षण विवरण

गर्भवती जाँच			तौल (कि.ग्रा.)	रक्तअल्पता		सुन्निएको		रक्तचाप	गर्भको अवधी (हप्तामा)	पाठेघरको उचाई (से.मी.)	लिङ्गको		अन्य समस्या	उपचार/सल्लाह/अर्को पटक सेवा लिन आउने मिति	आईरन पाकिट संख्या	जुकाको औषधि	ट्रिटि खोप	परिक्षण गर्नेको नाम र सही	परिक्षण गर्नेको संख्या
पटक	महिना	मिति		भएको	नभएको	हात	मुख				प्रिजेन्टेसन	हृदय गती							
१		ग म सा		१	२	१	२												
२		ग म सा		१	२	१	२												
३		ग म सा		१	२	१	२												
४		ग म सा		१	२	१	२												
५		ग म सा		१	२	१	२												
६		ग म सा		१	२	१	२												
७		ग म सा		१	२	१	२												

प्रसूति संबन्धि विवरण

प्रसूति भएको मिति			समय		प्रसूति भएको स्थान	प्रिजेन्टेसन			प्रसूतिको किसिम			प्रसवको जटिलता				
ग	म	सा	AM	PM		Cephalic	Breech	Shoulder	Spontaneous	Vacuum/ Forcep	C/S	अत्याधिक रक्तस्राव	≥ १२ घण्टा बेथा लागेको	सात नम्बरको	अन्य समस्या भए	उपचार/ सल्लाह

प्रसूतिको परिणाम

जिवित जन्म संख्या		जन्म तौल (ग्राम)		अवधि नपुगेको (३७ हप्ता)	मृत जन्म (संख्या)	
छोरी	छोरा	छोरी	छोरा		Fresh	Macerated

नवशिशुको अवस्था

स्वस्थ	तुरुन्त रोएको	श्वास फेर्न गाह्रो भएको	विकलाङ्ग	अन्य	उपचार/ सल्लाह

प्रसूति गराउने स्वास्थ्यकर्मीको

नाम, थर

पद

सही

संस्थाको नाम र छापः

रिमार्जित: २०७४/७९

Print FY: 2074/75

कार्ड भर्ने तरिका :

महल शीर्षक	निर्देशन
स्वास्थ्य संस्थाको नाम	सेवा प्रदान गर्ने स्वास्थ्य संस्थाको नाम लेख्नुपर्दछ ।
जिल्ला, नगर/ गाउँपालिका, वडा नं.	स्वास्थ्य संस्था रहेको जिल्ला, र नगर/गाउँपालिकाको नाम र वडा नम्बर निर्दिष्ट स्थानमा लेख्नुपर्दछ ।
मूल दर्ता नं.	सेवाग्राही महिलालाई यस पटकको गर्भमा पहिलो पटक दर्ता गरी प्रदान गरिएको मूल दर्ता नम्बर मूलदर्ता रजिस्टर (HMIS 1.1) बाट लेख्नुपर्दछ । गाउँघर क्लिनिकबाट सेवाग्राहीलाई पहिलो पटक सेवा प्रदान गर्दा मूल दर्ता नम्बर खाली छोड्नु पर्दछ ।
सेवा दर्ता नं.	सेवाग्राही महिलालाई यस पटकको गर्भमा पहिलो पटक सेवा प्रदान गर्दा मातृ तथा नवशिशु स्वास्थ्य सेवा रजिस्टर (HMIS 3.6) मा दर्ता गरिएको दर्ता नम्बर लेख्नुपर्दछ । यदि गाउँघर क्लिनिकमा पहिलो पटक सेवा लिन आएको भए ORC लेखी गाउँघर क्लिनिकको सुरक्षित मातृत्व सेवा खण्ड (HMIS 4.15) वाट दर्ता नं. लेख्नुपर्दछ ।
ORC दर्ता नं.	गाउँघर क्लिनिकबाट पहिलो पटक सेवा प्रदान गर्दा गाउँघर क्लिनिक सेवा रजिस्टरको सुरक्षित मातृत्व खण्ड (HMIS 4.15) मा दर्ता गर्दाको दर्ता नम्बर यस महलमा लेख्नुपर्दछ ।
सेवा दर्ता मिति	सेवाग्राहीलाई पहिलो पटक सेवा प्रदान गर्दा दर्ता गरिएको मिति (गते, महिना र साल) सम्बन्धित महलमा छुट्टाछुट्टै लेख्नुपर्दछ ।
गर्भवती महिलाको व्यक्तिगत विवरण	सेवा लिन आएकी महिलाको व्यक्तिगत विवरण नाम, थर, पूरा गरेको उमेर (वर्षमा), उचाइ (फिट/इन्चमा), ठेगाना (जिल्ला, नगर/गाउँपालिका, वडा नम्बर र गाउँ, टोल) स्पष्टसँग भरी सम्पर्क टेलिफोन नम्बर समेत लेख्नुपर्दछ । गर्भवती महिलाको रक्त परीक्षण गर्न लगाई रक्त समूह सम्बन्धित महलमा लेख्नुपर्दछ । गर्भको पटक (हालको समेत) लेख्दा यी महिला हालसम्म (गर्भपतन भएको, जन्म भएको र यस पटकको समेत गरी) जम्मा कति पटक गर्भवती भइन्? सो को जम्मा पटक (Gravida) लेख्नुपर्दछ । सेवाग्राही महिलाको पतिको नाम थर समेत सम्बन्धित महलमा लेख्नु पर्दछ ।
अघिल्ला गर्भहरूको विवरण	यस विवरण अन्तर्गत सेवाग्राही महिलाको यस पटकको भन्दा अघिल्ला प्रत्येक गर्भहरूको परिणाम क्रमशः उल्लेख गर्नुपर्दछ ।

महल शीर्षक	निर्देशन
गर्भहरूको सङ्ख्या	सेवाग्राही महिलाको यस पटकको भन्दा अघिल्ला गर्भहरूको सङ्ख्या (पहिलो गर्भदेखि क्रमशः.....) यस महलमा लेख्नुपर्दछ । हालको गर्भ पहिलो पटकको भए यस महलमा कुनै पनि विवरण भर्नुपर्दैन । यदि यसअघि गर्भवती भइसकेकी भए प्रत्येक लहरमा प्रथम गर्भ (१), दोस्रो गर्भ (२) ..... गरी हरेक गर्भको विवरण सोधी सङ्ख्या लेख्नुपर्दछ ।
गर्भको विवरण	हरेक पटकको गर्भको परिणाम जीवित जन्म, मृत जन्म, अवधि नपुगेको (३७ हप्ताभन्दा कम अवधि) जन्म, जुम्ल्याहा वा गर्भपतन के हो ? सोही महलमा (√) चिन्ह लगाउनुपर्दछ ।
जीवित बच्चाको लिङ्ग, उमेर	महिलाको प्रत्येक गर्भको क्रमअनुसार जीवित बच्चाको लिङ्ग छोरी भए "म" र छोरा भए "पु" (Female-F/Male-M) लेख्नुपर्दछ । हालको उमेरको महलमा बच्चाको उमेर पूरा गरेको वर्ष लेख्नुपर्दछ । यदि बच्चाको उमेर एक वर्षभन्दा कम भएमा पूरा गरेको महिना/१२ लेख्नुपर्दछ । जस्तैः बच्चाको उमेर १० महिनाको भएमा १०/१२ लेख्नुपर्दछ । जीवित जन्म भई हाल बच्चाको मृत्यु भइसकेको वा मृत जन्म भएको भएमा उमेरको महलमा (–) जनाउनु पर्दछ ।
गर्भको जटिलता	अघिल्ला गर्भहरूमा गर्भावस्था र सुत्केरी अवस्था सामान्य भए "सामान्य" र कुनै जटिलताहरू देखिएको भएमा निम्न बमोजिम कुन जटिलता भएको थियो ? सो को कोड उल्लेख गर्नुपर्दछ । Ectopic Pregnancy (O00) — Abortion Complication (O08) Hypertension (O10) — Severe/Pre-Eclampsia (O14) Eclampsia (O15) — Hyperemesis. Gravidarum (O21) APH (Antepartum Haemorrhage) (O46) — Prolonged Labor (O63) Obstructed Labour (O64) — Ruptured Uterus (S37) Post-partum Haemorrhage (PPH) (O72) — Retained Placenta (O73) Pueperal Sepsis (O85)
प्रसूतिको किसिम	अघिल्ला गर्भहरूमा प्रसूति कुन किसिम (1- Normal, 2- Vaccum, 3- Forcep, 4- C/S) बाट भएको थियो, यस महलमा उल्लेख गर्नुपर्दछ ।
टि.डी. खोप दर्ता नं.	गर्भवतीलाई टी. डी. खोप दिँदा टी.डी. खोप रजिस्टर (HMIS 2.2) मा दर्ता गरी प्रदान गरिएको दर्ता नं. लेख्नुपर्दछ ।
टी.डी.१ (ग/म/सा)	गर्भवतीलाई पहिलो पटक टी. डी. खोप दिएको मिति गते, महिना, सालमा लेख्नुपर्दछ ।
टी.डी.२ (ग/म/सा)	गर्भवतीलाई दोस्रो पटक टी. डी. खोप दिएको मिति गते, महिना, सालमा लेख्नुपर्दछ ।
टी.डी. २+ (ग/म/सा)	यस भन्दा पहिलेको गर्भमा वा अन्य समयमा जम्मा २ पटक टी.डी. खोप लगाएकी कुनै महिला यस पटकको गर्भमा टी.डी. खोप लिन आएकी भए यस पटक टी.डी. खोप को १ मात्रा दिई सोको अभिलेख टी.डी.२+ को महलमा राख्नुपर्दछ । यस पटक टी.डी. खोप दिएको मिति (गते, महिना, साल) लेख्नुपर्दछ ।
नोट : *यसभन्दा पहिलेको गर्भमा टि.डी. खोपको १ मात्रा मात्र लगाएको रहेछ भने यस पटकको गर्भमा निर्धारित समयमा टि.डी.१ र टि.डी २ मात्रा लगाइ सोही अनुसार टि.डी १ र टि.डी २ को महलमा अभिलेख राख्नुपर्दछ ।*	
कार्ड तयार गर्ने स्वास्थ्यकर्मीको विवरण	गर्भवती महिला पहिलो पटक आएपछि पहिलो पेजको विवरण भरी गर्भवती जाँच गर्ने स्वास्थ्यकर्मीको नाम, थर, पद र कार्ड जारी गरेको मिति लेखी सही गर्नुपर्दछ ।
स्वास्थ्य संस्थाको सम्पर्क नं.	यस कोठामा स्वास्थ्य संस्थाको टेलिफोन नम्बर लेख्नुपर्दछ । यदि स्वास्थ्य संस्थाको सम्पर्क नम्बर नभएमा उक्त संस्थाको सेवाप्रदायकको सम्पर्क नं. लेख्नुपर्दछ ।
एम्बुलेन्स सेवा सम्पर्क (फोन नं.)	सेवाग्राहीलाई उपयुक्त हुने स्थानीय स्तरमा उपलब्ध एम्बुलेन्स सेवाको सम्पर्क नं. लेख्नुपर्दछ ।
गर्भवती सेवा	
आखिरी रजस्वलाको भएको मिति (LMP)	सेवा लिन आएकी महिलाको आखिरी रजस्वला भएको पहिलो दिनको (LMP) मिति (गते, महिना र सालम) लेख्नुपर्दछ ।
प्रसवको अनुमानित मिति (EDD)	सेवा लिन आएकी महिलाको प्रसव हुने अनुमानित मिति EDD उल्लेख गर्नुपर्दछ । प्रसवको अनुमानित मिति निकाल्दा अन्तिम रजस्वला भएको मिति (LMP) मा ९ महिना ७ दिन जोड्नुपर्दछ । (जस्तै : कुनै महिलाको अन्तिम रजस्वला भएको मिति (LMP) २०७४।०७।१७ छ भने सोमा ९ महिना ७ दिन जोड्दा प्रसव हुने अनुमानित मिति (EDD) २०७५।०४।२४ हुन्छ ।)
गर्भवती परीक्षण विवरण	
गर्भवती जाँच पटक	गर्भवती महिलाले स्वास्थ्य संस्थामा सम्पर्क गर्न आउँदाको क्रम अनुसारको विवरण उल्लेख गर्न

महल शीर्षक	निर्देशन
(१, २, ...)	यस महलको प्रयोग गर्नुपर्दछ। जस्तैः यदि कुनै महिला पहिलो पटक गर्भवती सेवा लिन आएकी भए पहिलो (१) हरफमा निजका विवरणहरू भर्नुपर्दछ।
महिना (गर्भको अवधि)	यस महलमा महिलाको हालको गर्भको अवधि उल्लेख गर्नुपर्दछ। जस्तै : कुनै महिला चौथो महिनाको गर्भ लिएर गर्भवती परीक्षणका लागि आएमा यस महलमा ४ लेख्नुपर्दछ।
मिति	गर्भवती महिलालाई ANC सेवा दिएको दिनको मिति (ग/म/सा) उल्लेख गर्नुपर्दछ।

Antenatal Care (ANC) Protocol:

आमा र शिशु दुबैको सुरक्षाकालागि गर्भवती महिलाले प्रत्येक गर्भमा कम्तीमा पनि ४ पटक गर्भवती जाँच गराउनुपर्दछ। सुरक्षित मातृत्व कार्यक्रमले पहिलेको गर्भवती सेवालाई परिस्कृत गरी Focussed Antenatal Care को अबधारणा ल्याएको छ। Focussed Antenatal Care अन्तर्गत गर्भवती महिलाले गर्भवती भएको चौथो महिनामा पहिलो पटक, छैठौं महिनामा दोस्रो पटक, आठौं महिनामा तेस्रो पटक र नवौं महिनामा चौथो पटक र आवश्यक भएमा यसबाहेक अन्य पटक गर्भवती सेवा लिनुपर्दछ। यसरी कार्यक्रमले तोकेको समय अन्तरालमा गर्भवती महिलाले कम्तीमा पनि ४ पटक गर्भवती जाँच सेवा लिनुपर्दछ।

महल शीर्षक	निर्देशन
तौल (कि.ग्रा)	यस पटक गर्भवती जाँच गर्दा गर्भवती महिलाको तौल (कि.ग्रा) लेख्नुपर्दछ।
रक्त-अल्पता	गर्भवती महिलालाई परीक्षण गर्दा रक्त-अल्पता देखिएमा रक्त-अल्पता भएको महलको १ मा र रक्त-अल्पता नदेखिएमा रक्त-अल्पता नभएको महलको २ मा गोलो घेरा लगाउनुपर्दछ।
सुन्निएको (हात, मुख)	गर्भवती महिलाको हात सुन्निएको भएमा कोड १ मा र मुख सुन्निएको भएमा कोड २ मा गोलो घेरा लगाउनुपर्दछ।
रक्तचाप	गर्भवती महिलाको परीक्षण गरेको समयको रक्तचाप यस महलमा लेख्नुपर्दछ।
गर्भको अवधि (हप्तामा)	पछिल्लो पटक रजस्वला भएको मितिबाट गणना गरी गर्भको अवधि (हप्तामा) यस महलमा लेख्नुपर्दछ। यसरी गणना गर्दा गर्भवती महिलाले सेवा लिएको दिनबाट उनको अन्तिम पटक महिनावारी भएको मिति घटाउनु पर्दछ र यसबाट आएको समयलाई दिनमा परिर्बतन गरी ७ ले भाग गरी आउने भागफल नै गर्भको अवधि हप्तामा हुन्छ। उदाहरणकोलागि महिलाको अन्तिम महिनावारी मिति २०७४ असोज २० गते हो र जाँच गराउन आएको मिति २०७४ माघ १७ हो भने, CLINIC visit date बाट LMP घटाउँदा: २०७४।१०।१७ २०७४।०६।२० ००।०३।२७ अब महिनालाई दिनमा लैजाने ३*३०= ९० दिन र २७ दिन जोड्दा जम्मा ११७ दिन हुन्छ। अतः यसै दिनलाई हप्तामा लिदा ११७/७ अर्थात् १६ हप्ता ५ दिन हुन्छ।
पाठेघरको उचाइ (से.मि.)	गर्भको विकास सँगसँगै गर्भवती महिलाको पाठेघरको उचाइसमेत बढ्दै जान्छ। गर्भवती महिलाको परीक्षण गरी पाठेघरको उचाइ (से.मि.) यस महलमा लेख्नुपर्दछ।
शिशुको प्रिजेन्टेसन, हृदय गति	गर्भमा रहेको शिशुको अवस्थिति पत्ता लगाई शिशुको प्रिजेन्टेशन (Cephalic, Breech, Shoulder), शिशुको हृदयको गति मापन गरी सो अनुसारको विवरण सम्बन्धित महलहरूमा लेख्नुपर्दछ।
अन्य समस्या	गर्भवती जाँचको क्रममा देखिएका जटिलताहरू (जस्तै : Pre-Eclampsia, Mal presentation, Infection, Abortion Complication, Antepartum Hemorrhage, Ectopic Pregnancy आदि) यस महलमा लेख्नुपर्दछ।
उपचार र सल्लाह (अर्को पटक सेवा लिन आउने मिति)	गर्भावस्थामा देखिएका जटिलताको निराकरणका लागि गर्भवती महिलालाई दिइएको उपचार र सल्लाह, अर्को पटक सेवा लिन आउने मिति यस महलमा लेख्नुपर्दछ। गर्भवती महिलालाई जटिलता देखिए अन्य संस्थामा रेफर गर्नुपर्ने भएमा अनिवार्य रूपमा रिफरल पुर्जामार्फत सम्बन्धित संस्थामा रेफर गरी सोको विवरण (संस्था र मिति) समेत लेख्नुपर्दछ।
आइरन चक्की दिएको सङ्ख्या	गर्भवती महिलालाई हरेक पटकको गर्भवती परीक्षणमा आउँदा वितरण गरिएको आइरन चक्कीको सङ्ख्या यस महलमा लेख्नुपर्दछ। अन्य संस्थाबाट आइरन लिएको भएमा यस महलमा सो संस्थाको नाम र लिएको आइरन सङ्ख्या लेख्नुपर्दछ। सेवाग्राही महिलाले म.स्वा.स्वयंसेविकाबाट आइरन चक्की लिई सेवन गरिरहेको भएमा सो यकिन गरी यस महलमा लिएको आइरनको सङ्ख्या लेखी अद्यावधिक गर्दै जानुपर्दछ।

महल शीर्षक	निर्देशन
जुकाको औषधि	गर्भवती जाँच गर्दा जुकाको औषधि दिएको भए जुन पटकको जाँचमा जुकाको औषधी दिएको हो, सोही पटकको जाँचमा जुकाको औषधि वितरण महलमा (√) चिन्ह लगाउनुपर्दछ ।
टी.डी. खोप	गर्भवती महिलालाई यस पटकको गर्भमा टी.डी. खोप दिइएको यकिन गरी खोप दिएको मात्रा पहिलो मात्रा दिएको भए टी.डी.१, दोस्रो मात्रा दिएको भए टी.डी.२ र दुईभन्दा बढी (दोस्रो २+) दिएको भए टी.डी.२+ लेख्नुपर्दछ ।
परीक्षण गर्नेको नाम र सही	गर्भवती परीक्षण सेवा प्रदान गर्ने स्वास्थ्यकर्मीले आफ्नो नाम, थर लेखी सही गर्नुपर्दछ ।
परीक्षण गरेको संस्था	गर्भवती परीक्षण सेवा प्रदान गरेको स्वास्थ्य संस्थाको नाम पटकैपिच्छे लेख्नुपर्दछ ।
प्रसूतिसम्बन्धी विवरण	
प्रसूति भएको मिति	प्रसूति भएको मिति (गते, महिना, साल) लेखी प्रसूति हुँदाको समय AM/PM खुलाई सम्बन्धित कोठामा लेख्नुपर्दछ ।
प्रसूति भएको स्थान	प्रसूति भएको स्थान यस महलमा लेख्नुपर्दछ । घरमा प्रसूति भएको भए यस महलमा घर लेख्नुपर्दछ र स्वास्थ्य संस्थामा प्रसूति गराएको भए संस्थाको नाम नै लेख्नुपर्दछ । त्यसै गरी स्वास्थ्य संस्थामा जाने क्रममा बाटामा नै प्रसूति भएको भए सोहीअनुसारको विवरण यस महलमा लेख्नुपर्दछ ।
शिशुको प्रिजेन्टेसन	प्रसूतिका वखत शिशुको अवस्थिति अनुसार शिशुको प्रिजेन्टेशन (Cephalic, Breech, Shoulder) कुन रहेको थियो, उपयुक्त महलमा (√) चिन्ह लगाउनुपर्दछ ।
प्रसूतिको किसिम	Normal, Forecep/Vaccum, C/S आदिमध्ये कुन किसिमले प्रसुति भएको हो, सम्बन्धित महलमा चिन्ह (√) लगाउनुपर्दछ ।
प्रसवको जटिलता	प्रसव अवस्थामा देखिएका जटिलताहरू, जस्तैः अत्यधिक रक्तस्राव भएको, १२ घण्टाभन्दा बढी बेथा लागेको, साल नभरेको भएमा उपयुक्त महलमा (√) चिन्ह लगाउनुपर्दछ र अन्य केही भए अन्य समस्याको महलमा स्पष्ट लेख्नुपर्दछ ।
उपचार/सल्लाह	प्रसूतिका समयमा सेवाग्राही महिलालाई गरिएको उपचार तथा सल्लाह यस महलमा लेख्नुपर्दछ ।
प्रसूतिको परिणाम (जीवित जन्मसङ्ख्या)	शिशुको जीवित जन्म भए सम्बन्धित महलमा छोरी/छोरा के हो ? सङ्ख्या लेख्नुपर्दछ ।
जन्म तौल (ग्राम)	जीवित जन्मेका शिशुको तौल छोरी भए छोरीको महलमा र छोरा भए छोराको महलमा जन्मदाको तौल (ग्राममा) लेख्नुपर्दछ ।
अवधि नपुगी जन्मेको	३७ हप्ता पूरा नभई शिशुको जन्म भएको भए यस महलमा (√) लगाउनुपर्दछ ।
मृत जन्मः	मृत्यु जन्म (Still Birth) भएमा fresh or macerated के हो ? सो लेख्नुपर्दछ ।
नवशिशुको अवस्था	यस महलमा जीवित शिशु जन्मदाको अवस्था खुलाउने । स्वस्थ, तुरुन्त रोएको, सास फेर्न गाह्रो भएको भए यस महलमा (√) चिन्ह लगाउनुपर्दछ । त्यसै गरी खुँडे तथा अन्य विकलाङ्ग जन्मेको भए विकलाङ्गको महलमा र यस बाहेक अन्य भए विकलाङ्गको किसिम समेत खुलाई अन्यको महलमा लेख्नुपर्दछ । **विकलाङ्ग** (conjenital Anomalies) **भन्नाले** : • ओठ र तालु खुँडे हुनु • मेनिङ्गोमाइलोसिल • बन्द गुदद्वार • हाइड्रोकेफालस, • घोडे खुँडे • एनेनकेफेली उपचार र सल्लाहको महलमा दिइएको उपचार र सल्लाह उल्लेख गर्नुपर्दछ ।
प्रसूति गराउने स्वास्थ्यकर्मीको नाम, पद र सही	प्रसूति सेवा प्रदान गर्ने स्वास्थ्यकर्मीले आफ्नो नाम थर, पद लेखी सही गर्नुपर्दछ । साथै प्रसूति सेवा प्रदान गर्ने स्वास्थ्य संस्थाको नाम लेखी सो संस्थाको छाप समेत लगाउनुपर्दछ ।
सुत्केरी सेवा	
आमालाई भिटामिन ए दिएको मितिः	सुत्केरी भएपछि ४५ दिनभित्र सुत्केरी महिलालाई १ मात्रा भिटामिन ए दिएको मिति यस महलमा लेख्नुपर्दछ । अन्यत्र प्रसूति भई सुत्केरी जाँचका लागि मात्र आएमा अन्यत्रबाट भिटामिन ए क्याप्सुल

महल शीर्षक	निर्देशन
	पाए/नपाएको यकिन गरी नपाएको भए दिई अभिलेखमा जनाउनुपर्दछ । म. स्वा. स्वयंसेविकाले भिटामिन ए दिएको भएमा सो यकिन गरी यस महलमा दिएको मिति लेख्नुपर्दछ ।
आमालाई आइरन चक्की दिएको सङ्ख्या	सुत्केरी भएपछि आमालाई दिएको आइरन चक्कीको सङ्ख्या अङ्कमा लेख्नुपर्दछ । म.स्वा.स्वयंसेविकाले आइरन दिएको भएमा सो यकिन गरी यस महलमा दिएको आइरन चक्की सङ्ख्या लेख्नुपर्दछ ।
सुत्केरी जाँच (PNC) को विवरण	
जाँचको पटक र मिति	सुत्केरी महिलाको सुत्केरी जाँचको पहिलो, दोस्रो र तेस्रो गरी कुन पटक जाँच गरिएको हो? सो महलमा मिति (ग । म । सा) उल्लेख गर्नुपर्दछ । पहिलो पटकको सुत्केरीको जाँच सुत्केरी भएको २४ घण्टाभित्र, दोस्रो जाँच तेस्रो दिनमा, तेस्रो जाँच सातौँ दिनमा र थप जाँच गरेको भए थप जाँच महलमा जनाउनुपर्दछ ।

PNC Protocol:

आमा र शिशु दुवैको सुरक्षाका लागि सुत्केरी महिलाले कम्तीमा पनि ३ पटक प्रसूति पश्चात् जाँच गराउनुपर्दछ । सुरक्षित मातृत्व कार्यक्रमअन्तर्गत सुत्केरी महिलाले तोकेको अबधिमा कम्तीमा पनि ३ पटक (सुत्केरी भएको २४ घण्टाभित्र पहिलो पटक, तेस्रो दिनमा दोस्रो पटक, सातौँ दिनमा तेस्रो पटक) र आवश्यक भएमा यसबाहेक अन्य पटक सुत्केरी सेवा लिनुपर्दछ । यसरी सुत्केरी सेवा दिएको अभिलेख गर्दा सुत्केरी भएको चौबीस घन्टाभित्र सेवा लिएको भए जन्मेको २४ घण्टाभित्र सेवा लिएको महलमा, तेस्रो दिनमा सेवा लिएको भए जन्मेको तेस्रो दिनमा सेवा लिएको महलमा, सातौँ दिनमा सेवा लिएको भए जन्मेको सातौँ दिनमा र अन्य दिनमा वा थप सेवा लिएको भए थप जाँचको महलमा अभिलेख गर्दै जानुपर्दछ ।
सुत्केरी जाँचको क्रममा आमाको स्वास्थ्य जाँचसँगसँगै नवशिशुको पनि स्वास्थ्य जाँच गर्नुपर्दछ ।

महल शीर्षक	निर्देशन
आमाको अवस्था	हरेक पटकको सुत्केरी जाँचमा आमाको अवस्था सामान्य भए सामान्य र समस्या वा कुनै जटिलता भएमा सो खुलाई लेख्नुपर्दछ । (जस्तै : Post-partum Haemorrhage (PPH), Retention of Placenta, Puerperal Sepsis, Others etc.)
बच्चाको अवस्था	आमाको सुत्केरी जाँचसँगसँगै नवशिशुको स्वास्थ्य परीक्षण गर्नुपर्दछ । नवशिशु जाँच गर्दा सामान्य अवस्था भएमा सामान्य र अन्य समस्या देखिएमा सो समस्या लेख्नुपर्दछ ।
उपचार र सल्लाह	स्वास्थ्य परीक्षण गरी आमा वा नवशिशु कसलाई के उपचार वा सल्लाह दिइएको हो, सो खुलाई लेख्नुपर्दछ । प्रेषण गरेको भएमा कहाँ प्रेषण गरेको हो, लेख्नुपर्दछ ।
परिवार नियोजन सेवा	सुत्केरी भएको ४८ घण्टाभित्र परिवार नियोजन सेवा लिएको भए यस महलमा लिएको सेवा उल्लेख गर्नुपर्दछ र यो विवरण परिवार नियोजनको सम्बन्धित सेवा रजिष्टरमा समेत अद्यावधिक गर्नुपर्दछ ।
सेवा प्रदायकको नाम, थर र सही	जाँच गर्ने स्वास्थ्यकर्मीको सम्बन्धित महलमा नाम, थर लेखी सही गर्नुपर्दछ ।
प्रयोगशाला परीक्षण	सेवाग्राही महिलाका विविध पक्षको जानकारी लिनका लागि गर्भावस्था तथा सुत्केरी अवस्थामा प्रयोगशाला परीक्षण गर्नुपर्दछ । प्रयोगशाला परीक्षणबाट आएको नतिजा सम्बन्धित परीक्षणको महलमा लेख्नुपर्दछ ।
स्वास्थ्यसम्बन्धी मुख्य-मुख्य समस्याहरू	सेवा लिन आएकी महिलालाई स्वास्थ्यसम्बन्धी कुनै समस्या वा रोग (मुटुको रोग, हात-खुट्टा सुन्निने, कमलपित्त आदि) भए सो रोगको नाम वा समस्याको विवरण छोटकरीमा लेख्नुपर्दछ ।

अभ्यास : रामेछाप जिल्ला कठजोर गाउँपालिका वडा नं. ३ की शर्मिला अधिकारीले मिति २०७४ माघ १३ गते कठजोर स्वास्थ्य चौकीमा पहिलो पटक गर्भ जाँच गरेको अभिलेख रजिष्टरमा अध्याबधिक गर्नुहोस् । शर्मिला हाल २३ बर्षकी भईन्, यो उनको पहिलो गर्भ हो, अन्तिम महिनावारी मिति २०७४ कार्तिक ५ गते भएको थियो, अ.न.मी. शोभा तामाङले गर्भ जाँच गर्दा सबै सामान्य पाईन् ।

HMIS 3.6: मातृ तथा नवशिशु स्वास्थ्य सेवा रजिस्टर (Maternal and Newborn Health Service Register)

मातृ सेवा लिन आएका प्रत्येक महिलाको दर्ता यस रजिस्टरमा गरिन्छ । गर्भवती जाँच, प्रसूति सेवा, सुत्केरी जाँच, उक्त अवस्थामा देखिएका जटिलता र सोको व्यवस्थापन एवं नवजात शिशुहरूको विवरणको अभिलेख राख्नुका साथै आमा सुरक्षा कार्यक्रमको मासिक प्रगति समायोजन र जात-जातिअनुसारको मासिक समायोजनसमेतको अभिलेख यसमा राखिन्छ । स्वास्थ्य संस्थाहरूबाट सेवाग्राहीलाई गर्भवती जाँच, प्रसूति र सुत्केरी जाँच र मातृ तथा नवशिशु स्वास्थ्य सेवासँग सम्बन्धित सबै सेवा एउटै एकाइबाट प्रदान गर्दा सम्बन्धित सबै सेवाको अभिलेख यस रजिस्टरमा गरिन्छ । यसका साथै गर्भवती जाँच, प्रसूति तथा सुत्केरी जाँचमध्ये कुनै एक किसिमको मात्र सेवा दिने स्वास्थ्य संस्थाहरूमा समेत यस रजिस्टरको प्रयोग गरिन्छ । यस रजिस्टरको हरेक पृष्ठमा दुई जना महिलाको मात्र रेकर्ड गर्न सकिन्छ । यसै रजिस्टरबाट सुरक्षित मातृत्व कार्यक्रमको प्रतिवेदन तयार गरी सोका आधारमा कार्यक्रमसँग सम्बन्धित सूचकहरूको विश्लेषण गरिन्छ ।

मातृ सेवाको विवरण वडाअनुसार विश्लेषण गर्नुपर्ने भएकाले प्रत्येक वडाका लागि छुट्टाछुट्टै पानाको प्रयोग गर्नु पर्दछ । स्वास्थ्यकर्मीले कार्यक्षेत्रका नगर/गाउँपालिका अनुमानित गर्भवती संख्यालाई आधार मानी सम्बन्धित वडाका लागि पाना छुट्याउनुपर्दछ । कार्यक्षेत्रभन्दा बाहिरका सेवाग्राहीका लागि यस रजिस्टरको अन्तितिरका पानाहरू छुट्याउनुपर्दछ । सम्बन्धित संस्थाको कार्यक्षेत्रभन्दा बाहिरका सेवाग्राहीहरूको सङ्ख्या अधिक हुने स्वास्थ्य संस्थाले अन्य गा.पा./न.पा./उ.म.न.पा./म.न.पा का सेवाग्रहीहरूका लागि मात्र छुट्टै रजिस्टरको प्रयोग गर्न सक्नेछन् ।

गाउँघर क्लिनिकबाट प्रदान गरिएको मातृ तथा नव शिशु सेवाको विवरण गाउँघर क्लिनिक सञ्चालन भएपश्चात् यस रजिस्टरमा अनिवार्य रूपमा अद्यावधिक गर्नुपर्दछ । महिलाले गर्भावस्थामा पाएको आइरन चक्कीको कुल सङ्ख्या यकिन गर्नका लागि सो महिलाले अन्य संस्थाबाट, गाउँघर क्लिनिक र महिला स्वास्थ्य स्वयंसेविकाबाट प्राप्त गरेको आइरन चक्कीको विवरण गर्भवती परीक्षणका बखत निश्चित गरेर अनिवार्य रूपमा यस रजिस्टरमा अद्यावधिक गर्नुपर्दछ । स्वास्थ्य संस्थाले यसै रजिस्टरबाट मासिक प्रतिवेदन तयार गर्नुपर्दछ ।

रजिस्टरको नमुना



HMIS 3.6

स्वास्थ्य सेवा रजिष्टर

१९	२०	१८	१६	१७	२४	२५	२६	२३	२१	२२	२७	२८	२९	३१
मिती महीना जिति, सप्ताह र अवस्था	प्रसूति महीना जिति, सप्ताह र स्थान	स्थानको अवस्थिति, प्रसूतिको प्रकार र प्रसूति सेवाको सहायकको कोटी	मृत्यु प्रसूति सर्टिफिकेट सहायक कोटी	प्रसूतिको दिनका उपचार/सल्लाह	नवजिवुको अवस्था	सुत्केरी जाँच (PNC)को विवरण	स्वयं दिएको औषधि र परिमाण	सुत्केरीको रेफरल दिएको उपचार/सल्लाह	छिटपुटै छिटपुटै जिति, सप्ताह अवस्थाको अवस्था	प्रसूत र नवजिवु कुरुको जिति र कारण	गर्भवती जाँच र पहलापहर खर्च	कैफियत
जिति	जिति	स्थानको अवस्थिति			जीवन / तौल (ग्राममा)	सुत्केरी जाँच	मुटु	प्रविधि	स्वास्थ	औषधि		जिति	प्रसूत कुरु	
मिति	मिति	Cephalic 1			मृत्यु							मिति	कारण	
समय	समय	Breech 2			जन्मको प्रकार				गर्भवती			समय		
AM PM	AM PM	Shoulder 3			Normal 1							AM PM		
अवस्थाविधी	स्थान	प्रसूतिको प्रकार			Asphyxiated 2				प्रसूति			बच्चाको अवस्थि		
		Spontaneous 1			Hypothermia 3							अवस्थाको अवस्था		
	एक संख्या 1	Vacuum 2			Jaundice 4							Recovered 1	नवजिवु कुरु	
	अर्क संख्या 2	Forceps 3			Congenital anomalies							Not improved 2		
		CS 4										Referred out 3	कारण	
		प्रसूति सहायक स्वास्थ्यकर्मी							सुत्केरी			LAMA 4		
	घर 3	एक सुत्केरी										Absconded 5		
	अर्क स्थान 4	एक सुत्केरी भन्दा बढ़ी 2			कुल जन्म (संख्या) Fresh / Macerated				जन्मका			Died 6		

HMIS 3.62

आमा सूरक्षा कार्यक्रम

महिना	यातायात खर्च		गर्भवती औषध उत्प्रेरणा खर्च		स्वास्थ्य संस्था														
					सुत्केरीको किसिम					Breech Presentation	Multiple Pregnancy	रेफेर भई		प्रसव जटिलता भएकाहरुको व्यवस्थापन गरिएको संख्या	Anti D Vaccine पाएका महिला हरुको संख्या	रक्तसंचार गरिएको जन्म्मा संख्या (Units)	क्याबिनमा बसेका महिलाहरुको संख्या	कैफियत
	यातायात खर्च पाउनु पर्ने महिलाहरु	यातायात खर्च पाएका महिलाहरु	उत्प्रेरणा खर्च पाउनु पर्ने महिला	उत्प्रेरणा खर्च पाएका महिला	सामान्य	भ्याकुम	फोर्सेप	C/S	जन्मा			आएका	गएका					
1	2	3		5	6	7	8	9	10	11	12	13	14	15	16	17	18	19
श्रावन																		
भाद्र																		
.....असार																		
जम्मा																		

HMIS 3.65

जात/जाती अनुसार स्वास्थ्य संस्थामा प्रसुति सेवा समायोजन फारम

जात/जाती	महिना											
	श्रावन	भाद्र	अस्विन	कार्तिक	मंसिर	पौष	माघ	फाल्गुन	चैत	बैसाख	जेष्ठ	असार
१	२	३	४	५	६	७	८	९	१०	११	१२	१३
दलित												
जनजाति												
मधेसी												
मुस्लिम												
बाहमण/क्षेत्री												
अन्य												
जम्मा												

रजिस्टर भर्ने तरिका :

महल नं.	महल शीर्षक		निर्देशन
१	क.स.		सेवा लिन आएका सेवाग्राहीहरूको क्रम सङ्ख्या प्रत्येक महिना १ बाट सुरु गरी क्रमश लेख्दै जानुपर्दछ । अर्को महिनामा पुनः क.सं. १ बाट सुरु गर्नुपर्दछ ।
२	Master	मूल दर्ता नम्बर	मूल दर्ता रजिस्टरमा दर्ता हुँदाको नम्बर मातृ तथा नवशिशु स्वास्थ्य कार्डबाट यस महलमा चढाउनुपर्दछ । गाउँघर क्लिनिकबाट यस रजिस्टरमा अद्यावधिक गर्दा यस महलमा ORC लेख्नुपर्दछ ।

महल नं.	महल शीर्षक		निर्देशन
		सेवा दर्ता नम्बर	एउटा महिलालाई एक पटकको गर्भमा एउटा मात्र दर्ता नम्बर दिई दर्ता गर्नुपर्दछ । सोही महिला सोही पटकको गर्भमा दोहोऱ्याएर मातृ सेवा लिन आउँदा पहिले दर्ता गरेकै लहरमा सम्बन्धित सेवा लिएको विवरण उल्लेख गर्नुपर्दछ अर्थात् समयबद्ध रूपले क्रमिक सेवा विवरण खुल्ने गरी विवरण राख्नुपर्दछ । सेवा दर्ता नं. नयां सेवाग्राहीको लागी प्रत्येक आ.व. को श्रावणदेखि पुनः १ बाट सुरु गरिन्छ ।
३	गर्भवतीको नाम, थर		सेवा लिन आएको सेवाग्राही महिलाको नाम र थर यस महलमा ठाडोपट्टिबाट लेख्नुपर्दछ । (नमुनामा देखाइए जस्तै)
४	गर्भवतीको जात/जाति कोड, उमेर, सम्पर्क नं.		सेवा लिने महिलाको जात/जाति समूह अनुसारको कोड नम्बर यस महलमा लेख्नुपर्दछ । (जस्तै ०१, ०२, ..., ०६) । सेवाग्राहीको उमेर र सम्पर्क नम्बर यसै महलको सम्वन्धित कोठामा लेख्नुपर्दछ ।
५	ठेगाना - गाउँ/टोल		सेवा लिने सेवाग्राहीको गाउँ/टोल स्पष्टसँग खुल्ने गरी लेख्नुपर्दछ । स्वास्थ्य संस्थाको कार्यक्षेत्रभन्दा बाहिरका सेवाग्राहीका हकमा यस महलमा जिल्ला, गा.पा./न.पा./उ.म.न.पा./ म.न.पा. समेत खुल्ने गरी लेख्नुपर्दछ ।
६	पतिको नाम, थर		यस महलमा सेवा लिने महिलाको पतिको नाम, थर लेख्नुपर्दछ ।
७	Gravida		सेवा लिन आएका महिलाको जम्मा गर्भवति भएको पटक (हालको समेत) पत्तालगाई Gravida को महलमा उल्लेख गर्नुपर्दछ । Gravida गणना गर्दा गर्भपतन भएकोलाई समेत गणना गर्नुपर्दछ ।
	Para		सेवा लिने महिलाले हालसम्म जन्माएका जम्मा जन्म सङ्ख्या (जिवित र मृत) Parity को महलमा उल्लेख गर्नुपर्दछ । Parity को गणना गर्दा २२ हप्ता अबधि पूरा गरेका सबै गर्भ (२२ हप्ता पछि गर्भ खेर गएको समेत) लाई गणना गर्नुपर्दछ । यदि हालको गर्भ पहिलो गर्भ हो वा यसभन्दा पहिले उक्त महिलाबाट कुनै जन्म भएको छैन भने Parity महलमा शून्य लेख्नुपर्दछ ।
	आखिरी रजस्वला भएको पहिलो दिनको मिति (LMP)		सेवा लिन आएकी महिलाको आखिरी रजस्वला भएको मिति (LMP) गते, महिना, साल छुट्टाछुट्टै महलमा लेख्नुपर्दछ ।
	प्रसवको अनुमानित मिति (EDD)		LMP का आधारमा निजको प्रसव हुने अनुमानित मिति (EDD) पत्ता लगाई गते, महिना, साल छुट्टाछुट्टै महलमा लेख्नुपर्दछ । प्रसवको अनुमानित मिति निकाल्दा अन्तिम रजस्वला भएको मिति (LMP) मा ९ महिना ७ दिन जोड्नुपर्दछ । *(जस्तै : कुनै महिलाको अन्तिम रजस्वला भएको मिति (LMP) २०७४।०७।१७ छ भने सोमा ९ महिना ७ दिन जोड्दा प्रसव हुने अनुमानित मिति (EDD) २०७५।०४।२४ हुन्छ ।)*
८	गर्भवती जाँच		गर्भवती महिलाले लिएको गर्भवती सेवाको विवरण यस महलमा उल्लेख गर्नुपर्दछ । गर्भवती महिला यस पटकको गर्भमा पहिलो पटक गर्भवती परीक्षणका लागि आएको भए **पहिलो पटक** (1st Visit) गर्भवती जाँचको महलमा परीक्षण गरेको मिति गते, महिना, सालमा उल्लेख गरी गर्भको अवधिअनुसार यस पटकको गर्भवती जाँच कतिऔं महिनाको हो, सम्बन्धित महलमा समेत सोही मिति उल्लेख गर्नुपर्दछ । गर्भवती जाँचका लागि दोहोऱ्याई आउँदा गर्भको अवधिअनुसार यस पटकको गर्भवती जाँच कतिऔं महिना (पाँचौ, छैटौं, सातौं, आठौं वा नवौं) हो, सम्बन्धित महलमा मिति (गते, महिना, साल) लेख्नुपर्दछ । त्यसै गरी प्रोटोकलअनुसार तोकिएका महिनामा (चौथो, छैठौं, आठौं र नवौं) जाँच पूरा गर्ने महिलाको नवौं महिनामा जाँच गरेको मिति Protocol अनुसार ४ पटक जाँचको महलमा लेख्नुपर्दछ । गर्भवती महिलालाई गर्भ जाँचको समयमा दिइएको आइरन चक्कीको सङ्ख्या सम्बन्धित जाँचसँगैको महलमा लेख्नुपर्दछ । अन्य संस्थाबाट आइरन लिएको भएमा यस महलमा सो संस्थाको नाम र लिएको आइरन चक्की सङ्ख्या लेख्नुपर्दछ । सेवाग्राही महिलाले म.स्वा. स्वयंसेविकाबाट आइरन चक्की लिई सेवन गरिरहेको भएमा सो यकिन गरी यस महलमा लिएको आइरनको सङ्ख्या लेखी अद्यावधिक गर्दै जानुपर्दछ ।

महल नं.	महल शीर्षक	निर्देशन
		गर्भवती महिलालाई प्रत्येक गर्भमा जुकाको १ मात्रा औषधि वितरण गर्नुपर्ने भएकाले सेवाग्राहीलाई जुकाको औषधी वितरण गरेको मिति गते, महिना, साल सम्बन्धित महलमा लेख्नुपर्छ । गर्भावस्थामा पाएको पहिलो टी.डी. खोप दिएको मिति टी.डी. १ को महलमा गते, महिना, साल लेख्नुपर्दछ । त्यस्तै गरी दोस्रो पाएको मिति टी.डी. २ को महलमा लेख्नुपर्दछ । यदि गर्भवती महिलालाई टी.डी. खोपको २ं मात्रा दिइएको भए टी.डी.२ं मा रेकर्ड गर्नुपर्दछ । र पहिलेकै गर्भमा २ वटा टि.डी लिइसकेको भएमा यसपटकको गर्भमा थप लगाइएको टि.डी.लाई टी.डी.२+ मा गते, महिना, साल सहित लेख्नुपर्दछ । पहिलो गर्भमा १ पटक मात्र टि.डी. खोप लगाएको रहेछ भने अर्को पटकको गर्भमा टि.डी.१ र टि.डी २ निर्धारित समयमा लगाइ सोही अनुसार अभिलेख राख्नु पर्दछ । **नोट :** कुनै महिलाले चार पटकसम्म गर्भ जाँच गरेको भए तापनि यदि प्रोटोकलअनुसार तोकिएका महिना (चौथो, छैठौँ, आठौँ र नवौँ) मध्ये कुनै एक महिना मात्र छुट भएको भए Protocol अनुसार ४ पटक जाँचको महलमा उलेख गर्नु हुँदैन । कुनै सेवाग्राही महिला गर्भ रहेको सातौँ महिनामा पहिलो पटक गर्भवती जाँच गराउन आएकी रहिछन् भने यस पटक गर्भ जाँच गरेको मिति **पहिलो जाँच र सातौँ महिनाको** महलमा उल्लेख गर्नुपर्दछ ।
Antenatal care (ANC) Protocol: आमा र शिशु – दुवैको सुरक्षाको लागि गर्भवती महिलाले प्रत्येक गर्भमा कम्तीमा पनि ४ पटक गर्भवती जाँच गराउनुपर्दछ । सुर्रक्षित मातृत्व कार्यक्रमले पहिलेको गर्भवती सेवालाई परिष्कृत गरी Focused Antenatal Care को अवधारणा ल्याएको छ । Focussed Antenatal Care अन्तर्गत गर्भवती महिलाले गर्भवती भएको चौथो महिनामा पहिलो पटक, छैटौं महिनामा दोस्रो पटक, आठौं महिनामा तेस्रो र नवौं महिनामा चौथो पटक र आवश्यक भएमा यसबाहेक अन्य पटक गर्भवती सेवा लिनुपर्दछ । यसरी गर्भवती महिलाले कार्यक्रमले तोकेको अवधिमा कम्तीमा पनि ४ पटक गर्भवती सेवा लिनुपर्दछ ।		
९	एच्.आई.भी. र भिरिङ्गी परीक्षण (HIV & Syphlis)	गर्भवती महिलाको एच.आई.भी. र भिरिङ्गीसम्बन्धी विवरण यस महलमा भर्नुपर्दछ । यदि गर्भवती महिलालाई एच.आई.भी. सम्बन्धी परामर्श गरिएको भए Counselling सँगैको कोड १ मा गोलो घेरा लगाउनुपर्दछ । यदि सेवाग्राहीको HIV परीक्षण गरिएको भए वा परीक्षणका लागि प्रयोगशालामा पठाइएको भए HIV testing सँगैको कोड २ मा गोलो घेरा लगाउनुपर्दछ, र HIV परीक्षण गरिएको मिति Test date मा गते, महिना, सालमा लेख्नुपर्दछ । प्रयोगशालाबाट HIV परीक्षणको नतिजा प्राप्त भएमा Results received सँगैको कोड ३ मा गोलो घेरा लगाउनुपर्दछ । यदि HIV परीक्षणको नतिजा पोजेटिभ (३ वटै टेष्ट किटवाट परीक्षण गरी पोजेटिभ यकीन भएको) भए HIV status सँगैको खाली ठाउँमा कोड १, नेगेटिभ भए कोड २ र Inconclusive भए कोड ३ लेखी सँगैको कोड ४ मा समेत गोलो घेरा लगाउनुपर्दछ । यदि प्रयोगशालाबाट HIV परीक्षणको नतिजा प्राप्त नभएमा कोड ४ मा गोलो घेरा लगाउनुहुँदैन । यदि श्रीमान्को HIV परीक्षण गरी नतिजा थाहा भए Partner HIV status known सँगैको कोड ५ मा गोलो घेरा लगाउनुका साथै खाली ठाउँमा पोजेटिभ भए १, नेगेटिभ भए २, Inconclusive भए ३ र HIV status थाहा नभएको भए ४ लेख्नुपर्दछ । यदि श्रीमान्को HIV परीक्षण गर्नका लागि पठाइएको भए Partner referred सँगैको कोड ६ मा गोलो घेरा लगाउनुपर्दछ । यदि परीक्षणका लागि पठाउन नसकिएको भएमा कोड ६ मा गोलो घेरा लगाउनु हुँदैन । यदि सेवाग्राहीको Syphilis परीक्षण गर्नको लागि प्रयोगशालामा पठाइएको भए Syphlis tested सँगैको कोड ७ मा गोलो घेरा लगाउनुपर्दछ । यदि ल्यावबाट Syphlis परीक्षणको नतिजा पोजेटिभ भए Syphlis positive सँगैको कोड ८ मा गोलो घेरा लगाउनुपर्दछ, नेगेटिभ भए खाली छोड्नुपर्दछ । यदि Syphlis को उपचार गरिएको भए Syphlis treated सँगै को कोड ९ मा गोलो घेरा लगाउनु पर्दछ र उपचार नगरिएको भए खाली छोड्नुपर्दछ । HIV संक्रमण भएको निश्चित भएका गर्भवती महिलालाई उपचारका लागि PMTCT केन्द्रमा प्रेषण गर्नुपर्दछ र Referred for ART सँगै को कोड १० मा गोलो घेरा लगाई प्रेषण गरिएको मिति (गते, महिना, साल) लेख्नुपर्दछ ।

महल नं.	महल शीर्षक	निर्देशन
१०-१७	गर्भवती, प्रसूति अवस्था तथा सुत्केरीपछि देखिएको जटिलताहरू (Obstetric Complication)	गर्भवती, प्रसूति अवस्था तथा सुत्केरीपछि सेवाग्राही महिलामा जाँचको क्रममा देखिने जटिलताहरूको विवरण यस महलअन्तर्गत उल्लेख गरिएको छ । गर्भवती, प्रसूति र सुत्केरी जाँचका क्रममा उक्त जटिलताहरू भए/नभएको यकिन गरी सम्बन्धित कोडमा गोलो घेरा लगाउनु पर्दछ र महिनामा जटिलता देखिएको महिना को नाम लेख्नुपर्दछ ।

Condition/Complication	Code	Condition/Complication	Code
Ectopic Pregnancy (O00)	= 1	Prolonged Labor (O63)	= 8
Abortion Complication(008)	= 2	Obstructed Labour (O64)	= 9
Hypertension ( )	= 3	Ruptured Uterus (S37)	= 10
Severe/Pre Eclampsia (O14)	= 4	Post-partum Haemorrhage (O72)	= 11
Eclampsia (O15)	= 5	Retained Placenta (O73)	= 12
Hyp. Gravidarum (…..)	= 6	Pueperal Sepsis	= 13
APH (Antepartum Haemorrhage) (O46)	=7		

११	गर्भवती, प्रसूति अवस्था, तथा सुत्केरीपछि देखिएको जटिलता	गर्भवती जाँच	गर्भवती महिलाको जाँच गर्दा महल १० मा उल्लेख भए मध्ये जुन जटिलता देखिएका हुन्, सोही जटिलताको महल नं. ११ को कोडमा गोलो लगाउनुपर्दछ ।
१२		महिना	यस महलमा गर्भवती महिलाको जाँचका क्रममा देखिएका जटिलताको कोडमा गोलो लगाईएका महलहरूमा मात्र उक्त जटिलता कुन महिनामा देखिएको हो, जाँच गरेको महिना लेख्नुपर्दछ । जस्तैः कुनै गर्भवती महिलालाई भाद्र महिनामा Ectopic Pregnancy को जटिलता भएको भए Ectopic Pregnancy सँगै को गर्भवती जाँचको कोड १ मा गोलो घेरा लगाउनुपर्दछ र महिनामा भाद्र (०५) लेख्नुपर्दछ ।
१३, १४		प्रसूति, महिना	त्यसै गरी प्रसूति अवस्थामा महल नं. १० मा उल्लेख भए मध्ये जुन जटिलता देखिएका हुन्, महल १३ को सम्बन्धित कोडमा गोलो घेरा लगाई महल १४ मा जाँच गरेको महिना लेख्नुपर्दछ । जस्तैः प्रसवको समयमा कुनै महिलालाई पौष महिनामा Hypertension को जटिलता भएको भए महल १३ को कोड ३ मा गोलो घेरा लगाई महल १४ को महिनामा पौष (०९) लेख्नुपर्दछ ।
१५, १६		सुत्केरी, महिना	त्यसै गरी सुत्केरी अवस्थामा महल नं. १० का जटिलता देखिएमा सम्बन्धित १५ महलको कोडमा गोलो घेरा लगाई महल १६ मा जाँच गरेको महिना लेख्नुपर्दछ । जस्तै : सुत्केरीको समयमा कुनै महिलालाई फाल्गुन महिनामा Eclampsia को जटिलता भएको भए महल १५ को कोड ५ मा गोलो घेरा लगाउनुपर्दछ र महल १६ को महिनामा फाल्गुन (११) लेख्नुपर्दछ ।
१७		अन्य जटिलताहरू (Other Complications)	गर्भवती, प्रसूति र सुत्केरीपछिको अवस्थामा महल नं १० मा उल्लेख गरिएका जटिलताहरू बाहेक अन्य कुनै जटिलताहरु देखिएमा यस महलमा लेख्नुपर्दछ ।
१८	गर्भवती अवस्थामा उपचार र सल्लाह		गर्भावस्थामा सेवाग्राही महिलामा देखिएका जटिलताहरूको व्यवस्थापनका लागि प्रदान गरिएको उपचार सेवाको विवरण र गर्भवती जाँचका क्रममा दिइएका सल्लाहको विवरण यस महलमा लेख्नुपर्दछ ।
१९	भर्ना गर्दाको मिति, समय र अवस्था		प्रसूति सेवाका लागि आएका महिलालाई भर्ना गरेको दिनको मिति गते, महिना, सालमा लेख्नुपर्दछ, र समय (AM, PM) र भर्ना गर्दाको अवस्था र **गर्भको हप्तासमेत खुलाई यस** महलको सम्बन्धित कोठामा लेख्नुपर्दछ ।
२०	प्रसूति भएको मिति, समय र स्थान		सेवाग्राही महिला प्रसूति भएको मिति (गते, महिना, साल) र समय (AM, PM) खुल्ने गरी सम्बन्धित महलमा लेख्नुपर्दछ । त्यस्तै सेवाग्राही महिला यही संस्थामा प्रसूति भएको भए प्रसूति भएको स्थानअन्तर्गतको कोड नं. १ मा, अन्य स्वास्थ्य संस्थामा प्रसूति भएको भए कोड नं. २ मा गोलो घेरा लगाई प्रसूति भएको स्वास्थ्य संस्थाको नाम लेख्नुपर्दछ । दक्ष

महल नं.	महल शीर्षक	निर्देशन
		प्रसुतीकर्मी वा अन्य स्वास्थ्यकर्मीको उपस्थितीमा घरमा वा अन्य स्थानमा प्रसूति भएको भए क्रमशः कोड नं. ३ वा ४ मा गोलो लगाउनुपर्दछ ।
२१	शिशुको प्रिजेन्टेशन	शिशुको अवस्थितिका आधारमा शिशुको प्रिजेन्टेशन Cephalic, Breech, Shoulder जुन अवस्थामा छ, सम्बन्धित अवस्थितिका महलको कोड नं. मा गोलो घेरा लगाउनुपर्दछ ।
	प्रसूतिको प्रकार	प्रसूति कसरी गराइएको हो, सोको प्रकार Spontenuous, Vaccum, Forcep, C/S को सम्बन्धित प्रकारको कोड नं. मा गोलो घेरा लगाउनुपर्दछ ।
	प्रसूति सेवाप्रदायक	प्रसूति सेवा प्रदान गर्ने सेवाप्रदायक दक्ष प्रसूतिकर्मी भए सोही महलको कोड नं. १ मा र दक्ष प्रसूतिकर्मीबाहेक अन्य भएमा कोड नं. २ मा गोलो घेरा लगाउनुपर्दछ ।
२२	प्रसूति सेवा प्रदायकको नाम र पद	प्रसूति सेवाप्रदायकहरूमध्ये प्राथमिकताका आधारमा मुख्य सेवाप्रदायकको नाम र पद यस महलमा लेख्नुपर्दछ ।
२३	प्रसूति अवस्थामा उपचार, सल्लाह	प्रसूति अवस्थामा दिइएको उपचार तथा सल्लाहको विवरण यस महलमा उल्लेख गर्नुपर्दछ ।
२४	नवशिशुको अवस्था – शिशुको सङ्ख्या, लिङ्ग र तौल	जीवित जन्म भएका नवशिशु (एकल, जुम्ल्याहा, तिम्ल्याहा) को सङ्ख्या र जन्म तौल (ग्राममा) महिला, पुरुषको सम्बन्धित महलमा लेख्नुपर्दछ ।
	नवशिशुको अवस्था – नाभि मलमको प्रयोग	नवशिशुको नाभिवरिपरि नाभि मलम (Chlorhexidine Jel) को प्रयोग भएको भए यस महलको कोड नं १ मा गोलो घेरा लगाउनुपर्दछ ।
	नवशिशुको अवस्था – शिशु जन्मदाको अवस्था	जन्मेको शिशुको परीक्षण गर्दा शिशुको अवस्था Normal, Asphyxia, Hypothermia, Jaundice के देखिन्छ, सम्बन्धित महलको कोड नं. मा गोलो घेरा लगाउनुपर्दछ । शिशुमा जन्मजात कुनै विकृतिहरू देखिएमा Congenital Anomalies को महलमा सम्बन्धित विकृतिको प्रकार उल्लेख गर्नुपर्दछ । नवशिशुमा निम्न अनुसारका विकृतिहरू हुन सक्छन् : ➢ Anencephaly and similar anomalies *(मस्तिष्कको पूरा भाग नभएको)* ➢ Cleft lip *(ओठ खुँडे हुनु)* ➢ Cleft palate *(तालु खुँडे हुनु)* ➢ Cleft palate with cleft lip *(ओठ र तालु खुँडे हुनु)* ➢ *बन्द गुदद्वार* ➢ *घोडे खुँडे* ➢ *मेनिङ्गोमाइलोसिल* ➢ *हाइड्रोकेफालस*
	नवशिशुको अवस्था – मृत जन्म	यदि शिशु मृत अवस्थामा जन्मेको भए शिशुको अवस्था अनुसार Fresh/Macerated छुटचाई मृत जन्म भएको शिशुको सङ्ख्या यस महलमा लेख्नुपर्दछ ।
२५	नवशिशुको उपचार, सल्लाह	नवशिशुलाई प्रदान गरेको उपचार तथा सल्लाहको विवरण यस महलमा उल्लेख गर्नुपर्दछ ।
२६	प्रसूतिपछिको (सुत्केरी) जाँच	सुत्केरी महिलाले निर्धारित अवधिभित्र सुत्केरी जाँचको सेवा लिएको मिति (गते, महिना, साल) मा उल्लेख गर्नुपर्दछ ।सुत्केरी महिलाले सुत्केरी भएको २४ घण्टाभित्र, तेस्रो दिनभित्रमा र सातौं दिनभित्रमा सुत्केरी जाँचको सेवा लिएको भए PNC Protocol अनुसार ३ पटकको महलमा तेस्रो पटक सेवा लिएको मिति लेख्नुपर्दछ । सुत्केरी भएपछि ६ हप्ताभित्र सुत्केरी महिलालाई १ मात्रा भिटामिन ए र ४५ चक्की आइरन दिएको मिति सम्बन्धित महलमा चढाउनुपर्दछ । अन्यत्र प्रसूति भई सुत्केरी जाँचको लागि मात्र आएमा अन्यत्रबाट वा भिटामिन ए क्याप्सुल तथा सुत्केरी अवस्थाको लागि आइरन चक्की पाए/नपाएको यकिन गरी नपाएको भए दिई सम्बन्धित महलमा गते, महिना, साल लेख्नुपर्दछ । यदि अन्य संस्थाबाट प्राप्त गरिसकेको भए मिति लेख्ने महलमा सेवा प्रदान गर्ने स्वास्थ्य संस्थाको नाम लेख्नुपर्दछ । सेवाग्राहीले म.स्वा.स्व.से. बाट भिटामिन ए पाएको

महल नं.	महल शीर्षक	निर्देशन
		भए सो महलमा FCHV भनी जनाउनुपर्दछ । सुत्केरी महिलालाई सुत्केरी भएको ४८ घण्टाभित्र परिवार नियोजनकोसाधन Short acting, Long acting (TSA, TLA) र Permanent सेवा उपलब्ध गराइएको भए सोही अनुसार १, २ वा ३ मा गोलो घेरा लगाउनुपर्दछ । ***नोट : सुत्केरी अवस्थामा दिइएको परिवार नियोजन सेवाको अभिलेख अनिवार्य रूपमा सम्बन्धित प. नि. सेवा रजिस्टरमा अद्यावधिक गर्नुपर्दछ ।***
PNC Protocol: आमा र शिशु – दुवैको सुरक्षाको लागि सुत्केरी महिलाले कम्तीमा पनि ३ पटक प्रसूतिपश्चात् जाँच गराउनुपर्दछ। सुरक्षित मातृत्व कार्यक्रमअन्तर्गत सुत्केरी महिलाले तोकेको अवधिमा कम्तीमा पनि ३ पटक (सुत्केरी भएको २४ घण्टाभित्र पहिलो पटक, तेस्रो दिनमा दोस्रो पटक, सातौँ दिनमा तेस्रो पटक) र आवश्यक भएमा यसबाहेक अन्य पटक सुत्केरी सेवा लिनुपर्दछ । यसरी सुत्करी सेवा दिएको अभिलेख गर्दा सुत्केरी भएको चौबीस घण्टाभित्र सेवा लिएको भए जन्मेको २४ घण्टाभित्र सेवा लिएको महलमा, तेस्रो दिनमा सेवा लिएको भए जन्मेको तेस्रो दिनमा सेवा लिएको महलमा, सातौँ दिनमा सेवा लिएको भए जन्मेको सातौं दिनमा र अन्य दिनमा वा थप सेवा लिएको भए अन्य सेवा लिएको महलमा अभिलेख गर्दै जानुपर्दछ । सुत्केरी जाँचको क्रममा आमाको स्वास्थ्य जाँचसँगसँगै नवशिशुको पनि स्वास्थ्य जाँच गर्नुपर्दछ ।		
२७	रगत दिइएको अवस्था र परिमाण	यदि महिलालाई गर्भवती, प्रसूति वा सुत्केरी कुनै पनि अवस्थामा रगत दिइएको भएमा गर्भवती, प्रसुती, सुत्केरी कुन अवस्थामा दिइएको हो, सँगैको सम्बन्धित महलमा दिइएको रगतको परिमाण (Pint) लेख्नुपर्दछ । सेवाग्राही महिलाको अवस्थाको तल्लो महलमा रगत दिएको मिति (गते र महिना) लेख्नुपर्दछ । सेवाग्राही महिलालाई दिइएको रगतको जम्मा परिमाण (युनिट) जम्मको महलमा लेख्नुपर्दछ ।
२८	सुत्केरीको बेलामा दिएको उपचार सल्लाह	सुत्केरी सेवा लिन आएका महिलाहरूमा देखिएका जटिलताको उपचार व्यवस्थापनका लागि सेवाग्राही महिलालाई दिइएको उपचार सल्लाह यस महलमा उल्लेख गर्नुपर्दछ ।
२९	डिस्चार्ज मिति, समय र आमाको अवस्था	स्वास्थ्य संस्थाबाट गर्भवती, प्रसूति र सुत्केरी सेवा लिई डिस्चार्ज भएको मिति गते, महिना, सालमा र समय (AM, PM) समेत सम्बन्धित महलमा लेख्नुपर्दछ । भर्ना भएको मितिबाट गणना गरी सेवाग्राही स्वास्थ्य संस्थामा बसेको जम्मा दिन सम्बन्धित महलमा उल्लेख गर्नुपर्दछ । डिस्चार्जका बखत सेवाग्राही महिलाको स्वास्थ्य परीक्षण गरी Recovered, Not Improved, Referred Out, LAMA, Absconded र Died सम्बन्धित Outcome को कोड नं. मा गोलो घेरा लगाउनुपर्दछ ।
३०	मातृ तथा नवशिशु मृत्यु सम्बन्धी विवरण	गर्भवती, प्रसूति तथा सुत्केरी अवस्थामा सेवाग्राही महिलाको मृत्यु भएमा मृत्यु भएको मिति गते, महिना, सालमा लेखी मृत्यु हुनाको प्रमुख कारण सम्बन्धित कोठामा लेख्नुपर्दछ । त्यसै गरी नव शिशुको जन्मेको २८ दिनभित्र स्वास्थ्य संस्थामा मृत्यु भएको भए सोको मिति र मृत्युको कारण सम्बन्धित महलमा उल्लेख गर्नुपर्दछ ।
३१	गर्भवती जाँच उत्प्रेरणा/सुत्केरी यातायात खर्च	गर्भवती जाँच प्रोटोकल अनुसार तोकिएको समयावधिमा गर्भ जाँच गराई गर्भवती जाँच उत्प्रेरणा बापतको रकम प्राप्त गर्ने मापदण्ड पूरा गरेका सेवाग्राही महिलालाई उत्प्रेरणा बापतको उक्त रकम उपलब्ध गराइएको हो वा होइन, यकिन गरी सम्बन्धित महलको कोड नं. मा गोलो घेरा लगाउनुपर्दछ । त्यसै गरी आमा सुरक्षा कार्यक्रमको निर्देशिकाले तोकेबमोजिम स्वास्थ्य संस्थामा सुत्केरी हुन आउँदा सेवाग्राही महिलाले पाउने यातायात खर्च बापतको रकम पाए, नपाएको यकिन गरी सम्बन्धित महलको कोड नं. मा गोलो घेरा लगाउनुपर्दछ । यदि यातायात खर्च नपाएको भए नपाउनुको यथार्थ कारण उक्त महलमा लेख्नुपर्दछ ।
३२	कैफियत	सेवाग्राही महिलाको गर्भवती, प्रसूति तथा सुत्केरी अवस्था र नवशिशुको अवस्थाका बारेमा थप विवरण उल्लेख गर्नुपर्ने भएमा यस महलमा लेख्नुपर्दछ ।

आमा सुरक्षा कार्यक्रम (Aama Programme)

नेपाल सरकारले गर्भवती जांचको Protocol अनुसार चार पटक गर्भ जाँच पूरा गरी सुरक्षित प्रसूति केन्द्र (Birthig Center) मा प्रसूति हुने महिलालाई गर्भवती जाँच उत्प्रेरणा खर्च र सुरक्षित प्रसूति सेवा प्रदान गर्ने सूचीकृत (आमा

सुरक्षा कार्यक्रम लागू भएका) स्वास्थ्य संस्थामा प्रसूति गराएका महिलाहरूलाई यातायात खर्च बापत रकम प्रदान गर्ने व्यवस्था गरेको छ । यसका अतिरिक्त सुरक्षित प्रसूति सेवा प्रदान गर्ने स्वास्थ्य संस्थाहरुलाई त्यस संस्थामा भएको सुत्केरीको किसिम र Obstetric Complication व्यवस्थापन गरे अनुसार अनुदान रकम समेत उपलब्ध गराउने गरिन्छ । स्वास्थ्य संस्थावाट गर्भवती जाँच उत्प्रेरणा खर्च, प्रसूति यातायात खर्च उपलब्ध गराइएका सेवाग्राहीहरुको संख्या र प्रसूतिको प्रकार तथा जटिलता व्यवस्थापन गरिएकाहरुको विवरण मासिक रूपमा निर्देशिकाको अनुसूची ..... अनुसारको निर्दिष्ट ढाँचामा तयार गरी सो को एकमुष्ट विवरण यस फाराममा लेख्नुपर्दछ ।

भर्ने तरिका :

मातृ तथा नवशिशु स्वास्थ्य सेवा रजिस्टरको अन्तका पेजमा यस फारामको व्यवस्था गरिएको छ । स्वास्थ्य संस्थाबाट सुत्केरी यातायात खर्च तथा गर्भवती जाँच उत्प्रेरणा स्वरूप रकम पाएका सेवाग्राही महिलाहरूको विवरण प्रत्येक महिना समाप्त भएपछि स्वास्थ्य संस्थामा रहेको मातृ तथा नवशिशु स्वास्थ्य सेवा रजिस्टर (HMIS 3.6) बाट उतार गरी यस फाराममा विवरण अद्यावधिक गर्नुपर्दछ ।

महल नं	शीर्षक		निर्देशन
१	महिना		यस महल अन्तर्गत आ. व. को सुरुवात देखि श्रावण, भाद्र .... ज्येष्ठ, आषाढ गरी १२ महिनाको नाम उल्लेख गरिएको छ ।
२	प्रसूति यातायात खर्च	यातायात खर्च पाउनुपर्ने महिलाहरू	आमा सुरक्षा कार्यक्रम लागू भएका स्वास्थ्य संस्थामा आएर प्रसूति सेवा लिएका र सुत्केरीपछिको जटिलताको उपचारका लागि स्वास्थ्य संस्थामा आउने सेवाग्राही महिलाहरूमध्ये आमा सुरक्षा कार्यक्रमको निर्देशिकाले तोकेअनुसार सुत्केरी यातायात खर्च पाउन योग्य महिलाहरूको सङ्ख्या यस महलमा लेख्नुपर्दछ ।
३		यातायात खर्च पाएका महिलाहरु	सुत्केरी यातायात खर्चबापतको रकम उपलब्ध गराइएका सेवाग्राही महिलाहरूको सङ्ख्या यस महलमा लेख्नुपर्दछ ।
४	गर्भवती जांच उत्प्रेरणा खर्च	उत्प्रेरणा खर्च पाउनुपर्ने महिला	आमा सुरक्षा कार्यक्रम लागू भएका स्वास्थ्य संस्थामा आएर प्रसूति सेवा लिएका गर्भवती जांचको Protocol अनुसार चार पटक गर्भ जाच पूरा गरेका गर्भवती उत्प्ररणा खर्च पाउन योग्य महिलाहरूको सङ्ख्या यस महलमा लेख्नुपर्दछ ।
५		उत्प्रेरणा खर्च पाएका महिला	गर्भवती जांच उत्प्रेरणा खर्च उपलब्ध गराइएका सेवाग्राही महिलाहरूको सङ्ख्या यस महलमा लेख्नुपर्दछ ।
६	सुत्केरीको किसिम	सामान्य	स्वास्थ्य संथामा प्रसूति भएका सेवाग्राहीहरूमध्ये सामान्य तरिकाले प्रसूति (Spontaneous Delivery) भएका सेवाग्राही महिलाको सङ्ख्या मातृ तथा नवशिशु स्वास्थ्य रजिष्टर बाट गणना गरी यस महलमा उल्लेख गर्नुपर्दछ ।
७		भ्याकुम	भ्याकुम उपकरणको प्रयोग गरेर सुत्केरी गराइएका सेवाग्राही महिलाको सङ्ख्या यस महलमा उल्लेख गर्नुपर्दछ ।
८		Forceps	Forceps को प्रयोग गरी स्वास्थ्य संस्थामा प्रसूति गराइएका जम्मा सेवाग्राही महिलाको सङ्ख्या गणना गरी यस महलमा लेख्नुपर्दछ ।
९		C/S	स्वास्थ्य संस्थामा अप्रेसन (Cesarean Seciton) गरी प्रसूति गराइएका जम्मा सेवाग्राही महिलाको सङ्ख्या गणना गरी यस महलमा लेख्नुपर्दछ ।
१०		जम्मा	स्वास्थ्य संस्थामा प्रसूति गराइएका जम्मा सेवाग्राहीको सङ्ख्या (महल ६ देखि ९ सम्मको जम्मा) यस महलमा लेख्नुपर्दछ ।
११	Breech Presentation		प्रसूति सेवा लिन आएका महिलामा शिशुको अवस्थितिको आधारमा Breech प्रिजेन्टेशन भएकाको सङ्ख्या यस महलमा लेख्नुपर्दछ ।
१२	Multiple Pregnancy		प्रसूति सेवा लिन आएका महिलाहरू मध्ये दुई वा दुईभन्दा बढी (जुम्ल्याहा, तिम्ल्याहा) शिशु जन्माउने महिलाको सङ्ख्या यस महलमा लेख्नुपर्दछ ।
१३	रेफर	आएका	प्रसूति सेवाका लागि अन्य स्वास्थ्य संस्थाबाट रेफर भई आएका महिलाहरूको सङ्ख्या यस रजिस्टरको कैफियत महलबाट गणना गरी लेख्नुपर्दछ ।

महल नं	शीर्षक		निर्देशन
१४	भई	गएका	प्रसूति सेवाका लागि यस संस्थाबाट अन्य स्वास्थ्य संस्थामा रेफर गरिएका सेवाग्राही महिलाहरूको गणना गरी यस महलमा लेख्नुपर्दछ ।
१५	प्रसव जटिलता भएकाहरुको व्यवस्थापन गरिएको संख्या		स्वास्थ्य संस्थामा सुत्केरी क्रममा तथा अन्य स्थानमा सुत्केरी भएपश्चात् देखिएका APH, PPH, Severe Pre-Eclampcia, Eclampcia, Retained Placenta, Puerperal Sepsis जस्ता जटिलताहरू (Direct Obstetric complications) को व्यवस्थापन गरिएका महिलाहरुको को सङ्ख्या यस महलमा लेख्नुपर्दछ ।
१६	Anti D vaccine पाएका महिला हरुको संख्या		आमाको रगत RH Negative देखिएका सुत्केरी महिलालाई Anti D Vaccine दिनुपर्दछ । यसरी Anti D Vaccine दिइएका सुत्केरी महिलाको सङ्ख्या यस महलमा लेख्नुपर्दछ ।
१७	रक्त संचार गरिएको जम्मा संख्या		यस महलमा स्वास्थ्य संस्थामा Blood transfusion को क्रममा प्रयोग गरिएको रगतको परिमाण blood unit (Pint) लेख्नुपर्दछ ।
१८	क्याबिनमा बसेका महिलाहरुको संख्या		स्वास्थ्थ संस्थामा प्रसूति सेवा लिने क्रममा क्याविन (Cabin) प्रयोग गर्ने सुत्केरी महिलाहरूको सङ्ख्या यस महलमा लेख्नुपर्दछ ।
१९	कैफियत		अन्य केही कुरा उल्लेख गर्नुपर्ने भएमा यस महलमा उल्लेख गर्नु पर्दछ ।

जात/जातिअनुसार सुत्केरी सेवा समायोजन फाराम

स्वास्थ्य संस्थाबाट प्रवाह भएको प्रसूति सेवा समान रूपले सबै जात/जाति, वर्ग, समूहले उपभोग गरे/नगरेको विश्लेषण गर्न सेवाग्राहीहरूको जात/जातिअनुसारको अभिलेख हुनु आवश्यक हुन्छ । यस प्रकारको सूचनाले सेवाको उपभोग दर कम भएका जाति तथा समूहलाई सेवा उपभोग गर्न उत्प्रेरणा गर्ने क्रियाकलाप सञ्चालन गर्न सहयोग पुग्दछ । मातृ तथा नवशिशु स्वास्थ्य सेवा रजिस्टरको महल नं. १९ अन्तर्गत यस संस्थामा प्रसूति भएका सुत्केरी महिलाको सङ्ख्या र सोही रजिस्टरको महल नं. ४ मा उल्लिखित सुत्केरी महिलाको जाति कोडअनुसार जात/जाति समूह समायोजन गरी मातृ तथा नवजात शिशु स्वास्थ्य सेवा रजिस्टरको अन्तमा रहेको जात/जातिअनुसारको सुत्केरी सेवा समायोजन फाराममा लेख्नुपर्दछ ।

अभ्यास ३.६ शोभा अधिकारीको बिबरण मातृ तथा नवशिशु स्वास्थ्य रजिष्टरमा अध्याबधिक गर्नुहोस् ।

HMIS 3.7: सुरक्षित गर्भपतन सेवा रजिस्टर (Safe Abortion Service Register)

कुनै पनि महिलाले अनइच्छित गर्भधारण गरेमा/भएमा यस्तो गर्भ गर्भपतन गराउन सक्ने कानुनी व्यवस्था राज्यले गरेको छ । बिभिन्न अवस्थामा गर्भपतन सेवा लिएका (Induced Abortion) र गर्भपतन पश्चात्को (Post Abortion Service) सेवा पाएका महिलाहरूको अभिलेख राख्न यस रजिस्टरको प्रयोग गरिन्छ । सुरक्षित गर्भपतन सेवा प्रदान गर्न सूचीकृत भएका स्वास्थ्यकर्मीहरुले सूचीकृत भएका स्वास्थ्य संस्थाहरुमा मात्र सुरक्षित गर्भपतन सेवा उपलब्ध गराउन सक्ने व्यवस्था छ। सुरक्षित गर्भपतन सेवा प्रदान गर्न सूचीकृत भएका स्वास्थ्य संस्था र गर्भपतन पश्चात्को सेवा प्रदान गरिने स्वास्थ्य संस्थाहरूमा मात्र यस रजिस्टरको प्रयोग हुनेछ ।

रजिस्टरको नमुना :

HMIS 3.7

SAFE ABORTION

Name of Health Facility: .....

SN	All Clients																	
	Regd. No	Date			Address			Family Name	Caste Code*	Age	Education	No of living children	Gestation (on weeks)		Procedure code	Pain management given	
		DD	MM	YY	District	Municipality/Rural Municipality	Ward No						By LMP	On examination	1-6	Yes	No
1	2	3	4	5	6	7	8	9	10	11	12	13	14	15	16	17	18
																1	2
																1	2

HMIS 3.7

SERVICE REGISTER

FY: 207 .. / 207 .. Month:

Surgical Abortion (Manual Vacuum Aspiration) Clients				Medical Abortion (MA) clients					PAC Clients (From outside)	All clients								Remarks
Complication				Status of abourtion		Complications						Outcome of CAC/PAC				Details of service provider			
Heaby bleeding requiring blood transfusion	Uterine/ intra-abdominal injury requiring laprotomy	Infection requiring hospitalization/IV artibiotics	Ongoing pregnancy	Complete	Not complete	Bleeding requiring blood transfusion	Infection requiring hospitalization/IV artibiotics	Ongoing pregnancy	Diagnosis	Accepted FP Methods	Referred from	Referred out	Normal	LAMA	Death	Name	Signature	Listed no	
									1-3	1-7	1-3	1-3							
19	20	21	22	23	24	25	26	27	28	29	30	31	32	33	34	35	36	37	38
1	2	3	4	1	2	1	2	3				1	2	3	4				
1	2	3	4	1	2	1	2	3				1	2	3	4				

रजिस्टर भर्ने तरिका :

मिति र आर्थिक वर्ष : फारामको माथिपट्टि चालु आर्थिक बर्ष र महिनाको नाम लेख्नुपर्दछ ।

महल नं	शीर्षक	निर्देशन
1	SN	हरेक महिना क्र.सं. १ देखि सुरु गर्नुपर्दछ ।
2	Regd. No	सेवाग्राही महिलाको सेवा दर्ता नं. यस महलमा लेख्नुपर्दछ । हरेक आ. व. मा १ बाट सुरु गर्नुपर्दछ ।
3–5	Date (DD/MM/YY)	सेवा प्रदान गरेको गते, महिना र सालमा लेख्नुपर्दछ ।
6–8	Address (District, Rural/ Municipality, Ward No)	सेवाग्राही महिलाको ठेगाना अन्तर्गत जिल्ला, महा/उपमहानगर/नगरपालिका/ गाउँपालिका र वडा नम्बर छुट्टाछुट्टै महलमा लेख्नुपर्दछ ।

महल नं	शीर्षक		निर्देशन
9	Family Name		सेवाग्राही महिलाको थर यस महलमा लेख्नुपर्दछ ।
10	Caste Code		सेवाग्राही महिलाको जात/जाति यकिन गरी रजिस्टरमा उल्लेख भएको जात/जाति जुन समूहमा पर्दछ, त्यही समूहको कोड नम्बर लेख्नुपर्दछ (जस्तै : ०१, ०२, ...०६) ।
11	Age		सेवाग्राही महिलाले पूरा गरेको उमेर (वर्षमा) यस महलमा लेख्नुपर्दछ ।
12	Education		सेवाग्राही महिलाले पूरा गरेको शैक्षिक योग्यता यस महलमा लेख्नुपर्दछ ।
13	No of living children		सेवाग्राही महिलावाट जन्मेकामध्ये हाल जीवित बच्चाहरूको सङ्ख्या यस महलमा लेख्नुपर्दछ ।
14	Gestation (on weeks)	By LMP	सेवाग्राही महिलाको गर्भको अवधि पछिल्लो पटक महिनाबारी भएको दिनका आधारमा गणना गरी यस महलमा लेख्नुपर्दछ ।
15		On examination	सेवाग्राही महिलाको गर्भको अवधि पाठेघरको उचाइको जाँचको (Bi-manual Exam) आधारमा गणना गरी यस महलमा लेख्नुपर्दछ।
16	Procedure code	1 - 6	कोड नं. १. MVA (Manual Vacuum Aspiration) कोड नं. २. EVA (Electric Vacuum Aspiration) कोड नं. ३. MA (Medical Abortion) कोड नं. ४. MI (Medical Induction) कोड नं. ५. D&E (Dilatation and Evacuation) कोड नं. ६. Other (Use of Misoprostol for incomplete abortion)
17	Pain management given	Yes	सेवाग्राही महिलालाई Protocol अनुसार दुखाइ कम गर्ने औषधि दिइएको भए कोड नं. १ मा र नदिइएको भए कोड नं. २ मा गोलो घेरा लगाउनुपर्दछ।
18		No	
Surgical Abortion (Medical Vaccum Aspiration) Clients			
19	Complication	Heavy Bleeding requiring blood transfusion	सर्जिकल गर्भपतन गरिएका सेवाग्राहीलाई तत्कालीन जटिलता भई १ पिन्ट भन्दा बढी रगत दिनुपर्ने भएमा यस महलको कोड १ मा गोलो घेरा लगाउनुपर्दछ।
20		Uterine/Intra-abdominal injury requiring laprotomy	सर्जिकल गर्भपतन गरिएका सेवाग्राहीलाई तत्कालीन जटिलता (Uterine/Intra-uterine injury) भए यस महलको कोड २ मा गोलो घेरा लगाउनुपर्दछ ।
21		Infection requiring hospitalization/IV antibiotics	सर्जिकल गर्भपतन सेवाग्राहीलाई फलोअप भेटमा आउँदाको जटिलता (Infection requiring hospitalization/IV antibiotics) भए यस महलको कोड नं. ३ मा गोलो घेरा लगाउनुपर्दछ ।
22		Ongoing pregnancy	सर्जिकल गर्भपतन सेवाग्राहीलाई फलोअप भेटमा आउँदाको जटिलता (Incomplete evacuation requiring repeat procedure) भए यस महलको कोड नं. ४ मा गोलो घेरा लगाउनुपर्दछ।
Medical Abortion (MA) Clients			
23	Status of abortion follow-up	Complete	मेडिकल गर्भपतन सेवा लिएका सेवाग्राही महिला फलोअप भेटमा आउँदा पूर्ण गर्भपतन (Complete Abortion) भएको भए महल २३ को कोड नं. १ र नभएको (Incomplete Abortion) भए महल २४ को कोड २ मा गोलो घेरा लगाउनुपर्दछ।
24		Not Complete	
25	Complications	Heavy Bleeding requiring blood transfusion	मेडिकल गर्भपतन गराएका सेवाग्राही फलोअप भेटमा आउँदाको जटिलता (Heavy Bleeding requiring blood transfusion) भए यस महलको कोड नं. १ मा गोलो घेरा लगाउनुपर्दछ।
26		Infection requiring hospitalization/IV antibiotics	मेडिकल गर्भपतन गराएका सेवाग्राही फलोअप भेटमा आउँदाको जटिलता (Infection requiring antibiotics) भए यस महलको कोड नं. २मा गोलो घेरा लगाउनु पर्दछ।

महल नं	शीर्षक		निर्देशन	
27		Ongoing pregnancy	मेडिकल गर्भपतन गराएका सेवाग्राही फलोअप भेटमा आउँदाको जटिलता (Incomplete evacuation requiring repeat procedure) भए यस महलको कोड नं. ३ मा गोलो घेरा लगाउनुपर्दछ ।	
	PAC clients (From outside)			
28	Diagnosis	1-3	कोड नं. १ Bleeding requiring more than 1 pint of I.V. fluid	
			कोड नं. २ Bleeding requiring Blood transfusion	
			कोड नं. ३ Incomplete abortion requiring repeat procedure	
	All clients			
29	Accepted FP Methods	1-7	कोड नं. १ Condom	सुरक्षित गर्भपतन सेवापश्चात् दिइएको परिवार नियोजन सेवा सम्बन्धित प. नि. सेवा रजिस्टरमा अनिवार्य रुपमा अद्यावधिक गर्नुपर्दछ ।
			कोड नं. २ Pills	
			कोड नं. ३ Depo Provera	
			कोड नं. ४ Female Sterilization	
			कोड नं. ५ Male Sterilization	
			कोड नं. ६ Implant	
			कोड नं. ७ IUCD	
30	Referred from	1-3	कोड नं. १ Referred from FCHV	
			कोड नं. २ Referred from Health Care Providers	
			कोड नं. ३ Referred by others	
31	Outcome of CAC / PAC	Referred Out	CAC/PAC सेवा लिएका सेवाग्राहीलाई बिभिन्न कारणले Complications भएर सो को व्यवस्थापनको लागि अन्यत्र रेफर गरिएको भए यस महलको कोड नं. १ मा गोलो घेरा लगाउनु पर्दछ ।	
32		Normal	CAC/PAC सेवाको नतिजा सामान्य भएको अवस्था भए यस महलको कोड नं. २ मा गोलो घेरा लगाउनुपर्दछ ।	
33		LAMA	CAC/PAC सेवाको नतिजा सेवाग्राही महिला सेवाप्रदायकको सल्लाह नलिई गएको भए यस महलको कोड नं. ३ मा गोलो घेरा लगाउनुपर्दछ ।	
34		Death	CAC/PAC सेवाको नतिजा सेवाग्राही महिलाको मृत्यु भएमा यस महलको कोड नं.४ मा गोलो घेरा लगाउनुपर्दछ ।	
35	Details of service provider	Name	सेवा प्रदायकको नाम यस महलमा लेख्नुपर्दछ ।	
36		Signature	सेवा प्रदायकले यस महलमा आफ्नो दस्तखत गर्नुपर्दछ ।	
37		Listed no	सेवा प्रदायकलाई गर्भपतन सेवा प्रदान गर्न नेपाल सरकारले प्रदान गरेको सूचीकृत नं. यस महलमा लेख्नुपर्दछ ।	
38	Remarks		माथिका विवरणबाहेक अन्य केही कुरा खुलाउनुपरेमा यस महलमा लेख्नुपर्दछ ।	

नोटः Induced abortion वा PAC सेवा लिन आएका सेवाग्राहीका लागि यस रजिस्टरको प्रयोग गर्नुपर्नेछ । सबै सेवाग्राहीका लागि लागू हुने खण्डहरू अनिवार्य रूपमा भर्नुपर्दछ । अरू खण्डहरू सेवाग्राहीले लिएको सेवाको आधारमा पूरा गर्नुपर्दछ । लागू नहुने खण्डहरूमा (-) चिन्ह लगाउनु पर्दछ ।

♦♦♦

४. सामुदायिक सेवा

4. Community Services

HMIS 4.1: गाउँघर क्लिनिक रजिस्टर

HMIS 4.2: महिला स्वास्थ्य स्वयंसेविक सेवा रजिस्टर

HMIS 4.3: राष्ट्रिय भिटामिन ए कार्यक्रम रजिस्टर

HMIS 4.1: गाउँघर क्लिनिक रजिस्टर (PHC ORC Register)

गाउँघर क्लिनिकमा दिइएका सेवाहरू स्वास्थ्य शिक्षा, परिवार नियोजन, मातृ शिशु सेवा, समुदायमा आधारित बाल रोगको एकीकृत व्यवस्थापन, पोषण तथा सामान्य उपचारहरूको अभिलेख यस रजिस्टरमा राखिन्छ । यस रजिस्टरमा निम्नानुसार ८ वटा खण्डहरू रहेका छन् :

१। गाउँघर क्लिनिक सेवा दर्ता

२। नवजात शिशु तथा बालरोगको एकीकृत व्यवस्थापन सेवा-२ महिनाभन्दा कम उमेरका बिरामी शिशुहरूको व्यवस्थापन

३। नवजात शिशु तथा बालरोगको एकीकृत व्यवस्थापन सेवा -२ महिनादेखि ५ वर्षमुनिका बिरामी बच्चाको व्यवस्थापन

४। २ वर्षमुनिका बाल-बालिकाको लागि वृद्धि अनुगमन सेवा

५। सुरक्षित मातृत्व सेवा

६। परिवार नियोजन सेवा

७। प्राथमिक/सामान्य उपचार सेवा

८। स्वास्थ्य शिक्षा तथा परामर्श सेवा

स्वास्थ्य संस्थाले सञ्चालन गर्ने सबै गाउँघर क्लिनिकका लागि एउटै रजिस्टर प्रयोग गर्नुपर्दछ । प्रत्येक महिना गाउँघर क्लिनिक संचालन गरिसकेपछि यो रजिस्टर स्वास्थ्य संस्थामा नै ल्याएर राख्नुपर्दछ ।

गाउँघर क्लिनिकमा आएका सम्पूर्ण सेवाग्राहीहरूलाई सर्वप्रथम गाउँघर क्लिनिक रजिष्टरको दर्ता खण्ड (पहिलो खण्ड) मा दर्ता गरी सम्बन्धित सेवाको किसिम अनुसार छुट्याइएको छुट्टै पानामा दिइएको सेवा सहितको विवरण भर्नु पर्दछ । गाउँघर क्लिनिकको कार्यबोझ थाहा पाउन रजिस्टरको पहिलो (४.११) खण्डले सहयोग गर्दछ ।

गाउँघर क्लिनिकमा दिइएको २ वर्षमुनिका बच्चाको वृद्धि अनुगमन सेवा, मातृ तथा शिशु स्वास्थ्य सेवा (गर्भवती जाँच, सुत्केरी जाँच) र परिवार नियोजन सेवा (पिल्स/डिपो) को विवरण गाउँघर क्लिनिक सकिएपछि सम्बन्धित स्वास्थ्य संस्थामा रहेको २ वर्षमुनिका बच्चाहरूका लागि पोषण रजिस्टर (HMIS 2.3), मातृ तथा शिशु स्वास्थ्य सेवा रजिस्टर (HMIS 3.6) र पिल्स/डिपो सेवा रजिस्टर (HMIS 3.2) मा अद्यावधिक गर्नुपर्दछ । गाउँघर क्लिनिक रजिस्टरको दर्ता खण्डको मिति लेख्नुपर्ने खाली ठाउँमा मिति (गते/महिना/साल) र गाउँघर क्लिनिक सञ्चालन हुने स्थानको खाली ठाउँमा स्थान उल्लेख गर्नुपर्दछ ।

गाउँघर क्लिनिकमा गाउँघर क्लिनिक रजिस्टरका साथै निम्नानुसारका फारामहरू पनि अनिवार्य रूपमा लैजानुपर्दछ :

HMIS 1.2 स्वास्थ्य सेवा कार्ड

HMIS 1.4 प्रेषण/स्थानान्तरण पुर्जा

HMIS 1.6 समायोजन फाराम

HMIS 2.1 बाल स्वास्थ्य कार्ड

HMIS 3.1 परिवार नियोजन सेवा कार्ड

HMIS 3.5 मातृ तथा नवशिशु स्वास्थ्य कार्ड

HMIS 5.1 औलो, कुष्ठ र कालाजार नमुना संकलन फाराम

HMIS 6.1 क्षयरोग खकार परीक्षण अनुरोध तथा नतिजा फाराम

रजिस्टरको नमुना :

४.११ गाउँघर क्लिनिक दर्ता रजिस्टर

HMIS 4.11

गाउँघर क्लिनिक दर्ता रजिष्टर

मितिः ... ... / ... ... /२०७ ... (गा/म/सा) गाँउघर क्लिनिक संचालन हुने स्थानः ... ...

क्र.सं.	दर्ता नम्वर		नाम	थर	जात/जाति कोड	उमेर		ठेगाना		सेवाको किसिम	लैङ्गिक हिंसा
	नयाँ	पुरानो				महिला	पुरुष	नगर/गाउँपालिका	वडा नं.		
१	२	३	४	५	६	७	८	९	१०	११	१२
											१
											१

४.१२ दुई महिना भन्दा कम उमेरका बिरामी शिशुहरुको व्यवस्थापन

HMIS 4.12

२ महिना भन्दा कम उमेरका

क्र.सं.	आएको मिति			जाति कोड		कसरी आएको	कोड	शिशुको जाँच गर्दा पाइएका चिन्हहरु			
	शिशुको नाम			उमेर हप्तामा				चिन्हहरु			कोड
गाउँघर दर्ता नं.	शिशुको आमाको नाम			तौल के.जी.							
	शिशुको लिङ्ग			तापक्रम सेन्टिग्रेड							
१	२	३	४	५	६	७	८	९			१०
	आएको मिति			जाति कोड		आफै	१	सास दर		बेहोस	५
								कडा कोखा हानेको	१	ज्वरो	६
	शिशुको नाम			उमेर हप्तामा				दुध चुस्न नसक्ने	२	शिताङ्ग	७
						म.स्वा.स्व.से.	२	कम चलाई	३	कडा शिताङ्ग	८
	शिशुको आमाको नाम			तौल के.जी.				सुस्त	४	कमलपित (जण्डिस)	९
								नाइटो पाकेको/रातोपन छाला सम्म फैलिएको			१०
	शिशुको लिङ्ग	महिला	१	तापक्रम सेन्टिग्रेड				पिपले भरिएका	<१० साना फोका		११
		पुरुष	२						≥१० साना फोका/१ ठुलो पिलो		१२

HMIS 4.12

विरामी शिशुहरुको व्यवस्थापन

वर्गिकरण	कोड	उपचार	कोड	शिशुको उपचार वारे आमालाई सल्लाह	कोड	आमाको स्वास्थ्य सल्लाह	कोड	फलोअप नतिजा	कोड	कैफियत
११	१२	१३	१४	१५	१६	१७	१८	१९	२०	२१
गंभिर संक्रमण	१	एमोक्सिसिलिन	१	पूर्ण स्तनपान	१	सुत्केरी जाँच	१	मिति		
स्थानिय संक्रमण	२	जेन्टामाइसिन सुई	२	न्यानो पार्ने	२	भिटामिन ए	२	(गमसा)		
संक्रमण नभएको	३	१ २ ३ ४ ५ ६ ७		हात धुने	३	आइरन	३	फलोअप नतिजा		
शिताङ्ग	४	कोट्रिम "पि"	३	नवजात शिशुलाई स्याहार	४	जन्मान्तर	४	सुधार	१	
कडा जण्डिस	५	जि.भि. प्रयोग	४	सल्लाह				उस्तै	२	
जण्डिस	६			घाउ सफा गर्ने सल्लाह	५			झन बिरामी भइ	३	
				कहिले तुरुन्त फर्कने	६			प्रेषण गरेका		
								मृत्यू	४	

४.१३ दुई महिनादेखि ५९ महिना सम्मका बिरामी बच्चाहरूको व्यवस्थापन

२ देखि ५९ महिना सम्मका

क्र.स.	आएको मिति			उमेर महिनामा		कसरी आएको	कोड	रोगको					
	बच्चाको नाम थर												
गाउँघर दर्ता नं.	बच्चाको लिङ्ग			तौल के.जी.				कडा रोगका चिन्हहरु		श्वास प्रश्वास		झाडा पखाला	
	जाती कोड			तापक्रम सेन्टिग्रेड									
१	२	३	४	५	६	७	८	९	१०	११	१२	१३	१४
	मिति			उमेर		आफै	१	छ	१	छ	१	छ	१
								छैन	२	छैन	२	छैन	२
	नाम, थर			तौल		म.स्वा.स्व.से.	२	सुस्त बेहोस	१	श्वास दर		काति दिन	
												दिसामा रगत	१
								आमाको दुध /झोलकुरा खान पिउन नसक्ने	२	... ...		सुस्त बेहोस	२
	लिङ्ग	महिला	१	तापक्रम						कोखा हानेको	१	आँखा गडेको	३
		पुरुष	२									पिउन नसक्ने	४
												हतारिएर पिउने	५
	जाती कोड											छाला खिस्तारै फर्कने	६
												धेरै खिस्तारै फर्कने	७

विरामी बच्चाहरुको व्यवस्थापन HMIS 4.13

मूल्याङ्कन		वर्गिकरण		उपचार		प्रेषण	आमालाई सल्लाह		फलोअप नतिजा		कैफियत
पोषणको स्थिति											
१५	१६	१७	१८	१९	२०	२१	२२	२३	२४	२५	२६
	कोड	निमोनिया नभएको रुघाखोकि	१		कोड			कोड		कोड	
शरिरको मासु झुकेको	१	न्युमोनिया	२	एमोक्सिसिलिन	१		खाना	१	मिति (गम्सा)		
दुवै गोडा सुन्निएको	२	कडा रोग वा कडा निमोनिया	३	कोट्रिम चक्की	२				....		
कम तौल	३	जलवियोजन नभएको	४	प्यारासिटामोल	३		झोलकुरा	२	फलोअप नतिजा		
धेरै कम तौल	४	केहि जलवियोजन	५	ORS/Zinc	४				सुधार	१	
हल्केलामा सेतोपन		कडा जलवियोजन	६	आइरन चक्की	५		तुरुन्त ल्याउने	३			
केहि भएको	५	दिर्घ पखला वा आउँ रगत	७	जुकाको औषधी	६				उस्तै	२	
धेरै भएको	६	ज्वरो	८	भिटामिन 'ए'	७						
पाखुरा नाप		कुपोषण/रक्त अल्पता	९	घरेलु उपचार	८				प्रेषण गरेको	३	
रातो	७	कडा कुपोषण/कडा रक्त अल्पता	१०								
पहेलो	८	सामान्य तौल भएको	११						मृत्यू भएको	४	
हरियो	९	अन्यः									

४.१४ दुई वर्षमुनिका बाल-बालिकाको वृद्धि अनुगमन सेवा

२ वर्ष मुनिका बालबालिकाको बृद्धि अनुगमन सेवा HMIS 4.14

मितिः ... ... / ... ... /२०७ ... (ग/म/सा) गाँउघर क्लिनिक संचालन हुने स्थानः ... ...

गाउँघर दर्ता नं.	सेवा दर्ता नं.		बालबालिकाको			तौल (उमेर अनुसारको बृद्धि)			जन्मेको ६ महिना सम्म स्तनपान मात्र		६ महिनापछि स्तनपान साथै थप खाना शुरु		सल्लाह/ परामर्श/ रेफर	कैफियत
	पहिलो पटक	थप पटक	नाम	थर	उमेर (महिनामा)	सामान्य	जोखिम	अति जोखिम	गराएको	नगराएको	गराएको	नगराएको		
१	२	३	४	५	६	७	८	९	१०	११	१२	१३	१४	१५
									१	२	१	२		
									१	२	१	२		

४.१५ सुरक्षित मातृत्व सेवा

HMIS 4.15

सुरक्षित मातृत्व

मितिः ... ... / ... ... /२०७ ... (ग/म/सा) गाँउघर क्लिनिक संचालन हुने स्थानः ... ...

गाउँघर दर्ता नं.	सेवा दर्ता नं.		गर्भवतीको				Gravida	Parity	आखिरी रजस्वला भएको पहिलो दिनको (LMP) मिति			गर्भवती जाँच	
	पहिलो पटक	थप पटक	नाम	थर	जाती कोड	उमेर			ग	म	सा	महिना	पटक
१	२	३	४	५	६	७	८	९	१०	११	१२	१३	१४

सेवा

गर्भवती सेवा				सुत्केरी सेवा				उपचार/सल्लाह/परामर्श/प्रेषण	कैफियत
जुकाको औषधि वितरण	आइरन चक्की वितरण संख्या		गर्भवती महिलाको अवस्था	सुत्केरी भएको (... ...) औं दिन	वितरण गरेको आइरन चक्की संख्या	भिटामिन ए वितरण	सुत्केरी महिलाको अवस्था		
	लयाँ	दोहोऱ्याई							
१५	१६	१७	१८	१९	२०	२१	२२	२३	२४
						१			
						१			

४.१६ परिवार नियोजन सेवा

HMIS 4.16

परिवार नियोजन सेवा

मितिः ... ... / ... ... /२०७ ... (ग/म/सा) गाँउघर क्लिनिक संचालन हुने स्थानः ... ...

गाउँघर दर्ता नं.	सेवादर्ता नं.		सेवाग्राहीको		उमेर		परिवार नियोजन साधन बितरण			कैफियत
	पहिलो पटक	थप पटक	नाम	थर	महिला	पुरुष	कण्डम (गोटा)	पिल्स (साइकल)	डिपो (डोज)	
१	२	३	४	५	६	७	८	९	१०	११

४.१७ प्राथमिक/सामान्य उपचार सेवा

HMIS 4.17

सामान्य चिकित्सा सेवा

मितिः ... ... / ... ... /२०७ ... (ग/म/सा) गाँउघर क्लिनिक संचालन हुने स्थानः ... ...

गाउँघर दर्ता नं.	सेवा दर्ता नं.	सेवाग्राहीको			मुख्य समस्या	उपचार/ परामर्श/ रेफर
		नाम	थर	उमेर (बर्षमा)		
१	२	३	४	५	६	७

४.१८ स्वास्थ्य शिक्षा तथा परामर्श सेवा

HMIS 4.18

स्वास्थ्य शिक्षा तथा परामर्श सेवा

क्रम संख्या	मिति			स्वास्थ्य शिक्षा दिएको स्थान (समुदाय/विद्यालय)	विषय	सहभागी संख्या	कैफियत
	गते	महिना	साल				
१	२	३	४	५	६	७	८
	ग	म	सा				
	ग	म	सा				

रजिस्टर भर्ने तरिका :

४.११ गाउँघर क्लिनिक दर्ता रजिस्टर

मिति : गाउँघर क्लिनिक सञ्चालन भएको मिति लेख्नुपर्दछ ।

गाउँघर क्लिनिक सञ्चालन हुने स्थान : गाउँघर क्लिनिक सञ्चालन हुने स्थानको नाम लेख्नुपर्दछ ।

महल नं.	महल शीर्षक	निर्देशन
१	क्रम सङ्ख्या	क्रम सङ्ख्या प्रत्येक महिना १ बाट सुरु गरी १ महिनामा संचालन हुने सबै गाउँघर क्लिनिकको क्रम संख्या क्रमशः लेख्दै जानुपर्दछ । पहिलो गाउँघर क्लिनिकको अन्तिम क्रमसंख्या १७ भए दोस्रो क्लिनिक पहिलो सेवाग्राहीलाई दर्ता गर्दा क्र.सं १८ लेखी क्रमश लेख्दै जानु पर्दछ ।
२	गाउँघर क्लिनिक दर्ता नम्बर	प्रत्येक आ.व.का लागि गाउँघर क्लिनिक दर्ता नं. १ बाट सुरु गरी क्रमशः लेख्दै जानुपर्दछ ।
३	नाम	प्रत्येक आ. व. का लागि सेवा लिन आएका व्यक्तिको नाम यस महलमा लेख्नुपर्दछ ।
४	थर	सेवा लिन आएका व्यक्तिको थर यस महलमा लेख्नुपर्दछ ।
५	जात/जाति कोड	सेवा लिन व्यक्तिको जात/जातिको सम्बन्धित कोड यस महलमा लेख्नुपर्दछ ।
६-७	उमेर	सेवा लिन आएका व्यक्ति महिला भए महल ६ र पुरुष भए महल ७ मा पूरा गरेको उमेर वर्षमा उल्लेख गर्नुपर्दछ । १ वर्षमुनिको हकमा महिनाका मुनि १२ लेख्नुपर्दछ ।
८-९	ठेगाना	सेवा लिन आएको व्यक्तिको हाल बसोवास गरेको नगर/गाउँपालिकाको नाम महल ८ र वडा नं. महल ९ मा उल्लेख गर्नुपर्दछ ।
१०	सेवाको किसिम	सेवा लिन आएका व्यक्तिका लागि रजिस्टरको तल उल्लेख भए बमोजिम कुन-कुन किसिमको सेवा आवश्यक परेको हो, उक्त सेवा/सेवाहरू यकिन गरी सम्बन्धित सेवाको किसिमको कोड/कोडहरू यस महलमा लेख्नुपर्दछ । साथै सम्बन्धित सेवाको किसिम अनुसार यस रजिस्टरमा छुट्याइएका अन्य पाना र भागहरूमा सेवाको विस्तृत विवरणसमेत लेख्नु पर्दछ ।
११	लैङ्गिक हिंसा	सेवाग्राही यदि लैङ्गिक हिंसाबाट पीडित भई सेवा लिन आएको भएमा महल ११ को १ मा गोलो लगाउनु पर्दछ ।

४.१२ दुई महिनाभन्दा कम उमेरका बिरामी शिशुहरुको व्यवस्थापन

गाउँघर क्लिनिकमा बिरामी भई आएका २ महिनाभन्दा कम उमेरका शिशुहरूलाई दिइएको समुदायमा आधारित नवजात शिशु तथा बालरोगको एकीकृत व्यवस्थापन सेवाको विवरण गाउँघर क्लिनिक रजिस्टरको यस भागमा राखिन्छ ।

महल नं.	महल शीर्षक	निर्देशन
१	क्रम सङ्ख्या	क्रम सङ्ख्या प्रत्येक महिना १ बाट सुरु गरी क्रमशः लेख्दै जानुपर्दछ ।
	गाउँघर क्लिनिक दर्ता नम्बर	गाउँघर क्लिनिक दर्ता नं. गाउँघर क्लिनिक (४.११) बाट चढाउनु पर्दछ ।
२-४	आएको मिति	बिरामी शिशु सेवा लिन आएको मिति महल नं. ३ र ४ को खाली ठाउँमा गते, महिना, साल मा लेख्नुपर्दछ ।
	शिशुको नाम	बिरामी शिशुको नाम र थर महल नं. ३ र ४ को सम्बन्धित खाली ठाउँमा लेख्नुपर्दछ।
	शिशुको आमाको नाम	बिरामी शिशुको आमाको नाम महल नं. ३ र ४ को सम्बन्धित खाली ठाउँमा लेख्नुपर्दछ ।
	शिशुको लिङ्ग	बिरामी बच्चाको महल नं ३ अनुसारको लिङ्ग महल नं. ४ मा महिला भए १ र पुरुष भए २ मा गोलो लगाउनुपर्दछ ।
५-६	जाति कोड	बिरामी शिशुको जाति कोड महल नं. ६ मा लेख्नुपर्दछ ।
	उमेर हप्तामा	बिरामी शिशुको उमेर पूरा भएको हप्तामा महल नं. ६ मा लेख्नुपर्दछ । यदि शिशुको उमेर १ हप्ता पनि नपुगेको भए शिशुले पूरा गरेको दिन लेखी सो को मुनि ७ लेख्नुपर्दछ । *जस्तै ५ दिनको शिशुको उमेर लेख्दा ५/७ लेख्नुपर्दछ ।*

महल नं.	महल शीर्षक	निर्देशन
	तौल (के.जी.मा)	बिरामी शिशुको तौल (के.जी.मा) महल नं. ६ मा लेख्नुपर्दछ।
	तापक्रम (सेन्टिग्रेडमा)	बिरामी शिशुको तापक्रम सेन्टिग्रेडमा महल नं. ६ मा लेख्नुपर्दछ।
७-८	कसरी आएको, कोड	बिरामी शिशु आफैँ आएको भए महल ८ को कोड नं. १ मा, म.स्वा.स्व.से. ले प्रेषण गरी सेवा लिन आएको भए महल ८ कोड नं. २ मा गोलो लगाउनु पर्दछ।
९-१०	शिशुको जाँच गर्दा पाइएका चिन्हहरू	विरामी शिशुलाई परीक्षण गर्दा महल ९ मा देखिएका चिन्ह तथा लक्षणहरू अनुसार महल ९ र १० को कोड नं १ देखि १२ सम्म सम्बन्धित चिन्हको कोडमा गोलो लगाउनु पर्दछ। शिशुको सासदर टाइमरको सहायताले गणना गरी सँगैको खाली ठाउँमा प्रति मिनेटको सास दर लेख्नुपर्दछ।
११-१२	वर्गीकरण, कोड	महल ९ मा देखिएका चिन्हहरू अनुसार CB-IMNCI प्रोटोकल बमोजिम महल नं. ११ को उपयुक्त वर्गीकरणहरू सुनिश्चित गरी वर्गीकरण अनुसारको सम्बन्धित महल नं. १२ को कोडमा गोलो लगाउनु पर्दछ।
१३-१४	उपचार, कोड	महल ११ मा गरिएको वर्गीकरण अनुसार महल नं. १३ को उपयुक्त उपचार सुनिश्चित गरी औषधि तथा उपचार अनुसारको सम्बन्धित महल नं. १४ को कोडमा गोलो लगाउनुपर्दछ। यदि जेन्टामाइसिन सुई लगाउनुपर्ने भएमा महल १३ को जेन्टामाइसिन सुईको मात्रा अनुसारको १ देखि ७ मा जुन मात्रा हो, सोही अङ्कमा गोलो लगाउनु पर्दछ।
१५-१६	शिशुको उपचारबारे आमालाई सल्लाह, कोड	आमा तथा शिशुलाई दिनुपर्ने महल नं. १५ अनुसारका आवश्यक सल्लाहहरू दिई उक्त सल्लाहको महल नम्बर १६ को कोडमा गोलो लगाउनु पर्दछ। उक्त सल्लाह एक भन्दा बढी पनि हुन सक्दछन्।
१७-१८	आमाको स्वास्थ्य सल्लाह, कोड	शिशुको आमालाई महल १७ बमोजिमको स्वास्थ्य सेवा दिई, दिएको सेवा/सल्लाह अनुसारको महल नम्बर १८ को कोडमा गोलो लगाउनु पर्दछ।
१९-२०	फलोअप नतिजा, कोड	शिशु फलोअपमा आएको मिति महल नम्बर १९ र २० को खाली ठाउँमा गते, महिना, साल मा लेख्नुपर्दछ। साथै महल नम्बर १९ अनुसारको नतिजा सुनिश्चित गरी महल २० को उपयुक्त कोडमा गोलो लगाउनु पर्दछ।
२१	कैफियत	अन्य केही कुरा जनाउनु पर्ने भए यस महलमा लेख्नु पर्दछ।

४.१३ दुई महिनादेखि ५ वर्षमुनिका बिरामी बच्चाहरूको व्यवस्थापन

गाउँघर क्लिनिकमा बिरामी भई आएका २ महिनादेखि ५ वर्षमुनिका बालबालिकाहरूलाई दिइएको नवजात शिशु तथा बालरोगको एकीकृत व्यवस्थापन सम्बन्धी सेवाको विवरण गाउँघर क्लिनिक रजिष्टरको यस भागमा राखिन्छ।

महल नं.	महल शीर्षक	निर्देशन
१	क्र.स.	हरेक महिना सि. नं. १ बाट सुरु गरी क्रमशः लेख्दै जानुपर्दछ।
	गाउँघर क्लिनक दर्ता नम्बर	प्रत्येक आ. व. का लागि गाउँघर क्लिनिक दर्ता नं. गाउँघर क्लिनिक (४.११) बाट चढाउनु पर्दछ।
२-४	आएको मति	बिरामी बच्चा आएको मिति महल नं. ३ र ४ को खाली ठाउँमा गते/महिना/साल मा लेख्नुपर्दछ।
	बच्चाको नाम,थर	बिरामी बच्चाको नाम र थर महल नं. ३ र ४ को खाली ठाउँमा लेख्नुपर्दछ।
	बच्चाको लिङ्ग	बिरामी बच्चाको महल नं ३ अनुसारको लिङ्ग महल नं. ४ मा महिला भए १ र पुरुष भए २ मा गोलो लगाउनु पर्दछ।
	जाति कोड	बिरामी बच्चाको थरको आधारमा महल नं.४ मा जाति कोड लेख्नु पर्दछ।
५-६	उमेर महिनामा	बिरामी बच्चाको पूरा भएको उमेर पूरा भएको महिनामा महल नं. ६ मा लेख्नु पर्दछ।
	तौल के.जी.	बिरामी बच्चाको तौल (के.जी.मा) महल नं. ६ मा लेख्नु पर्दछ।
	तापक्रम सेन्टिग्रेड	बिरामी बच्चाको तापक्रम (सेन्टिग्रेडमा) महल नं. ६ मा लेख्नु पर्दछ।
७-८	कसरी आएको, कोड	बिरामी बच्चा आफैँ आएको भए महल ८ को १ मा गोलो लगाउनु पर्दछ।
		बिरामी बच्चा आँफै आएको भए महल ८ को १ मा र म. स्वा. स्व. से. ले प्रेषण गरी सेवा लिन आएको भए महल ८ को २ मा गोलो लगाउनु पर्दछ।

महल नं.	महल शीर्षक	निर्देशन
९-१०	कडा रोगका चिन्हहरू	महल ९ मा उल्लेख भएका कडा रोगका चिन्हहरू (सुस्त, बेहोस, आमाको दूध र झोल कुरा पिउन नसक्ने) मध्ये कुनै भएमा सम्बन्धित चिन्हको महल १० को कोड १ वा २ मा गोलो घेरा लगाई महल १० को १ (छ) मा गोलो लगाउनु पर्दछ।। यदि कडा रोगका चिन्हहरू फेला नपरेमा महल १० को कोड २ मा गोलो लगाउनुपर्दछ।
११-१२	श्वासप्रश्वास	श्वासप्रश्वास सम्बन्धी समस्या छ भने महल १२ मा रहेको कोड १ मा गोलो लगाई महल ११ मा सास दर प्रतिमिनेटमा लेख्नुपर्दछ। कोखा हानेको भएमा सोको महल १२ मा रहेको कोड १ मा गोलो लगाउनुपर्दछ। यदि श्वासप्रश्वाससम्बन्धी समस्या नभएमा महल १२ मा रहेको कोड २ मा गोलो लगाई अन्य मूल्याङ्कनका लागि अगाडि बढ्नुपर्दछ।
१३-१४	झाडापखाला	झाडापखाला सम्बन्धी समस्या छ भने महल १४ को कोड १ मा गोलो लगाई महल १३ मा कति दिनदेखि झाडापखाला लागेको हो, सँगैको खाली ठाउँमा झाडापखाला लागेको अबधि (दिन) अंकमा लेख्नुपर्दछ। साथै महल १३ मा रहेका अन्य चिन्हहरूको मूल्याङ्कन गरी सोहीअनुसारको महल १४ का कोडहरूमा गोलो लगाउनुपर्दछ। झाडापखाला सम्बन्धी समस्या नभएमा महल १४ को कोड २ मा गोलो लगाई अन्य समस्याहरूको मूल्याङ्कनका लागि अगाडि बढ्नुपर्दछ। झाडापखाला सम्बन्धी समस्या भएमात्र सो सँग सम्बन्धित महल १३ का लक्षणहरु सोधी विरामीको परीक्षण गर्नुपर्दछ।
१५--१६	पोषणको स्थिति	महल १५ मा रहेका पोषण सम्बन्धी विभिन्न अवस्था एवं स्थितिको मूल्याङ्कन गरी पाएको अवस्था र अवस्थाहरूको महल १६ मा रहेको सम्बन्धित कोडमा गोलो लगाउनु पर्दछ। यस रजिष्टरमा दर्ता भएका सम्पूर्ण बच्चाको पोषणको स्थिति मूल्यांकन गरी सोही अनुसार बर्गिकरण गर्नुपर्दछ।
१७-१८	वर्गीकरण	CB-IMNCI प्रोटोकलबमोजिम महल नं. १७ को उपयुक्त वर्गीकरण सुनिश्चित गरी महल नं. १८ का सम्बन्धित कोडहरूमा गोलो लगाउनुपर्दछ। यदि महल १७ मा भएका वर्गीकरणहरूमा नपरेको अवस्था भएमा अन्य (खुलाउने) लेखिएको ठाउँमा रोगको बर्गिकरण लेख्नु पर्दछ। *यदि बच्चाहरुमा दीर्घ पखाला देखिएको भएमा महल १८ को कोड ७ मा गोलो घेरा लगाई महल १७ को दिर्घ पखालामा गोलो लगाउनु पर्दछ। त्यसैगरी आउँ रगत देखिएको भएमा महल १७ को आउँरगतमा गोलो लगाउनुपर्दछ।*
१९-२०	उपचार	महल १७ मा गरिएको वर्गीकरण अनुसार महल नं. १९ को उपयुक्त उपचार सुनिश्चित गरी प्रदान गरिएको औषधि तथा उपचार महल २० को सम्बन्धित कोडहरूमा गोलो लगाउनु पर्दछ।
२१	प्रेषण	बच्चालाई प्रेषण गर्नुपर्ने भएमा प्रेषण गरिएको स्वास्थ्य संस्थाको नाम र ठेगाना लेख्नुपर्दछ।
२२-२३	आमालाई सल्लाह	बच्चाको अवस्था अनुसार महल २२ मा भएका सल्लाहहरू दिइएको सल्लाह अनुसारको महल २३ को सम्बन्धित कोडहरूमा गोलो लगाउनु पर्दछ।
२४-२५	फलोअप नतिजा	बच्चा फलोअपमा आएको मिति महल नम्बर २४ को मिति लेखिएको खाली ठाउँमा गते/महिना/सालमा लेख्नुपर्दछ। साथै महल नम्बर २४ अनुसारको उपयुक्त नतिजा सुनिश्चित गरी महल २५ को सम्बन्धित कोडमा गोलो लगाउनुपर्छ।
२६	कैफियत	अन्य केही कुरा खुलाउनु पर्ने भए यस महलमा लेख्नु पर्दछ। बच्चालाई रेफर गर्नुको कारण (जस्तै श्वास प्रश्वास, झाडापखाला वा अन्य) र विरामी बच्चाको मृत्यू भएको पाइएमा मृत्यू हुनुको कारण (श्वास प्रश्वास, झाडापखाल वा अन्य) समेत यस महलमा लेख्नुपर्दछ।

४.१४ दुई वर्षमुनिका बाल-बालिकाको वृद्धि अनुगमन सेवा

गाउँघर क्लिनिकमा वृद्धि अनुगमनका लागि आएका २ वर्षभन्दा कम उमेरका बाल-बालिकाहरूको वृद्धि तथा पोषण अवस्थाको लेखाजोखा गरी परामर्श समेत दिएको विवरण गाउँघर क्लिनिक रजिस्टरको यस खण्डमा राखिन्छ।

मिति : गाउँघर क्लिनिक सञ्चालन भएको मिति लेख्नु पर्दछ।

महल नं.	महल शीर्षक	निर्देशन
१	गाउँघर क्लिनिक दर्ता नं.	गाउँघर क्लिनिक दर्ता नं. गाउँघर क्लिनिक सेवा दर्ता (४.११) बाट चढाउनु पर्दछ।
२	पोषण सेवा दर्ता नं. पहिलो पटक	वृद्धि अनुगमनका लागि पहिलो पटक आएको बच्चालाई दर्ता गरी नयां दर्ता नं. प्रदान गर्नुपर्दछ। यो दर्ता नं. प्रत्येक आ.व. मा १ बाट सुरु गर्नुपर्दछ।
३	पोषण सेवा दर्ता नं. थप पटक	वृद्धि अनुगमनका लागि दोहोऱ्याएर आएको बच्चालाई बाल स्वास्थ्य कार्ड (HMIS 2.1) बाट पोषण सेवा दर्ता नं. यस महलमा चढाउनुपर्दछ।
४-५	नाम, थर	महल ४ मा बच्चाको नाम र महल ५ मा बच्चाको थर लेख्नुपर्दछ।
६	उमेर	यस महलमा बच्चाको पूरा गरेको उमेर महिनामा लेख्नुपर्दछ।
७-९	तौल (उमेर अनुसारको वृद्धि)	बच्चाको उमेरअनुसारको तौल लिँदा तौल अनुगमन चार्टको सहायताले बच्चाको तौल सामान्य, जोखिम वा अति जोखिम जुन समूहमा पर्दछ, सोहीअनुसार महल नं. ७, ८ वा ९ मध्ये कुनै एक महलमा के.जी. मा लेख्नुपर्दछ।
१०-११	जन्मेको ६ महिना सम्म स्तनपान मात्र	बच्चा ६ महिना पूरा गरेपछि पहिलो पटक वृद्धि अनुगमन गर्न आउँदा आमालाई सोधी यो बिबरण भर्नु पर्दछ। आमाले बच्चालाई जन्मेको ६ महिनासम्म स्तनपान मात्र गराएको भए महल १० को कोड १ मा र स्तनपान मात्र नगराई अन्य कुरा पनि खुवाएको भए महल ११ को कोड २ मा गोलो घेरा लगाउनु पर्दछ। यो विवरण ६ महिनापछिको पहिलो भेटमा १ पटक मात्र भर्नुपर्दछ।
१२ - १३	६ महिनापछि स्तनपानका साथै ठोस, अर्ध-ठोस र नरम खाना सुरु	बच्चा ६ महिना पूरा गरेपछि पहिलो पटक वृद्धि अनुगमन गर्न आउँदा आमालाई सोधी यो बिबरण भर्नु पर्दछ। आमाले बच्चालाई जन्मेको ६ महिनापछि स्तनपानका साथै अर्ध-ठोस र नरम दाना खुवाउन सुरु गराएको भए महल १२ को कोड १ मा र स्तनपानका साथै अर्ध-ठोस र नरम दाना खुवाउन सुरु नगराएको भए महल १३ को कोड २ मा गोलो लगाउनुपर्दछ। *यो विवरण ६ महिनापछिको पहिलो भेटमा १ पटक मात्र भर्नुपर्दछ।*
१४	सल्लाह परामर्श रेफर	गाउँघरक्लिनिकमा वृद्धि अनुगमन गर्न आएका बच्चाका लागि दिइएका सल्लाह परामर्श रेफरको विवरण यस महलमा उल्लेख गर्नुपर्दछ।
१५	कैफियत	स्वास्थ्य संस्थामा पहिलो पटक पोषण सेवा लिई सोही सेवा गाउँघरक्लिनिकमा लिन आएमा बच्चाको कार्ड (HMIS-2.1) बाट स्वास्थ्य संस्थाको दर्ता नं. यस महलमा चढाउनुपर्दछ र यसैका आधारमा गाउँघर क्लिनिकको सेवा संस्थाको रजिस्टरको सम्बन्धित महलमा अद्यावधिक गर्नुपर्दछ।

नोटः *गाउघर क्लिनिकबाट पोषण सेवा लिएका बालबालिकाहरुको विवरण गाउघर क्लिनिक सञ्चालन गरिसकेपछि पोषण सेवा रजिष्टरमा अद्यावधिक गर्नु पर्दछ।*

४.१५ सुरक्षित मातृत्व सेवा

गाउँघर क्लिनिकमा जाँच गराउन आएका गर्भवती तथा सुत्केरी महिलाहरूको जाँच एवं अवस्थाको लेखाजोखा गरी परामर्शसमेत दिएको विवरणको अभिलेख राख्न यस खण्डको प्रयोग गरिन्छ।

मिति : गाउँघर क्लिनिक सञ्चालन भएको मिति लेख्नुपर्दछ।

गाउँघर क्लिनिक सञ्चालन हुने स्थान : गाउँघर क्लिनिक सञ्चालन हुने स्थानको नाम लेख्नुपर्दछ।

महल नं.	महल शीर्षक	निर्देशन
१	गाउँघर क्लिनिक दर्ता नं.	गाउँघर क्लिनिक दर्ता नं. गाउँघर क्लिनिक सेवा दर्ता (४.११) बाट चढाउनुपर्दछ।
२	सेवा दर्ता नं. पहिलो पटक	सुरक्षित मातृत्व सेवाका लागि पहिलो पटक आएकी महिलालाई दर्ता गरी दर्ता नं. प्रदान गर्नुपर्दछ। यो दर्ता नं. प्रत्येक आ. व. मा १ बाट सुरु गर्नुपर्दछ।
३	सेवा दर्ता नं. थप पटक	सुरक्षित मातृत्व सेवाका लागि दोहोऱ्याएर आएकी महिलालाई मातृ तथा नवशिशु स्वास्थ्य सेवा कार्ड (HMIS 3.5) बाट सेवा दर्ता नं. यस महलमा चढाउनुपर्दछ।

महल नं.	महल शीर्षक	निर्देशन
४-५	नाम, थर	महल ४ मा गर्भवती महिलाको नाम र महल ५ मा थर लेख्नुपर्दछ।
६	जाति कोड	यस महलमा गर्भवती महिलाको जातिको कोड लेख्नुपर्दछ।
७	उमेर (वर्षमा)	यस महलमा गर्भवती महिलाको उमेर पूरा गरेको वर्षमा लेख्नुपर्दछ।
८	Gravida	गर्भ जाँचका लागि आएकी गर्भवती महिलालाई हालको गर्भ उनको कतिऔं गर्भ हो, सोधी सो गर्भसङ्ख्या यस महलमा उल्लेख गर्नुपर्दछ।
९	Parity	गर्भ जाँचको लागि आएकी गर्भवती महिलालाई हालसम्म उनी कति पटक सुत्केरी भएकी छिन्, सो कुरा सोधी यस महलमा उल्लेख गर्नुपर्दछ।
१०-१२	आखिरी रजस्वला भएको पहिलो दिनको (LMP) मिति	गर्भ जाँचको लागि आएकी गर्भवती महिलालाई उनको अन्तिम पटक महिनावारी कहिले भएको सोको मिति महल १०, ११ , १२ मा क्रमशः गते, महिना, सालमा उल्लेख गर्नु पर्दछ।
१३	गर्भवती जाँच (महिना)	गर्भवती महिला गर्भ जाँच गराउन आएको बेला उनको गर्भ कतिऔं महिनाको हो, उक्त कुरा सुनिश्चित गरी यस महलमा लेख्नुपर्दछ। जस्तै : ३ महिना पूरा भई चौथो महिना भए ४, पाँचौ महिना भए ५,..... लेख्नुपर्दछ।
१४	गर्भवती जाँच (पटक)	गर्भवती महिलाले गर्भ जाँच गराएको हालको यो कतिऔं पटक हो, उक्त कुरा यस महलमा उल्लेख गर्नुपर्दछ। जस्तै : पहिलो पटक भए १, दोस्रो पटक भए २, ... लेख्नुपर्दछ।
१५	जुकाको औषधि वितरण (मिति)	गर्भ जाँच गराउन आएकी महिलालाई यो जाँचको बेला जुकाको औषधि दिएको भएमा मिति उल्लेख गर्नुपर्दछ।
१६-१७	आइरन चक्की वितरण सङ्ख्या	गर्भवती महिलालाई यस पटक दिइएको आइरन चक्कीको सङ्ख्या यदि पहिलो पटक भए महल १६ र थप पटक भए महल १७ मा सङ्ख्या उल्लेख गर्नुपर्दछ। (यदि गर्भवती महिलाले हालको गर्भमा कुनै स्वास्थ्य संस्थाबाट आइरन चक्की खाइरहेको भए महल १७ मा कहाँबाट प्राप्त गरेको हो, संस्था वा म.स्वा. से. लेख्नुपर्दछ।)
१८	गर्भवती महिलाको अवस्था	गर्भवती महिलालाई जाँच गर्दा कुनै जटिलता पाइएमा यस महलमा उक्त जटिलताको उल्लेख गर्नुपर्दछ
१९	सुत्केरी भएको (.....) औं दिन	सुत्केरी जाँच गर्दाको दिन सुत्केरी भएको २४ घण्टाभित्रको छ भने "२४ घण्टाभित्र" र २४ घण्टापछि भए कतिऔं दिन हो, सो दिन यस महलमा उल्लेख गर्नुपर्दछ। जस्तै : सुत्केरी भएको आज तेस्रो दिन हो भने ३ लेख्नुपर्दछ।
२०	वितरण गरिएको आइरन चक्की सङ्ख्या	सुत्केरी महिलालाई यस पटक दिइएको आइरन चक्कीको सङ्ख्या यस महलमा लेख्नुपर्दछ।
२१	भिटामिन ए वितरण	सुत्केरी महिलालाई यस पटक भिटामिन ए वितरण गरिएको भए महल २१ मा को कोड १ मा गोलो लगाउनुपर्दछ।
२२	सुत्केरी महिलाको अवस्था	सुत्केरीपछि महिलालाई जाँच गर्दा कुनै जटिलता पाइएमा यस महलमा उक्त जटिलताको उल्लेख गर्नुपर्दछ
२३	उपचार/सल्लाह/ परामर्श र प्रेषण	सुत्केरी महिलालाई दिईएको उपचार र सल्लाह परामर्श र प्रेषणको विवरण यस महलमा उल्लेख गर्नु पर्दछ।
२४	कैफियत	स्वास्थ्य संस्थामा सुरक्षित मातृत्व सेवाका लागि दर्ता भइसकेका महिलाहरु गाउँघर क्लिनिकमा सोही सेवा लिन दोहोऱ्याई आएमा मातृ तथा नवशिशु स्वास्थ्य कार्ड (३.५) बाट स्वास्थ्य संस्थाको सेवा दर्ता नम्बर यस महलमा चढाउनु पर्दछ। यसैको आधारमा गाउँघर क्लिनिकको सेवा संस्थाको रजिष्टरको सम्बन्धित महलमा अद्यावधिक गर्नु पर्दछ। कुनै महिला प्रोटोकल अनुसार ४ पटक गर्भ जाँच गराउन आएको भए पनि यस महलमा प्रोटोकल अनुसार ४ पटक भनी जनाउनु पर्दछ

४.१६ परिवार नियोजन सेवा

गाउँघर क्लिनिकमा परिवार नियोजनको सेवा दिएको विवरण गाउँघर क्लिनिक रजिस्टरको यस खण्डमा राखिन्छ ।

मिति : गाउँघर क्लिनिक सञ्चालन भएको मिति लेख्नुपर्दछ।

गाउँघर क्लिनिक सञ्चालन हुने स्थान : गाउँघर क्लिनिक सञ्चालन हुने स्थानको नाम लेख्नुपर्दछ।

महल नं.	महल शीर्षक		निर्देशन
१	गाउँघर क्लिनिक दर्ता नं.		गाउँघर क्लिनिक दर्ता नं. गाउँघर क्लिनिक सेवा दर्ता (४.११) बाट चढाउनु पर्दछ ।
२	सेवा दर्ता नं. पहिलो पटक		परिवार नियोजन सेवाका लागि पहिलो पटक आएको सेवाग्राहीलाई दर्ता गरी दर्ता नं. प्रदान गर्नुपर्दछ । योदर्ता नं. प्रत्येक आ. व. मा १ बाट सुरु गर्नुपर्दछ ।
३	सेवा दर्ता नं. थप पटक		परिवार नियोजन सेवाका लागि दोहोऱ्याएर आएको सेवाग्राहीलाई स्वास्थ्य सेवा कार्ड (HMIS 1.2) बाट सेवा दर्ता नं. यस महलमा चढाउनुपर्दछ ।
४-५	नाम, थर		महल ४ मा परिवार नियोजनको सेवाको लागि आएको सेवाग्राहीको नाम र महल ५ मा थर लेख्नुपर्दछ ।
६-७	उमेर (वर्षमा)		सेवाग्राही महिला भए महल ६ र पुरुष भए महल ७ मा पूरा गरेको वर्षमा उमेर लेख्नुपर्दछ ।
८	परिवार नियोजनको साधन विवरण	कण्डम (गोटा)	सेवाग्राहीलाई वितरण गरेको कण्डमको सङ्ख्या (गोटामा) महल ८ मा उल्लेख गर्नुपर्दछ ।
९		पिल्स (साइकल)	सेवाग्राहीलाई वितरण गरेको पिल्सको सङ्ख्या (साइकलमा) महल ९ मा उल्लेख गर्नुपर्दछ ।
१०		डिपो (डोज)	सेवाग्राहीलाई वितरण गरेको डिपोको सङ्ख्या (डोजमा) महल १० मा उल्लेख गर्नुपर्दछ।
११	कैफियत		स्वास्थ्य संस्थामा डिपो पिल्स सेवा रजिस्टरमा दर्ता भइसकेका महिलाहरू गाउँघर क्लिनिकमा सोही सेवा लिन दोहोऱ्याई आएमा स्वास्थ्य सेवा कार्ड (१.२) बाट स्वास्थ्य संस्थाको सेवा दर्ता नम्बर यस महलमा चढाउनुपर्दछ । यसैको आधारमा गाउँघर क्लिनिकको सेवा संस्थाको रजिस्टरको सम्बन्धित महलमा अद्यावधिक गर्नुपर्दछ ।

४.१७ प्राथमिक/सामान्य उपचार सेवा

गाउँघर क्लिनिकमा दिइएका प्राथमिक तथा साधारण उपचार सेवाहरू, जस्तै : प्राथमिक उपचार तथा अन्य सामान्य उपचारहरूका मुख्य समस्या तथा उपचार, परामर्श र रेफरको अभिलेख गाउँघर क्लिनिक रजिस्टरको यस खण्डमा राखिन्छ । साथै गाउँघर क्लिनिकमा सेवा लिन आएका क्षयरोग, कुष्ठरोग, औलौ रोग, कालाजार रोग का सम्भावित सेवाग्राहीहरुको रोग निर्क्यौलका लागि नमुना सङ्कलन गरी प्रयोगशालामा पठाउनुपर्दछ । तर ५ वर्षमुनिका बाल-बालिकाहरूलाई नवशिशु तथा बालरोगको एकीकृत व्यवस्थापन सेवा दिनुपर्ने भएकाले यस सेवामा समावेश नगरी यसै रजिस्टरको CBIMNCI (HMIS 4.12, HMIS 4.13) को उमेर समूहअनुसारको अभिलेख गर्ने सम्बन्धित खण्डमा समावेश गर्नुपर्छ ।

मिति : गाउँघर क्लिनिक सञ्चालन भएको मिति लेख्नुपर्दछ ।

गाउँघर क्लिनिक सञ्चालन हुने स्थान : गाउँघर क्लिनिक सञ्चालन हुने स्थानको नाम लेख्नुपर्दछ ।

महल नं.	महल शीर्षक	निर्देशन
१	गाउँघर क्लिनिक दर्ता नम्बर	गाउँघर क्लिनिक दर्ता नं. गाउँघर क्लिनिक सेवा दर्ता (४.११) बाट चढाउनुपर्दछ ।
२	सेवा दर्ता नम्बर	हरेक आ.व.मा सेवा दर्ता नम्बर १ बाट सुरुवात गर्नुपर्दछ ।
३	सेवाग्राहीको नाम	सेवा लिन आएको व्यक्तिको नाम यस महलमा लेख्नुपर्दछ ।
४	सेवाग्राहीको थर	सेवा लिन आएको व्यक्तिको थर यस महलमा लेख्नुपर्दछ ।
५	सेवाग्राहीको उमेर	सेवा लिने व्यक्तिको यस महलमा पूरा गरेको उमेर वर्षमा लेख्नुपर्दछ ।
६	मुख्य समस्या	प्राथमिक तथा साधारण उपचार सेवा लिन आएका सेवाग्राहीको मुख्य समस्या सोधी यस महलमा उल्लेख गर्नुपर्छ । यदि सेवाग्राहीले एकभन्दा धेरै समस्याहरू बताएमा मुख्य एउटा समस्या स्वास्थ्यकर्मीले छनौट गर्नुपर्दछ ।

महल नं.	महल शीर्षक	निर्देशन
७	उपचार, परामर्श र रेफर	प्राथमिक तथा साधारण उपचार सेवा लिन आएका सेवाग्राहीको मुख्य समस्याअनुसार गरिएको उपचारमा औषधीको प्रयोग गरेको भएमा औषधिको नाम र परिमाण, परामर्श तथा रेफरको विवरण यस महलमा उल्लेख गर्नुपर्दछ । साथै क्षय, कुष्ठ, औलो तथा कालाजारका लागि नमुना सङ्कलन गरिएको विवरण पनि यसै महलमा लेख्नुपर्दछ ।

४.१८ स्वास्थ्य शिक्षा तथा परामर्श सेवा

गाउँघर क्लिनिक सञ्चालन भएको दिन यदि समुदाय वा विद्यालयमा स्वास्थ्य शिक्षा प्रदान गरेको भए सो को अभिलेख गाउँघर क्लिनिक रजिस्टरको यस खण्डमा राखिन्छ ।

महल नं.	महल शीर्षक	निर्देशन
१	क्र.स.	हरेक आर्थिक वर्षका लागि १ बाट सुरु गर्नुपर्दछ ।
२-४	मिति	स्वास्थ्य शिक्षा दिएको दिनको मिति गते महिना र सालमा लेख्नुपर्दछ ।
५	स्वास्थ्य शिक्षा दिएको स्थान (समुदाय/विद्यालय)	गाउँघर क्लिनिक सञ्चालन भएको दिन दिइएको स्वास्थ्य शिक्षाको समुदाय वा विद्यालयको नाम लेख्नुपर्दछ । जस्तै : विद्यालयमा दिइन्छ भने विद्यालयको नाम, आमा समूहमा भए आमा समूहको नाम र वडा नं., कुनै जाति समुदायमा गरिएको भए सोही कुरा यस महलमा उल्लेख गर्नुपर्दछ ।
६	विषय	स्वास्थ्य शिक्षा दिइएको विषयको नाम लेख्नुपर्दछ ।
७	सहभागी सङ्ख्या	स्वास्थ्य शिक्षा दिँदाको सहभागी सङ्ख्या लेख्नुपर्दछ ।
८	कैफियत	अन्य केही कुरा जनाउनुपर्ने भए यस महलमा लेख्नुपर्दछ ।

अभ्यास ४.१

मिति २०७० पौष १५ गतेका दिन रामेछाप जिल्ला सुकाजोर गाउँपालिकाको रजयछाप गाउँघर क्लिनिकमा आएका निम्नानुसारको सेवाग्राहीहरुको बिबरण गाउँघर क्लिनिक रजिष्टरमा भर्नुहोस् गत महिना सम्मको गाउँघर क्लिनिक दर्ता नं. ५३४ पुगि सकेको छ ।

क) नामः सुन्तली हायू, उमेरः २४ बर्ष, ठेगानाः सुकाजोर गाउँपालिका वडा नं. २, सेवाः ४ महिनाको गर्भवति पहिलो पटक सेवा लिन आएको, गत महिना सम्म सुरक्षित मातृत्वको दर्ता नं. २५ पुगेको छ ।

ख) नामः जयराम कार्की, उमेरः २२ महिना, ठेगानाः सुकाजोर गाउँपालिका वडा नं. १, सेवाः ३ दिन देखि खोकी लागेको, स्वास दर ५५, बच्चा स्वास्थ्य नै देखिन्छ, तौल १० के.जी., गत महिनाको तौल ९.५ के.जी. थियो ।

ग) नामः जमुना सार्की, उमेरः ३४ बर्ष, ठेगानाः सुकाजोर गाउँपालिका वडा नं. २, सेवाः पहिलो पटक यस क्लिनिकमा डिपो लिन आएको, यस भन्दा अगाडि सुकाजोर उप स्वास्थ्य चौकीबाट लिएको र दर्ता नं. २५ भएको कार्डबाट थाहा भएको ।

घ) रजयछापको फूलबारी आमा समूहका ३२ जना सदस्यहरुलाई भेला गरी लैगिक हिंसा सम्वन्धि स्वास्थ्य शिक्षा दिएको ।

HMIS 4.2: महिला स्वास्थ्य स्वयंसेविका रजिस्टर (FCHV Register)

समुदायमा महिला स्वास्थ्य स्वयंसेविकाबाट सञ्चालन भएका सम्पूर्ण गतिविधिहरूको र वडाको आधारभूत सूचनाको अभिलेख राख्न यस रजिस्टरको प्रयोग गरिन्छ। यस रजिस्टरमा महिला स्वास्थ्य स्वयंसेविकाले गरेका कार्यहरूको १ वर्ष अवधिसम्मको अभिलेख राखिन्छ।

रजिस्टरको नमुना तथा भर्ने तरिका:

कार्यक्षेत्रको आधारभूत सूचना

कार्यक्षेत्रमा पर्ने गाउँहरुको नाम:

१	४ ... ...
२	५ ... ...
३	६ ... ...

विवरण	साल २०७....
आमा समूहको बैठक बस्ने गते:	
आमा समूह सदस्य संख्या:	
कार्यक्षेत्रका जम्मा घरपरिवार संख्या:	
कूल जनसंख्या:	
१ बर्ष मुनिका बालबालिका संख्या	
२ बर्ष मुनिका बालबालिका संख्या	
५ बर्ष मुनिका बालबालिका संख्या	
गर्भवती महिलाको अनुमानित संख्या:	
६ देखी २३ महिनाका अनुमानित बालबालिका संख्या	
६ देखी ५९ महिनाका अनुमानित बालबालिका संख्या	
परिवार नियोजन सेवाको लक्षित संख्या:	
गाउँघर क्लिनिक संचालन हुने गते /स्थान:	
खोप क्लिनिक संचालन हुने गते र स्थान:	

यस भागमा महिला स्वास्थ्य स्वयंसेविकाको वडा/कार्यक्षेत्रमा भएका मुख्य-मुख्य गाउँ/टोलहरूको नाम तथा अन्य आधारभूत एवं जनसाङ्ख्यिक विवरण स्वास्थ्य कार्यकर्ताले हरेक आर्थिक वर्षमा पहिलो पटक रजिस्टर उपलब्ध गराउँदा भरी महिला स्वास्थ्य स्वयंसेविकालाई उपलब्ध गराइदिनुपर्दछ।

आमा समूहको बैठक (आ. व. २०७ ../७.....)

बैठक मितिः... ... ... सहभागी संख्या:... ... छलफल गरेका विषयहरू: १. ... ... २. ... ... ३. ... ... सहभागी स्वास्थ्यकर्मीको नामः	बैठक मितिः... ... ... सहभागी संख्या:... ... छलफल गरेका विषयहरू: १. ... ... २. ... ... ३. ... ... सहभागी स्वास्थ्यकर्मीको नामः	बैठक मितिः... ... ... सहभागी संख्या:... ... छलफल गरेका विषयहरू: १. ... ... २. ... ... ३. ... ... सहभागी स्वास्थ्यकर्मीको नामः	बैठक मितिः... ... ... सहभागी संख्या:... ... छलफल गरेका विषयहरू: १. ... ... २. ... ... ३. ... ... सहभागी स्वास्थ्यकर्मीको नामः

प्रत्येक महिनामा आमा समूहको एउटा बैठक हुन सक्ने सम्भावनालाई विचार गरेर यस भागमा १ वर्षका लागि पुग्ने गरी १२ वटा कोठा राखिएका छन्। प्रत्येक महिनामा आमा समूहको बैठक वसेको मिति, सहभागी सङ्ख्या र छलफल गरिएका मुख्य ३ वटा विषय मात्र स्वास्थ्य कार्यकर्ता आफैंले लेखिदिनुपर्छ। स्वास्थ्य कार्यकर्ता उपस्थित हुन नसकेको बैठकमा लेख्न जान्ने कुनै व्यक्तिद्वारा अभिलेख राख्ने व्यवस्था मिलाउनुपर्दछ।

मातृ तथा नवजात शिशुसम्बन्धी विवरण

HMIS 4.2: FCHV Register
2070/71

मातृ तथा नवजात शिशु सम्वन्धि विवरण

क्र.सं.	मिति			गर्भवती महिलाको		अन्तिम रजश्वला भएको मिति (LMP) (ग.म.सा.)			प्रसुतिको अनुमानित मिति (EDD) (ग.म.सा.)			जीवन सुरक्षा परामर्श दिएको*		स्वास्थ्य संस्थामा गर्भ जाँच गरेको पटक (औं महिनामा)*				
	गते	महिना	साल	नाम, थर	उमेर	गते	महिना	साल	गते	महिना	साल	छ	छैन	४	६	८	९	अन्य
१	२	३	४	५	६	७	८	९	१०	११	१२	१३	१४	१५	१६	१७	१८	१९
												१	२	१	१	१	१	
												१	२	१	१	१	१	

आईरन चक्की*				सुत्केरी पश्चात भिटामिन ए*		प्रसुती भएको स्थान*			शिशुको जन्म अवस्था*		स्वास्थ्यकर्मीले नवजात शिशु सँगै सुत्केरी महिलालाई जांच गरेको*				परिवार नियोजन साधन प्रयोग*		कैफियत
गर्भावस्थामा १८० चक्कि		सुत्केरी पश्चात ४५ चक्की									२४ घण्टा भित्र	तेस्रो दिन	सातौं दिन	अन्य			
पाएको	नपाएको	पाएको	नपाएको	पाएको	नपाएको	घर	संस्था	अन्य	जीवित	मृत					गरेको	नगरेको	
२०	२१	२२	२३	२४	२५	२६	२७	२८	२९	३०	३१	३२	३३	३४	३५	३६	३७
१	२	१	२	१	२	१	२		१	२	१	२	३	४	१	२	
१	२	१	२	१	२	१	२		१	२	१	२	३	४	१	२	

भर्ने तरिका :

महल नं.	महल शीर्षक	निर्देशन
१	क्रम सङ्ख्या	क्रम सङ्ख्या प्रत्येक आ.व. मा १ बाट सुरु गरी सेवाग्राहीअनुसार क्रमशः लेख्दै जानुपर्दछ ।
२-४	मिति	गर्भवती महिलालाई पहिलो पटक भेट गर्दाको मिति महल २ मा गते, महल ३ मा महिना र महल ४ मा साल लेख्नुपर्दछ ।
५-६	गर्भवती महिलाको नाम, थर र उमेर	प्रत्येक आ.व.का लागि दर्ता महल ५ मा गर्भवती महिलाको नाम, थर एवं महल ६ मा उनको उमेर पूरा भएको वर्षमा लेख्नुपर्दछ ।
७ -९	आखिरी रजस्वला भएको पहिलो दिनको (LMP) मिति	गर्भवती महिलालाई उनको अन्तिम पटक महिनावारी कहिले भएको सोको मिति महल ७, ८ , ९ मा क्रमशः गते, महिना, सालमा उल्लेख गर्नुपर्दछ ।
१०-१२	प्रसव अनुमानित (EDD) मिति	गर्भवती महिलाको अन्तिम पटक महिनाबारी भएको मिति (LMP) का आधारमा उनको अनुमानित प्रसव मिति (EDD) निकाली वा मातृ तथा नवशिशु स्वास्थ्य कार्ड (HMIS 3.5) बाट उतारी महल १०, ११, १२ मा क्रमशः गते, महिना, सालमा उल्लेख गर्नुपर्दछ ।
१३-१४	जीवन सुरक्षा परामर्श दिएको	गर्भवती महिलालाई जीवन सुरक्षासम्बन्धी परामर्श दिएको भए महल १३ को १ मा र नदिएको भए महल १४ को २ मा गोलो लगाउनुपर्दछ ।
१५-१९	स्वास्थ्य संस्थामा गर्भ जाँच गरेको पटक (औं महिनामा)	गर्भवती महिलालाई सोधेर वा उनले गर्भ जाँच गराएको कार्ड हेरेर उनले कुन-कुन महिनामा गर्भ जाँच गराएकी छिन्, सोहीअनुसार महल नं. १५, १६, १७, १८ मा रहेको १ मा गोलो लगाउनुपर्दछ । ४, ६, ८, ९ बाहेक अन्य महिनामा जँचाएको पाइएमा महल १९ मा महिना अङ्कमा उल्लेख गर्नुपर्दछ ।
२०-२१	आइरन चक्की गर्भावस्थामा १८० चक्की	गर्भवती महिलाले गर्भावस्थामा १८० चक्की आइरन पाएको भए महल २० को पाएको १ मा र नपाएको भए महल २१ को नपाएको २ मा गोलो लगाउनुपर्दछ । उक्त विवरण गर्भावस्थाको अन्तिम महिनापछि सोधी भर्नुपर्दछ ।
२२-२३	आइरन चक्की सुत्केरीपछि ४५ चक्की	सुत्केरी महिलाले सुत्केरीपछि ४५ चक्की आइरन पाएको भए महल २२ को पाएको १ मा र नपाएको भए महल २३ को नपाएको २ मा गोलो लगाउनुपर्दछ । उक्त विवरण सुत्केरी भएपछि सोधी भर्नुपर्दछ ।
२४-२५	सुत्केरी पश्चात्	सुत्केरी महिलाले सुत्केरीपछि भिटामिन ए पाएको भए महल २४ को पाएको १ मा

महल नं.	महल शीर्षक	निर्देशन
	भिटामिन ए	र नपाएको भए महल २५ को नपाएको २ मा गोलो लगाउनुपर्दछ । उक्त विवरण सुत्केरी भएपछि सोधी भर्नुपर्दछ ।
२६-२८	प्रसूति भएको स्थान	महिला सुत्केरी भएको स्थान घर वा संस्था भए क्रमशः २६ को १ वा स्वास्थ्य संस्था भए २७ को २ मा गोलो लगाउनुपर्दछ । यदि अन्य स्थान भए महल २८ मा स्थान उल्लेख गर्नुपर्दछ ।
२९-३०	शिशुको जन्म अवस्था	शिशु जन्मने बेला जीवित भए महल २९ को १ मा र मृत भए महल ३० को २ मा गोलो लगाउनुपर्दछ ।
३१-३४	स्वास्थ्यकर्मीले नवजात शिशुसँगै सुत्केरीलाई जाँच गरेको	स्वास्थ्यकर्मीले नवजात शिशुसँगै सुत्केरीलाई कुन-कुन समयमा जाँच गरेको छ सोहीअनुसार २४ घण्टाभित्र भए महल ३१ को १ मा, तेस्रो दिनमा भए महल ३२ को २ मा, सातौं दिनमा भए महल ३३ को ३ मा र अन्य समयमा भए महल ३४ को ४ मा गोलो लगाउनु पर्दछ ।
३५	परिवार नियोजनको साधन प्रयोग	सुत्केरी महिलाले परिवार नियोजनका साधन अपनाएको भए महल ३५ को १ मा र जगरेको भए महल ३६ को २ मा गोलो लगाउनुपर्दछ ।

मातृ मृत्यु विवरण

(गर्भवती अवस्था, प्रसव अवस्था तथा सुत्केरी भएको ४२ दिनभित्र मृत्यु भएका महिलाका लागि मात्र)

क्र.सं.	मृतक महिलाको नाम	उमेर (वर्षमा)	मृत्यू हुँदाको अवस्था*			मृत्यु भएको मिति			प्रसुति भएको स्थान*			मृत्यु भएको स्थान*			कैफियत
			गर्भवती	प्रशव	सुत्केरी	गते	महिना	साल	घर	संस्था	अन्य	घर	संस्था	अन्य	
१	२	३	४	५	६	७	८	९	१०	११	१२	१३	१४	१५	१६
१			१	२	३				१	२		१	२		
२			१	२	३				१	२		१	२		

* *उपयुक्त महलमा गोलो लगाउनुहोस् ।*

भर्ने तरिका :

महल नं.	महल शीर्षक	निर्देशन
१	क्रम सङ्ख्या	क्रम सङ्ख्या प्रत्येक आ. व. मा १ बाट सुरु गरी सेवाग्राहीअनुसार क्रमशः लेख्दै जानुपर्दछ ।
२	मृतक महिलाको नाम	मृतक महिलाको गर्भवती अवस्था प्रसव अवस्था तथा सुत्केरी भएको ४२ दिनभित्र मृत्यु भएको भए यस महलमा नाम लेख्नुपर्दछ ।
३	उमेर (वर्षमा)	प्रत्येक आ. व. का लागि दर्ता गरिएको मृतक महिलाको उमेर पूरा भएको वर्षमा लेख्नुपर्दछ ।
४-६	मृत्यु हुँदाको अवस्था	मृतकको मृत्यु हुँदाको अवस्था गर्भवती भए महल ४ को १, प्रसव भए महल ५ को २ र सुत्केरी भए महल ६ को ३ मा गोलो लगाउनुपर्दछ ।
७-९	मृत्यु भएको मिति	मृतक महिलाको मृत्यु भएको मिति महल ७, ८, ९ मा क्रमशः गते, महिना, सालमा उल्लेख गर्नुपर्दछ ।
१०-१२	प्रसूति भएको स्थान	मृतक महिला सुत्केरी भएको स्थान घर भए क्रमशः १० को १ वा स्वास्थ्य संस्था भए ११ को २ मा गोलो लगाउनुपर्दछ । यदि अन्य स्थान भए महल १२ मा स्थान उल्लेख गर्नुपर्दछ ।
१३-१५	मृत्यु भएको स्थान	मृतक महिला मृत्यु भएको स्थान घर भए क्रमशः १३ को १ वा स्वास्थ्य संस्था भए १४ को २ मा गोलो लगाउनुपर्दछ । यदि अन्य स्थान भए महल १५ मा स्थान उल्लेख गर्नुपर्दछ ।
१६	कैफियत	अन्य कुरा खुलाउनु पर्ने भए यस महलमा लेख्नु पर्दछ ।

नवजात शिशु मृत्यु विवरण

(जन्मेको २८ दिनभित्र मृत्यु भएका नवजात शिशुकालागि मात्र)

क्र.सं.	मृतक नवजात शिशुको नाम	आमाको		नवजात शिशु जन्मेको मिति			बच्चा जन्मिएको स्थान*			बच्चा जन्मदाको अवस्था*				मृत्यु हुँदा शिशुको उमेर (दिनमा)	मृत्युको सम्भाव्य कारण*				कैफियत
		नाम, थर	पूरा गरेको उमेर	गते	महिना	साल	घर	संस्था	अन्य	समय नपुगेको (३७ हप्ता भन्दा कम)	कम तौल (२५०० ग्राम भन्दा कम)	सामान्य	अन्य		निसास्सि-एको	शिताङ्ग	संक्रमण	अन्य	
१	२	३	४	५	६	७	८	९	१०	११	१२	१३	१४	१५	१६	१७	१८	१९	२०
							१	२		१	२	३			१	२	३		
							१	२		१	२	३			१	२	३		

भर्ने तरिका :

महल नं.	महल शीर्षक	निर्देशन
१	क्रम सङ्ख्या	क्रम सङ्ख्या प्रत्येक आ. व. मा १ बाट सुरु गरी सेवाग्राहीअनुसार क्रमशः लेख्दै जानुपर्दछ ।
२	मृतक नवजात शिशुको नाम, थर	नवजात शिशुको २८ दिनभित्र मृत्यु भएको भए यस महलमा मृतक शिशुको नाम, थर लेख्नु पर्दछ । यदि नाम उपलब्ध नभएमा यस महलमा (-) चिन्ह लगाउनुपर्दछ ।
३-४	आमाको नाम, थर र उमेर	मृतक नवजात शिशुको आमाको नाम, थर महल ३ र उमेर (पूरा भएको वर्षमा) महल ४ मा लेख्नुपर्दछ ।
५-७	नवजात शिशुको जन्मेको मिति	मृतक नवजात शिशुको जन्म मिति महल ५, ६, ७ मा क्रमशः गते, महिना, सालमा उल्लेख गर्नुपर्दछ ।
८-१०	बच्चा जन्मेको स्थान	मृतक नवजात शिशु घरमा जन्मेको भए महल ८ को १ मा, स्वास्थ्य संस्थामा जन्मेको भए ९ को २ मा गोलो लगाउनुपर्दछ । यदि स्वास्थ्य संस्था वा घर बाहेक अन्य स्थानमा जन्मेको भए महल १० मा स्थान उल्लेख गर्नुपर्दछ ।
११-१४	बच्चा जन्मदाको अवस्था	बच्चा जन्मदाको अवस्था यदि समय नपुगेको भए महल ११ को १, कम तौल भए महल १२ को २ र सामान्य भए महल १३ को ३ मा गोलो लगाउनुपर्दछ । यदि अन्य भए महल १४ मा खुलाउनुपर्दछ ।
१५	मृत्यु हुँदा शिशुको उमेर दिनमा	मृत्यु हुँदा शिशुको उमेर कति दिन थियो ? उक्त दिनको सङ्ख्या यस महलमा उल्लेख गर्नुपर्दछ ।
१६-१९	मृतक शिशुको मृत्युका सम्भावित कारण	मृतक शिशुको मृत्युका सम्भावित कारणहरूमध्ये निसास्सिएको भए महल १६ को १ मा, शीताङ्ग भएको भए १७ को २ मा र सङ्क्रमण भएको भए १८ को ३ मा गोलो लगाउनुपर्दछ तर यी कारणहरूबाहेक अन्य कारणले मृत्यु भएको भए अन्यको महल १९ मा खुलाउनुपर्दछ ।

२८ दिनदेखि ५९ महिना सम्मका बच्चाहरूको मृत्यु विवरण

क्र.सं	मृतक बच्चाको नाम	मृतक बच्चाको आमा वा बाबुको नाम, थर	बच्चा जन्मेको मिति			मृत्यू हुँदा बच्चाको उमेर (महिना)	मृत्यूको सम्भाव्य कारण	कैफियत
			गते	महिना	साल			
१	२	३	४	५	६	७	८	९

भर्ने तरिका :

महल नं.	महल शीर्षक	निर्देशन
१	क्रम सङ्ख्या	क्रम सङ्ख्या प्रत्येक अ. व. मा १ बाट सुरु गरी सेवाग्राही अनुसार क्रमशः लेख्दै जानुपर्दछ ।
२	मृतक बच्चाको नाम, थर	मृतक बच्चाको नाम, थर लेख्नुपर्दछ ।
३	मृतक बच्चाका आमा-बुबाको नाम, थर	मृतक बच्चाको आमा वा बुबा, जसको नामबाट गाउँमा चिनिन्छ, निजको पूरा नाम, थर लेख्नुपर्दछ ।
४-६	नवजात शिशुको जन्म मिति	बच्चाको जन्म मिति महल क्रमशः गते, महिना, सालमा लेख्नु पर्दछ ।

महल नं.	महल शीर्षक	निर्देशन
७	मृत्यु हुँदा बच्चाको उमेर (महिनामा)	मृत्यु हुँदा बच्चाको उमेर महिनामा लेख्नुपर्दछ ।
८	मृत्युको सम्भावित कारण	बच्चाको मृत्युका सम्भावित कारणहरूमध्ये जे हो, सो उल्लेख गर्नुपर्दछ जस्तै : निमोनिया, पखाला, आदि ।
९	कैफियत	अन्य कुरा खुलाउनुपर्ने भए कैफियत महलमा लेख्नुपर्दछ ।

महिला स्वास्थ्य स्वयं सेविकाले सेवा पुर्‍याएका जम्मा सेवाग्राहीको संख्याः यस प्रयोजनको लगि जम्मा १२ कोठाहरुको ब्यबस्था गरिएको छ । १ जना सेवाग्राहीलाई सेवा दिनासाथ सोही महिनाको कोठामा धर्सो तानी सम्वन्धित सेवामा पनि धर्सो तान्नु पर्दछ । महिनाको अन्त्यमा स्वास्थ्यकर्मीको सहयोगले जम्मा अंक सम्वन्धित कोठामा लेख्नु पर्दछ ।

नवशिशु स्याहार कार्यक्रमः यो खण्ड नवशिशु स्याहार कार्यक्रम लागू भएको जिल्लाका महिला स्वास्थ्य स्वयंसेविकाले मात्र भर्नुपर्दछ ।

महिला स्वास्थ्य स्वयंसेविकाले गरेका कामहरूको मासिक तथा वार्षिक अभिलेख (आ. व. .....)

क्र.सं.	गतिबिधि	ईकाइ	श्रावण	.....	असार	जम्मा
(क)	गर्भवति सेवा					
१	आफ्नो क्षेत्रमा भेट गरिएका गर्भवती महिलाहरुको संख्या	जना				
२	गर्भ जाँचको लागि स्वास्थ्य संस्थामा प्रेषण गरेको गर्भवती महिलाहरुको संख्या	जना				
३	आमावाट बच्चामा सर्ने एचआइभि सम्वन्धि सूचना दिएका गर्भवतीलाइ रक्त परिक्षणका लागि रेफर गरेको संख्या	जना				
४	पहिलो पटक स्वास्थ्य संस्थामा गर्भ जाँच गरेको सुनिश्चित गरेको महिलाहरुको संख्या	जना				
५	दोहोऱ्याई आएको वेला आईरन चक्की वितरण गरेको गर्भवती महिलाहरुको संख्या	जना				
६	प्रसूति सेवाको लागि स्वास्थ्य संस्थामा प्रेषण गरेको गर्भवती महिलाहरुको संख्या	जना				
७	स्वास्थ्यकर्मी विना घरमै सुत्केरी भई मातृसुरक्षा चक्की (मिसोप्रोस्टोल) खाएको सुनिश्चित गरिएका महिलाहरुको संख्या	जना				
(ख)	घरमा जन्मेका शिशुहरूको जन्म अवस्था					
८	जिवित जन्म भएका शिशुहरू	जना				
९	मृत जन्म भएका शिशुहरू	जना				
१०	जन्मेको २४ घण्टासम्म ननुहाएको सुनिश्चित गरिएको नवजात शिशुहरुको संख्या	जना				
(ग)	आमा र नवजात शिशु स्वास्थ्य					
११	परीक्षण गराउनुको कारण	रोग निदान	बिरामीको रोग निदानका लागि खकार परीक्षण गरेको भए रोग निदानमा (√) चिह्न लगाउनुपर्दछ र RR TB/ MDR TB निदानको लागि परीक्षण गरिने हो भने सोसमेत उल्लेख गर्नुपर्छ।
		अनुगमन	उपचारमा रहेका क्षयरोगको बिरामीको अनुगमन खकार परीक्षण गरिने भए अनुगमनमा (√) चिह्न लगाई उपचारको कुन महिना (२/३, ५ र उपचारको अन्तमा) के हो, सो महिना लेख्नुपर्दछ।
१२	एच.आई.भी. सङ्क्रमण		बिरामीसँग भएको प्रमाणका आधारमा एच.आई.भी. सङ्क्रमण भएको वा नभएको यकिन गरी एच.आई.भी. सङ्क्रमणसम्बन्धी छ, छैन वा थाहा छैन मध्ये सङ्क्रमण भएको भए कोड १, नभए कोड २ र थाहा नभए कोड ३ लेख्नुपर्दछ। *(एच.आई.भी. सङ्क्रमण अवस्थासम्बन्धी सोधखोज वा अन्य कुनै पनि क्रियाकलाप गर्दा सेवाग्राहीको गोपनीयतालाई ध्यानमा राख्दै राष्ट्रिय एड्स तथा यौन रोग नियन्त्रण केन्द्रले जारी गरेका नीति, नियम तथा निर्देशिकाको पालना अनिवार्य रूपमा गर्नुपर्छ।)*
१३	क्षयरोगको उपचार (पहिले लिएको, नलिएको, थाहा नभएको)		बिरामीसँग यकिन गरेर क्षयरोग उपचार यसभन्दा पहिले लिएको वा नलिएको यकिन गरी उपयुक्त एक कोठामा (√) चिह्न लगाउनुपर्दछ।
१४	अनुरोध गरिएको परीक्षण: (माइक्रोस्कोपी, जिनएक्सपर्ट,अन्य)		परीक्षणका लागि अनुरोध गरिएको माइक्रोस्कोपी वा जिन-एक्सपर्ट जुन हो, सोको कोठामा (√) चिह्न लगाउनुपर्छ। अन्य परीक्षण (कल्चर, डी.एस्.टी वा एल्.पी.ए.) भए अन्यमा (√) चिह्न लगाइए विवरण विवरण खुलाउनुपर्दछ।
१५	अनुरोध गर्ने व्यक्तिको नाम, थर तथा हस्ताक्षर		खकार परीक्षणका लागि अनुरोध गरी पठाउने स्वास्थ्यकर्मीको नाम र थर स्पष्ट खुलाई हस्ताक्षर गर्नुपर्दछ।

नतिजा फाराम:

माइक्रोस्कोपी परीक्षण नतिजा (ल्याबोरेटरीमा भर्नुपर्ने)

स्वास्थ्य संस्थाबाट प्राप्त अनुरोध फारामअनुसार खकार परीक्षण गरी सोको नतिजा यस फाराममा भरी जुन स्वास्थ्य संस्थाबाट अनुरोध फाराम भरिएको हो, सोही संस्थामा माइक्रोस्कोपिक नतिजा पठाउनुपर्दछ।

ल्याव सि.नं.: त्यस संस्थाको ल्याव रजिस्टरमा उल्लेखित क्रम संख्या अनुसार लेख्नु वर्दछ । हरेक आ.व.मा १ देखि नयाँ क्रमसंख्या लेख्नुपर्दछ ।

नमुना संकलन मितिः यस महलमा प्रयोगशालामा खकार नमुना संकलन गरिएको मिति (गते, महिना र सालमा) उल्लेख गर्नुपर्दछ ।

नमुनाः ल्याब परीक्षणको लागि दिएको नमुना पहिलो भए A दोस्रो भए B मा (√) चिन्ह लगाउनुपर्दछ ।

किसिमः कस्तो प्रकारको खकार नमुना संकलन भएको हो सो निर्धारण गरी रगत मिसिएको भए B, पहेलो र ढिक्का परेको भए M र र्‍याल मात्रै भए S मा गोलो घेरा लगाउनुपर्दछ ।

स्मेयर माईक्रोस्कोपिक नतिजा

माइक्रोस्कोपी परीक्षण पछि प्राप्त नतिजा अनुसार ५ वटा नतिजा महल मध्ये कुनै एउटा महलमा मात्र (√) चिन्ह लगाउनुपर्दछ ।

Scale	Bright Field Ziehl Neelseen stain 1000 × magnification	Flurescence (Auramine Stain) 200 × magnification	Flurescence (Auramine Stain) 400 × magnification
Negative	No AFB	No AFB	No AFB
Scanty (actual number)	1-9 AFB/line	1-29/ 100 Field	1-19 / 100 Field
1+	10-99/Field	30-299/ 100 Field	20-199 / 100 Field
2+	1-10 AFB/Field	10-100/ Field	5-50 / Field
3+	>10 AFB/Field	>100 /Field	>50 AFB/Field

Bright Field Ziehl Neelseen stain को लागि तल दिईएको अनुसार गर्नुपर्दछ ।

- AFB नदेखिएमा (Neg) को कोठामा (√) चिन्ह लगाउनुपर्दछ ।
- 1-9 AFB/100 HPF (Scanty) देखिएमा Exact Number लेख्नुपर्दछ ।
- 10-99 AFB/100 HPF देखिएमा १+ को कोठामा (√) चिन्ह लगाउनुपर्दछ ।
- 1-10 AFB/HPF देखिएमा २+ को कोठामा (√) चिन्ह लगाउनुपर्दछ ।
- >10 AFB/HPF देखिएमा ३+ को कोठामा (√) चिन्ह लगाउनुपर्दछ ।

यसैगरी Flurescence Auramine Stain को पनि सम्बन्धितcolumn को नतिजा अनुसार (Neg) मा (√) लगाउने, Exact Number लेख्ने, १+, २+ वा ३+ को महल मध्ये कुनै एकमा (√) चिन्ह लगाउनुपर्दछ ।

परीक्षण गर्ने व्यक्तिको दस्तखतः यस कोठामा खकार परीक्षण गर्ने व्यक्तिले दस्तखत गर्नुपर्दछ ।

नतिजा आएको मितिः माइक्रोस्कोपी नतिजा निस्केको दिनको मिति (गते, महिना र सालमा) यस कोठामा उल्लेख गर्नुपर्दछ ।

जिनएक्सपर्ट (Gene xpert) **नतिजाः**

नमुना संकलन गरिएको मितिः यस महलमा खकार नमुना संकलन गरिएको मिति (गते, महिना र सालमा) उल्लेख गर्नुपर्दछ ।

खकारमा क्षयरोगको व्याक्टेरिया भए/नभएको (M. Tuberculosis detected/not detected- Y/N): खकारमा परीक्षणमा ट्युवरकुलोसिस ब्याक्टेरिया देखिएमा कोड नं. १ मा र व्याक्टेरिया नदेखिएमा कोड नं. २ मा गोलो घेरा लगाउनुपर्दछ ।

अन्य (Invalid/No result/Error-I) : खकार नमुनाको गुणस्तरजन्य नभएको कारणले परीक्षणको नतिजा एकिन गर्न नसकेको अवस्थामा अन्य (Invalid/No result/Error-I) मा (√) चिन्ह लगाउनुपर्दछ ।

खकारमा क्षयरोगको ब्याक्टेरिया पत्ता लागेमा (M.Tuberculosis Detected): खकारमा क्षयरोगको ब्याक्टेरिया भएमा तीन किसिमको नतिजा मध्ये कुन नतिजा आएको छ सो नतिजाको कोड नं.मा गोलो चिन्ह लगाउनुपर्दछ । जस्तै रिफाम्पिसिन सेन्सिटिभ (Rifampicin Sensitive-T) भएमा कोड नं. १ मा, रिफाम्पिसिन रेसिस्टेन्स (Rifampicin Resistnace- RR) भएमा कोड नं. २ मा र इनडिटरमिनेट (Indeterminate-TI) भएमा कोड नं. ३ मा गोलो घेरा लगाउनुपर्दछ ।

नतिजा आएको मितिः जिनएक्सपर्ट परीक्षण पश्चात नतिजा प्राप्त भएको मिति (गते, महिना र सालमा) खकार परीक्षण गर्ने ल्यावका कर्मचारीले भर्नुपर्दछ ।

परीक्षण गर्ने प्रयोगशालाको नामः स्मेयर माईक्रोस्कोपिक परीक्षण तथा जिनएक्सपर्ट (Gene xpert) परीक्षण गर्ने प्रयोगशालाको नाम लेख्नुपर्दछ ।

परीक्षण गर्नेको नाम तथा हस्ताक्षरः जिनएक्सपर्ट परीक्षण गर्ने ल्याव कर्मचारीको नाम र थर स्पष्ट खुलाई हस्ताक्षर गर्नुपर्दछ ।

प्रमाणित गर्नेको नाम तथा हस्ताक्षरः जिनएक्सपर्ट परीक्षण गर्ने ल्याव कर्मचारीको सुपरभाइजर वा ल्याव प्रमुखको नाम तथा थर स्पष्ट खुलाई हस्ताक्षर गर्नुपर्दछ ।

अभ्यास ६.१

१. मिति २०७० पौष ११ गते ओखेनी गाउँपालिका वडा नं. ५ बस्ने उमेर ४५ का धन बहादुर बि.क. २ हप्ता देखि खोकी लागि ओखनी उप स्वास्थ्य चौकीमा आएका थिए निजको OPD दर्ता नं. १५६९ हो, निजलाई क्षयरोगको सम्भावना भएकोले रामेछाप जिल्ला अस्पतालमा खकारको नमूना संकलन गरी पठाएको बिबरण HMIS 6.1 मा भर्नुहोस ।

रामेछाप जिल्ला अस्पतालको ल्या.टे. पशेन्द्र जयसवालले निजलाई क्षयरोगको किटाणु १+ भएको जानकारी ओखेनीलाई पठाईएको थियो ।

HMIS 6.2: क्षयरोग प्रयोगशाला रजिस्टर (Tuberculosis Laboratory Register)

प्रयोगशाला सेवाबाट क्षयरोग निदान गर्नका लागि खकार नमुनालाई प्रयोगशालामा माइक्रोस्कोपिक/जिनएक्सपर्ट प्रविधिबाट परीक्षण गरी प्राप्त परिणाम (पोजेटिभ/नेगेटिभ वा अन्य) सम्बन्धी विवरणको अभिलेख राख्न यस रजिस्टरको प्रयोग गरिन्छ। जिनएक्सपर्ट परीक्षणको सुविधा उपलब्ध भएका स्वास्थ्य संस्थाले सोको परीक्षणका लागि अतिरिक्त स्क्रिनिङ्ग फाराम भरिएको छ भन्ने कुरा अनिवार्य रूपमा सुनिश्चित गर्नुपर्दछ। यसका लागि Agorithm तथा स्क्रिनिङ्ग फाराम क्षयरोग कार्य पुस्तिकामा उपलब्ध छन्।

रजिस्टरको नमुना :

HMIS 6.2

क्षयरोग प्रयोगशाला

ल्याब सि.नं.	नमुना संकलन मिति			बिरामीको		जाती कोड	अभिभावकको नाम र थर	सम्पर्क नं.	उमेर		बिरामीको ठेगाना			अनुरोध गर्ने उपचार केन्द्रको नाम	क्षयरोग निदानका लागी प्रेषण		
	ग	म	सा	नाम	थर				महिला	पुरुष	जिल्ला	गा. वि. स./न.पा.	वडा नं.		निजी स्वास्थ्य संस्था (P)	समुदाय (C)	सम्पर्क परिक्षण (T)
1	2	3	4	5	6	7	8	9	10	11	12	13	14	15	16	17	18
															१	२	३
															१	२	३

HMIS 6.2

रजिष्टर

क्षयरोग/ औषिडि दर्ता नं.	एचआईभि संक्रमण			क्षयरोगको पहिला उपचार भए नभएको			परिक्षणको प्रकार		परिक्षण नतिजा मिति												कैफियत
									जिन एक्सपर्ट				स्मेयर माईक्रोस्कोपी								
													A				B				
	भएको	नभएको	थाहा नभएको	भएको	नभएको	थाहा नभएको	निदान	अनुगमन (महिना लेख्ने)	नतिजा	ग	म	सा	नतिजा	ग	म	सा	नतिजा	ग	म	सा	
19	20	21	22	23	24	25	26	27	28	29	30	31	32	33	34	35	36	37	38	39	40
	१	२	३	१	२	३	१														
	१	२	३	१	२	३	१														

रजिस्टर भर्ने तरिका :

महल नं.	महल शीर्षक	निर्देशन
1	ल्याब/सि.नं.	प्रत्येक आर्थिक वर्षमा नयाँ ल्याब/सि.नं. संख्या १ बाट शुरु गर्नुपर्दछ ।
2-4	नमुना संकलन मिति	प्रयोगशालामा खकारको नमुना संकलन गरेको मिति (गते, महिना, साल) सम्बन्धितमहलमा लेख्नुपर्दछ।
5-6	बिरामीको नाम,थर	सेवा लिन आएका सेवाग्राहीको नाम र थर सम्बन्धित महलमा छुट्टाछुट्टै लेख्नुपर्दछ।
7	जाती कोड	सेवा लिन आएका व्यक्तिको थर अनुसार जाती कोड लेख्नुपर्दछ। जाती कोड समूह यस निर्देशिकाको पछाडि दिइएको छ।
8	अभिभावकको नाम, थर	सेवा लिन आएको बिरामीको अभिभावकको नाम र थर यस महलमा स्पष्टसँग लेख्नुपर्दछ।
9	सम्पर्क नं.	सेवा लिन आउने बिरामीको अभिभावक वा बिरामी आफ्नै को सम्पर्क फोन नं. वा मोबाईल नं. लेख्नुपर्दछ।
10-11	उमेर	सेवा लिने व्यक्ति महिला भए महल १० मा र पुरुष भए महल नं. ११ मा सेवाग्राहीले पुरा गरेको उमेर वर्षमा लेख्नुपर्दछ।
12-14	बिरामीको ठेगाना	बिरामीको ठेगाना जिल्ला, नगर/गाउपालिका, वडा नं. समेत खुल्ने गरी सम्बन्धितमहलहरुमा लेख्नुपर्दछ। नेपाल बाहेक अन्य देशको विरामी भएमा विरामी कुन देशको हो, सम्बन्धितदेशको नाम जिल्लाको महलमा लेख्नुपर्दछ।
15	अनुरोध गर्ने स्वास्थ्य संस्था /उपचार केन्द्रको नाम	खकारको परीक्षण गर्न अनुरोध गर्ने स्वास्थ्य संस्था वा उपचार केन्द्रको नाम र ठेगाना यस महलमा लेख्नुपर्दछ।

महल नं.	महल शीर्षक	निर्देशन
16-18	क्षयरोग निदानको लागि प्रेषण	क्षयरोग निदानको लागि प्रेषण भई आएको विवरण यस महलमा लेख्नुपर्दछ । नीजि क्षेत्रबाट प्रेषण भई आएको भए महल नं. १६ को कोड नं. १ मा , समुदायबाट भए महल नं. १७ को कोड नं. २ र सम्पर्क परीक्षणबाट भए महल नं. १८ को कोड नं. ३ मा गोलो घेरा लगाउनुपर्दछ ।
19	क्षयरोग/ओ.पि.डि. दर्ता नं.	क्षयरोगको निदानका लागि शंकाष्पद विरामीको प्रयोगशला (खकार) परीक्षण गरिएको भए ओ.पि.डि. दर्ता नं. र उपचारमा रहेको क्षयरोगको विरामीको फलोअप परीक्षण गरिएको भए क्षयरोगको उपचार कार्डबाट क्षयरोग दर्ता नं. यस महलमा लेख्नुपर्दछ ।
20-22	एच.आई.भी. संक्रमण	एच.आई.भि. संक्रमणको स्थिति यकिन गरी सम्बन्धितमहलमा लेख्नुपर्दछ । एच.आई.भि. संक्रमण भएको एकिन भएमा महल २० को कोड नं. १ मा र एच.आई.भि. संक्रमण नभएको एकिन भएमा महल २१ को कोड नं. २ मा गोलो लगाउनुपर्दछ । त्यसैगरी एच.आई.भि. संक्रमण भए/नभएको थाहा नभएमा महल २२ को कोड नं. ३ मा गोलो घेरा लगाउनुपर्दछ । *(एच.आइ.भि संक्रमण अवस्था सम्बन्धी सोधखोज वा अन्य कुनै पनि कृयाकलाप गर्दा सेवाग्राहीको गोपनियतालाई मध्यनजर गर्दै राष्ट्रिय एड्स तथा यौन रोग नियन्त्रण केन्द्रले जारी गरेका नीति, नियम तथा निर्देशिकाको पालना गर्नुपर्छ ।)*
23-25	क्षयरोगको पहिला उपचार भए नभएको	बिरामीले यस भन्दा पहिले क्षयरोगको उपचार लिए/नलिएको यकिन गरी सम्बन्धित महलमा लेख्नुपर्दछ । पहिले उपचार लिएको यकिन भएमा महल २३ को कोड नं. १ मा, नलिएको यकिन भएमा महल २४ को कोड नं. २ मा र यसभन्दा अगाडि क्षयरोगको उपचार लिए/नलिएको थाहा नभएमा महल २५ को कोड नं. ३ मा गोलो घेरा लगाउनुपर्दछ ।
26-27	परीक्षणको प्रकार (निदान, अनुगमन)	बिरामीको खकार परीक्षण रोग निदान गर्नको लागि गरिएको भएमा महल २६ को कोड नं. १ मा गोलो लगाउनुपर्दछ । क्षयरोगको उपचार लिई रहेको बिरामीको अनुगमन परीक्षण गरिएको भए महल २७ मा उपचार पुरा गरेको महिना लेख्नुपर्दछ । जस्तै दुई महिना पुरा गरेको भए २, तीन भए ३ पाँचौ भए ५ र उपचारको अन्तिम महिनामा भए कति औं महिना हो सो उल्लेख गर्नुपर्दछ ।
28-39	परीक्षण नतिजा र मिति	बिरामीको खकार परीक्षणको नतिजा आए पछि क्षयरोग खकार परीक्षण अनुरोध फाराम (HMIS 6.1)मा उल्लेख भए अनुसार नतिजा र मिति स्पष्टसँग खुल्ने गरी सम्वन्धित महलमा लेख्नुपर्दछ ।
28-31	जिन एक्सपर्ट	जिन एक्सपर्टको जाँचको नतिजा परीक्षणबाट पत्ता लागे अनुसारको परिणाम र जाँच गरेको मिति (गते, महिना, साल) सम्बन्धितमहलमा लेख्नुपर्दछ ।
32-39	स्मेयर माईक्रोस्कोपी को नतिजा र मिति	खकारको माईक्रोस्कोपी परीक्षण गरेको नतिजा र मिति यी महलहरुमा लेख्नुपर्दछ । खकारको पहिलो नमुना जाँचको परिणाम र मिति A अन्तरगतको महलमा र दोश्रो नमुना जाँचको परिणाम र मिति B अन्तरगतका महलमा लेख्नुपर्दछ । खकार परीक्षणको नतिजा नेगेटिभ भए नतिजाको महलमा NEG लेख्नु पर्दछ, नतिजा पोजेटिभ भएमा निर्दिष्ट ग्रेडिङ्ग अनुसार खुलाउनु पर्दछ ।
40	कैफियत	माथि दिईएको बाहेक अन्य केही खुलाउनु पर्ने भएमा यस महलमा लेख्नुपर्दछ ।

अभ्यास ६.२

१. अभ्यास ६.१ का धन बहादुर बि.क.को प्रयोगशाला जाँचको बिबरण प्रयोगशाला रजिस्टरमा भर्नुहोस् ।

HMIS 6.3 & HMIS 6.4: क्षयरोग उपचार कार्ड : स्वास्थ्य संस्था र बिरामीका लागि (Tuberculosis Treatment card- Health Facility and Patient)

क्षयरोगका बिरामीको व्यक्तिगत तथा रोगसँग सम्बन्धितपरीक्षण र उपचारसम्बन्धी क्रियाकलापको अभिलेख राख्न यस कार्डको प्रयोग गरिन्छ । यसमा औषधिको विवरण, प्रयोगशाला परीक्षण तथा नतिजा, उपचारको नतिजा, उपचार सहयोगी तथा बिरामीका लागि मुख्य सन्देश समावेश गरिएका छन् । क्षयरोगको उपचारका लागि दर्ता भएका प्रत्येक विरामीको २ वटा क्षयरोग उपचार कार्ड तयार गरी एउटा कार्ड स्वास्थ्य संस्थामा राख्नुपर्दछ भने अर्को कार्ड क्षयरोगका बिरामीलाई प्रदान गरिन्छ । क्षयरोगका बिरामीलाई स्थानान्तरण गर्दा सम्पर्क गर्न जानुपर्ने स्वास्थ्य संस्था र उपलब्ध गराइएको औषधी सम्बन्धी थप विवरण/सन्देशसमेत समावेश गरिएको कार्ड क्षयरोगका बिरामीलाई प्रदान गर्नुपर्दछ ।

कार्डको नमुना :



HMIS 6.4: TB Treatment Card (Patient)

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली

क्षयरोग उपचार कार्ड

मुल दर्ता नं.	... ...	क्षयरोग दर्ता नं.	... ...	दर्ता मिति	... ... / ... ... /२०७	उपचार केन्द्रको नाम		फोन नं.	

	नाम, थर	लिङ्ग	उमेर	जिल्ला	गा.बि.स/न.पा.	वार्ड नं.	गाउँ/टोल	सम्पर्क नं.
बिरामिको								
उपचार सुपरभाइजर/सहयोगी								

Types of TB [V]	Bacteriological Confirmed	Clinically Diagnosed
Pulmonary	☐	☐
Extra Pulmonary	☐	☐

अगाडि उपचार पाएको	
थियो	☐
थियन	☐

यदि थियो भने, अवधीः ... ... देखि ... ... सम्म	
उपचार रेजिमेन	टि.बि. दर्ता नं.
उपचार केन्द्रः	

Registration Category	
A. New	☐
B. 1. Relapse	☐
B. 2. Treatment after failure	☐
B. 3. Treatment after loss to follow up	☐
B. 4. Others previously treated	☐
C. Previous treatment history unknown	☐

Treatment Category	Adult	Child
Cat I	☐	☐
Cat II	☐	☐
Cat III	■	☐

Smear (S), culture (C) or Xpert MTB/ RIF (X) results and other examinations								
Lab No	Name of lab	Month	Date	Results S/ SN	C	X	Drug resistance (RR/ MDR/None/unknown)	Weight (in kg)
		०	... ... /... ... /... ...					
		२/३	... ... /... ... /... ...			■		
		५	... ... /... ... /... ...			■		
		अन्तीम	... ... /... ... /... ...			■		

तपाइको लागि महत्वपूर्ण जानकारीः १. नियमित औषधी खानाले पूर्ण रुपले क्षयरोग निको हुन्छ। २. तपाइले ... ... महिना औषधि खानुपर्छ। ३. प्रत्येक पटक स्वास्थ्य संस्थामा औषधि लिन वा जचाँउन आउनु पर्छ। ४. औषधी शुरु गरेको (२/३, ५) र अन्तिम महिनामा खकार परिक्षण गर्नु जरुरी छ। ५. बसाइ सर्नु हुन्छ भने सर्नु भन्दा पहिला उपचार केन्द्रमा सम्पर्क गर्नुहोला।



HMIS 6.4: TB Treatment Card (Patient)

१. प्रारम्भिक अवस्था (Intensive Phase) उपचार शुरु मिति (ग./म./सा.) ... .../ ... ... /... ... उपचार सकिएको मितिः ग./म./सा. ... .../ ... ... /... ...

एच.आर.जेड.ई. (HRZE)	एच.आर.जेड (HRZ Child 0-14 Years)	बुधाम्बुटोल (E 100 mg) Child 0-14 Years	स्ट्रेप्टोमाइसिन (S)
Tab	Tab	Tab	Gram

महिना	१	२	३	४	५	६	७	८	९	१०	११	१२	१३	१४	१५	१६	१७	१८	१९	२०	२१	२२	२३	२४	२५	२६	२७	२८	२९	३०	३१	३२

२. लगातार अवस्था (Continuous Phase):

एच.आर. (HR): ... ... Tab | एच.आर. (HR Child 0-14 Years) ... ... Tab | बुधाम्बुटोल (E 100 mg) Child 0-14 Years ... ... Tab | एच.आर.ई. (HRE) ... ... Tab

महिना	१	२	३	४	५	६	७	८	९	१०	११	१२	१३	१४	१५	१६	१७	१८	१९	२०	२१	२२	२३	२४	२५	२६	२७	२८	२९	३०	३१	३२

Other Examination		Remarks
1. Mantoux Test	☐	
2. Find Needle Aspiration Cytology	☐	
3. Biopsy	☐	
4. X-ray	☐	
5. Others	☐	

ट्रान्सफर बाहिको सूचनाः यदि बिरामी अन्यत्र उपचार गर्न जाने भएमा तिनको निखिल लुगा अरेर पठाउनुपर्छ।
ट्रान्सफर भएको मिति ... .../ ... .../ २०७ ...
औषधि ..... दिनको लागि दिइएको छ ।
ट्रान्सफर भई जाने संस्थाको नाम र सम्पर्क नं. ... ...
बेचिल गरिएको उपचार केन्द्र प्रमुखको नामः ... ...

Treatment Outcome		Treatment Stop Date DD	MM	YYYY
1. Cured	☐			
2. Completed	☐			
3. Failure	☐			
4. Died	☐			
5. Lost to follow up	☐			
6. Not evaluated	☐			
7. Moved to 2nd line treatment register	☐			

दस्तखत

उपचार सहयोगीको टि.बि. रोग निको पार्ने महत्वपूर्ण भूमिका रहन्छ। उपचार सहयोगीले निम्न क्रियाकलापहरु गर्नुहोला।

१. तपाइको अगाडि बिरामीलाई दैनिक औषधि खुवाउनुहोस्।
२. औषधिहरु खुवाई सकेपछि कार्डमा दिएको कोठामा ✓ लगाउनुहोस्।
३. उपचार शुरु गरेको २/३, ५ र उपचारको अन्तमा अनिवार्य खकार परिक्षण गराउनुहोस्।
४. बिरामीले औषधि नखाएमा वा केही समस्या भएमा उपचार केन्द्रलाई तुरुन्त जानकारी दिनुहोस्।

Revised: 2070/71 Print FY: 2070/71

कार्ड भर्ने तरिका

शीर्षक	निर्देशन
मूल दर्ता नं.	क्षयरोगका सम्भावित बिरामीलाई स्वास्थ्य संस्थामा मूल दर्ता रजिस्टरमा दर्ता गर्नुपर्दछ र मूल दर्ता रजिस्टरमा दर्ता गर्दाको दर्ता नं. यस महलमा लेख्नुपर्दछ ।
क्षयरोग दर्ता नं.	क्षयरोग निदान भइसकेपछि उपचार सुरु गर्नुभन्दा पहिले क्षयरोग उपचार रजिस्टरमा सो बिरामीलाई दर्ता गरी सोको नम्बर यस महलमा लेख्नुपर्दछ ।
दर्ता मिति	क्षयरोग उपचार रजिस्टरमा दर्ता भएको मिति (गते, महिना र साल) यस महलमा लेख्नुपर्दछ ।
उपचार केन्द्र:	क्षयरोगका बिरामी दर्ता भएको उपचार केन्द्र वा स्वास्थ्य संस्थाको नाम यस कोठामा लेख्नुपर्दछ ।
सम्पर्क फोन नं.	यस कोठामा स्वास्थ्य संस्थाको फोन नं. लेख्नुपर्दछ । यदि स्वास्थ्य संस्थाको फोन नं. नभए उपचार गर्ने स्वास्थ्यकर्मीको सम्पर्क फोन नं. लेख्नुपर्दछ ।
बिरामीको नाम, थर	क्षयरोगको उपचार लिने बिरामीको पूरा नाम र थर यस महलमा लेख्नुपर्दछ ।
लिङ्ग	उपचारमा आएको बिरामी महिला भए महिला र पुरुष भए पुरुष यस महलमा लेख्नुपर्दछ ।
उमेर	यस महलमा बिरामीले पूरा गरेको उमेर वर्षमा लेख्नुपर्दछ ।
ठेगाना	क्षयरोगको सेवा लिने व्यक्तिको ठेगाना जिल्ला, नगर/गाउँपालिका, वडा नम्बर र गाउँ/टोल सबै स्पष्टसँग खुल्ने गरी यी महलहरूमा लेख्नुपर्दछ ।
सम्पर्क नं.	क्षयरोगको उपचार लिने बिरामी वा बिरामीको घरको सम्पर्क फोन नं. वा सो नभए निजको नजिकको नातापर्ने पर्ने अन्य व्यक्ति वा सम्बद्ध संस्थाको फोन नं. यस महलमा उल्लेख गर्नुपर्छ ।
उपचार सुपरभाइजर/सहयोगीको नाम, थर	बिरामीको उपचार अवधिभरि बिरामीलाई औषधी खुवाउने, निगरानी गर्ने र उपचारमा सहयोग गर्ने व्यक्ति स्वास्थ्यकर्मी भए उपचार सुपरभाइजर र अन्य व्यक्ति (म.स्वा.स्व.से., समुदायका अगुवा, परिवारका सदस्य आदि) लाई उपचार सहयोगी भनिन्छ । उक्त उपचार सहयोगीको नाम र थर यस महलमा लेख्नुपर्छ ।
लिङ्ग	उपचार सहयोगी महिला भए महिला र पुरुष भए पुरुष यस महलमा लेख्नुपर्दछ ।
उमेर	यस महलमा उपचार सहयोगीले पूरा गरेको उमेर (वर्षमा) लेख्नुपर्दछ ।
ठेगाना	उपचार सहयोगीको ठेगाना जिल्ला, गा.वि.स./नगरपालिका, वडा नम्बर र गाउँ/टोल सबै स्पष्टसँग खुल्ने गरी यी महलहरूमा लेख्नुपर्दछ ।
सम्पर्क नं.	उपचार सहयोगीको सम्पर्क फोन नं. वा सो नभए निजको नजिकै पर्ने अन्य व्यक्ति वा संस्थाको फोन नं. यस महलमा उल्लेख गर्नुपर्छ ।
क्षयरोगको प्रकार (Types of TB)	क्षयरोग उपचार रजिस्टरबाट क्षयरोगको किसिम (PBC-Pulmonary: Bacteriologically Confirmed/PCD-Clinically Diagnosed, EP-BC: Extrapulmonary Bacteriologically Confirmed/ EP-CD Extrapulmonary Clinically Diagnosed) यकिन गरी PBC, PCD, EP-BC, EP-CD मध्ये कुनै एउटामा (√) चिह्न लगाउनुपर्दछ ।
अगाडि उपचार पाएको	कुनै पनि क्षयरोगको बिरामी दर्ता गर्नुभन्दा पहिले उसले यसभन्दा पहिले क्षयरोगको उपचार पाएको छ/छैन, सो यकिन गर्नुपर्दछ । बिरामीसँग यसभन्दा अघि क्षयरोगको उपचार पाएको छ/छैन सोधी, यदि छ भने, कहाँ उपचार गराएको हो र कुन औषधि कति अवधि खाएको हो, पहिलेको उपचार Regimen, टी.बी.नं. र उपचार केन्द्र (स्वास्थ्य संस्था) को स्पष्ट बिवरण दायाँपट्टिको टेबलको सम्बन्धितमहलहरूमा लेख्नुपर्दछ ।
Registration Category	क्षयरोग उपचार रजिस्टरबाट क्षयरोगको बिरामी दर्ता वर्गीकरण (New, Relapse, Treatment after Failure, Treatment after loss to follow up, others previously treated, Previous treatment history unknown) मा रहेका ६ वटा मध्ये यकिन गरिएको एउटा दर्ता वर्गीकरणको कोठामा (√) चिह्न लगाउनुपर्दछ । स्थानान्तरण भई आएका विरामीहरुका लागि TI लेख्नुपर्दछ ।
Treatment Category	क्षयरोग उपचार रजिस्टरबाट क्षयरोगका बिरामीलाई Adult (Cat I or Cat II) वा Child (Cat I, Cat II, Cat III) मध्ये जुन Category मा राखेर उपचार गरिने हो, त्यही Category को महलमा (√) चिह्न लगाउनुपर्दछ ।
Smear (S) or Xpert MTB/RIF (X) Results and other examinations	क्षयरोगको निदान गर्न वा क्षयरोगको उपचारमा रहेका बिरामीहरू उपचार सुरु गरेपछि, २(३) महिनामा, ५ महिनामा र उपचारको अन्तमा खकार परीक्षण अनिवार्य रूपमा गर्नुपर्दछ । प्रत्येक पटक परीक्षण गर्दा खकार जाँच गरेको प्रयोगशालाको नं., प्रयोगशालाको नाम, मिति (गते,

शीर्षक	निर्देशन
	महिना, साल), नतिजा, ड्रग रेसिस्टेन्सको विवरण (RR/MDR/None/Unknown) र तौल उपचार कार्डमा भर्नुपर्दछ । महिना भन्ने महलमा निदान गरेको समयमा खकार जाँच गरको भए ० लेखिएको महलमा, अनुगमन खकार परीक्षण गराएको भए कतिऔं महिनामा खकार जाँच गरिएको हो, सोही महलमा लेख्नुपर्दछ । नतिजा भन्ने महलमा Sputum microscopy भए S/SN महलमा (नेगेटिभ भए Neg र पोजेटिभ भए ब्याक्टेरियाको डेनसिटी १+, २+, ३+/स्लाइड नम्बर), Culture भए C महलमा र Gene xpert भए X महलमा नतिजाको विवरण लेख्नुपर्दछ ।
कार्ड तयार गर्ने व्यक्तिको नाम, थर, पद तथा दस्तखत	सुरुमा बिरामी क्षयरोगको उपचार लिन आएको समयमा कार्ड जारी गर्ने स्वास्थ्यकर्मीले नाम, थर, पद स्पष्ट लेखी हस्ताक्षर गर्नुपर्दछ र कुन मितिमा कार्ड जारी गरिएको हो, सोसमेत लेख्नुपर्दछ । प्रत्येक कार्डमा संस्थाको छाप लगाउनुपर्छ ।
कार्डको पछिल्लो भाग	
Intensive phase	Intensive phase भन्नाले उपचार अवधिको सुरु २/३ महिनालाई जनाउँछ । यो औषधि उपचारको संवेदनशील अवस्था हो ।
उपचार सुरु मिति	यस महलमा बिरामीको उपचार सुरु गरिएको मिति (गते, महिना, साल) लेख्नुपर्दछ ।
उपचार सकिएको मिति	यस महलमा बिरामीको उपचार सकिएको (बन्द) भएको मिति (गते, महिना, साल) लेख्नुपर्दछ ।
एच.आर.जेड.ई. (HRZE)	Intensive Phase मा बिरामीले खानुपर्ने औषधी एच.आर.जेड.ई (Isoniazid, Rifampicin, Pyrazinamide, Ethambutol -HRZE) को ट्याब्लेट सङ्ख्या यस महलमा लेख्नुपर्दछ ।
एच.आर.जेड. (HRZ child 0-14 years)	Intensive phase मा बिरामीले खानुपर्ने एच.आर.जेड. (HRZ child 0-14 years) को ट्याब्लेट सङ्ख्या यस महलमा लेख्नुपर्दछ ।
इथाम्बुटोल (E 100 mg) child 0-14 years)	Intensive phase मा बिरामीले खानुपर्ने इथाम्बुटोल (E 100 mg child 0-14 years) को ट्याब्लेट सङ्ख्या यस महलमा लेख्नुपर्दछ ।
स्ट्रेप्टोमाइसिन (S)	Intensive phase मा बिरामीले लगाउनुपर्ने स्ट्रेप्टोमाइसिन (S) सुईको मात्रा (ग्राममा) यस महलमा लेख्नुपर्दछ ।
महिना	Intensive phase अवधिभर क्षयरोगीले प्रत्यक्ष निगरानीमा औषधी खाएको गते मा ठीक (√) चिह्न लगाउनुपर्दछ ।
Continuation phase	Continuation phase भन्नाले उपचार अवधिको ३/४ महिनादेखि उपचार नसकिएसम्मको अवधिलाई जनाउँछ । यो औषधि उपचारको संवेदनशील अवस्था हो । यस अवधिमा पनि बिरामीहरूले स्वास्थ्य संस्थामा आई प्रत्येक दिन नियमित रूपमा औषधी खानुपर्दछ ।
एच्.आर.(HR)	Continuation phase मा बिरामीले खानुपर्ने एच्. आर (HR) को ट्याब्लेट सङ्ख्या यस महलमा लेख्नुपर्दछ ।
एच्.आर. (HR child 0-14 years)	Continuation phase मा बिरामीले खानुपर्ने एच्.आर. (HR child 0-14 years) को ट्याब्लेट सङ्ख्या यस महलमा लेख्नुपर्दछ ।
इथाम्बुटोल (E 100 mg) child 0-14 years)	Continuation phase मा बिरामीले खानुपर्ने इथाम्बुटोल (E 100 mg) child 0-14 years) को ट्याब्लेट सङ्ख्या यस महलमा लेख्नुपर्दछ ।
एच्.आर.ई. (HRE)	Continuation phase मा बिरामीले खानुपर्ने एच्. आर. (HRE) को ट्याब्लेट सङ्ख्या यस महलमा लेख्नुपर्दछ ।
महिना	स्वास्थ्य संस्थामा औषधि खाएको दिनमा क्यालेन्डर बक्समा ठीक चिह्न (√) लगाउनुपर्दछ । यदि बिरामीले घरमा औषधि लगेको भए बिरामी फर्केर आएपछि औषधि खाएको सुनिश्चित गरी सो दिन/गतेको बक्समा चिह्न (-) चिह्न लगाउनुपर्दछ ।
अन्य परीक्षण नतिजा	बिरामीलाई अन्य परीक्षण (जस्तैः Mantoux, FNAC, Biopsy, AFB, X-Ray) गरिएमा सोको महलमा आवश्यक विवरण भर्नुपर्दछ ।
उपचारको नतिजा र मिति	उपचार नतिजा (Cured, Treatment Completed, Treatment failure, Died, Loss to follow up, Not evaluated) मध्ये जुन नतिजा आएको छ, त्यसको कोठामा (√) लगाई नतिजाको मिति (गते, महिना र साल) उल्लेख गर्नुपर्दछ । यदि बिरामी उपचार क्रममा Follow-up पोजेटिभ भई Gene Xpert जाँच गर्दा RR TB पत्ता लागेमा Moved to Second Line Drug (√) जनाइ मिति उल्लेख गर्नु पर्छ ।

शीर्षक	निर्देशन
ट्रान्सफर गर्दाको सूचना (Treatment Card-Patient को लागि)	यदि बिरामी अन्यत्र उपचार गर्न जाने भएमा यसमा भएको विवरणहरू, मिति, औषधि (कति दिनकोलागि दिइएको सो खुलाउने), ट्रान्सफर भइजाने संस्थाको नाम तथा सम्पर्क फोन नं., तथा प्रेषित भइजाने उपचारकेन्द्र प्रमुखको नाम (ट्रान्सफर भइजाने संस्था प्रमुखको नाम) यस महलमा उल्लेख गर्नुपर्छ । साथै निज बिरामीको उपचारको नतिजा स्थानान्तरण गरिएको स्वास्थ्य संस्थाबाट माग गरी उपचार नतिजामा अभिलेख गर्नु पर्नेछ ।

अभ्यास ६.३

१. धन बहादुर बि.क.लाई ओखेनी स्वास्थ्य चौकीमा २०७० पौष १३ गते देखि उपचार शुरु गरेको थियो पौष महिनामा दर्ता भएको उनि पहिलो बिरामी हो, यस आ.ब. मा १३ जनाको दर्ता भई सकेको छ । यो भन्दा अगाडि उनले क्षयरोगको औषधि खाएको थिएन । क्षयरोग कार्यक्रमको प्रोटोकल अनुसारको उपचार बिधिबाट उपचार दिईयो । निजको कार्ड भर्नुहोस । निजको उपचार सहयोगी ओखेनी स्वास्थ्य चौकीका सि.अ.हे.ब. ध्रुब मगर हुन ।

HMIS 6.5: क्षयरोग उपचार रजिस्टर (Tuberculosis Treatment Register)

परिचय :

क्षयरोग निदान भएका बिरामीलाई दर्ता गर्न तथा स्वास्थ्य संस्था (उपचार केन्द्र) बाट उपचार लिइरहेका क्षयरोगीहरूको उपचार स्थितिको विस्तृत विवरण राख्न यसको प्रयोग गरिन्छ । यो रजिस्टर प्रत्येक उपचार केन्द्रमा रहनेछ । यसमा दर्ता श्रेणी (category), एच.आई.भी. को अवस्था, प्रेषण, निदान तथा फलोअप परीक्षण नतिजा, उपचारको नतिजालगायतका विवरणहरू समावेश छन् ।

रजिस्टरको नमुना :

HMIS 6.5

क्षयरोग

क्रम संख्या	दर्ता नं.			बिरामीको नाम		उमेर		बिरामीको ठेगाना		प्रेषण/निदान			रोगको किसिम			उपचार शुरु गरेको मिति			बिरामी दर्ता वर्गीकरण						Transfer In	उपचार	
	दर्ता मिति							जिल्ला	गा.वि.स./न.पा.										New	Previously Treated Patients				Previous Treatment History Unknown		Adult (≥ 15 years)	
	ग	म	सा	बिरामीको थर	जाती कोड	महिला	पुरुष	वडा नं.	सम्पर्क नं.	निजी स्वास्थ्य संस्था (P)	समुदाय (C)	सम्पर्क परीक्षण (T)	PBC	PCD	EP	ग	म	सा		Relapse	Treatment After Failure	Treatment After Lost to Follow-up	Others Previously Treated			First Line Drugs (Cat I)	Retreatment First Line Drugs (Cat II)
1	2	3	4	5	6	7	8	9	10	11	12	13	14	15	16	17	18	19	20	21	22	23	24	25	26	27	28
	दर्ता नं.			बिरामीको नाम				जिल्ला	गा.वि.स./न.पा.	१	२	३	१	२	३	ग	म	सा	१	२	३	४	५	६	७	१	२
	ग	म	सा	बिरामीको थर	कोड			वडा नं.	सम्पर्क नं.																		
	दर्ता नं.			बिरामीको नाम				जिल्ला	गा.वि.स./न.पा.	१	२	३	१	२	३	ग	म	सा	१	२	३	४	५	६	७	१	२
	ग	म	सा	बिरामीको थर	कोड			वडा नं.	सम्पर्क नं.																		

HMIS 6.5

उपचार रजिष्टर

वर्गीकरण				टि.बि./एचआइभी क्रियाकलाप				उपचार अवधिमा खकार परीक्षणको प्रकार, नतिजा (माईक्रोसकोपी/कल्चर/जिन एक्सपर्ट) र मिति																						उपचार नतिजा र मिति (Treatment Outcome)							कैफियत
Children (< 15 years)			Second Line Treatment Regimen	ART		CPT		क्षयरोग निदान गर्दाको समयमा										२ वा ३ महिना				५ महिना				उपचारको अन्तमा				Cured	Treatment Completed	Treatment Failure	Died	Loss to Follow-up	Not Evaluated	Moved to 2nd line Treatment Register	
								HIV Infection			Drug Resistance			S C X	Result	Lab No		S C	Result	Lab No		S C	Result	Lab No		S C	Result	Lab No									
Cat I	Cat II	Cat III		Yes	No	Yes	No	Yes	No	Un-known	Yes	No	Un-known		DD	MM	YY		DD	MM	YY		DD	MM	YY		DD	MM	YY								
29	30	31	32	33	34	35	36	37	38	39	40	41	42	43	44	45	46	47	48	49	50	51	52	53	54	55	56	57	58	59	60	61	62	63	64	65	66
१	२	३	१	१	२	१	२	१	२	३	१	२	३	S C X	Result	Lab No		S C	Result	Lab No		S C	Result	Lab No		S C	Result	Lab No		1	2	3	4	5	6	7	
															DD	MM	YY		DD	MM	YY		DD	MM	YY		DD	MM	YY	मिति (ग.म.सा.)			ग	म	साल		
१	२	३	१	१	२	१	२	१	२	३	१	२	३	S C X	Result	Lab No		S C	Result	Lab No		S C	Result	Lab No		S C	Result	Lab No		1	2	3	4	5	6	7	
															DD	MM	YY		DD	MM	YY		DD	MM	YY		DD	MM	YY	मिति (ग.म.सा.)			ग	म	साल		

भर्ने तरिका :

महल नं.	महल शिर्षक	निर्देशन
1	क.सं.	हरेक महिना १ बाट सुरु गर्नुपर्दछ ।
2-4	दर्ता नं	उपचार केन्द्रमा क्षयरोगको उपचार लिन आएका बिरामीहरुको दर्ता नम्बर प्रत्येक आ.व.मा १ बाट शुरु गरि क्रमशः लेख्दै जानु पर्दछ ।
	दर्ता मिति	क्षयरोगी बिरामीलाई दर्ता गरेको मिति (गते, महिना साल) यस महलमा लेख्नुपर्दछ
5	विरामीको नाम, थर	क्षयरोग बिरामीको पुरा नाम र थर स्पष्ट सँग लेख्नुपर्दछ ।
6	जाती कोड	यस रजिस्टरमा दिईएको जात जाति कोड अनुसार कोड नम्बर लेख्नुपर्दछ ।
7-8	उमेर	सेवा लिन आउने महिला/पुरुषको उमेर पुरा गरेको वर्षमा लेख्नुपर्दछ ।
9-10	ठेगाना (जिल्ला, नगर/गाउँ पालिका वडा नं., बिरामीको सम्पर्क नं.)	क्षयरोग बिरामीको ठेगाना जिल्ला, नगर/गाउँपालिका र वडा नम्वर र बिरामीको सम्पर्क नं. समेत सम्वन्धित महल ९ र १० मा लेख्नुपर्दछ ।
11	प्रेषण / निदान: निजी स्वास्थ्य संस्थाबाट प्रेषित वा निदान गरिएको	यदि बिरामीको रोग निदान वा उपचार गर्नको लागि निजि स्वास्थ्य संस्था (क्लिनिक, नर्सिङ होम, अस्पताल), गैरसरकारी स्वास्थ्य संस्था, मेडिकल कलेज (जहाँ निदान सेवा उपलब्ध छ तर डट्स उपचार सेवा छैन) बाट प्रेषित वा निदान भई आएका बिरामी भए यस महलको कोड नं. १ मा गोलो घेरा लगाउनुपर्दछ ।
12	प्रेषण / निदान: समुदायबाट प्रेसित	यदि बिरामीको रोग निदान गर्नको लागि समुदाय (महिला स्वास्थ्य स्वंय सेविका, स्वंयसेवक वा कार्यक्रम, स्वास्थ्य संस्थाले तोकेको व्यक्ति) बाट संभावित क्षयरोगको परीक्षणको लागि प्रेषित भई क्षयरोग निदान भएको भए सेवाग्राही वा

महल नं.	महल शिर्षक			निर्देशन
				सम्बन्धितव्यक्तिसँग सोधेर सुनिश्चित गरी यस महलको कोड नं. २ मा गोलो घेरा लगाउनुपर्दछ ।
13		सम्पर्क परीक्षण जाँच		यदि बिरामीको रोग निदान बिरामीको सम्पर्क जाँच (स्वयंसेविकाको खोजपडताल, माइक्रोस्कोपिक क्याम्प तथा अन्य सक्रिय परीक्षणबाट क्षयरोग निदान भएका बिरामी भए यस महलको कोड नं. ३ मा गोलो घेरा लगाउनुपर्दछ ।
14	रोगको किसिम	PBC		क्षयरोग बिरामीको प्रेस्क्रिप्सन पूर्जा, ल्याव तथा डाइग्नोसिस सम्बन्धी अन्य काजजातको आधारमा खकार पोजेटिभ फोक्सोको क्षयरोग भएका विरामी (पल्मोनरी ब्याक्टेरियोलोजिकल प्रमाणित) भए PBC लेखिएको महलको कोड नं. १ मा गोलो चिन्ह लगाउनुपर्दछ ।
15		PCD		क्षयरोग बिरामीको प्रेस्क्रिप्सन पूर्जा, ल्याव तथा डाइग्नोसिस सम्बन्धी अन्य काजजातको आधारमा पल्मोनरी क्लिनिकली डाइग्नोज्ड भए PCD महलको कोड नं. २ मा गोलो चिन्ह लगाउनुपर्दछ ।
16		EP	BC	क्षयरोग बिरामीको प्रेस्क्रिप्सन पूर्जा, ल्याव तथा डाइग्नोसिस सम्बन्धी अन्य कागजातको आधारमा एक्स्ट्रापल्मोनरी (ब्याक्टेरियोलोजिकली प्रमाणित वा) भए EP महलको कोड नं. ३ मा गोलो चिन्ह लगाउनुपर्दछ ।
			CD	क्षयरोग बिरामीको प्रेस्क्रिप्सन पूर्जा, ल्याव तथा डाइग्नोसिस सम्बन्धी अन्य काजजातको आधारमा एक्स्ट्रापल्मोनरी (क्लिनिकली डाइग्नोज्ड) भए EP महलको कोड नं. ४ मा गोलो चिन्ह लगाउनुपर्दछ ।
17-19	उपचार शुरु गरेको मिति			क्षयरोगको बिरामीले उपचार शुरु गरेको मिति (गते, महिना, साल) सम्बन्धित महलमा लेख्नुपर्दछ ।
20-26	विरामी दर्ता वर्गिकरण			बिरामीको क्षयरोग निदान भए पछि कुन प्रकारको क्षयरोग लागेको हो सो महलको कोड नं.मा गोलो लगाउनुपर्दछ ।
20	नयाँ विरामी (New)			बिगतमा कहिल्यै पनि क्षयरोगको औषधि नखाएको वा औषधी खाएको भए १ महिना भन्दा कम समय औषधी खाएको बिरामी भए महल २० को कोड नं. १ मा गोलो लगाउनुपर्दछ ।
21-24	बिगतमा उपचार लिइसकेको			क्षयरोग बिरामीले बिगतमा क्षयरोगको उपचार लिई सकेको भए निम्न ४ वटा मध्ये उपयुक्त कुनै एक प्रकारको कोड नं.मा गोलो लगाउनुपर्दछ ।
21	पूनः रोग बल्झिएको (Relapse)			बिगतमा क्षयरोगको उपचार पुरा गरेका वा निको भएका तर हाल पुन बिरामी भइ क्षयरोग निदान भएको बिरामीलाई यस क्याटेगोरीमा राखी महल नं २१ को कोड नं.२ मा गोलो लगाउनुपर्दछ ।
22	उपचार फेल भएका (Treatment after Failure)			उपचारमा रहेका Extra Pulmonary (EP)/Pulmonary Clinically Diagnosed (PCD) को हकमा २ महिना र Pulmonary Bacteriologically Confirmed (PBC) को हकमा ५ महिना वा सो भन्दा बढी अवधीसम्म खकार स्मेयर पोजिटिभ भएको बिरामीलाई यस क्याटेगोरीमा राखी महल २२ को कोड नं.३ मा गोलो लगाउनुपर्दछ ।
23	उपचार छोडी पूनःउपचारमा आएका (Treatment after loss to follow up)			६० दिन वा सो भन्दा बढी अवधीसम्म लगातार औषधि उपचार छाडेर फेरि उपचार लिन आएको बिरामीलाई यस क्याटेगोरी महलमा राखि २३ को कोड नं.४ मा गोलो लगाउनुपर्दछ ।
24	विगतमा उपचार लिइ सकेका अन्य विरामी (Others Previously Treated)			बिगतमा क्षयरोगको उपचार कोर्ष पूरा गरेका तर नतिजा थाहा नभएको वा नतिजाको कागजात नभएका बिरामीहरुलाई यस क्याटेगोरीमा राख्नुपर्छ । यस किसिमका बिरामी भए महल २४ को कोड नं.५ मा गोलो लगाउनु पर्दछ ।
25	विगतको उपचार विवरण थाहा नभएको (Previous Treatment History Unknown)			राष्ट्रिय क्षयरोग कार्यक्रममा दर्ता नभई १ महिना भन्दा बढी समय औषधी खाएका तथा माथि उल्लेखित दर्ता बर्गिकरणमा नपरेका सबै विरामीहरुलाई यस क्याटेगोरीमा राखी महल २५ को कोड नं. ६ मा गोलो लगाउनुपर्दछ ।

महल नं.	महल शिर्षक	निर्देशन
26	अन्य संस्थाबाट स्थानान्तरण भई आएको (Transfer In)	एक उपचार केन्द्रमा दर्ता भै उपचार लिई रहेको बिरामी हाल नयाँ उपचार केन्द्रमा उपचार गर्न आएको भएमा स्थानान्तरण भई आएको भए महल २६ को कोड नं.७ मा गोलो चिन्ह लगाउनुपर्दछ ।
27-32	उपचार वर्गिकरण	बिरामीको दर्ता अनुसार बयस्क र बच्चाको उपचार वर्गिकरण के हो सो महलको कोड नं. मा गोलो घेरा लगाउनुपर्दछ ।
27	फस्ट लाइन ड्रगको बयस्कको रेजिमेन	वयस्क बिरामीको फस्ट लाइन ड्रगको शुरुको रेजिमेनमा उपचारमा आएको भए महल २७ को कोड नं. १ मा गोलो लगाउनुपर्दछ ।
28	फस्ट लाइन ड्रगको बयस्क रीट्रिटमेण्ट रेजिमेन	वयस्क बिरामीको फस्ट लाइन ड्रगको रीट्रिटमेण्ट रेजिमेनमा उपचारमा आएको भए महल २८ को कोड नं. २ मा गोलो घेरा लगाउनुपर्दछ ।
29-31	०-१४ वर्ष समुहको फस्टलाइन टि.बि रेजिमेन	बिरामी ०-१४ वर्ष उमेर समुहको फस्टलाइन टि.बि रेजिमेन अन्तरगत दर्ता भए Cat I को औषधी खाने भए महल २९ को कोड नं. १ मा, Cat II खाने भए महल ३० को कोड नं. २ मा र Cat III खाने भए महल ३१ को कोड नं. ३ मा गोलो घेरा लगाउनुपर्दछ ।
32	सेकेण्ड लाइन उपचार रेजिमेन	यदि बिरामी सेकेण्ड लाइन उपचार रेजिमेनमा राखिएको भए महल नं. ३२ को कोड नं. १ मा गोलो घेरा लगाउनुपर्दछ ।
33-36	टि.बि./एचआइभी क्रियाकलाप	बिरामीको निदानको समयमा वा उपचारको क्रममा टि.वि./एच.आई.भी Co-Infection को विरण वारेमा उपयुक्त महलमा को कोड नं.मा गोलो लगाउनुपर्दछ । *(एचआइभि संक्रमण अवस्था सम्बन्धी सोधखोज वा अन्य कुनै पनि कृयाकलाप गर्दा सेवाग्राहीको गोपनियता लाई मध्यनजर गर्दै राष्ट्रिय एड्स तथा यौन रोग नियन्त्रण केन्द्रले जारी गरेका नीति, नियम तथा निर्देशिकाको पालना अनिवार्य रुपमा गर्नुपर्छ ।)*
33-34	ART	यदि सेवा लिन आएको व्यक्तिले Anti-Retroviral Therapy (ART) लिई रहेका भए महल ३३ को कोड नं.१ मा गोलो लगाउनुपर्दछ र ART नलिएको भए महल ३४ को कोड नं.२ मा गोलो लगाउनुपर्दछ ।
35-36	CPT	यदि सेवा लिन आएको व्यक्तिले Cotrimoxazole Prophylaxis Therapy (CPT) लिई रहेको भए महल ३५ को कोड नं. १ मा गोलो लगाउनुपर्दछ र CPT नलिएको भए महल ३६ को कोड नं.२ मा गोलो लगाउनुपर्दछ ।
37-58	उपचार अवधिमा खकार परीक्षणको नतिजा	उपचार अवधिमा माईक्रोसकोपी/जिन एक्सपटका आधारमा गरिएको खकार परीक्षणको नतिजा सम्बन्धित महल ३७ देखि ४२ सम्म गोलो लगाउने र ४३ देखि ५८ महलसम्म नतिजा र मिति सम्बन्धित महलमा लेख्नुपर्दछ ।
37-39	क्षयरोग निदान गर्दाको समयमा एच.आई.भि. संक्रमण	क्षयरोग निदान गर्दाको समयमा एचआईभि संक्रमण भएको भए महल ३७ को कोड नं १ मा, नभएको भए महल ३८ को कोड नं. २ मा र थाहा नभएको भए महल ३९ को कोड नं. ३ मा गोलो लगाउनुपर्दछ । Drug resistance र परीक्षण प्रकार र मिति सम्बन्धित महलमा लेख्नुपर्दछ ।
40-42	क्षयरोग निदान गर्दाको समयमा (Drug resistatance)	क्षयरोग निदान गर्दाको समयमा Drug resistatance भएको भए महल ४० को कोड नं १ मा, नभएको भए महल ४१ को कोड नं. २ मा र थाहा नभएको भए महल ४२ को कोड नं. ३ मा गोलो लगाउनुपर्दछ ।
43-46	क्षयरोग निदान गर्दाको समयमा परीक्षण र मिति	क्षयरोग निदान गर्दाको समयमा प्रयोगशालामा जाँचको विवरण Smear microscopy भए S, Culture भए C र Gene xpert भए X मा गोलो लगाउनुपर्दछ । जाँचको नतिजा र ल्याव नं. माथिल्लो महलको सम्बन्धित कोठामा लेखी परीक्षण गरेको मिति (गते, महिना, साल) मिति तल्लो महलको सम्बन्धितकोठामा लेख्नुपर्दछ ।
47-58	उपचारको अवधिमा खकार जाँचको नतिजा र मिति	क्षयरोगको बिरामीले उपचार अवधिको २/३, ५ र उपचारको अन्तिम महिनाको विवरण सम्बन्धित महलमा लेख्नुपर्दछ ।
47-50	२/३ महिनाको परीक्षण नतिजा र मिति	उपचारमा रहेको क्षयरोगको विरामीले उपचारको अनुगमन गर्न २/३ महिनाको अन्तमा प्रयोगशालामा जाँचको विवरण Smear microscopy भए S, Culture

महल नं.	महल शिर्षक	निर्देशन
		भए C मा गोलो लगाई जाँचको नतिजा र ल्याव नं. माथिल्लो महलको सम्बन्धित कोठामा लेखी परीक्षण गरेको मिति (गते, महिना, साल) तल्लो महलको सम्बन्धित कोठामा लेख्नुपर्दछ ।
51-54	५ महिनाको परीक्षण नतिजा र मिति	त्यसैगरी उपचारमा रहेको खकार पोजेटिभ क्षयरोगको विरामीले उपचारको अनुगमन गर्न ५ महिनाको र उपचार अबधिको अन्तमा प्रयोगशालामा जाँचको विवरण Smear microscopy भए S, Culture भए C मा गोलो लगाई जाँचको नतिजा र ल्याव नं. माथिल्लो महलको सम्बन्धित कोठामा लेखी परीक्षण गरेको मिति (गते, महिना, साल) तल्लो महलको सम्बन्धित कोठामा लेख्नुपर्दछ ।
55-58	उपचारको अन्तिम महिनाको परीक्षण नतिजा र मिति	
59-65	उपचारको नतिजा	बिरामीको उपचारको नतिजा र उपचार पुरा गरेको मिति सम्बन्धित महलमा लेख्नुपर्दछ ।
59	निको भएको Cured	Pulmonary Bacteriologically Confirmed क्षयरोगका विरामीले पुरै अवधीसम्म औषधि खाएको र निजको अनुगमन स्मेयर माइक्रोस्कोपिबाट खकार परीक्षण गर्दा कम्तिमा दुई पटक (ती दुइ पटकको खकार नमूना परीक्षण कम्तिमा पनि एक महिनाको फरकमा जाँचिएको र ति मध्ये एउटा परीक्षण उपचार अवधिको अन्तमा गरिएको हुनुपर्छ) नेगेटिभ भएको बिरामीलाई महल ५९ को Cured को कोड नं. १ मा गोलो लगाई तलको कोठामा मिति लेख्नुपर्दछ ।
60	अवधि पूरा गरेको Treatment Completed	खकार पोजेटिभ पल्मोनरी (Bacteriologically Confirmed) क्षयरोगका विरामी जसले उपचार अवधि पूरा गरेको छ तर निको भएको (Cured) भन्नको लागि चाहिने आवश्यक मापदण्ड पुरा गरेको छैन, त्यस्ता विरामीको उपचारको नतिजा Completed मानी सम्बन्धित महलमा उपचार अबधि पूरा गरेको मिति लेख्नुपर्दछ । Pulmonary, Clinically diagnosed (PCD) क्षयरोगका विरामी र Extra Pulmonary (EP) क्षयरोगका विरामीहरुले उपचार अवधि पुरा गरेको भएमा यसै अन्तरगत राखी महल ६० को Completed को कोड नं २ मा गोलो लगाई तल्लो कोठामा मिति लेख्नुपर्दछ ।
61	उपचार फेलियर भएको Treatment Failure	पल्मोनरी (Bacteriologically Confirmed) क्षयरोगका बिरामी जसले लगातार ५ महिना वा सो भन्दा बढी सम्म उपचार गर्दा गर्दै पनि स्मेयर माइक्रोस्कोपीबाट खकार परीक्षण नतिजा पोजेटिभ आएको छ भने, त्यस्ता विरामीलाई Treatment Failure अन्तरगत राख्नुपर्छ । यदि पल्मोनरी, क्लिनिकली डाइग्नोज्ड र एक्स्ट्रा पल्मोनरी विरामीहरुको २ महिनाको अनुगमन खकार (स्मेयर माइक्रोस्कोपी) परीक्षण नतिजा पोजेटिभ भएमा पनि Treatment Failure मानिन्छ । त्यस्ता बिरामीलाई Failure को महल ६१ को कोड नं. ३ मा गोलो लगाई तल्लो कोठामा मिति लेख्नुपर्दछ ।
62	मृत्यु भएका Died	उपचारको क्रममा कुनै पनि कारणले बिरामीको मृत्यु भएमा Died को महल ६२ को कोड नं. ४ मा गोलो लगाई तल्लो कोठामा मिति लेख्नुपर्दछ । क्षयरोग बाहेक अन्य कारणले मृत्यु भएमा कैफियत महलमा जनाउनु पर्छ ।
63	नियमित उपचार गर्नबाट छुटेका Loss to follow up	उपचारमा रहेका क्षयरोगका विरामी जसको लगातार ६० दिन वा सो भन्दा बढी समय सम्म उपचार छुटेको छ, त्यस्ता विरामीलाई "नियमित उपचार गर्नबाट छुटेका" (Loss to follow-up) मानिन्छ । त्यस्ता बिरामीहरुलाई (Loss to follow-up) को महल ६३ को कोड नं. ५ मा गोलो लगाई तल्लो कोठामा मिति लेख्नुपर्दछ ।
64	उपचार नतिजा थाहानभएको Not Evaluated	क्षयरोगको उपचारको अन्तमा नतिजा प्राप्त नभएका, नतिजा थाहा नभएका वा अन्य उपचार नतिजा बर्गिकरणमा नपरेका क्षयरोगका बिरामीलाई यस क्याटागोरीमा राख्नुपर्छ । Transfer Out भएका बिरामीको उपचार नतिजा प्राप्त नभएमा यस क्याटेगोरीमा जनाई कैफियतमा Transfer Out भएको बिरामी र स्वास्थ्य संस्थाको बिवरण उल्लेख गर्नु पर्छ । यस्ता बिरामीलाई Not Evaluated को महल ६४ को कोड नं. ६ मा गोलो लगाई तल्लो कोठामा मिति लेख्नुपर्दछ ।

महल नं.	महल शिर्षक	निर्देशन
65	सेकेण्ड लाइन (दोश्रो पंक्ति) उपचारमा लगिएको	यदि बिरामीलाई पहिलो लाईनको क्षयरोगको औषधीले निको नभएमा र खकार जाँच गर्दा RR TB र MDR TB भएको प्रमाणित भएमा महल ६५ को कोड नं. ७ मा गोलो लगाई तल्लो कोठामा मिति लेख्नुपर्दछ ।
66	कैफियत	माथि उल्लेख गरिए बाहेक अन्य कुरा खुलाउनु पर्ने भएमा यस महलमा लेख्नुपर्दछ । साथै पुरानो टि.बि. नं, औषधि रोकेको मिति, औषधि उपचार गरिरहेको बेला बीचमा औषधि फेरेको भए सो कुरा समेत जनाउनु पर्छ । अन्य संस्थामा स्थानान्तरण (Transfer Out) भएको भए सो संस्थाको नाम र ठेगाना उल्लेख गर्नु पर्छ । साथै निज बिरामीको उपचारको नतिजा स्थानान्तरण गरिएको स्वास्थ्य संस्थाबाट माग गरी उपचार नतिजामा अभिलेख गर्नु पर्नेछ ।

अभ्यास ६.४

धन बहादुर बि.क. को सम्पूर्ण बिबरण क्षयरोग उपचार रजिस्टरमा भर्नुहोस् ।

HMIS 6.6: पाल: धूमपान परित्याग रजिस्टर (Pal: Smoking Cessation Register)

रजिस्टरको नमुना :

PRACTICAL APPROACH TO LUNG HEALTH (PAL): SMOKING CESSATION REGISTER

SN	OPD NO		Full Name	Age		Address	Level of Nicotine Dependece		Type of CRD			1st Row: Date
	New	Old				District			Asthema	COPD	TB	2nd Row: Month
	Date		Contact No	Female	Male	VDC/Municipality	High	Low				3rd Row: Month
1	2	3	4	5	6	7	8	9	10	11	12	13
			Full Name	Age	Age	District	1	2	1	2	3	Counselling Date
												Committed to Quit
	DD MM YY		Contact No			VDC/Municipality, Ward						Actually Quitted

1st Row: Date	No of Counselling																													
2nd Row: Month	1			2			3			4			5			6			7			8			9			≥10		
3rd Row: Month	Y/N	MM	YY	Y/N	MM	YY	Y/N	MM	YY	Y/N	MM	YY	Y/N	MM	YY	Y/N	MM	YY	Y/N	MM	YY	Y/N	MM	YY	Y/N	MM	YY	Y/N	MM	YY
13	14	15	16	17	18	19	20	21	22	23	24	25	26	27	28	29	30	31	32	33	34	35	36	37	38	39	40	41	42	43
Counselling Date	DD	MM	YY	DD	MM	YY	DD	MM	YY	DD	MM	YY	DD	MM	YY	DD	MM	YY	DD	MM	YY	DD	MM	YY	DD	MM	YY	DD	MM	YY
Committed to Quit	Y/N	MM	YY	Y/N	MM	YY	Y/N	MM	YY	Y/N	MM	YY	Y/N	MM	YY	Y/N	MM	YY	Y/N	MM	YY	Y/N	MM	YY	Y/N	MM	YY	Y/N	MM	YY
Actually Quitted	Y/N	MM	YY	Y/N	MM	YY	Y/N	MM	YY	Y/N	MM	YY	Y/N	MM	YY	Y/N	MM	YY	Y/N	MM	YY	Y/N	MM	YY	Y/N	MM	YY	Y/N	MM	YY

भर्ने तरिका :

महल नं.	महल शिर्षक	निर्देशन
1	S.N.	Asthma, TB & COPD रोग भएका बिरामीलाई यस रजिस्टरमा दर्ता गर्दा हरेक महिना सि.नं. १ बाट सुरु गरी महिनाको अन्तसम्म क्रमश: लेख्नुपर्दछ ।
2-3	OPD No (New/Old) Date	बहिरङ्ग सेवा प्रदान गर्दा सम्बन्धित बिरामीलाई ओ.पी.डी. रजिस्टरमा दर्ता गर्दाको नम्बर ओ.पी.डी.रजिस्टरबाट यस महलमा उल्लेख गर्नुपर्छ । सेवाग्राही यदि नयाँ भए महल २ मा OPD दर्ता नं. लेख्नुपर्दछ र पुरानो भए महल ३ मा OPD दर्ता नं. लेख्नुपर्दछ । यस महलको तल्लो भागमा सेवाग्राही दर्ता गर्दाको मिति (गते, महिना, साल) उल्लेख गर्नुपर्छ ।
4	Full Name Contact No	महल नं. ४ को पहिलो कोठामा बिरामीको पूरा नाम र थर स्पष्टसँग लेख्नुपर्दछ र दोस्रो कोठामा सम्पर्क फोन नं. उल्लेख गर्नुपर्छ ।
5-6	Age (Female/Male)	सेवा लिन आउने व्यक्ति महिला भए महल नं ५ मा र पुरुष भए महल नं ६ मा उमेर पूरा गरेको वर्षमा लेख्नुपर्दछ ।
7	Address	यस महलको माथिल्लो कोठामा सेवाग्राहीको ठेगाना जिल्ला र तल्लो कोठामा गाउँ/नगरपालिका तथा वडा नं. समेत खुल्नेगरी लेख्नुपर्दछ ।
8-9	Level of Nicotine Dependence	यस रजिस्टरको कभर पेजको भित्री पृष्ठमा उल्लिखित निर्देशिकाअनुसार परीक्षण गरी निकोटिनको स्तर (Level) निर्धारण गरी High भए महल ८ मा तथा Low भए महल ९ मा √ चिह्न लगाउनुपर्दछ ।
10-12	Type of CRD	सेवाग्राही Asthma को बिरामी भए महल नं १० मा, COPD को बिरामी भए महल ११ र TB को बिरामी भए महल १२ मा √ लगाउनुपर्दछ ।
13-14 & 15-43	No of Counseling / Visit	बिरामीले कतिऔं पटक धूम्रपानसम्बन्धी स्वास्थ्य जाँच/परामर्श गर्न आएको हो, सोही नम्बरको तलको महलमा भएका श्रेणी (Category) अन्तर्गत पहिलो कोठामा Y लेखी दोस्रो तथा तेस्रो कोठामा मिति (महिना र वर्ष क्रमश:) उल्लेख गर्नुपर्छ । परामर्श गर्दाको मिति पहिलो महलमा (महिना र वर्ष), बिरामीले धूम्रपान त्याग गर्ने प्रतिबद्धता जनाएमा सोको मिति दोस्रो महलमा तथा बिरामीले धूम्रपान परित्याग गरेमा तेस्रो महलमा मिति उल्लेख गर्नुपर्छ ।

HMIS 6.7: डी. आर. क्षयरोग प्रयोगशाला रजिस्टर (DR Tuberculosis Laboratory Register)

रजिस्टरको नमूना :

HMIS 6.7

LABORATORY REGISTER FOR CULTURE, XPERT

SN	Date of Specimen Received			Name of Patient / Caste of Patient / Ethnicity Code	Age		Address / District / VDC/Municipality, Ward / Contact No	Name of Treatment Centre / TB Registration No	HIV infection			Patient Previously Treated for TB			Date Specimen Collected / Date Specimen Inoculated			Examin / Diag / Culture		
	DD	MM	YY		Female	Male			Yes	No	Unknown	Yes	No	Unknown	DD	MM	YY	DD	MM	YY
1	2	3	4	5	6	7	8	9	10	11	12	13	14	15	16	17	18	19	20	21
	DD	MM	YY	Name / Caste / Code			District / VDC/Municipality, Ward / Contact No	Name of Treatment Centre / TB Registration No	1	2	3	1	2	3	DD / DD	MM / MM	YY / YY	Culture Result / DD	MM	YY
	DD	MM	YY	Name / Caste / Code			District / VDC/Municipality, Ward / Contact No	Name of Treatment Centre / TB Registration No	1	2	3	1	2	3	DD / DD	MM / MM	YY / YY	Culture Result / DD	MM	YY

MTB/RIF AND DRUG SUSCEPTIBILITY TESTING

ation Results / nosis / Gene Xpert			Follow-up Month	Result of Confir-matory test for M. TB		Culture Sent for DST		Name of person reporting culture/ Xpert / Signature of person reporting culture/ Xpert	Date of Result reported			Comments	Result of Drug Susceptibility Testing								Name of person reporting DST Results / Signature of person reporting DST Results	Remarks
													H	R	E	S	Amk/ Km	Cm	FQ	Other		
													Date of Result Reported									
DD	MM	YY		+ve	-ve	Yes	No		DD	MM	YY		DD			MM			YY			
22	23	24	25	26	27	28	29	30	31	32	33	34	35			36			37		38	39
Gene Xpert Result / DD	MM	YY		1	2	1	2	Name of person reporting culture/ Xpert / Signature of person reporting culture/ Xpert	DD	MM	YY		1 / MM	2	3	4 / DD	5	6	7 / YY	8	Name of person reporting DST Results / Signature of person reporting DST Results	
Gene Xpert Result / DD	MM	YY		1	2	1	2	Name of person reporting culture/ Xpert / Signature of person reporting culture/ Xpert	DD	MM	YY		1 / MM	2	3	4 / DD	5	6	7 / YY	8	Name of person reporting DST Results / Signature of person reporting DST Results	

HMIS 6.8: डि. आर. क्षयरोग उपचार रजिस्टर (DR Tuberculosis Treatment Register)

रजिस्टरको नमुना :

HMIS 6.8

DR TUBERCULOSIS

SN	Registration No			Full Name of Client	Age		Address	Previous TB Registration No			Registration Category								Second Line Drugs Received Previously		
	National DR TB SN			Caste/Ethnicity Code			District	Registration Date			New	Relapse	Treatment After Default	Treatment After Failure Cat I	Treatment After Failure Cat II	Transfer In	Others	Still Under Treatment	Yes	No	Unknown
	Registration Date			Occupation	Female	Male	VDC/Municipality, Ward	MM	DD	YY											
	MM	DD	YY	Cat: Agri, Trade, Service, None			Contact No	Disease Site (P/EP)													
1	2	3	4	5	6	7	8	9			10	11	12	13	14	15	16	17	18	19	20
	Reg No			Name			District	Regd No													
	DR TB SN			Ethnicity Code			VDC/Municipality, Ward	MM	DD	YY	1	2	3	4	5	6	7	8	1	2	3
	MM	DD	YY	Occupation			Contact No	Site (P/EP)													
	Reg No			Name			District	Regd No													
	DR TB SN			Ethnicity Code			VDC/Municipality, Ward	MM	DD	YY	1	2	3	4	5	6	7	8	1	2	3
	MM	DD	YY	Occupation			Contact No	Site (P/EP)													

TREATMENT REGISTER

Date of Sample Taken for DST			Reasons for Entering in Second-line TB Treatment Register								Regimen (in Drug Initials)			Smear (S), culture (C) or Xpert MTB/RIF (X) result																													
			RR-TB / MDR-TB confirmed					Presumptive RR-TB/ MDR-TB						Start of Treatment (Month 0)			Month 1			Month 2			Month 3			Month 4			Month 5			Month 6			Month 7			Month 8		
			Result of Drug Susceptibility Testing								Start Date			S	C	X	S	C		S	C		S	C		S	C		S	C		S	C		S	C		S	C	
MM	DD	YY	H	R	E	S	Amk/ Km	Cm	FQ	Other	MM	DD	YY	MM	DD	YY	Date			Date			Date			Date			Date			Date			Date			Date		
																	MM	DD	YY	MM	DD	YY	MM	DD	YY	MM	DD	YY	MM	DD	YY	MM	DD	YY	MM	DD	YY	MM	DD	YY
21	22	23	24	25	26	27	28	29	30	31	32	33	33	34	35	36	37	38	39	40	41	42	43	44	45	46	47	48	49	50	51	52	53	54	55	56	57	58	59	60
MM	DD	YY	1				2				Regimen			S	C	X	S	C		S	C		S	C		S	C		S	C		S	C		S	C		S	C	
			1	2	3	4	5	6	7	8	MM	DD	YY	MM	DD	YY	MM	DD	YY	MM	DD	YY	MM	DD	YY	MM	DD	YY	MM	DD	YY	MM	DD	YY	MM	DD	YY	MM	DD	YY
MM	DD	YY	1				2				Regimen			S	C	X	S	C		S	C		S	C		S	C		S	C		S	C		S	C		S	C	
			1	2	3	4	5	6	7	8	MM	DD	YY	MM	DD	YY	MM	DD	YY	MM	DD	YY	MM	DD	YY	MM	DD	YY	MM	DD	YY	MM	DD	YY	MM	DD	YY	MM	DD	YY

७. एच्.आई.भी. एड्स तथा यौनरोग

7. HIV/AIDS and STI

HMIS 7.1: एच्. आई. भी. परीक्षण तथा परामर्श सेवा रजिस्टर

HMIS 7.2: यौनजन्य रोग सङ्क्रमण उपचार रजिस्टर

HMIS 7.3: आमाबाट बच्चामा सर्ने एच्. आई. भी. रोकथाम सेवा रजिस्टर

HMIS 7.4: एच्. आई. भी. उपचार तथा सेवा रजिस्टर

HMIS 7.5: एच्. आई. भी. बिरामी कार्ड

HMIS 7.6: ओ. एस्. टी. रजिस्टर

HMIS 7.1: एच्.आई.भी. परीक्षण तथा परामर्श सेवा रजिस्टर (HIV Testing and Counselling Register)

यस रजिस्टरको प्रयोग सरकारी र अन्य आधिकारिक संस्था तथा निजी क्लिनिकबाट प्रदान गरिने एच्.आई.भी. परीक्षण तथा परामर्श सेवासम्बन्धी जानकारीको अभिलेख राख्नका लागि गरिन्छ । यो रजिस्टर एच्.आई.भी.परीक्षण गर्नुभन्दा पहिले र परीक्षणपश्चात्को परामर्श सकिनासाथ एच्.आई.भी.सम्बन्धी परीक्षण तथा परामर्श गर्ने एच्.आई.भी. काउन्सिलर र स्वास्थ्यकर्मीहरूले भर्नुपर्दछ । सेवाग्राहीको एच्.आई.भी. परीक्षणसम्बन्धी व्यक्तिगत विवरणहरु अति संबेदनशील हुने हुनाले एच्.आई.भी. परीक्षण तथा परामर्शकेन्द्रमा यो रजिस्टर गोपनियता कायम हुनेगरी राख्नुपर्दछ ।

यो रजिस्टर सबै प्रकारका एच्.आई.भी. परीक्षण तथा परामर्शसम्बन्धी देहायका जानकारीहरू रेकर्ड गर्नको लागि आवश्यक पर्दछ ।

- सेवाग्राहीको व्यक्तिगत तथा सामाजिक मुख्य मुख्य विवरण रेकर्ड गर्न ।
- सेवाग्राहीलाई प्रदान गरेको एच्.आई.भी.परीक्षणपूर्वको परामर्श, परीक्षण र परीक्षण पश्चात् प्रदान गरिएको परामर्श सम्बन्धी विवरण रेकर्ड गर्न ।
- एच्.आई.भी. सङ्क्रमण हुनसक्ने जोखिमपूर्ण व्यवहार र एच्.आई.भी. परीक्षण गर्नुका कारणहरू रेकर्ड गर्न ।
- सेवाग्राहीको एच्.आई.भी. अवस्था रेकर्ड गर्न ।
- एच्.आई.भी. पोजेटिभ व्यक्तिको CD4 सङ्ख्या तथा WHO Stage रेकर्ड गर्न ।
- एच्.आई.भी. पोजेटिभ व्यक्तिलाई उपचार सेवामा प्रेषण गर्न ।

रजिस्टरको नमुना :

HIV TEST

MONTH: ---------- YEAR: ----------

SN	Registration					Demographic Information									
						Cliient's Name and Caste			Age			Marital Status*	Address		
	Date			MR No	SR No	First Name (Optional)	Last Name (Compulsory)	Caste Code	Sex				District	Municipality/Rural Municipal	Others
	DD	MM	YY						F	M	TG				
1	2	3	4	5	6	7	8	9	10	11	12	13	14	15	16

ING AND COUNSELING REGISTER HMIS 7.1

Client Code*	Pre-test counseling					Informed Consent	HIV Test			Post - Test Counseling					Referral	
	Pre-test Counseling	HIV Tested Before	Medical Reason for Testing*	Pregnancy Status	Risk Group*		Test 1	Test 2	Test 3	Post - Test Counseling	Result received	Result	Partner Counseling	WHO Staging	In = 1 Out = 2	
17	18	19	20	21	22	23	24	25	26	27	28	29	30	31	32	
															1	
															2	
															1	
															2	

HIV Testing and Counseling (HTC) Register भर्ने निर्देशिका

महल नं.	महल शीर्षक		निर्देशिका
1	S.N.		एच्.आई.भी. परीक्षण तथा परामर्शकालागि आएका सेवाग्राहीको क्रम सङ्ख्या लेख्नुपर्दछ । हरेक महिनामा क्रम सङ्ख्या १ बाट शुरु गर्नुपर्दछ ।
2-4	Registration	Date	एच्.आई.भी. परीक्षण तथा परामर्शकालागि सेवाग्राही आएको मिति DD/MM/YY format मा लेख्नुपर्दछ ।
5	Registration	MR No	सेवाग्राही मूलदर्ता भई आएको भए मूल दर्ता नम्बर लेख्नुपर्दछ ।
6	Registration	SR (Service Regisger) No	प्रत्येक आर्थिक बर्षका लागि सेवा दर्ता नम्बर (Service Register) १ बाट सुरु गर्नुपर्दछ ।
7	Demographic Information	First Name (Optional)	सेवाग्राहीको पहिलो नाम लेख्नुपर्दछ । कसैलाई आफ्नो नाम लेखाउन इच्छा नभएमा यो अनिवार्य छैन ।
8	Demographic Information	Family Name (Compulsory)	सेवाग्राहीको थर लेख्नुपर्दछ । Family Name को आधारमा नै Client code लेख्नुपर्ने भएकोले सेवाग्राहीको Family Name अनिवार्य रुपमा लेख्नुपर्दछ ।
9	Demographic Information	Caste code	सेवाग्राहीको Caste/ethnicity code लेख्नुपर्दछ । Caste/ethnicity code यसै रजिस्टरको पछिल्लो पेजमा राखिएको छ ।
10-12	Demographic Information	Age and Sex	सेवाग्राहीलाई पूरा गरेको उमेर सोधी लिङ्गअनुसार सम्बन्धित महलमा लेख्नुपर्दछ ।
13	Demographic Information	Marital Status	सेवाग्राहीलाई उसको वैवाहिक अवस्थाका बारेमा सोधी देहायको कोडअनुसार लेख्नुपर्दछ: १. अविवाहित(U) २. विवाहित(M) ३. एकल(S) ४. विधवा/विदुर (W) ५. सान्दर्भिक नभएको जस्तै बच्चा (NA)
14-16	Demographic Information	Address (District, Municipality, Others)	सेवाग्राहीको ठेगाना जिल्ला र नगर/गाउँपालिकाको पूरा नाम सम्वन्धित महलमा लेख्नुपर्दछ । यदि सेवाग्राही नेपाल वाहेक अन्य देशको भएमा Others मा देशको नाम खुलाइ निजको ठेगानाको पूरा विवरण समेत खुलाउनु पर्दछ ।
17	Demographic Information	Client Code	Client code= Last name (First 2 characters)+ Date of birth (last 2 digits -YY) + Sex (1= F, 2= M, 3 = TG) + Service registration number Eg.२०३२ सालमा जन्मेको शर्मा थर भएको एक जना पुरुष जसको सेवा दर्ता नं. १२३ छ भने उसको Client Code SH-32-2-123 हुन्छ ।
18	Pre-test counseling	Pre-test counseling	परीक्षणपूर्व परामर्श लिएको भए Y लेख्नुपर्दछ नत्र N लेख्नुपर्दछ ।
19	Pre-test counseling	HIV tested before	यसभन्दा पहिले सेवाग्राहीले एच्.आई.भी.को परीक्षण गराएको भए पहिलेको परीक्षणको नतिजा लेख्नुपर्दछ । नगराएको भए N लेख्नुपर्दछ ।
20	Pre-test counseling	Medical reason for testing	सेवाग्राहीले परीक्षण गर्नु पछाडिका कारण के हो मूल्याङ्कन गर्नुपर्दछ । उपयुक्त कारणमा कोड नम्बर लेख्नुपर्दछ : 1 = STI; 2=TB; 3 = Pregnancy; 4 = Surgery; 5 = HIV/AIDS symptoms; 6 = Child delivered from Positive Mother; 7 = None of above (१ देखि ६ सम्मका कोड बाहेकका), 8 = Other
21	Pre-test counseling	Pregnancy Status	यदि महिला सेवाग्राही गर्भवती भएमा यस महलमा Y र गर्भवती नभएमा N लेख्नुपर्दछ । यदि महिला सेवाग्राहीलाई आफ्नो गर्भवती अवस्थाका बारेमा थाहा नभएमा DK लेख्नुपर्दछ। यदि सेवाग्राही बच्चा, पुरुष र तेस्रो लिङ्गी भए यस महलमा NA लेख्नुपर्दछ ।
22	Pre-test counseling	Risk Group	सेवाग्राहीको जोखिम समूह (Risk group) को लागि देहायको कोड प्रयोग गर्नुपर्दछ:

महल नं.	महल शीर्षक		निर्देशिका
			1 = Sex Worker; 2= People who inject drugs(PWID), 3=MSM and TG; 4 = Blood or Organ Recipient, 5=Clients of Sex Workers; 6 = Migrants; 7 = Spouse/Partner of Migrants; 8= Other (not specified in above category) अन्य भए खुलाउन पर्दछ ।
23	HIV Test	Informed Consent	यदि सेवाग्राहीले एच्.आई.भी. परीक्षणको लागि सहमति दिएमा Y र नदिएमा N लेख्नुपर्दछ ।
24		Test 1	First Test (Determine) को नतिजा पोजेटिभ भएमा P, नेगेटिभ भएमा N र परीक्षण नगरिएको खण्डमा ND लेख्नुपर्दछ ।
25		Test 2	Second Test (Unigold) को नतिजा पोजेटिभ भएमा P, नेगेटिभ भएमा N र परीक्षण नगरिएको खण्डमा ND लेख्नुपर्दछ ।
26		Test 3	Third Test (Stat Pak) को नतिजा पोजेटिभ भएमा P, नेगेटिभ भएमा N र परीक्षण नगरिएको खण्डमा ND लेख्नुपर्दछ ।
27	Post-test Counseling	Post-Test Counseling	परीक्षण पश्चात् परामर्श दिएको भए Y र नदिएको भए N लेख्नुपर्दछ ।
खोप सेवा पाएका सेवाग्राहीहरूको जम्मा सङ्ख्या	खोप सेवा प्रदान गर्दा तयार गरिएको ट्याली सिटबाट खोप सेवा पाएका सेवाग्राहीहरूको जम्मा सङ्ख्या यस महलमा उतार गर्नुपर्दछ । खोप सेवा पाएका सेवाग्राहीहरूको जम्मा सङ्ख्याको गणना गर्नका लागि सेसन सञ्चालनको समयमा बच्चा वा गर्भवती महिलाको कार्ड भर्ने बित्तिकै अनिवार्य ट्याली गर्नु आवश्यक हुन्छ ।
खोप पाएकाहरूको सङ्ख्या	बी.सी.जी., डी.पी.टी.-हेप बी-हिव (पहिलो,दोस्रो,तेस्रो), पोलियो (पहिलो,दोस्रो,तेस्रो), पी.सी.भी (पहिलो,दोस्रो,तेस्रो), रोटा (पहिलो,दोस्रो), एफ.आई.पि.भि (पहिलो,दोस्रो), दादुरा-रुबेला (पहिलो, दोस्रो), जे.ई, टी.डी.(पहिलो, दोस्रो, दोस्रो +) खोप लगाएको सङ्ख्या र १ वर्ष उमेर पूरा गरेपछि डी.पी.टी.-हेप बी-हिव, पोलियो खोपको ३ मात्रा पूरा गरेका वालवालिकाहरुको संख्या खोप रजिस्टरबाट खोप क्लिनिक अनुसार ट्याली सीट प्रयोग गरी गणना गरेर सम्बन्धित खोपको प्रगति खोप केन्द्रअनुसार छुट्टाछुट्टै महलमा चढाउनुपर्दछ ।
AEFI भएका सङ्ख्या	खोप पश्चात् कुनै अवान्छित घटना भएमा कुन खोप लगाएपछि भएको हो? सो को विवरण खोप रजिस्टर वाट गणना गरी खोपकेन्द्र अनुसार जनाउनुपर्दछ ।
प्राप्त भएको खोप (डोजमा)	खोप सेसन सञ्चालनका लागि कोल्ड चेन सेन्टरबाट प्राप्त गरेको प्रत्येक भ्याक्सिनको डोज सम्बन्धित महलमा चढाउनुपर्दछ । जस्तै : कोल्डचेन सेन्टरबाट २० डोजको बीसीजी खोप ३ भाइल प्राप्त गरेमा प्राप्त भएको डोजको महलमा ६० लेख्नुपर्दछ ।
खर्च भएको खोप (डोजमा)	खोप सेसन सञ्चालनमा खर्च भएको प्रत्येक भ्याक्सिनको डोज सम्बन्धित महलमा चढाउनुपर्दछ । खर्च भन्नाले बच्चा वा गर्भवती महिलालाई लगाएको र खेर गएकोसमेत जनाउनुपर्दछ । जस्तै: कोल्डचेन सेन्टरबाट प्राप्त गरेको ६० डोज बीसीजी भ्याक्सिनमध्ये २१ जनालाई खोप लगाइयो, ९ डोज खेर गयो र २० डोज प्रयोगमा नआई नखोलिकन कोल्डचेन सेन्टरमा नै फिर्ता गरियो भने जम्मा भ्याक्सिन खर्च डोज ४० (प्राप्त गरेको डोज - फिर्ता गरेको डोज) हुन्छ ।
गाउँघर क्लिनिक कार्यक्रम	
गाउँघर क्लिनिक सञ्चालन स्थान	गाउँघर क्लिनिक सञ्चालन स्थानभन्दा तलको खाली ठाउँमा क्लिनिक सञ्चालन हुने स्थानको नाम लेख्नुपर्दछ । जस्तै: सालुपाटीमा सामलथान, च्याउँकीठाँटी र गैराथोक गरी तीन स्थानमा गाउँघर क्लिनिक रहेका छन् भने खाली ठाउँको फरक-फरक कोठामा क्रमश: माथिका क्लिनिकको नाम लेख्नुपर्दछ ।
सेवा दिएको सङ्ख्या	गाउँघर क्लिनिक रजिष्टरको पहिलो भागमा (HMIS 4.11) रहेको गाउँघर क्लिनिक दर्ताको आधारमा यस महिनामा सेवा दिएको जम्मा सङ्ख्या लेख्नुपर्दछ ।
२ महिनाभन्दा मुनिका बिरामी शिशुको वर्गीकरण तथा उपचार: २ महिनाभन्दा मुनिका बिरामी शिशुको वर्गीकरण तथा उपचारको अभिलेख गाउँघर क्लिनिक रजिस्टरको ***२ महिनाभन्दा कम उमेरका बिरामी शिशुको व्यवस्थापन*** खण्डमा राखिएको हुन्छ । यस रजिस्टरबाट ट्याली सिटको प्रयोग गरी गाउँघर क्लिनिकअनुसार छुट्टाछुट्टै तयार गरेर प्रतिवेदनमा चढाउनुपर्दछ ।	
जम्मा बिरामी सङ्ख्या	गाउँघर क्लिनिक रजिस्टरको **२ महिनाभन्दा कम उमेरका बिरामी शिशुको व्यवस्थापन** खण्ड (HMIS 4.12) मा प्रतिवेदन अवधिमा दर्ता भएका शिशुहरुमध्ये २८ दिनसम्मका र २९ दिनदेखि ५९ दिनसम्म (महल ५ र ६ उमेर हप्तामा को आधारमा) को छुट्टाछुट्टै गणना गरी यस महलमा लेख्नुपर्दछ ।
वर्गीकरण (व्याक्टेरियाको) गम्भीर सङ्क्रमण, ब्याक्टेरियाको स्थानीय	गाउँघर क्लिनिक रजिस्टरको **२ महिनाभन्दा कम उमेरका बिरामी शिशुको व्यवस्थापन** खण्डको महल १२ को कोड नं. १ मा गोलो घेरा लगाएको जति उमेर अनुसार गणना गरी ***गम्भीर सङ्क्रमणको*** महलमा लेख्नुपर्दछ । त्यसै गरी कोड नं. २ मा गोलो घेरा लगाएको

महल शीर्षक	निर्देशन
सङ्क्रमण, कडा कपलपित्त (जण्डिस)	गणना गरी ***ब्याक्टेरियाको स्थानीय सङ्क्रमण,*** र कोड नं. ५ मा गोलो घेरा लगाएको (कडा जण्डिस भएका) गणना गरी ***कडा कपलपित्त*** को महलमा लेख्नुपर्दछ ।
उपचार (एमोक्सिसिलिन, जेन्टामाइसिन, कोट्रिम पि बाट)	गाउँघर क्लिनिक रजिस्टरको **२ महिनाभन्दा कम उमेरका बिरामी शिशुको व्यवस्थापन** खण्डको महल १४ को कोड नं. १ मा गोलो घेरा लगाएको संख्या गणना गरी एमोक्सिसिलिन वाट उपचार गरिएका शिशुको संख्या उमेर समूह अनुसार (२८ दिन सम्म र २९-५९ दिन) छुट्टाछुट्टै एमोक्सिसिलिनको महलमा लेख्नुपर्दछ । जेन्टामाईसिन सुई बाट उपचार गरिएका २ महिना मुनिका (महल १४ को कोड नं. २ मा गोलो घेरा लगाएका) मध्ये जेन्टामाइसिन सुईको पहिलो मात्रा पाएकाको संख्या गणना गरी पहिलो डोज पाएका सङ्ख्याको महलमा र जेन्टामाइसिनको सात वटै डोजमा गोलो घेरा लगाएका संख्या गणना गरी पूरा डोज पाएका सङ्ख्याको महलमा लेख्नुपर्दछ । महल १४ को कोड नं. ३ मा गोलो घेरा लगाएको संख्या गणना गरी ***कोट्रिम पीडियाट्रीक*** *बाट उपचार गरेको* संख्या उमेर अनुसारको (२८ दिन सम्म र २९-५९ दिन सम्म) छुट्टाछुट्टै महलमा लेख्नुपर्दछ ।
रेफर गरेको	गाउँघर क्लिनिक रजिस्टरको **२ महिना भन्दा कम उमेरका बिरामी शिशुको व्यवस्थापन** खण्डको महल २० को कोड नं. ३ मा गोलो घेरा लगाएको जति उमेरअनुसार गणना गरी यस महलमा लेख्नुपर्दछ ।
फलोअप बिरामी सङ्ख्या	गाउँघर क्लिनिक रजिस्टरको **२ महिना भन्दा कम उमेरका बिरामी शिशुको व्यवस्थापन** खण्डको महल १९ मा फलोअप गरेको मितिको आधारमा गणना गरी यस महलमा लेख्नुपर्दछ ।
मृत्यु सङ्ख्या	गाउँघर क्लिनिक रजिस्टरको **२ महिना भन्दा कम उमेरका बिरामी शिशुको व्यवस्थापन** खण्डको महल २० को कोड नं. ४ मा गोलो घेरा लगाएको संख्या उमेर अनुसार गणना गरी छुट्टाछुट्टै (२८ दिन सम्म र २९-५९ दिन सम्म) महलमा लेख्नुपर्दछ ।
२ महिना देखि ५ वर्ष सम्मका बिरामी बच्चाको वर्गीकरण तथा उपचारः २ महिनादेखि ५ वर्ष सम्मका बिरामी बच्चाको वर्गीकरण तथा उपचारको अभिलेख गाउँघर क्लिनिक रजिस्टरको **२ महिना देखि ५९ महिना सम्मका बिरामी बच्चाको व्यवस्थापन** खण्डमा राखिएको हुन्छ । यो रजिस्टरबाट ट्याली सिटको प्रयोग गरी गाउँघर क्लिनिक अनुसार छुट्टाछुट्टै तयार गरेर प्रतिवेदनमा उतार गर्नुपर्दछ ।	
जम्मा बिरामी सङ्ख्या	गाउँघर क्लिनिक रजिस्टरको **२ महिना देखि ५९ महिना सम्मका बिरामी बच्चाको व्यवस्थापन** खण्ड (HMIS 4.13) मा प्रतिवेदन अबधिमा दर्ता भएका बच्चाहरुको संख्या कम संख्या (महल नं. १) को आधारमा गणना गरी यस महलमा लेख्नुपर्दछ ।
वर्गीकरण -श्वासप्रश्वास रोग (निमोनिया नभएको रुघाखोकी, निमोनिया, धेरै कडा रोग/कडा निमोनिया)	गाउँघर क्लिनिक रजिस्टरको **२ महिना देखि ५९ महिना सम्मका बिरामी बच्चाको व्यवस्थापन** खण्डको महल १८ को कोड नं. १ मा गोलो घेरा लगाएको जति गणना गरी ***निमोनिया नभएको रुघाखोकीको*** महलमा लेख्नुपर्दछ । त्यसै गरी महल १८ को कोड नं.२ मा गोलो घेरा लगाएको ***निमोनिया*** र कोड नं. ३ मा गोलो घेरा लगाएको गणना गरी ***धेरै कडा रोग/कडा निमोनिया*** को महलमा लेख्नुपर्दछ ।
वर्गीकरण -झाडापखाला (जल वियोजन नभएको, केही जल वियोजन भएको, कडा जल वियोजन भएको	गाउँघर क्लिनिक रजिस्टरको **२ महिना देखि ५९ महिना सम्मका बिरामी बच्चाको व्यवस्थापन** खण्डको महल १८ को कोड नं. ४ मा गोलो घेरा लगाएको जति गणना गरी ***जल वियोजन नभएको*** महलमा प्रतिवेदन गर्नुपर्दछ । त्यसैगरी महल १८ को कोड नं. ५ मा गोलो घेरा लगाएको संख्या गणना गरी ***केही जल वियोजन भएको*** र कोड नं. ६ मा गोलो घेरा लगाएको संख्या गणना गरी ***कडा जल वियोजन भएको*** महलमा प्रतिवेदन गर्नुपर्दछ ।
वर्गीकरण- दीर्घ झाडापखाला/आउँरगत	गाउँघर क्लिनिक रजिस्टरको **२ महिना देखि ५९ महिना सम्मका बिरामी बच्चाको व्यवस्थापन** खण्डमा जलवियोजनको वर्गिकरण गरिएका बच्चाहरु मध्ये महल १८ को कोड नं. ७ मा गोलो घेरा लगाएको मध्ये महल १७ को ***दीर्घ झाडापाखाला*** मा गोलो घेरा लगाएको जति गणना गरी दीर्घ झालापखालाको महलमा र महल १७ को ***आउँरगत*** मा गोलो घेरा लगाईएको संख्या गणना गरी ***आउँ रगत*** को सम्बन्धित महलमा लेख्नुपर्दछ ।
वर्गीकरण -अन्य ज्वरो, कुपोषण/रक्त अस्पता, कडा कुपोषण/कडा रक्त अस्पता, अन्य वर्गीकरण	गाउँघर क्लिनिक रजिस्टरको **२ महिना देखि ५९ महिना सम्मका बिरामी बच्चाको व्यवस्थापन** खण्डको महल १८ को कोड नं. ८ मा गोलो घेरा लगाएको ***ज्वरो,*** कोड नं. ९ मा गोलो घेरा लगाएको ***कुपोषण/रक्त अल्पता,*** कोड नं. १० मा गोलो घेरा लगाएको ***कडा कुपोषण/ कडा रक्त अल्पता*** र महल नं १७ को अन्यमा उल्लेख गरिएको वर्गीकरण

महल शीर्षक	निर्देशन
	गणना गरी ***अन्य वर्गीकरणको*** महलमा लेख्नुपर्दछ ।
उपचार (एमोक्सिसिलिन, कोट्रिम पी बाट, पुनर्जलीय झोल र जिङ्क चक्कीबाट, जुकाको औषधीबाट, भिटामिन ए बाट, अन्य जस्तै प्राथमिक उपचार बाट)	गाउँघर क्लिनिक रजिस्टरको **२ महिना देखि ५९ महिना सम्मका बिरामी बच्चाको व्यवस्थापन** खण्डको महल २० को कोड नं. १ मा गोलो घेरा लगाएको गणना गरी एमोक्सिसिलिनको महलमा लेख्नुपर्दछ । त्यसैगरी सोही महलको कोड २ मा गोलो लगाएको संख्या गणना गरी ***कोट्रिम पी. बाट*** को महलमा लेख्नुपर्दछ । त्यसै गरी कोड नं. ४ मा गोलो घेरा लगाएको ***पुनर्जलीय झोल र जिङ्कबाट,*** महल २० को कोड नं. ६ मा घेरा लगाएको ***जुकाको औषधिबाट,*** कोड नं. ७ मा घेरा लगाएको ***भिटामिन ए बाट*** र कोड नं. ८ मा मा गोलो घेरा लगाएको जति गणना गरी ***अन्य को*** महलमा लेख्नुपर्दछ ।
फलोअप सङ्ख्या	गाउँघर क्लिनिक रजिस्टरको **२ महिना देखि ५९ महिना सम्मका बिरामी बच्चाको व्यवस्थापन** खण्डको महल २४, २५ को फलोअप गरेको फलोअप गरेको मितिको आधारमा गणना गरी यस महलमा लेख्नुपर्दछ ।
रेफर गरेको (श्वासप्रश्वास रोग भएका, झाडापखाला भएका, अन्य)	गाउँघर क्लिनिक रजिस्टरको **२ महिनादेखि ५९ महिना सम्मका बिरामी बच्चाको व्यवस्थापन** खण्डबाट श्वासप्रश्वास रोग, झाडापखाला वा अन्य कुन कारणले रेफर गरेको हो ? रोगको वर्गिकरण र कैफियत महलमा उल्लेख गरिएको ***प्रेषण गर्नुको कारण*** बाट यकीन गरी सम्बन्धित महलमा लेख्नुपर्दछ ।
मृत्य सङ्ख्या: (श्वासप्रश्वास रोग भएका, झाडापखाला भएका, अन्य)	गाउँघर क्लिनिक रजिस्टरको **२ महिनादेखि ५९ महिना सम्मका बिरामी बच्चाको व्यवस्थापन** खण्डको महल नं. २४ को फलोअप नतिजाको मृत्यू भएको (कोड नं. ४) मा गोलो घेरा लगाएको मध्ये श्वासप्रश्वास रोग, झाडापखाला वा अन्य कुन कारणले मृत्यु भएको हो ? गणना गरी सम्बन्धित महलमा लेख्नुपर्दछ ।

<u>पोषण कार्यक्रम</u>

पोषण कार्यक्रमको अभिलेख गाउँघर क्लिनिक रजिस्टरको **२ वर्षभन्दा मुनिका बच्चाहरूको वृद्धि अनुगमन सेवा** (HMIS 4.14) खण्डमा राखिएको हुन्छ । यस रजिस्टरबाट ट्याली सिटको प्रयोग गरी गाउँघर क्लिनिकअनुसार छुट्टाछुट्टै तयार गरेर प्रतिवेदनमा चढाउनुपर्दछ ।

बाल-बालिकाको पोषण स्थिति	गाउँघर क्लिनिक सेवा रजिस्टरको २ वर्षभन्दा मुनिका बच्चाहरूको वृद्धि अनुगमन सेवा खण्डको महल ७, ८, ९ को तौल (उमेरअनुसारको वृद्धि) मा नयाँ र पुरानो - दुवै गरी सामान्य, जोखिम र अति जोखिम तौल भएकाहरूको सङ्ख्या ०-११ महिना र १२-२३ महिनाको छुट्टाछुट्टै निकाली सम्बन्धित महलमा चढाउनुपर्दछ ।
जन्मेको ६ महिनासम्म स्तनपान मात्र गराएको	गाउँघर क्लिनिक सेवा रजिस्टरको २ वर्षभन्दा मुनिका बच्चाहरूको वृद्धि अनुगमन सेवा खण्डको महल १० को कोड १ मा गोलो घेरा लगाएको सङ्ख्या गणना गरी यस महलमा चढाउनुपर्दछ ।
जन्मेको ६ महिनासम्म स्तनपान मात्र नगराएको	गाउँघर क्लिनिक सेवा रजिस्टरको २ वर्षभन्दा मुनिका बच्चाहरूको वृद्धि अनुगमन सेवा खण्डको महल ११ को कोड २ मा गोलो घेरा लगाएको सङ्ख्या गणना गरी यस महलमा चढाउनुपर्दछ ।
६ महिनापछि स्तनपानका साथै थप खाना सुरु गरेको	गाउँघर क्लिनिक सेवा रजिस्टरको २ वर्षभन्दा मुनिका बच्चाहरूको वृद्धि अनुगमन सेवा खण्डको महल १२ को कोड १ मा गोलो घेरा लगाएको सङ्ख्या गणना गरी यस महलमा चढाउनुपर्दछ ।
६ महिनापछि स्तनपानका साथै थप खाना सुरु नगरेको	गाउँघर क्लिनिक सेवा रजिस्टरको २ वर्षभन्दा मुनिका बच्चाहरूको वृद्धि अनुगमन सेवा खण्डको महल १३ को कोड २ मा गोलो घेरा लगाएको सङ्ख्या गणना गरी यस महलमा चढाउनुपर्दछ ।

<u>गर्भवती सेवा</u>

गर्भवती सेवाको अभिलेख गाउँघर क्लिनिक रजिस्टरको **सुरक्षित मातृत्व सेवा** खण्डमा राखिएको हुन्छ । यस रजिस्टरबाट ट्याली सिटको प्रयोग गरी गाउँघर क्लिनिकअनुसार छुट्टाछुट्टै तयार गरी प्रतिवेदनमा चढाउनुपर्दछ ।

गर्भवती जाँच गराएको महिला सङ्ख्या	गाउँघर क्लिनिक सेवा रजिस्टरको **सुरक्षित मातृत्व सेवा** खण्डको महल १४ मा गर्भवती जाँच पटकको जम्मा सङ्ख्या गणना गरी यस महलमा चढाउनुपर्दछ ।
जुकाको औषधि वितरण गरिएको गर्भवती महिलाको सङ्ख्या	गाउँघर क्लिनिक सेवा रजिस्टरको **सुरक्षित मातृत्व सेवा** खण्डको महल १५ को जुकाको औषधि वितरण गरिएको सङ्ख्या गणना गरी यस महलमा चढाउनुपर्दछ ।

महल शीर्षक	निर्देशन
आइरन चक्की वितरण गरिएको गर्भवती महिलाको सङ्ख्या	गाउँघर क्लिनिक सेवा रजिस्टरको **सुरक्षित मातृत्व सेवा** खण्डको महल १६ को आइरन चक्की वितरण सङ्ख्या नयाँ र महल १७ को दोहोऱ्याई आएको सङ्ख्या गणना गरी सम्बन्धित महलमा महलमा चढाउनुपर्दछ ।
<u>सुत्केरी सेवा</u> सुत्केरी सेवाको अभिलेख गाउँघर क्लिनिक रजिस्टरको **सुरक्षित मातृत्व सेवा** खण्डमा राखिएको हुन्छ । यस रजिस्टरबाट ट्याली सिटको प्रयोग गरी गाउँघर क्लिनिकअनुसार छुट्टाछुट्टै तयार गरी प्रतिवेदनमा चढाउनुपर्दछ ।	
सुत्केरी जाँच गरिएको सङ्ख्या	गाउँघर क्लिनिक सेवा रजिस्टरको **सुरक्षित मातृत्व सेवा** खण्डको महल १९ को सुत्केरी भएको .....औ दिनमा सेवा दिएको पटक गणना गरी यस महलमा चढाउनुपर्दछ ।
४५ चक्की आइरन पाएका सुत्केरी महिलाको सङ्ख्या	गाउँघर क्लिनिक सेवा रजिस्टरको **सुरक्षित मातृत्व सेवा** खण्डको महल २० मा वितरण गरिएको आइरन चक्की सङ्ख्यामा ४५ लेखिएको जति गणना गरी यस महलमा चढाउनुपर्दछ ।
भिटामिन ए पाएका सुत्केरी महिलाको सङ्ख्या	गाउँघर क्लिनिक सेवा रजिस्टरको **सुरक्षित मातृत्व सेवा** खण्डको महल २१ को कोड १ मा गोलो घेरा लगाएको सङ्ख्या गणना गरी यस महलमा चढाउनुपर्दछ ।
<u>परिवार नियोजन सेवा</u> परिवार नियोजन सेवाको अभिलेख गाउँघर क्लिनिक रजिस्टरको **परिवार नियोजन सेवा** खण्डमा राखिएको हुन्छ । यस रजिस्टरबाट ट्याली सिटको प्रयोग गरी गाउँघर क्लिनिकअनुसार छुट्टाछुट्टै निकाली प्रतिवेदनमा चढाउनुपर्दछ ।	
कन्डम वितरण सङ्ख्या	गाउँघर क्लिनिक सेवा रजिस्टरको परिवार नियोजन सेवा खण्डको महल ८ को कन्डम वितरण सङ्ख्या सबै जोडी यस महलमा चढाउनुपर्दछ ।
पिल्स वितरण गरिएको महिलाको सङ्ख्या	गाउँघर क्लिनिक सेवा रजिस्टरको परिवार नियोजन सेवा खण्डको २० वर्षभन्दा मुनि र २० वर्ष माथिको छुट्टाछुट्टै महल ९ को पिल्स वितरणमा गरिएको महिलाहरूको सङ्ख्या गणना गरी यस महलमा चढाउनुपर्दछ ।
डिपो सेवा प्रदान गरिएको महिलाको सङ्ख्या	गाउँघर क्लिनिक सेवा रजिस्टरको परिवार नियोजन सेवा खण्डको २० वर्षभन्दा मुनि र २० वर्षभन्दा माथिको छुट्टाछुट्टै महल १० को डिपो सेवा दिइएका महिलाहरूको सङ्ख्या गणना गरी यस महलमा चढाउनुपर्दछ ।
खाने चक्की पिल्स वितरण गरिएको साइकल	गाउँघर क्लिनिक सेवा रजिस्टरको परिवार नियोजन सेवा खण्डको २० वर्षभन्दा मुनि र २० वर्षभन्दा माथिको छुट्टाछुट्टै महल ९ को पिल्स वितरण गरिएको साइकल सबै जोडी यस महलमा चढाउनुपर्दछ ।
<u>औलोरोग नियन्त्रण कार्यक्रम</u> औलोरोग नियन्त्रण कार्यक्रमको अभिलेख गाउँघर क्लिनिक रजिस्टरको प्राथमिक उपचार सेवा खण्डमा राखिएको हुन्छ । यस रजिस्टरबाट ट्याली सिटको प्रयोग गरी गाउँघर क्लिनिकअनुसार छुट्टाछुट्टै निकाली प्रतिवेदनमा चढाउनुपर्दछ । **रक्त नमुना सङ्कलन गरिएको सङ्ख्या:** गाउँघर क्लिनिक सेवा रजिस्टरको प्राथमिक उपचार सेवा खण्डको महल ७ मा औलोको लागि स्लाइड लिएको सङ्ख्या गणना गरी यस महलमा चढाउनुपर्दछ ।	
शङ्कास्पद बिरामीलाई रेफर गरिएको सङ्ख्या	गाउँघर क्लिनिक सेवा रजिस्टरको प्राथमिक उपचार सेवा खण्डको महल ७ मा औलो उपचारको लागि रेफर जनाएको सङ्ख्या गणना गरी यस महलमा चढाउनुपर्दछ ।
<u>क्षयरोग नियन्त्रण कार्यक्रम</u> क्षयरोग नियन्त्रण कार्यक्रमको अभिलेख गाउँघर क्लिनिक रजिस्टरको प्राथमिक उपचार सेवा खण्डमा र डिफल्टर अनियमितता खोज पुर्जामा राखिएको हुन्छ । ट्याली सिटको प्रयोग गरी गाउँघर क्लिनिकअनुसार छुट्टाछुट्टै निकाली प्रतिवेदनमा चढाउनुपर्दछ ।	
नियमित नभएका बिरामीको खोज गरेको	स्वास्थ्य संस्थामा नियमित क्षयरोगको औषधि खान आउनुपर्ने बिरामी अनियमित भई सेवा लिन नआएमा स्वास्थ्य संस्थाबाट डिफल्टर/अनियमितता खोज पुर्जा (HMIS 1.5) भरी बिरामी नियमित हुन नसक्नुको कारण पत्ता लगाउनुपर्दछ । यसरी क्षयरोग उपचारमा अनियमित भएका बिरामीलाई कारण पत्ता लगाएको सङ्ख्या डिफल्टर/अनियमितता खोज पुर्जा (HMIS 1.5) गणना गरी यस महलमा चढाउनुपर्दछ ।
सम्भावित बिरामीलाई रेफर	गाउँघर क्लिनिक सेवा रजिस्टरको प्राथमिक उपचार सेवा खण्डको महल ६ मा क्षयरोगको

महल शीर्षक	निर्देशन
गरिएको सङ्ख्या	लक्षणहरू लेखी महल ७ मा प्रेषण लेखिएको जति गणना गरी यस महलमा चढाउनुपर्दछ ।
<u>कुष्ठरोग नियन्त्रण कार्यक्रम</u> कुष्ठरोग नियन्त्रण कार्यक्रमको अभिलेख गाउँघर क्लिनिक रजिस्टरको प्राथमिक उपचार सेवा खण्डमा र स्वास्थ्य कार्यकर्ताको डायरीमा राखिएको हुन्छ । ट्याली सिटको प्रयोग गरी गाउँघर क्लिनिकअनुसार छुट्टाछुट्टै निकाली प्रतिवेदनमा चढाउनुपर्दछ ।	
नियमित नभएका बिरामीको खोज गरेको	स्वास्थ्य संस्थामा कुष्ठरोगको औषधि नियमित रूपमा खान आउनुपर्ने बिरामी अनियमित भई सेवा लिन नआएमा स्वास्थ्य संस्थाबाट डिफल्टर/अनियमितता खोज पुर्जा (HMIS 1.5) भरी बिरामी नियमित हुन नसक्नुको कारण पत्ता लगाउनुपर्दछ । यसरी कुष्ठरोग उपचारमा अनियमित भएका बिरामीलाई कारण पत्ता लगाएको सङ्ख्या डिफल्टर/अनियमितता खोज पुर्जा (HMIS 1.5) गणना गरी यस महलमा चढाउनुपर्दछ ।
शङ्कास्पद बिरामीलाई रेफर गरिएको सङ्ख्या	गाउँघर क्लिनिक सेवा रजिस्टरको प्राथमिक उपचार सेवा खण्डको महल ६ मा कुष्ठरोगका लक्षणहरू लेखी महल ७ मा प्रेषण लेखिएको जति गणना गरी यस महलमा चढाउनुपर्दछ ।
<u>विविध क्रियाकलापहरु</u> प्राथमिक उपचार सेवा **सङ्ख्या (५ वर्षभन्दा माथि):** गाउँघर क्लिनिक सेवा रजिस्टरको प्राथमिक उपचार सेवा खण्डबाट सबै यस महिनामा सबै गणना गरी लेख्नुपर्दछ ।	
बिद्यालय र समूदाय स्वास्थ्य शिक्षा दिएको पटक	गाउँघर क्लिनिक सेवा रजिस्टरको **स्वास्थ्य शिक्षा तथा परामर्श सेवा** खण्डबाट यस महिना दिएको पटक गणना गरी लेख्नुपर्दछ ।
<u>महिला स्वास्थ्य स्वयंसेविका कार्यक्रम</u> महिला स्वास्थ्य स्वयंसेविका कार्यक्रमको अभिलेख महिला स्वास्थ्य स्वयंसेविका रजिस्टरबाट उतार गरिएको मासिक अनुगमन पुस्तिका र महिला स्वास्थ्य स्वयंसेविका कोष खाताबाट सङ्कलन गरी प्रतिवेदनमा चढाउनुपर्दछ ।	
आमा समूहको बैठकमा स्वास्थ्यकर्मी सहभागी भएको पटक	यो प्रतिवेदन महिला स्वास्थ्य स्वयंसेविका प्रतिवेदन सङ्कलन पुस्तिका (HMIS 9.1) बाट आमा समूहको बैठकमा स्वास्थ्यकर्मी सहभागी भएको पटकको जम्मा सङ्ख्या यस महलमा लेख्नुपर्दछ ।
कोषबाट ऋण लिने नयाँ महिलाहरूको सङ्ख्या	महिला स्वास्थ्य स्वयंसेविका कोष अभिलेख रजिस्टरबाट यस महिनामा ऋण लिने नयाँ ऋणीहरुको संख्या उतार गरी यस महलमा लेख्नुपर्दछ ।
यस महिनामा कोषमा आम्दानी भएको रकम रु.	महिला स्वास्थ्य स्वयंसेविका कोष अभिलेख रजिस्टरबाट यस महिनामा उक्त कोषमा आम्दानी भएको रकम उतार गरी यस महलमा लेख्नुपर्दछ ।
यस महिनामा कोषको लगानी रकम रु.	महिला स्वास्थ्य स्वयंसेविका कोष अभिलेख रजिस्टरबाट यस महिनामा उक्त कोषको लगानी भएको रकम उतार गरी यस महलमा लेख्नुपर्दछ ।
यस महिनामा कोषबाट खर्च भएको रकम रु.	महिला स्वास्थ्य स्वयंसेविका कोष अभिलेख रजिस्टरबाट यस महिनामा उक्त कोषको रकमबाट खर्च भएको रकम उतार गरी यस महलमा लेख्नुपर्दछ ।
यस महिनामा असुल भएको रकम रु.	महिला स्वास्थ्य स्वयंसेविका कोष अभिलेख रजिस्टरबाट उक्त कोषको लगानी भएको रकमध्ये यस महिनामा असुल भएको रकम उतार गरी यस महलमा लेख्नुपर्दछ ।

HMIS 9.3: प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, सहरी स्वास्थ्य क्लिनिक/केन्द्र र सामुदायिक स्वास्थ्य एकाइको मासिक प्रगति प्रतिवेदन फाराम (PHCC, HP, Urban Health Clinic/Center and Community Health Unit Monthly Reporting Form)

प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकीले आफ्नो मासिक प्रतिवेदन बनाउँदा स्वास्थ्य संस्थामा रहेका सेवा रजिस्टरहरू र समूदायस्तर स्वास्थ्य कार्यक्रमको मासिक प्रतिवेदन खोप तथा गाउँघर क्लिनिक कार्यक्रम प्रतिवेदन (HMIS 9.2) बाट उतार गर्नुपर्दछ ।

प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, सहरी स्वास्थ्य केन्द्र, सामुदायिक स्वास्थ्य एकाइहरूले प्रतिवेदन बनाउँदा ३ प्रति तयार गरी एक प्रति आफ्नो संस्थामा, एक प्रति सम्बन्धित नगर/गाउँपालिका र एक प्रति जिल्ला (जन) स्वास्थ्य कार्यालयमा पठाउनुपर्दछ । प्रतिवेदन तयार गर्दा कार्बन पेपरको प्रयोग नगरी ३ प्रतिमा नै लेख्नुपर्दछ ।

प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, सहरी स्वास्थ्य केन्द्र, सामुदायिक स्वास्थ्य एकाइहरूले आफ्नो मासिक प्रतिवेदन तयार गरिसकेपछि आवश्यक तथ्याङ्कहरू स्वास्थ्य संस्थाको मासिक अनुगमन पुस्तिकामा चढाउनुपर्दछ र सोका आधारमा क्षेत्र, जात/जाति अनुसारको स्वास्थ्य सेवाको पहुँच, स्वास्थ्य सेवाको गुणस्तरको अवस्थाको विश्लेषण गर्नुका साथै स्थानीय स्तरमा आवश्यक योजना तर्जुमा गर्नुपर्दछ ।

प्रतिवेदनको शिरमा सम्बन्धित जिल्ला जन/स्वास्थ्य कार्यालयको नाम लेखी आफ्नो स्वास्थ्य संस्थाको नाम लेख्नुपर्दछ ।
आर्थिक वर्ष, चलानी नं., प्रतिवेदन पठाइएको मिति र स्वास्थ्य संस्थाको कोड सम्बन्धित स्थानमा लेख्नुपर्दछ । स्वास्थ्य संस्थाहरुको Unique Code अद्यावधिक गर्ने (Helath Facility Registry) को कार्य भइरहेको हुँदा उक्त कोड निर्दिष्ट भएपछि मात्र स्वास्थ्य संस्थालाई उपलब्ध भएको कोड नम्बर यस महलमा लेख्नुपर्दछ ।
जिल्ला जन/स्वास्थ्य कार्यालयपछि आफ्नो जिल्लाको नाम लेख्नुपर्दछ र प्रतिवेदन गरिने महिना र साल लेख्नुपर्दछ ।

हरेक स्वास्थ्य संस्थाले मासिक प्रगति प्रतिवेदन अर्को महिनाको ५ गतेभित्र सम्बन्धित नगर/गाउँपालिकामा र ७ गते भित्र जिल्ला/जन स्वास्थ्य कार्यालयमा पुगिसक्ने गरी पठाउनुपर्दछ । स्वास्थ्य संस्था स्वयंले मासिक प्रगती प्रतिवेदनहरू Online Software मा प्रविष्टि गर्ने भए ७ गते भित्र र जिल्ला/जन स्वास्थ्य कार्यालयले २० गतेभित्र सबै प्रतिवेदनहरू Software मा प्रविष्टि गरिसक्नुपर्नेछ ।

सेवा पाउनेको विवरण	निर्देशन
नयाँ सेवाग्राहीको सङ्ख्या	मूल दर्ता रजिस्टरको हरेक पानाको अन्तमा नयाँ सेवाग्राही (महल २) को प्रतिवेदन गर्ने महिनाको कुल सङ्ख्या जोड गरी उमेर र लिङ्गअनुसार सम्बन्धित महलमा चढाउनुपर्दछ ।
जम्मा सेवाग्राहीको सङ्ख्या	मूल दर्ता रजिस्टरको हरेक पानाको अन्तमा जम्मा सेवाग्राही (महल १) को प्रतिवेदन गर्ने महिनाको कुल सङ्ख्या जोड गरी उमेर र लिङ्गअनुसार सम्बन्धित महलमा चढाउनुपर्दछ ।
स्वास्थ्य संस्थाभित्रको निकाय	
गाउँघर क्लिनिक जम्मा (सङ्ख्या)	समूदाय स्तर स्वास्थ्य कार्यक्रमहरूको मासिक प्रतिवेदन खोप तथा गाउँघर क्लिनिक (HMIS 9.2) को सञ्चालन हुनुपर्ने गाउँघर क्लिनिकको सङ्ख्याबाट उतार गरी यस महलमा चढाउनुपर्दछ ।
गाउँघर क्लिनिक सञ्चालन भएको सङ्ख्या	समूदाय स्तर स्वास्थ्य कार्यक्रमहरूको मासिक प्रतिवेदनः खोप तथा गाउँघर क्लिनिक (HMIS 9.2) को यस महिनामा सञ्चालन भएको गाउँघर क्लिनिकको सङ्ख्याबाट उतार गरी यस महलमा चढाउनुपर्दछ ।
गाउँघर क्लिनिकबाट सेवा दिएको जम्मा सङ्ख्या	समूदाय स्तर स्वास्थ्य कार्यक्रमहरूको मासिक प्रतिवेदनः खोप तथा गाउँघर क्लिनिक (HMIS 9.2)को सेवा दिएको सङ्ख्या (क्लिनिकमा दर्ताको आधारमा) को जम्माको सङ्ख्याबाट उतार गरी यस महलमा चढाउनुपर्दछ ।
खोप क्लिनिक जम्मा	समूदाय स्तर स्वास्थ्य कार्यक्रमहरूको मासिक प्रतिवेदनः खोप तथा गाउँघर क्लिनिक

सेवा पाउनेको विवरण	निर्देशन
सङ्ख्या	(HMIS 9.2) को सञ्चालन हुनुपर्ने खोप क्लिनिकको सङ्ख्याबाट उतार गरी यस महलमा चढाउनुपर्दछ।
खोप क्लिनिक सञ्चालन भएको सङ्ख्या	समूदाय स्तर स्वास्थ्य कार्यक्रमहरूको मासिक प्रतिवेदनः खोप तथा गाउँघर क्लिनिक (HMIS 9.2) को यस महिनामा सञ्चालन भएको खोप क्लिनिकको सङ्ख्याबाट उतार गरी यस महलमा चढाउनुपर्दछ ।
खोप क्लिनिकबाट सेवा दिएको जम्मा सङ्ख्या	समूदाय स्तर स्वास्थ्य कार्यक्रमहरूको मासिक प्रतिवेदनः खोप तथा गाउँघर क्लिनिक (HMIS 9.2) को खोप क्लिनिकबाट सेवा दिएको जम्मा सङ्ख्याबाट उतार गरी यस महलमा चढाउनुपर्दछ ।
खोप सेसन सञ्चालन हुनुपर्ने जम्मा सङ्ख्या	समूदाय स्तर स्वास्थ्य कार्यक्रमहरूको मासिक प्रतिवेदनः खोप तथा गाउँघर क्लिनिक (HMIS 9.2) को सञ्चालन हुनुपर्ने खोप सेसन सङ्ख्याबाट उतार गरी यस महलमा चढाउनुपर्दछ ।
खोप सेसन सञ्चालन भएको जम्मा सङ्ख्या	समूदाय स्तर स्वास्थ्य कार्यक्रमहरूको मासिक प्रतिवेदनः खोप तथा गाउँघर क्लिनिक (HMIS 9.2)को यस महिनामा सञ्चालन भएका खोप सेसन सङ्ख्याबाट उतार गरी यस महलमा चढाउनुपर्दछ ।
स्वास्थ्य संस्थाको प्रकार	प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, सहरी स्वास्थ्य केन्द्र, सामुदायिक स्वास्थ्य एकाइमध्ये आफ्नो स्वास्थ्य संस्थाको प्रकारमा गोलो घेरा लगाउनुपर्दछ ।
उपलब्ध सेवाहरू	आफ्नो स्वास्थ्य संस्थामा उपलब्ध भए जति सेवामा गोलो घेरा लगाउनुपर्दछ ।
तयार गर्नेको दस्तखत र नाम	तयार गर्ने कर्मचारीको नाम र पद लेखी दस्तखत गर्नुपर्छ ।
प्रमाणित गर्नेको दस्तखत र नाम	प्रमाणित गर्ने स्वास्थ्य संस्थाको इन्चार्जको नाम, पद लेखी दस्तखत गर्नुपर्दछ ।

१. खोप कार्यक्रम

समूदायस्तर स्वास्थ्य कार्यक्रमको मासिक प्रतिवेदन फाराम (HMIS 9.2)का आधारमा खोप कार्यक्रमको प्रगति प्रतिवेदन तयार गर्नुपर्दछ । खोप कार्यक्रमको अभिलेख खोप रजिस्टर (HMIS 2.3) मा राखिएको हुन्छ । स्वास्थ्य संस्थाले प्रतिवेदन तयार गर्दा सम्बन्धित महिनामा सञ्चालन भएका सबै खोप क्लिनिकहरूको प्रतिवेदन समावेश भएको निश्चित गर्नुपर्दछ । साथै उक्त महिनामा खोप सञ्चालनका लागि प्राप्त भएको भ्याक्सिन, खर्च भएको भ्याक्सिन र फिर्ता गरेको भ्याक्सिनको विवरणसमेत अद्यावधिक गर्नुपर्दछ । प्रतिवेदन तयार गर्दा सम्बन्धित सेवा रजिस्टरमा अभिलेख गरिएको तथ्याङ्कसँग समूदायस्तर स्वास्थ्य कार्यक्रमको प्रतिवेदन दुरुस्त भए/नभएको यकिन गर्नुपर्दछ ।

संस्थागत क्लिनिक तथा अन्य संस्थाले खोप कार्यक्रमको प्रतिवेदन खोप रजिस्टर (HMIS 2.3) बाट समायोजन फाराम (HMIS 1.6)मा ट्याली गरेर मात्र यो प्रतिवेदन तयार गर्नुपर्दछ । खोपपश्चात् भएका अवाञ्छित घटना (AEFI) हरूको अभिलेख खोप रजिस्टर (HMIS 2.3) को पछाडिपट्टि राखिएको हुन्छ । यदि प्रतिवेदन गर्ने महिनामा खोपपश्चात् भएका अवाञ्छित घटनाहरू भएका भए खोप रजिस्टरको अभिलेखबाट सम्बन्धित खोप लगाएपछि भएका घटनाको सङ्ख्या यस प्रतिवेदनमा समावेश गर्नुपर्दछ ।

सूचकहरू		निर्देशन
खोप पाएका बच्चाहरूको सङ्ख्या	बी.सी.जी.	एक वर्षभन्दा मुनिका बी.सी.जी. पाएका बच्चाहरूको सङ्ख्या समूदायस्तर स्वास्थ्य कार्यक्रमको मासिक प्रतिवेदन(HMIS 9.2) बाट वा समायोजन फारामबाट यस महलमा चढाउनुपर्दछ ।
	डी.पी.टी.-हेप बी-हिब (पहिलो, दोस्रो, तेस्रो)	एक वर्षभन्दा मुनिका डी.पी.टी./हेप वि./हिबको पहिलो, दोस्रो, तेस्रो मात्रा पाएका बच्चाहरूको सङ्ख्या समूदायस्तर स्वास्थ्य कार्यक्रमको मासिक प्रतिवेदन (HMIS 9.2)बाट वा समायोजन फाराम (HMIS 1.6) बाट यस शीर्षकको सम्बन्धित महलमा चढाउनुपर्दछ ।
	पोलियो	एक वर्षभन्दा मुनिका पोलियोको पहिलो, दोस्रो, तेस्रो मात्रा पाएका बच्चाहरूको सङ्ख्या

सूचकहरू		निर्देशन
	(पहिलो, दोस्रो, तेस्रो)	समूदायस्तर स्वास्थ्य कार्यक्रमको मासिक प्रतिवेदन (HMIS 9.2)बाट वा समायोजन फाराम बाट (HMIS 1.6) यस शीर्षकको सम्बन्धित महलमा चढाउनुपर्दछ ।
	पी.सी.भी. (पहिलो, दोस्रो, तेस्रो)	एक वर्षभन्दा मुनिका पी.सी.भी.भ्याक्सिनको पहिलो, दोस्रो, तेस्रो मात्रा पाएका बच्चाहरूको सङ्ख्या समूदायस्तर स्वास्थ्य कार्यक्रमको मासिक प्रतिवेदन(HMIS 9.2)बाट वा समायोजन फाराम (HMIS 1.6) बाट यस शीर्षकको सम्बन्धित महलमा चढाउनुपर्दछ ।
	रोटा (पहिलो, दोस्रो)	एक वर्षभन्दा मुनिका पी.सी.भी.भ्याक्सिनको पहिलो, दोस्रो मात्रा पाएका बच्चाहरूको सङ्ख्या समूदायस्तर स्वास्थ्य कार्यक्रमको मासिक प्रतिवेदन(HMIS 9.2)बाट वा समायोजन फाराम (HMIS 1.6) बाट यस शीर्षकको सम्बन्धित महलमा चढाउनुपर्दछ ।
	एफ.आई.पि.भि (पहिलो,दोश्रो)	एक वर्षभन्दा मुनिका एफ.आई.पि.भिपहिलो, दोस्रो मात्रा पाएका बच्चाहरूको सङ्ख्या समूदायस्तर स्वास्थ्य कार्यक्रमको मासिक प्रतिवेदन(HMIS 9.2)बाट वा समायोजन फाराम(HMIS 1.6) बाट यस महलमा चढाउनुपर्दछ ।
	दादुरा/रुबेला (९-११, १२-२३)	नौ (९) महिनामा र १५ महिनामा दादुरा/रुबेला खोप पाएका बच्चाहरूको सङ्ख्या समूदाय स्तर स्वास्थ्य कार्यक्रमको मासिक प्रतिवेदन (HMIS 9.2)बाट वा समायोजन फाराम (HMIS 1.6) बाट यस शीर्षकको सम्बन्धित महलमा चढाउनुपर्दछ ।
	जापानिज इन्सेफिलाइटिस (१२-२३)	बाह्र १२ महिनामा जापानिज इन्सेफिलाइटिस खोप पाएका बच्चाहरूको सङ्ख्या समूदाय स्तर स्वास्थ्य कार्यक्रमको मासिक प्रतिवेदन (HMIS 9.2)बाट वा समायोजनफाराम (HMIS 1.6) बाट यस शीर्षकको सम्बन्धित महलमा चढाउनुपर्दछ ।
	एक वर्ष उमेरपछि डी.पी.टी.-हेप वि.-हिव र पोलियो ३ मात्रा पूरा गरेका	एक वर्ष उमेर पूरा भएपछि डी.पी.टी.-हेप वि.-हिव र पोलियोको ३ मात्रा पूरा गरेका बच्चाहरूको सङ्ख्या समूदाय स्तर स्वास्थ्य कार्यक्रमको मासिक प्रतिवेदन (HMIS 9.2)बाट वा समायोजन फाराम (HMIS 1.6) बाट यस शीर्षकको सम्बन्धित महलमा चढाउनुपर्दछ ।
खोप पाएका गर्भवती महिलाहरूको सङ्ख्या	टी.डी. (पहिलो, दोस्रो, दोस्रो+)	गर्भवती महिलालाई गर्भावस्थामा दिइएको टी.डी. खोपको प्रतिवेदन यस भागमा गर्नुपर्दछ । टी.डी.खोपको पहिलो, दोस्रो र दोस्रो+ खोप पाएका गर्भवती महिलाहरूको सङ्ख्या समूदायस्तर स्वास्थ्य कार्यक्रमको मासिक प्रतिवेदन (HMIS 9.2)बाट वा समायोजन फाराम (HMIS 1.6) बाट यस शीर्षकको सम्बन्धित महलमा चढाउनुपर्दछ ।
यस महिनामा प्राप्त भएको खोप (डोजमा)	बी.सी.जी., डी.पी.टी.-हेप बी-हिब, पोलियो, पी.भी.सी.,रोटा,एफ.आई.पि.भि, दादुरा-रुबेला, जे.ई., टी.डी.	यस महिनामा खोप कार्यक्रम सञ्चालनका लागि स्वास्थ्य संस्थामा प्राप्त भएको जम्मा खोप (डोजमा) समूदायस्तर स्वास्थ्य कार्यक्रमको मासिक प्रतिवेदन (HMIS 9.2)बाट वा समायोजन फाराम (HMIS 1.6) वाट सम्बन्धित खोपको महलमा चढाउनुपर्दछ । बिभिन्न खोपहरू फरक-फरक मात्राको भायलमा प्राप्त हुने हुँदा खोप प्राप्त गर्ने समयमा कुन खोप कति मात्राको भायलमा प्राप्त भएको छ, सो को यकिन गरी अभिलेख गर्नुपर्दछ ।
यस महिनामा खर्च भएको खोप (डोजमा)	बी.सी.जी, डी.पी.टी.-हेप बी-हिब, पोलियो, पी.भी.सी.,रोटा, एफ.आई.पि.भि, दादुरा-रुबेला, जे.ई., टी.डी.	यस महिनामा खोप कार्यक्रम सञ्चालनका लागि खर्च भएको खोप (डोजमा) समूदायस्तर स्वास्थ्य कार्यक्रमको मासिक प्रतिवेदन (HMIS 9.2)बाट वा समायोजन फाराम (HMIS 1.6) वाट सम्बन्धित खोपको महलमा चढाउनुपर्दछ । खर्च भएको खोप डोज भन्नाले बच्चालाई दिएको जम्मा खोप डोज र क्लिनिकमा ल्याएको तर प्रयोग नभई खेर गएको समेत बुझ्नुपर्दछ । प्रयोग नभई नखोलिएका भायलहरू र पछि प्रयोग गर्न मिल्ने बाँकी रहेका खोपहरू सुरक्षित तवरले सम्बन्धित कोल्डचेन सेन्टरमा सुरक्षित तवरले अनिवार्य रूपमा फिर्ता गर्नुपर्दछ । यसरी फिर्ता गरेका खोपको मात्रा खर्च भएको खोपमा गणना गर्नु हुँदैन ।
ए.ई.एफ.आई. भएका सङ्ख्या		खोप लगाए पश्चात् कुनै अबाञ्छित घटना (ए.ई.एफ.आई.) देखिएको भएमा कुन खोप लगाए पश्चात् भएको हो, मासिक प्रतिवेदन (HMIS 9.2)बाट वा समायोजन फाराम (HMIS 1.6) वाट सम्बन्धित खोपको महलमा चढाउनुपर्दछ ।

२. समूदायमा आधारित नवजात शिशु तथा बालरोगको एकीकृत व्यवस्थापन कार्यक्रम

स्वास्थ्य संस्थाहरूले समूदायमा आधारित नवजात शिशु तथा बालरोगको एकीकृत व्यवस्थापन (CB-IMNCI) कार्यक्रम अन्तर्गत प्रदान गरेको सेवाको अभिलेख नवजात शिशु तथा बालरोगको एकीकृत व्यवस्थापन रजिस्टर (HMIS 2.4) मा र गाउँघर क्लिनिकमा प्रदान गरेको सेवाको अभिलेख गाउँघर क्लिनिक रजिस्टर (HMIS-4.1) मा राखिएको हुन्छ। स्वास्थ्य संस्थाहरूले यस कार्यक्रमको प्रतिवेदन तयार गर्दा नवजात शिशु तथा बालरोगको एकीकृत व्यवस्थापन रजिस्टर (HMIS 2.4) मा रहेका २ महिनाभन्दा कम उमेरका शिशुहरूको अभिलेख गर्ने खण्ड र २ महिनादेखि ५९ महिनासम्म (५ वर्षभन्दा मुनि) का बच्चाहरूको अभिलेख गर्ने खण्डबाट समायोजन फारामको प्रयोग गरी छुट्टाछुट्टै तयार गर्नुपर्दछ । स्वास्थ्य कार्यकर्ताहरूले गाउँघर क्लिनिकमा प्रदान गरेको सेवाको प्रतिवेदन समूदायस्तर स्वास्थ्य कार्यक्रमको मासिक प्रतिवेदन (HMIS 9.2) बाट सम्बन्धित महलहरूमा उतार गर्नुपर्दछ।

स्वास्थ्य संस्था स्तर

२ महिनाभन्दा कम उमेरको		निर्देशन
जम्मा बिरामी		CB IMNCI Register (HMIS 2.4) को २ महिना भन्दा कम उमेर समूहको खण्डबाट प्रतिवेदन अवधि (महिना) मा २ महिनाभन्दा कम उमेरका जम्मा बिरामी शिशुको सङ्ख्या महल नं. ४ वाट २८ दिनभन्दा कम र २९ देखि ५९ दिनसम्मको छुट्टाछुट्टै गणना गरी सम्बन्धित महलमा लेख्नुपर्दछ।
वर्गीकरण सङ्ख्या	गम्भीर सङ्क्रमण	CB IMNCI Register (HMIS 2.4) को २ महिना भन्दा कम उमेर समूहको खण्डबाट २ महिनाभन्दा कम उमेरका महल नं. १३ मा ब्याक्टेरियाको सम्भावित गम्भीर सङ्क्रमण (PSBI) वर्गिकरण गरिएका बिरामी शिशुको सङ्ख्या २८ दिनभन्दा कम र २९ देखि ५९ दिनसम्मको छुट्टाछुट्टै गणना गरी सम्बन्धित महलमा लेख्नुपर्दछ।
	स्थानीय सङ्क्रमण	CB IMNCI Register (HMIS 2.4) को २ महिना भन्दा कम उमेर समूहको खण्डबाट २ महिनाभन्दा कम उमेरका महल नं. १३ मा ब्याक्टेरियाको स्थानीय सङ्क्रमण (LBI) वर्गिकरण गरिएका बिरामी शिशुको सङ्ख्या २८ दिनभन्दा कम र २९ देखि ५९ दिनसम्मको छुट्टाछुट्टै गणना गरी सम्बन्धित महलमा लेख्नुपर्दछ।
	कडा कमल पित्त (जण्डिस)	CB IMNCI Register (HMIS 2.4) को २ महिना भन्दा कम उमेर समूहको खण्डबाट २ महिनाभन्दा कम उमेरका महल नं. १३ मा कडा कमलपित्त (कडा जण्डिस) वर्गिकरण गरिएका बिरामी शिशुको सङ्ख्या २८ दिनभन्दा कम र २९ देखि ५९ दिनसम्मको छुट्टाछुट्टै गणना गरी सम्बन्धित महलमा लेख्नुपर्दछ।
	कमतौल/स्तनपान सम्बन्धी समस्या	CB IMNCI Register (HMIS 2.4) को २ महिना भन्दा कम उमेर समूहको खण्डबाट २ महिनाभन्दा कम उमेरका महल नं. १३ मा *कम तौल/स्तनपान सम्बन्धी समस्या भएका* वर्गिकरण गरिएका बिरामी शिशुको सङ्ख्या २८ दिनभन्दा कम र २९ देखि ५९ दिनसम्मको छुट्टाछुट्टै गणना गरी सम्बन्धित महलमा लेख्नुपर्दछ।
उपचार	एमोक्सिसिलिन	CB IMNCI Register (HMIS 2.4) को २ महिना भन्दा कम उमेर समूहको खण्डबाट २ महिनाभन्दा कम उमेरका बिरामी शिशुहरू मध्ये महल नं. १६ को एमोक्सिसिलिन बाट उपचार गरिएका जम्मा सङ्ख्या २८ दिनभन्दा कम र २९ देखि ५९ दिनसम्मको छुट्टाछुट्टै गणना गरी सम्बन्धित महलमा लेख्नुपर्दछ।
	एम्पिसिलिन	CB IMNCI Register (HMIS 2.4) को २ महिना भन्दा कम उमेर समूहको खण्डबाट २ महिनाभन्दा कम उमेरका बिरामी शिशुहरूमध्ये महल नं. १६ को एम्पिसिलिन बाट उपचार गरिएका जम्मा सङ्ख्या २८ दिनभन्दा कम र २९ देखि ५९ दिनसम्मको छुट्टाछुट्टै गणना गरी सम्बन्धित महलमा लेख्नुपर्दछ।
	जेन्टामाइसिन (गम्भिर संक्रमण भएका मात्र)	CB IMNCI Register (HMIS 2.4) को २ महिना भन्दा कम उमेर समूहको खण्डबाट २ महिनाभन्दा कम उमेरका बिरामी शिशुहरूमध्ये महल नं १३ मा ***गम्भिर संक्रमण*** वर्गिकरण भई जेन्टामाइसिनबाट उपचार पाएका शिशुहरूको सङ्ख्या महल १६ वाट जेन्टामाइसिनको पहिलो डोज (१) मा गोलो लागेका र पूरा मात्रा (७) मा गोलो लागेका छुट्टाछुट्टै गणना गरी सम्बन्धित महलमा लेख्नुपर्दछ। *(गम्भिर संक्रमण भएका बाहेक अन्यलाई जेन्टामाइसिन बाट उपचार गरिएको संख्या यस महलमा समावेश गर्नु हुँदैन)*
	कोट्रिम पी.	CB IMNCI Register (HMIS 2.4) को २ महिना भन्दा कम उमेर समूहको खण्डबाट २

२ महिनाभन्दा कम उमेरको		निर्देशन
		महिनाभन्दा कम उमेरका बिरामी शिशुहरूमध्ये महल १६ को कोट्रिम पी.बाट उपचार पाएका जम्मा सङ्ख्या २८ दिनभन्दा कम र २९ देखि ५९ दिनसम्मको छुट्टाछुट्टै गणना गरी सम्बन्धित महलमा लेख्नुपर्दछ ।
	अन्य एन्टिबायोटिक	CB IMNCI Register (HMIS 2.4) को २ महिना भन्दा कम उमेर समूहको खण्डबाट २ महिनाभन्दा कम उमेरका बिरामी शिशुहरूमध्ये महल १६ मा एमोक्सिसिलिन, एम्पिसिलिन, जेन्टामाइसिन र कोट्रिम बाहेक अन्य एन्टिबायोटिकबाट उपचार गरेको शिशुको सङ्ख्या गणना गरी सम्बन्धित महलमा लेख्नुपर्दछ ।
रेफर		CB IMNCI Register (HMIS 2.4) को २ महिना भन्दा कम उमेर समूहको खण्डबाट २ महिनाभन्दा कम उमेरका जम्मा बिरामी शिशुहरूमध्ये महल १९ वाट उपचार क्रममा रेफर भएका जम्मा सङ्ख्या २८ दिनभन्दा कम र २९ देखि ५९ दिनसम्मको छुट्टाछुट्टै गणना गरी सम्बन्धित महलमा लेख्नुपर्दछ ।
फलोअप		CB IMNCI Register (HMIS 2.4) को २ महिना भन्दा कम उमेर समूहको खण्डबाट २ महिनाभन्दा कम उमेरका जम्मा बिरामी शिशुहरूमध्ये उपचार को क्रममा फलोअपमा आएका जम्मा शिशुहरूको सङ्ख्या महल २० वाट गणना गरी सम्बन्धित महलमा लेख्नुपर्दछ ।
मृत्यु		CB IMNCI Register (HMIS 2.4) को २ महिना भन्दा कम उमेर समूहको खण्डबाट २ महिनाभन्दा कम उमेरका जम्मा बिरामी शिशुहरूमध्ये उपचारको क्रममा मृत्यु भएको(***स्वास्थ्य संस्थामा मृत्यू भएको मात्र***) सङ्ख्या २८ दिनभन्दा कम र २९ देखि ५९ दिनसम्मको छुट्टाछुट्टै गणना गरी सम्बन्धित महलमा लेख्नुपर्दछ ।
गाउँघर क्लिनिक स्तर		
गाउँघर क्लिनिक		यस अन्तर्गतका महलहरूमा समूदायस्तर स्वास्थ्य कार्यक्रमको मासिक प्रतिवेदन (HMIS - 9.2) बाट सम्बन्धित महलहरूमा जस्ताको तस्तै उतार गर्नुपर्दछ ।

२ महिना देखि ५९ महिना सम्मका बच्चा (स्वास्थ्य संस्था स्तर)				
जम्मा बिरामी				CB IMNCI Register (HMIS 2.4) को २ महिना देखि ५९ महिना सम्म उमेर समूहको खण्डबाट प्रतिवेदन अबधि (सम्बन्धित महिना) मा स्वास्थ्य संस्थामा जँचाउन आएका २ महिना देखि ५ वर्ष उमेरका जम्मा बिरामी बच्चाको सङ्ख्या महल नं. १ वाट गणना गरी यस महलमा लेख्नुपर्दछ । यो प्रतिवेदन तयार गर्दा अनिवार्य रुपमा समायोजन फाराम (HMIS 1.6) प्रयोग गर्नुपर्दछ ।
बच्चाको वर्गीकरण सङ्ख्या	श्वास- प्रश्वास	निमोनिया नभएको रुघाखोकी		CB IMNCI Register (HMIS 2.4) बाट २ महिनादेखि ५९ महिना सम्मका श्वासप्रश्वास रोग लागेका जम्मा बिरामीमध्ये **निमोनिया नभएका रुघाखोकी** को सङ्ख्या महल नं. १७ वाट गणना गरी सो को विवरण यस महलमा लख्नुपर्दछ ।
		निमोनिया		CB IMNCI Register (HMIS 2.4) बाट २ महिनादेखि ५९ महिना सम्मका श्वासप्रश्वास रोग लागेका जम्मा बिरामीमध्ये **निमोनिया** भएका को सङ्ख्या महल नं. १७ वाट गणना गरी सो को विवरण यस महलमा लख्नुपर्दछ ।
		कडा निमोनिया/ धेरै कडा रोग		CB IMNCI Register (HMIS 2.4) बाट २ महिनादेखि ५९ महिना सम्मका श्वासप्रश्वास रोग लागेका जम्मा बिरामीमध्ये **कडा निमोनिया/धेरै कडा रोग** भएका को सङ्ख्या महल नं. १७ वाट गणना गरी सो को विवरण यस महलमा लख्नुपर्दछ ।
बच्चाको वर्गीकरण सङ्ख्या	झाडापखाला	जलवियोजनको वर्गीकरण	जल वियोजन नभएको	CB IMNCI Register (HMIS 2.4) बाट २ महिनादेखि ५९ महिना सम्मका झाडापखाला रोग लागेका जम्मा बिरामीमध्ये **जल वियोजन नभएका** को सङ्ख्या महल नं. १७ वाट गणना गरी सो को विवरण यस महलमा लख्नुपर्दछ ।
			केही जल वियोजन भएका	CB IMNCI Register (HMIS 2.4) बाट २ महिनादेखि ५९ महिना सम्मका झाडापखाला रोग लागेका जम्मा बिरामीमध्ये **केही जल वियोजन भएका** को सङ्ख्या महल नं. १७ वाट गणना गरी सो को विवरण यस महलमा लख्नुपर्दछ ।
			कडा जल वियोजन	CB IMNCI Register (HMIS 2.4) बाट २ महिनादेखि ५९ महिना सम्मका झाडापखाला रोग लागेका जम्मा बिरामीमध्ये **कडा जल वियोजन भएका** को सङ्ख्या महल नं. १७ वाट गणना गरी सो को विवरण यस महलमा लख्नुपर्दछ ।

२ महिना देखि ५९ महिना सम्मका बच्चा (स्वास्थ्य संस्था स्तर)			
		दीर्घ झाडाखाला	CB IMNCI Register (HMIS 2.4) बाट २ महिनादेखि ५९ महिना सम्मका झाडापखाला रोग लागेका बच्चाहरूको जम्मा सङ्ख्यामध्ये **दीर्घ झाडाखाला** भएकाहरूको वर्गीकरण गरिएका सङ्ख्या महल नं. १७ वाट गणना गरी यस महलमा लेख्नुपर्दछ ।
		आउँ/रगत	CB IMNCI Register (HMIS 2.4) बाट २ महिनादेखि ५९ महिना सम्मका झाडापखाला रोग लागेका बच्चाहरूको जम्मा सङ्ख्यामध्ये **आउँ/रगत** भएकाहरूको वर्गीकरण गरिएका सङ्ख्या महल नं. १७ वाट गणना गरी यस महलमा लेख्नुपर्दछ ।
बच्चाको वर्गीकरण सङ्ख्या	फाल्सिपेरम औलो		CB IMNCI Register (HMIS 2.4) बाट २ महिनादेखि ५९ महिना सम्मका बच्चाहरू मध्ये **फाल्सिपेरम औलो** (Plasmodium Falciparum र PMix) भएको सङ्ख्या HMIS 2.4 को महल नं ४(कोड नं. ११ मा गोलो लगाएको) आधारमा महल १७ बाट गणना गरी यस महलमा लेख्नुपर्दछ ।
	फाल्सिपेरम नभएको औलो		CB IMNCI Register (HMIS 2.4) बाट २ महिनादेखि ५९ महिना सम्मका बच्चाहरू मध्ये Plasmodium Falciparum वाहेक अन्य औलो ***(Plasmodium Vivax)*** भएका सङ्ख्या HMIS 2.4 को महल नं ४ (कोड नं. १२ मा गोलो लगाएको) आधारमा महल १७ बाट गणना गरी यस महलमा लेख्नुपर्दछ ।
	धेरै कडा ज्वरोजन्य रोग/कडा जटिल औलो		CB IMNCI Register (HMIS 2.4) बाट २ महिनादेखि ५९ महिना सम्मका बच्चाहरूमध्ये धेरै कडा ज्वरोजन्य रोग/कडा जटिल औलो रोग वर्गीकरण गरिएकाहरूको सङ्ख्या वर्गीकरण महलबाट (महल नं. १७) गणना गरी यस महलमा चढाउनुपर्दछ ।
बच्चाको वर्गीकरण सङ्ख्या	दादुरा		CB IMNCI Register (HMIS 2.4) बाट २ महिनादेखि ५९ महिना सम्मका बच्चाहरु मध्ये मुख्य वर्गिकरणको महल (महल नं. १७) मा **दादुरा** रोग वर्गीकरण गरिएका बच्चाको सङ्ख्या गणना गरी यस महलमा लेख्नुपर्दछ ।
	कानको समस्या		CB IMNCI Register (HMIS 2.4) बाट २ महिनादेखि ५९ महिना सम्मका बच्चाहरु मध्ये मुख्य वर्गिकरणको महल (महल नं. १७) मा **कानको समस्या** भएका वर्गीकरण गरिएका बच्चाको सङ्ख्या गणना गरी यस महलमा लेख्नुपर्दछ ।
	ज्वरो		CB IMNCI Register (HMIS 2.4) बाट २ महिनादेखि ५९ महिना सम्मका बच्चाहरु मध्ये मुख्य वर्गिकरणको महल (महल नं. १७) मा **ज्वरो** वर्गीकरण गरिएकाहरूको सङ्ख्या गणना गणना गरी यस महलमा लेख्नुपर्दछ ।
	कडा कुपोषण		CB IMNCI Register (HMIS 2.4) बाट २ महिनादेखि ५९ महिना सम्मका बच्चाहरु मध्ये मुख्य वर्गिकरणको महल (महल नं. १७) मा **कडा कुपोषण** वर्गीकरण गरिएकाहरूको सङ्ख्या गणना गरी यस महलमा लेख्नुपर्दछ ।
	रक्त अल्पता		CB IMNCI Register (HMIS 2.4) बाट २ महिनादेखि ५९ महिना सम्मका बच्चाहरु मध्ये मुख्य वर्गिकरणको महल (महल नं. १७) मा **रक्त अल्पता** वर्गीकरण गरिएकाहरूको सङ्ख्या गणना गरी यस महलमा लेख्नुपर्दछ ।
	अन्य		CB IMNCI Register (HMIS 2.4) बाट २ महिनादेखि ५९ महिना सम्मका बच्चाहरु मध्ये मुख्य वर्गिकरणको महल (महल नं. १७) मा माथि उल्लेख गरिएका वर्गीकरणहरू बाहेक अन्य वर्गीकरण गरिएका बच्चाहरूको सङ्ख्या गणना गरी यस महलमा लेख्नुपर्दछ ।
उपचार	कडा/निमोनिया भएका मध्ये	एमोक्सिसिलिन	२ महिनादेखि ५९ महिना सम्मका बच्चाहरूको जम्मा सङ्ख्यामध्ये कडा/निमोनिया बर्गिकरण गरिएका बच्चाहरु मध्ये IMNCI Register (HMIS 2.4) को औषधीको प्रयोग महल (महल नं. २०) बाट **एमोक्सिसिलिन** बाट उपचार भएको सङ्ख्या गणना गरी यस महलमा लेख्नुपर्दछ । *कडा/निमोनिया भएका बाहेक अन्य वच्चालाई उपचारको क्रममा एमोक्सिसिलिन प्रयोग गरिएको भए उक्त संख्या यस महलमा समावेश गर्नुहुदैन ।*
		कोट्रिम पी.	२ महिनादेखि ५९ महिना सम्मका बच्चाहरूको जम्मा सङ्ख्यामध्ये कडा/निमोनिया बर्गिकरण गरिएका बच्चाहरु मध्ये IMNCI Register (HMIS 2.4) को औषधीको प्रयोग महल (महल नं. २०) बाट **कोट्रिम पी.** बाट उपचार भएको सङ्ख्या गणना गरी यस महलमा लेख्नुपर्दछ । *कडा/निमोनिया भएका बाहेक अन्य वच्चालाई उपचारको क्रममा एमोक्सिसिलिन प्रयोग गरिएको भए उक्त संख्या यस महलमा समावेश गर्नुहुदैन ।*
		अन्य एन्टिवायोटिक	२ महिनादेखि ५९ महिना सम्मका बच्चाहरूको जम्मा सङ्ख्यामध्ये कडा/निमोनिया बर्गिकरण गरिएका बच्चाहरु मध्ये IMNCI Register (HMIS 2.4) को औषधीको प्रयोग महल (महल नं. २०) बाट **अन्य एन्टिबायोटिकबाट** बाट उपचार भएको सङ्ख्या गणना गरी यस महलमा लेख्नुपर्दछ ।

२ महिना देखि ५९ महिना सम्मका बच्चा (स्वास्थ्य संस्था स्तर)		
	ओ.आर.एस र जिङ्क चक्की	२ महिनादेखि ५९ महिना सम्मका बच्चाहरूको जम्मा सङ्ख्यामध्ये IMNCI Register (HMIS 2.4) को औषधीको प्रयोग गरिएको महल (महल २०) बाट **ओ.आर.एस र जिङ्क चक्की** बाट उपचार गरिएको बच्चाहरूको सङ्ख्या गणना गरी यस महलमा लेख्नुपर्दछ ।
	आई भी फ्लुइड	२ महिनादेखि ५९ महिना सम्मका बच्चाहरूको जम्मा सङ्ख्यामध्ये IMNCI Register (HMIS 2.4) को औषधीको प्रयोग गरिएको महल (महल २०) बाट **आई भी फ्लुड** बाट उपचार गरिएको बच्चाहरूको सङ्ख्या गणना गरी यस महलमा लेख्नुपर्दछ ।
	जुकाको औषधी	२ महिनादेखि ५९ महिना सम्मका बच्चाहरूको जम्मा सङ्ख्यामध्ये IMNCI Register (HMIS 2.4) को औषधीको प्रयोग गरिएको महल (महल २०) बाट **जुकाको औषधी** बाट उपचार गरिएको बच्चाहरूको सङ्ख्या गणना गरी यस महलमा लेख्नुपर्दछ ।
	भिटामिन ए	२ महिनादेखि ५९ महिना सम्मका बच्चाहरूको जम्मा सङ्ख्यामध्ये IMNCI Register (HMIS 2.4) को औषधीको प्रयोग गरिएको महल (महल २०) बाट **भिटामिन ए** बाट उपचार गरिएको बच्चाहरूको सङ्ख्या गणना गरी यस महलमा लेख्नुपर्दछ ।
रेफर	श्वासप्रश्वास, झाडापखाला, अन्य	CB IMNCI Register (HMIS 2.4) बाट उपचारको क्रममा माथिल्लो निकाय वा अन्य स्वास्थ्य संस्थामा प्रेषण गरिएका २ महिनादेखि ५९ महिना सम्मका बच्चाहरूमध्ये **श्वासप्रश्वाससम्बन्धी रोग वा झाडापखाला सम्बन्धी रोग वा अन्य रोगको** उपचारको लागि प्रेषण गरिएको बचचाहरुको संख्या छुट्टाछुट्टै गणना गरी सम्बन्धित महलमा लेख्नुपर्दछ ।
फलोअप		२ महिनादेखि ५९ महिनासम्मका बच्चाहरूको जम्मा सङ्ख्यामध्ये IMNCI Register (HMIS 2.4) को **फलोअपको** महल (महल २६ को कोड) बाट उपचारको क्रममा फलोअप गरिएका बच्चाहरूको सङ्ख्या गणना गरी यस महलमा लेख्नुपर्दछ ।
मृत्यु	श्वास- प्रश्वास, झाडापखाला, अन्य	CB IMNCI Register (HMIS 2.4) बाट उपचारको लागि आएका २ महिनादेखि ५ वर्षभन्दा मुनिका बच्चाहरूमध्ये श्वासप्रश्वाससम्बन्धी रोग वा झाडापखालासम्बन्धी रोग वा अन्य रोगको कारणले **स्वास्थ्य संस्थामा मृत्यु** भएको भएमा मृत्यु भएका बच्चाहरूको सङ्ख्या छुट्टाछुट्टै गणना गरी सम्बन्धित महलमा लेख्नुपर्दछ ।
गाउँघर क्लिनिक स्तर		
गाउँघर क्लिनिक		समूदायस्तर स्वास्थ्य कार्यक्रमको मासिक प्रतिवेदन (HMIS 9.2) बाट प्रतिवेदन भए अनुसार (HMIS 9.3) को नवजात शिशु तथा बालरोगको एकीकृत व्यवस्थापन कार्यक्रमको प्रतिवेदनमा सम्बन्धित महलहरूमा हुबहु उतार गर्नुपर्दछ ।

३. पोषण कार्यक्रम

पोषण कार्यक्रमको अभिलेख २ वर्षभन्दा मुनिका बाल-बालिकाको पोषण रजिस्टर, मातृ तथा नवशिशु स्वास्थ्य सेवा रजिस्टर र गाउँघर क्लिनिक रजिस्टरमा राखिएको हुन्छ । गाउँघर क्लिनिक सञ्चालन भएपश्चात् उक्त क्लिनिकमा २ वर्षभन्दा मुनिका बाल-बालिकाको वृद्धि अनुगमन गरिएको, ६ महिना सम्म स्तनपान मात्र गराईएको र ६ महिना पछि स्तनपान साथै थप खाना सुरु गरेको विवरण स्वास्थ्य संस्थामा रहेको पोषण रजिस्टर (HMIS 2.3) मा अद्यावधिक गर्नुपर्दछ । त्यसै गरी गाउँघर क्लिनिकबाट गर्भवती तथा सुत्केरी महिलाहरूलाई वितरण गरिएको आइरन चक्की, जुकाको औषधी तथा भिटामिन ए को विवरण स्वास्थ्य संस्थामा रहेको मातृ तथा नवशिशु स्वास्थ्य सेवा रजिस्टर (HMIS 3.6) मा अद्यावधिक गर्नुपर्दछ । *गाउँघर क्लिनिकवाट प्रदान गरिएको पोषण कार्यक्रमसँग सम्बन्धित सेवाहरुको विवरण सम्बन्धित सेवा रजिस्टरहरुमा अद्यावधिक हुने हुँदा (HMIS 9.3) मा प्रतिवेदन तयार गर्दा समूदाय स्तर स्वास्थ्य कार्यक्रमको मासिक प्रतिवेदन (HMIS 9.2) को प्रतिवेदन गरिएको संख्या जोड्नु हुँदैन ।*

सूचकहरु		निर्देशन
यस महिनामा बृद्धि अनुगमन गरिएका बच्चा संख्या		
वृद्धि अनुगमन गरिएका बाल बालिकाहरुको पोषण स्थिति (नयाँ तथा दोहर्‍याई आएका)	०-११ महिना (पहिलो पटक भेट)	**दुई बर्ष मुनिका बाल बालिकाहरुको पोषण रजिस्टर (HMIS 2.3)** बाट उमेर अनुसारको वृद्धि तथा पोषण अनुगमन अन्तरगत प्रतिबेदन गरिने महिनामा (मिति अनुसार) ० देखि ११ महिना उमेर समूहका पहिलो पटक बृद्धि अनुगमन गरिएका मध्ये सामान्य, जोखिम र अति जोखिम गणना गरी प्रतिवेदन फारामको सम्बन्धित कोठामा चढाउनुपर्दछ ।

सूचकहरू		निर्देशन
	१२-२३ महिना (पहिलो पटक भेट)	**दुई बर्ष मुनिका बाल बालिकाहरुको पोषण रजिस्टर (HMIS 2.3)** बाट उमेर अनुसारको वृद्धि तथा पोषण अनुगमन अन्तरगत प्रतिवेदन गरिने महिनामा (मिति अुनसार) १२ देखि २३ महिना उमेर समूहका पहिलो पटक बृद्धि अनुगमन गरिएका मध्ये सामान्य, जोखिम र अति जोखिम गणना गरी प्रतिवेदन फारामको सम्बन्धित कोठामा चढाउनुपर्दछ । ० देखि ११ महिना उमेर समूहमा तौल लिई दर्ता भइसकेका बाल-बालिकाहरू पनि १२-२३ महिनाको उमेर समूहमा पहिलो पटक तौल लिएको सङ्ख्या यसै महलमा लेख्नुपर्दछ।
	०-११ महिना (दोहऱ्याई आएको)	**दुई बर्ष मुनिका बाल बालिकाहरुको पोषण रजिस्टर (HMIS 2.3)** बाट उमेर अनुसारको वृद्धि तथा पोषण अनुगमन अन्तरगत प्रतिवेदन गरिने महिनामा (मिति अुनसार) ० देखि ११ महिना उमेर समूहका दोहऱ्याई आएको (पहिलो पटक बाहेक) बृद्धि अनुगमन गरिएका मध्ये सामान्य, जोखिम र अति जोखिम गणना गरी प्रतिवेदन फारामको सम्बन्धित कोठामा चढाउनुपर्दछ ।
	१२-२३ महिना (दोहऱ्याई आएको)	**दुई बर्ष मुनिका बाल बालिकाहरुको पोषण रजिस्टर (HMIS 2.3)** बाट उमेर अनुसारको वृद्धि तथा पोषण अनुगमन अन्तरगत प्रतिवेदन गरिने महिनामा (मिति अुनसार) १२ देखि २३ महिना उमेर समूहका दोहऱ्याई आएको (पहिलो पटक बाहेक) बृद्धि अनुगमन गरिएका मध्ये सामान्य, जोखिम र अति जोखिम गणना गरी प्रतिवेदन फारामको सम्बन्धित कोठामा चढाउनुपर्दछ ।
आइरन/जुकाको औषधी पाएका गर्भवती महिला	पहिलो पटक आइरन चक्की वितरण गरिएका	प्रतिवेदन गर्ने महिनामा गर्भवती जाँचका लागि दर्ता भएका गर्भवती महिलाहरूलाई पहिलो पटक आइरन वितरण गरिएको महिलाहरुको सङ्ख्या **मातृ तथा नवशिशु स्वास्थ्य सेवा रजिस्टर (HMIS 3.6)** को आइरन वितरण महलबाट गणना गरी सम्वन्धित कोठामा चढाउनुपर्दछ ।
	१८० चक्की आइरन पाएका	प्रतिवेदन गर्ने महिनामा गर्भावस्थामा पूर्ण मात्रा आइरन (१८० चक्की) पाएका गर्भवती महिलाहरूको सङ्ख्या **मातृ तथा नवशिशु स्वास्थ्य सेवा रजिस्टर (HMIS 3.6)** को गर्भवती सेवा अन्तर्गतको आइरन वितरण महल बाट नवौं महिनाको गर्भ जाँचको समय सम्ममा १८० चक्की आइरन पाएका गर्भवती महिलाहरूको सङ्ख्या गणना गरी लेख्नुपर्दछ । अर्थात गर्भावस्थामा १८० दिन आईरन खाएका महिलाहरुको संख्या गणना गर्नु पर्दछ ।
	जुकाको औषधी पाएका	प्रतिवेदन गर्ने महिनामा जुकाको औषधी वितरण गरिएको गर्भवती महिलाहरूको सङ्ख्या **मातृ तथा नवशिशु स्वास्थ्य सेवा रजिस्टर (HMIS 3.6)** को जुकाको औषधी वितरणको महलबाट सम्बन्धित महिनाको मिति गणना गरी यस महलमा लेख्नुपर्दछ ।
आइरन/भिटामिन ए पाएका सुत्केरी महिला	४५ चक्की आइरन पाएका	प्रतिवेदन गर्ने महिनामा सुत्केरी महिलाहरूलाई आइरन वितरण गरिएको सङ्ख्या **मातृ तथा नवशिशु स्वास्थ्य सेवा रजिस्टर (HMIS 3.6)** को सुत्केरी जाँचअन्तर्गतको ४५ चक्की आइरन वितरण महलबाट सम्बन्धित महिनाको मितिको आधारमा गणना गरी यस महलमा लेख्नुपर्दछ ।
	भिटामिन ए क्याप्सुल पाएका	प्रतिवेदन गर्ने महिनामा भिटामिन ए क्याप्सुल वितरण गरिएको सुत्केरी महिलाहरूको सङ्ख्या **मातृ तथा नवशिशु स्वास्थ्य सेवा रजिस्टर (HMIS 3.6)** को भिटामिन ए वितरणको महलबाट सम्बन्धित महिनाको मिति का आधारमा गणना गरी यस महलमा लेख्नुपर्दछ ।
भिटामिन ए र जुकाको औषधी पाएका ५ वर्षभन्दा मुनिका बाल-बालिकाको सङ्ख्या	भिटामिन ए पाएका (६ देखि ११ महिना/ १२ देखि ५९ महिना) /जुकाको औषधि	वैशाख र कार्तिक महिनामा आम वितरणमा ६ देखि ५९ महिनाका बाल बालिकाहरुलाई भिटामिन ए र १२ देखि ५९ महिनाका बाल बालिकाहरुलाई जुकाको औषधि खुवाएको प्रतिवेदन **दुई बर्ष मुनिका बाल बालिकाहरुको पोषण रजिस्टर (HMIS 2.3)** को अन्तिम पानाको एकमुष्ट प्रतिवेदनबाट उतार गरी भिटामिन ए को ६-११ महिना, १२-५९ महिना र जुकाको औषधि छुट्टाछुट्टै सम्वन्धित महलमा चढाउनुपर्दछ ।

सूचकहरु		निर्देशन
जुकाको औषधी पाएका छात्रा/छात्रहरू (अर्ध बार्षिक)	छात्रा/छात्र	विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रम अन्तर्गत लक्षित समूहका विद्यार्थीहरूले जुकाको औषधी पाएकाको सङ्ख्या **दुई बर्ष मुनिका बाल बालिकाहरुको पोषण रजिस्टर (HMIS 2.3)** को अन्तिम पानाको एकमुष्ट प्रतिवेदनबाट उतार गरी सम्बन्धित महलमा चढाउनुपर्दछ ।

शीघ्र कुपोषणको एकीकृत व्यवस्थापन (Integrated Management of Acute Malnutrition (IMAM) Program)

शीघ्र कुपोषणको एकीकृत व्यवस्थापन कार्यक्रमको अभिलेख शीघ्र कुपोषणको एकीकृत व्यवस्थापन रजिस्टर (HMIS 2.6) मा राखिएको हुन्छ । उक्त रजिस्टरबाट ट्याली सिटको प्रयोग गरी सम्बन्धित प्रतिवेदन फाराममा चढाउनुपर्दछ ।

सूचकहरु			निर्देशन
गत महिनाको अन्त सम्मका बच्चाहरुको जम्मा	६ महिना मुनि	महिला/पुरुष	गत महिनाको अन्त सम्मका बच्चाहरूको जम्मा संख्या **शीघ्र कुपोषणको एकीकृत व्यवस्थापन रजिस्टर (HMIS - 2.6)** मा दर्ता भई डिस्चार्ज नगरेको बिरामीहरु संख्या गणना गरी वा गत महिनाको प्रतिवेदनको (HMIS 9.3/9.4/9.5) महल नं. १३ बाट यस महलमा उमेर अनुसारको महिला र पुरुषको सङ्ख्या सम्बन्धित महलहरूमा चढाउनुपर्दछ ।
	६ देखि ५९ महिना	महिला/पुरुष	
नयाँ भर्ना	६ महिना मुनि	महिला/पुरुष	प्रतिबेदन तयार गर्ने महिनामा **शीघ्र कुपोषणको एकीकृत व्यवस्थापन रजिष्टर (HMIS - 2.6) मा** दर्ता भएका भर्नाको किसिम (महल २) अन्तरगत नयाँ भर्ना कोड १ (महल ३) मा गोलो घेरा लगाएको उमेर र लिङ्ग अनुसार गणना गरी सम्वन्धित महलमा चढाउनुपर्दछ ।
	६ देखि ५९ महिना	महिला/पुरुष	
पुनः भर्ना	६ महिना मुनि	महिला/पुरुष	प्रतिबेदन तयार गर्ने महिनामा **शीघ्र कुपोषणको एकीकृत व्यवस्थापन रजिष्टर (HMIS - 2.6) मा** दर्ता भएका भर्नाको किसिम (महल २) अन्तरगत पुन दर्ता भएको कोड २ (महल ३) मा गोलो घेरा लगाएको उमेर र लिङ्ग अनुसार गणना गरी सम्वन्धित महलमा चढाउनुपर्दछ ।
	६ देखि ५९ महिना	महिला/पुरुष	
रेफर (स्थानान्तरण) भइ आएका	६ महिना मुनि	महिला/पुरुष	प्रतिबेदन तयार गर्ने महिनामा **शीघ्र कुपोषणको एकीकृत व्यवस्थापन रजिष्टर (HMIS - 2.6) मा** दर्ता भएका भर्नाको किसिम (महल २) अन्तरगत बाहिर बाट आएको कोड ३ (महल ३) मा गोलो घेरा लगाएको उमेर र लिङ्ग अनुसार गणना गरी सम्वन्धित महलमा चढाउनुपर्दछ ।
	६ देखि ५९ महिना	महिला/पुरुष	
डिस्चार्ज भएको (निको भएको)	६ महिना मुनि	महिला/पुरुष	**शीघ्र कुपोषणको एकीकृत व्यवस्थापन रजिष्टर (HMIS - 2.6) बाट** प्रतिबेदन तयार गर्ने महिनामा डिस्चार्ज भएका (महल २९) डिस्चार्ज परिमाण अन्तरगत निको भएको कोड १ मा गोलो घेरा लगाएको उमेर र लिङ्ग अनुसार गणना गरी सम्वन्धित महलमा चढाउनुपर्दछ ।
	६ देखि ५९ महिना	महिला/पुरुष	
डिस्चार्ज भएको (मृत्यु भएको)	६ महिना मुनि	महिला/पुरुष	**शीघ्र कुपोषणको एकीकृत व्यवस्थापन रजिष्टर (HMIS - 2.6) बाट** प्रतिबेदन तयार गर्ने महिनामा डिस्चार्ज भएका (महल २९) डिस्चार्ज परिमाण अन्तरगत मृत्यु भएको कोड ५ मा गोलो घेरा लगाएको उमेर र लिङ्ग अनुसार गणना गरी सम्वन्धित महलमा चढाउनुपर्दछ ।
	६ देखि ५९ महिना	महिला/पुरुष	
डिस्चार्ज भएको (डिफल्टर भएको)	६ महिना मुनि	महिला/पुरुष	**शीघ्र कुपोषणको एकीकृत व्यवस्थापन रजिष्टर (HMIS - 2.6) बाट** प्रतिबेदन तयार गर्ने महिनामा डिस्चार्ज भएका (महल २९) डिस्चार्ज परिमाण अन्तरगत डिफल्टर भएको कोड ३ मा गोलो घेरा लगाएको उमेर र लिङ्ग अनुसार गणना गरी सम्वन्धित महलमा चढाउनुपर्दछ ।
	६ देखि ५९ महिना	महिला/पुरुष	
डिस्चार्ज भएको (निको नभएको)	६ महिना मुनि	महिला/पुरुष	**शीघ्र कुपोषणको एकीकृत व्यवस्थापन रजिष्टर (HMIS - 2.6) बाट** प्रतिबेदन तयार गर्ने महिनामा डिस्चार्ज भएका (महल २९) डिस्चार्ज परिमाण अन्तरगत निको नभएको कोड २ मा गोलो घेरा लगाएको उमेर र लिङ्ग अनुसार गणना गरी सम्वन्धित महलमा चढाउनुपर्दछ ।
	६ देखि ५९ महिना	महिला/पुरुष	
डिस्चार्ज भएको (अस्पताल पठाएको)	६ महिना मुनि	महिला/पुरुष	**शीघ्र कुपोषणको एकीकृत व्यवस्थापन रजिष्टर (HMIS - 2.6) बाट** प्रतिबेदन तयार गर्ने महिनामा डिस्चार्ज भएका (महल २९) डिस्चार्ज परिमाण अन्तरगत प्रेषण (अस्पताल) कोड ४ मा गोलो घेरा लगाएको उमेर र लिङ्ग अनुसार गणना गरी सम्वन्धित महलमा चढाउनुपर्दछ ।
	६ देखि ५९ महिना	महिला/पुरुष	

सूचकहरू			निर्देशन
स्थानान्तरण भई अन्यत्र गएका	६ महिना मुनि	महिला/पुरुष	**शीघ्र कुपोषणको एकीकृत व्यवस्थापन रजिष्टर (HMIS - 2.6) बाट** प्रतिबेदन तयार गर्ने महिनामा डिस्चार्ज भएका (महल २९) डिस्चार्ज परिमाण अन्तरगत स्थानान्तरण भई अन्यत्र गएको कोड ६ मा गोलो घेरा लगाएको उमेर र लिङ्ग अनुसार गणना गरी सम्वन्धित महलमा चढाउनुपर्दछ।
	६ देखि ५९ महिना	महिला/पुरुष	
महिनाको अन्तमा जम्मा बच्चा	६ महिना मुनि	महिला/पुरुष	यस महिनाको अन्तमा जम्मा बच्चाहरूको सङ्ख्या निकाल्न प्रतिबेदनको महल ३ देखि ६ सम्म जोडी महल ७ देखि १२ सम्म घटाई अएको अंक चढाउनुपर्दछ। वा प्रतिबेदन गर्ने महिनाको अन्त्यसम्ममा दर्ता भई उपचारमा रहेका (डिस्चार्ज हुन बाँकी रहेका) बिरामीहरुको संख्या गणना गरी सम्वन्धित महलमा चढाउनुपर्दछ।
	६ देखि ५९ महिना	महिला/पुरुष	

शिशु तथा बाल्यकालिन पोषण र बालभिटा प्रबर्द्धन कार्यक्रम

उमेर समूह (६-११ महिना, १२-१७ महिना, १८-२३ महिना)	पहिलो पटक/दोस्रो पटक/तेस्रो पटक	म.स्वा. स्व.से.	**महिला स्वास्थ्य स्वयं सेविका कार्यक्रम मासिक प्रगति संकलन फारम (HMIS 9.1)** बाट एकिकृत शिशु तथा बाल्यकालीन पोषण र बालभिटा समूदाय प्रबर्द्धन कार्यक्रम अन्तरगत उमेर अनुसार बितरण गरेको पटकको जम्मा संख्या यस प्रतिबेनको सम्वन्धित महलमा चढाउनुपर्दछ।
		स्वास्थ्य संस्था	**दुई बर्ष मुनिका बाल बालिकाहरुको पोषण रजिस्टर (HMIS 2.3) बाट** बालभिटा बितरण अन्तरगत प्रतिबेदन गर्ने महिनामा (मिति अनुसार) बितरण गरेको उमेर समूह र पटक गणना गरी सम्वन्धित महलमा चढाउनुपर्दछ।

शिशु तथा बाल्यकालीन पोषण (Infant & Young Child Feeding)

स्तनपान मात्रै गराएको	२ वर्षभन्दा मुनिका बाल-बालिकाको पोषण रजिस्टर (HMIS 2.3) को **शिशुलाई ६ महिनासम्म स्तनपान मात्र गराएको** महलको प्रतिवेदन गरेको महिनाको मिति र घेरा लगाएको कोड गणना गरी यस महलमा चढाउनुपर्दछ।
समय मै थप आहार खुवाउन शुरु गरेको	२ वर्षभन्दा मुनिका बाल-बालिकाको पोषण रजिस्टर (HMIS 2.3) को **६ महिनापछि स्तनपानका साथै ठोस, अर्ध–ठोस र नरम खाना खुवाएको** महलको प्रतिवेदन गरेको महिनाको मिति र घेरा लगाएको कोड गणना गरी यस महलमा चढाउनुपर्दछ।
Fortified Flour Distribution	कार्यक्रम लागू भएका जिल्लाहरुमा Fortified Flour वितरणका लागि उपलब्ध गराएको रजिष्टरबाट बच्चा (महिला/पुरुष), गर्भवति महिला र सुत्केरी महिला गणना गरी सम्वन्धित महलमा चढाउनुपर्दछ।

४. महिला स्वास्थ्य स्वयंसेविका कार्यक्रम

यस कार्यक्रममा महिला स्वास्थ्य स्वयंसेविका प्रतिवेदन फाराम (HMIS 9.1) बाट सम्बन्धित महलमा सम्बन्धित सेवाको विवरण चढाउनुपर्दछ।

६. सुरक्षित मातृत्व कार्यक्रम

सुरक्षित मातृत्व कार्यक्रमको प्रतिवेदन स्वास्थ्य संस्थामा रहेको मातृ तथा नवशिशु स्वास्थ्य सेवा रजिस्टर (HMIS 3.6) बाट ट्याली सिटमा उतार गरी तयार गर्नुपर्दछ। ***गाउँघर क्लिनिकबाट दिइएको सुरक्षित मातृत्व तथा नवशिशु सेवाको अभिलेख स्वास्थ्य संस्थाको रजिस्टरमा अद्यावधिक हुने हुनाले गाउँघर क्लिनिकबाट दिइएको सेवा यस प्रतिवेदनमा जोड्नु हुँदैन।***

गर्भवती सेवा	
पहिलो पटक गर्भवति जाँच गरिएका २० वर्ष मुनि र २० वर्ष वा सोभन्दा माथिका गर्भवती महिलाहरूको सङ्ख्या	मातृ तथा नवशिशु स्वास्थ्य सेवा रजिस्टर (HMIS 3.6) बाट गर्भवती जाँच विवरण अन्तर्गत पहिलो भेटको सङ्ख्या गणना गरी उमेरअनुसार २० वर्षभन्दा मुनि र २० वर्ष वा सोभन्दा माथिको सम्बन्धित महलमा चढाउनुपर्दछ।

